# सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको

# रिपोर्ट

शिक्षा मन्त्रालय

**श्री ५ को सरकार**

**शिक्षा मन्त्रालय, शिक्षा विभाग**

**काठमाडौं, नेपाल।**

**२०१८**

श्री ५ महाराजधिराजका हजुरमा,

**नारायणहिटीदरवार, काठमाडौँ**

शिक्षा मन्त्रालय

# सरकार,

२००७ सालको सफल परिवर्तनपछि कनै विषयमा बडो नै छिटो विकास भएको छ भने त्यो शिक्षामा नै भएको छ । "पढ्नुपर्छ "भन्ने भावनाले " पढे- लिखे कौने काम हलो जोती खायो माम" भन्ने उखानलाई उछिनेको छ । जतातत्तैबाट स्कूल खोलिपाँउ भन्ने माग सरकारका समक्ष जाहेर छ। सरकारको मुलुक भ्रमणको सिलसिलामा कुनै यस्तो गाउँ थिएन, जहाँका जनताले शिक्षालयको माग नगरेका हुन् । शिक्षाका लागि नेपालीको यो उर्लदो चाख, प्रगतिपथमा लम्कन चाहने उनीहरूको महान् इच्छाको द्योतक हो । आफ्नो राजाको शिक्षाको सम्बन्धमा के कति चाख छ, यो सरकारका प्यारा प्रजाबाट लुकेको छैन । बेला बेलामा शिक्षा सम्बन्धी सरकारका प्रथप्रदर्शक महान् बाणीहरूले हामी धैरैलाई साहस प्रदान गरेको छ। शिक्षाको प्रगतिमा आज जे जति पनि काम भएको छ या हुनेछ, यी सबैमा प्रत्यक्षतया वा अप्रत्यक्षतया सरकारको नै निर्देशन रहनेछ ।

शिक्षाको प्रगतिमा के कति काम गर्न सकिन्छ, यसको विस्तृत जानकारी प्राप्त गर्नका लागि सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको गठन सरकारबाट गत वैशाख २५ गते गरिबक्सेको हो ।यस समितिले रिपोर्ट चाडो दिएमा जुन द्रुतगतिले शिक्षामा प्रगति गर्नु परेको छ, त्यो छिटो सम्भव होला भनेर  यही जेष्ट मसान्तको म्याद समितिलाई बक्सेको हो । सञ्चार र यातायातको असुविधाले गर्दा जेष्ट चार गते मात्र समितिको पहिलो बैठक बस्न सक्यो र यसरी तोकिएको अवधिमा  समितिको रिपोर्ट सरकारमा जाहेर गर्न सकिन्न कि भनी समितिको विनम्र अनुरोधमा आषाढ १५ गतेसम्मको म्याद पुन बक्सियो ।

समितिका सदस्यहरूले प्रदान गरेको सहयोगका लागि म आभारी छु ।उहाँहरूको अथक परिश्रमले नै यो रिपोर्ट यति चाँडो तयार हुन सक्यो । समितिको १५ बैठकमा जम्मा ६२ घण्टा ३० मिनेट  समय लाग्यो भनी समितिले गरेको परिश्रमको अन्दाज पाउन सकिदैन । विभिन्न उपसमितिहरूमा घण्टौ बसी काम गरेको समय यहाँ जोडिएको छैन ।विभिन्न उपसमितिहरूको बैठकमा अनेक  शिक्षा प्रेमीहरूको सहयोग समितिले प्राप्त गरेको छ ।आफ्नो अमूल्य समय प्रदान गरेकोमा समिति उहाँहरू सबै प्रति कृतज्ञता ज्ञापन गर्दछ ।यस बाहेक शिक्षा, राष्ट्रिय निर्देशन एवम् विकास मन्त्रालय तर्फका अनेक सरकारी कर्मचारीहरूको सहयोगका लागि समितिका सदस्यहरूले कृतज्ञता ज्ञापन

गर्नु भएको छ ।आफ्नो विभागको सहयोगीहरूको कर्मठतामा मलाई झन बढी खुसी प्राप्त भएको छ ।

नेपालीको शिक्षा विकासमा सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको यो प्रयास के कति उपयोगी हुन्छ, यो भविष्यले नै भन्ला ।यस रिपोर्टले शिक्षाको प्रगितमा सफल पथप्रदर्शन गर्न सक्यो भने सम्पूर्ण श्रेय समितिका ती सदस्यहरूको साजा हो, जसको अथक परिश्रमबिना आजको यो रिपोर्ट सम्भव हुने थिएन । यसमा भएका त्रुटिहरू मेरा आफ्ना हुन्, किनकि समितिको अध्यक्षको कर्तव्यको पालना राम्ररी गर्न नसकी योग्य सदस्यहरूको ध्यान मैले यस तर्फ आकर्षित गर्न सकिन

जो हुकुम।

आषाढ १५ गते २०१८ विश्वबन्धु थापा

काठमाण्डू, नेपाल अध्यक्ष

सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति

शिक्षा मन्त्रालय

# विषयसूची


श्री ५ को सरकार ........ i
शिक्षा मन्त्रालय, शिक्षा विभाग ........ i
काठमाडौं, नेपाल। ........ i
२०१८ ........ i
नारायणहिटीदरवार, काठमाडौँ ........ ii
सरकार, ........ iii
विषयसूची ........ v
१. सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको रिपोर्टको परिचय ........ 1
२. नेपालमा शिक्षाको परम्परा ........ 5
३. प्राथमिक तथा माध्यमिक शिक्षा ........ 13
४. संस्कृत शिक्षा ........ 34
५. शिक्षक प्रशिक्षण ........ 35
६. समाजशिक्षा ........ 43
श्री ५ को सरकार ........ 47
शिक्षा विकास योजना ........ 47
प्रौढशिक्षा कार्यक्रम ........ 47
७. सामाजिक तथा सांस्कृतिक कार्यक्रम ........ 51
८. उच्चशिक्षा ........ 54
९. शिक्षाप्रशासन ........ 68
परिशिष्ट ........ 71
श्रीमाननीय शिक्षामन्त्रीज्यूको उद्घाटन भाषण ........ 118
सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिका सदस्यहरुले प्रकट गर्नुभएका शिक्षासम्बन्धी मन्तव्य ........ 128
सर्वाङ्गीण राष्ट्रिय शिक्षासमितिका सदस्यहरू ........ 160
शिक्षा विषयका केही तथ्याङ्कहरु ........ 163


शिक्षा मन्त्रालय

# १. सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको रिपोर्टको परिचय

वि.सं. २००७ सालपछि नेपालले विभिन्न क्षेत्रमा गरेका प्रगतिहरूको सर्वेक्षण गर्दा शिक्षाको क्षेत्रमा अरूभन्दा विशेष प्रगति भएको देखिन्छ। यो प्रगति निश्चय नै जनताको शिक्षाप्रतिको बढ्दो रूचिको द्योतक हो। शिक्षाको यो प्रगतिको आधुनिक र वैज्ञानिक ढंगमा संगठन र संचालन गर्नका लागि श्री ५ को सरकारबाट माननीय शिक्षामन्त्री श्री विश्वबन्धु थापाको अध्यक्षतामा बैशाख २५ गते २०१८ सालमा एउटा सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको गठन भयो।

यो समितिको बैठक २०१८ साल ज्येष्ठ ४ गते देखिन् १३ गतेसम्ममा जम्मा १५ बैठक, बस्यो जसमा ६२।। घण्टा लाग्यो। यसमा समितिका सदस्यहरूले देशको रीतिस्थिति र सामाजिक अवस्थालाई ध्यानमा राख्दै शिक्षासम्बन्धी सबै समस्याहरूमाथि गम्भीरतापूर्वक विचार र छलफल गरिदिनु भएका रिपोर्टहरू समावेश गरिएका छन्।

राष्ट्रिय शिक्षा समितिको प्रथम बैठकमा माननीय शिक्षामन्त्री श्री विश्वबन्धु थापाद्वारा उद्घाटन भइसकेपछि हामीलाई कुन किसिमको शिक्षापद्धति उपयुक्त हुनेछ भन्ने वारेमा सर्वप्रथम समितिले सदस्यहरूको मन्तव्य जान्ने र त्यस सम्बन्धमा छलफल गर्ने निर्णय गऱ्यो। समितिको दोश्रो र तेश्रो बैठकमा सदस्यहरूद्वारा आफ्नो आफ्नो विचार प्रकट भइसकेपछि केही आवश्यक निर्देशक कुराहरूमाथि छलफल पनि भयो। शिक्षाका विभिन्न विषयका वारेमा बेग्लाबेग्लै रिपोर्टको मसौदा तयार पारी यस समितिमा पेश गर्नलाई जम्मा ७ उपसमितिहरू गठित भए। यी उपसमितिहरूले केही सरकारी कर्मचारी वाहेक बाहिरका केही विज्ञ व्यक्तिहरूलाई पनि आफ्नो बैठकहरूमा समाविष्ट गरेर उहाँहरूको सहयोग प्राप्त गरे।

यस रिपोर्टमा गरिएका सिफारिशहरूका केही महत्वपूर्ण विषयहरू यसप्रकार छन्: -

(१) सम्पूर्ण देशमा एक प्रकारको शिक्षा पद्धति लागू गर्नु पर्दछ।
(२) शिक्षाको माध्यम एकै हुनुपर्दछ।
(३) शिक्षालाई देश, समाज र व्यक्तिको निमित्त सबै दृष्टिबाट उपयोगी बनाउनु पर्दछ।
(४) प्राथमिक शिक्षालाई सम्पूर्ण देशमा निःशुल्क एवं अनिवार्य गर्नुपर्दछ।
(५) व्यावसायिक एवं प्राविधिक शिक्षातर्फ विशेष ध्यान दिनुपर्छ।

(६) संस्कृत शिक्षाको हाम्रो मुलुकको संस्कृति तथा सभ्यतासँग अत्यन्त घनिष्ठ सम्बन्ध भएकोले यसलाई विशेष प्रोत्साहन दिनका साथै सबै दृष्टिबाट विकसित एवं उपयोगी बनाउनका लागि निर्धारित गरिएको साधारण शिक्षामा नै समाविष्ट गराउनुपर्छ तर संस्कृत लिने छात्रहरूसँग शुल्क नलिने र सकेसम्म उहाँहरूलाई छात्रवृत्ति पनि दिनुपर्दछ।

(७) समाजका प्रत्येक अंगलाई साक्षर बनाउनका साथसाथै जीवनोपयोगी तालिम दिनका लागि समाजशिक्षाको व्यवस्था गर्नुपर्दछ।

(८) देशका सारा शिक्षणसंस्था उपर श्री ५ को सरकारको नियन्त्रण हुनुपर्दछ र नेपाल अधिराज्यभरीमा अविलम्ब लागू गर्नलाई एउटा शिक्षा व्यवहार विधि समेत तयार पारी पेश गरेको छ।

(९) शिक्षणसंस्था र त्यसबाट प्राप्त हुने उपाधि एवं नामकरण आफ्नो संस्कृति एवं परम्पराको अनुरूप गरिएको छ।

(१०) उच्च शिक्षाको क्रममा पनि परिवर्तन ल्याउनका साथै त्यसलाई सुसंगठित गराउने सुझाउहरू दिइएका छन्।

देशको आवश्यकता वारे श्री ५ को सरकारको दृष्टिकोणबाट सर्वाङ्गीण राष्ट्रिय शिक्षासमिति आधुनिक र समय एवं देश सुहाउँदो शिक्षा पद्धति तयार पार्नमा धेरै प्रोत्साहित भएको छ। यो रिपोर्ट प्रस्तुत गर्नलाई शिक्षा समितिले पाएको समय पर्याप्त थियो त भन्न सकिन्न, तापनि समितिले आफ्नो मुलुकलाई शिक्षाको क्षेत्रमा अगाडि बढाउने प्रयास गरेको छ। श्री ५ को सरकारको शिक्षाको क्षेत्रमा छिट्टै प्रगति ल्याउने उत्कट अभिलाषा देखियो र सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिमा पनि एउटा नयाँ शिक्षा पद्धति अपनाउने वारे प्रबल भावना भए तापनि यस रिपोर्टमा गरिएका सिफारिशलाई श्री ५ को सरकारले यसलाई अनेक भागमा बाँडी विस्तारै विस्तारै कार्यान्वित गर्दै गई एउटा अवधि निर्धारित गरी यसलाई पूरा गर्न सकिन्छ। शिक्षाको आधारशिला प्राथमिक शिक्षा भएको तथ्यलाई ध्यानमा राखी शिक्षा समितिले यसमाथि विशेष जोड दिएको छ र सम्पूर्ण देशमा प्राथमिक शिक्षा निःशुल्क एवं अनिवार्य गराउने सिफारिश गरेको छ। यति मात्र होइन, आधुनिक ढङ्गको माध्यमिक एवं उच्चशिक्षाको राम्रो व्यवस्था गर्ने वाहेक सम्पूर्ण देशवासीहरूलाई साक्षरता एवं विभिन्न प्रकारको तालिम दिनालाई समाज शिक्षाको वारेमा पनि सिफारिस गरेको छ यसैप्रकार माध्यमिक र उच्चशिक्षामा पनि निकै परिवर्तन ल्याउने सुझाउहरू दिइएका छन्। प्राथमिक शिक्षा ५ वर्षको, माध्यमिक ६ वर्षको, उच्च ३ वर्षको शिक्षाको व्यवस्था गरिएको छ। सरकारी सेवाबाट प्रविष्ट हुनालाई शिक्षा समाप्त गरिसकेपछि प्रत्येक उम्मेदवारको निमित्त २ वर्षसम्म

शिक्षा मन्त्रालय

समाजसेवा गर्नु अनिवार्य गरिएको छ। छात्रछात्राहरूलाई उनका रूचिअनुसार शिक्षा दिलाउने उद्देश्यले माध्यमिक स्तरदेखि नै पाठ्यक्रममा वर्गीकरण यस हिसाबले गरिएको छ कि उच्च शिक्षा प्राप्त गर्नालाई झन् सजिलो हुनेछ। अनावश्यक उच्चशिक्षामा होड हुन नपावस् र छात्रछात्राहरूलाई स्वावलम्बी बनाउने उद्देश्य लिई बहु-उद्देश्यीय र व्यावसायिक शिक्षाको रूपरेखा तयार पारी यसपट्टि विशेष ध्यान दिनलाई पनि समितिले सिफारिश गरेको छ। तृतीय श्रेणीमा उत्तीर्ण हुनुको विशेष महत्व नभएको हुनाले समितिले "तृतीय श्रेणी" लाई नराख्ने सुझाउ दिएको छ।

राष्ट्रिय शिक्षा समितिले शिक्षाको क्षेत्रमा आफ्नो संस्कृति, सभ्यता र परम्पराको अनुरूप शिक्षण संस्थाहरू र त्यसबाट प्राप्त हुने उपाधिको नामकरणमा पनि परिवर्तन गर्न सुझाउ दिएको

छ। यस सुझाउको अनुसार ५ कक्षासम्म भएका प्राथमिक शिक्षणसंस्थालाई पाठशाला, माध्यमिकलाई विद्यालय, उच्च अर्थात् कलेजलाई 'महाविद्यालय' र 'युनिभर्सिटी' लाई विश्वविद्यालय नामकरण गरेको छ र यसैप्रकार पाठशालाका अन्तिम कक्षामा उत्तीर्ण भएकालाई "प्रथमा" विद्यालयमा उत्तीर्ण भएकालाई "मध्यमा", महाविद्यालयमा उत्तीर्ण भएकालाई "शास्त्री" र विश्वविद्यालयमा अति उच्चशिक्षामा अर्थात् एम.ए. मा उत्तीर्ण भएकालाई आचार्य उपाधि दिने सिफारिश गरेको छ।

प्राथमिक, माध्यमिक, उच्च एवं विश्वविद्यालयमा शिक्षाको स्तर माथि उठाउनका लागि शिक्षण कार्यप्रति सुयोग्य व्यक्तिहरूलाई आकृष्ट गर्नलाई अध्यापक एवं प्राध्यापकहरूलाई सरकारी गैरसरकारी सबै क्षेत्रमा चाहिने सम्मान दिलाउने र उनीहरूको पारिश्रमिकको स्तरलाई समेत माथि उठाउने वारे 'समितिले' सिफारिस गरेको छ। पाठशाला र शिक्षालयको लागि चाहिने अध्यापकको तालिम दिने वारे पनि समितिले सिफारिश गरेको छ। उच्च शिक्षा स्तरमा विभिन्न विषयको उपयुक्त शिक्षा दिलाउनका साथै सबै दृष्टिबाट शिक्षार्थीको मस्तिष्कलाई विकसित गराई आफ्नो मुलुकका लागि चाहिने व्यक्तित्व तयार पार्ने वारेमा समितिले आवश्यक सुझाउहरू दिएको छ।

यो रिपोर्ट तयार पार्नमा आफ्नो अमूल्य सहयोग दिनु भएकोमा यो समिति निम्नलिखित व्यक्तिहरूप्रति आफ्नो आभार प्रकट गर्दछ।

(१) श्री तीर्थराज उप्रेती (डाइरेक्टर शिक्षा विभाग)
(२) श्री दीर्घराज कोइराला (डाइरेक्टर राष्ट्रिय निर्देशन मन्त्रालय)
(३) श्री उपेन्द्रदत्त (उपसचिव शिक्षा मन्त्रालय)

(४) श्री राजेश्वरप्रसाद श्रीवास्तव (सेक्सन अफिसर शिक्षा विभाग)

(५) श्री सूर्यविक्रम ज्ञवाली (नेपाल एकेडेमी)

(६) श्री सूर्यबहादुर शाक्य (त्रिभुवन विश्वविद्यालय)

(७) श्री नरबहादुर थापा (त्रिभुवन विश्वविद्यालय)

(८) श्री श्यामराजध्वज जोशी (कलेज अफ एजुकेशन)

(९) श्री नरेन्द्रबहादुर बस्नेत (कलेज अफ एजुकेशन)

(१०) श्री गणेशराज सिंह (कलेज अफ एजुकेशन)

(११) श्री रामसुन्दर श्रेष्ठ (कलेज अफ एजुकेशन)

(१२) श्री सीताराम रेग्मी (कान्ति ईश्वरी राज्यलक्ष्मी हाई स्कूल)

(१३) श्री यमबहादुर कार्की (कलेज अफ एजुकेशन)

(१४) श्री बटुक प्रसाद राजभण्डारी (कलेज अफ एजुकेशन)

(१५) श्री रामप्रसाद तण्डुकार (डिभिजनल प्रौढ शिक्षा)

(१६) श्री निरन्जन शर्मा (संस्कृत महाविद्यालय)

(१७) श्री कृष्णबहादुर मानन्धर (पद्योदय हाई स्कूल)

(१८) श्री रामजीप्रसाद उपाध्याय (जुद्धोदय हाई स्कूल)

(१९) श्री रेवतीरमणानन्द श्रेष्ठ (सेक्शन अफिसर राष्ट्रिय निर्देशन मन्त्रालय)

(२०) श्री नरेन्द्रनाथ भट्टराई (सेक्शन अफिसर राष्ट्रिय निर्देशन मन्त्रालय)

(२१) श्री सूर्यप्रसाद श्रेष्ठ (सेक्सन अफिसर विकास मन्त्रालय)

शिक्षा मन्त्रालय

# २. नेपालमा शिक्षाको परम्परा

नेपाली संस्कृति र सभ्यताको इतिहासको प्रारम्भ नै यहाँका निवासीहरूको चिरस्मरणीय शैक्षिक गौरवबाट प्रारम्भ भएको छ। नेपाल भूमिका चिरस्मरणीय सपूतहरूमा विदेहराज जनकको नामले आर्यावर्तको प्राचीन वाङमयलाई अलंकृत पारेको छ। राजर्षि जनक ऐहिक ज्ञानका उच्चतामा पुगी सुखशान्तिपूर्वक प्रजाजनको प्रतिपालन गर्नामा जति पटु थिए, त्यतिनै पारमार्थिक ज्ञानमा पनि निष्णात थिए वेदान्त दर्शनका प्रणेता व्यास मुनिले आफ्ना छोरा शुकदेवको ज्ञानका निमित्त राजर्षि जनकलाई नै उपयुक्त गुरू ठाने। जनकको राजसभा श्रेष्ठतम विद्वान्हरूको पनि सभा थियो। यही राजसभामा गार्गी र याज्ञवल्क्यको प्रसिद्ध शास्त्रार्थ भएको थियो।

नेपालभूमिमै रामलक्ष्मणले धनुर्विद्यामा दक्षता प्राप्त गरेको अनुमान गर्न सकिन्छ। कारण, साकेतबाट जनकपुरी जाने बाटोमा नेपालको दक्षिण भाग पर्नु स्वाभाविक हो। दशरथका राजकुमारहरूलाई तपोवनमा ल्याई शिक्षा दिएर नजीकको जनकपुरी लैजाने विश्वामित्रको आश्रम, साकेत र जनकपुरीको बाटोभन्दा धैरै टाढा नभएको अनुमान सहजै गर्न सकिन्छ।

नेपालका अर्का महान् सपूत गौतम बुद्धले यस भूमिको अर्को भागलाई अलंकृत पारे। कर्मकाण्डको खण्डन गरी नयाँ ज्ञानवादको प्रतिष्ठा गर्ने बुद्ध जुन स्थलमा जन्मे, निश्चय नै त्यो स्थल विचारमन्थन र ज्ञानको विशिष्ट अवस्थामा पुगेको अनुमान सर्वथा तर्कसम्मत छ। राजकुमार सिद्धार्थले महाभिनिष्क्रमणपछि गण्डकी क्षेत्रमा रहेका अनेक ब्राम्हण विद्वान्हरूसित शिक्षा प्राप्त गरेको कुरा बुद्धको जीवनीबाट पनि विदित हुन्छ। बुद्धको शिक्षाको महत्व लोक भाषाको उन्नतिको परिचायक पनि छ। गौतमले त्यस समयसम्मको सम्पूर्ण ज्ञान र आचारव्यवहारको खण्डन गरी नयाँ जीवन दर्शनको प्रतिपादन गर्न स्थानीय लोकभाषा– पाली – लाई सर्वथा समर्थ भइसकेको ठाने। निश्चय नै त्यस भाषाको बुद्धकै समयमा पर्याप्त उन्नति भइसकेको थियो र त्यो आध्यात्मिक चिन्ताको गुरूतम भार वहन गर्न पनि समर्थ भइसकेको थियो। जीवनका विविध स्कन्ध सदा नै आपसमा सापेक्ष सम्बन्ध राख्दछन्। जसरी मानवदेहको एक अंगलाई सबल देख्नासाथ अरू अंग पनि त्यसका समतुल्य बलवान् हुन्छन् भन्ने कल्पना गर्न सकिन्छ, त्यसै गरी सामाजिक वा राष्ट्रिय जीवनको एक अंगको बलले अरू अंगको बलको पनि परिचय दिन्छ। जनकदेखि बुद्धसम्मको हाम्रो देशको शैक्षिक सामर्थ्यले त्यस समयको कलाकौशल, व्यवस्था, पटुता आदिमा अपेक्षित प्राविधिक

ज्ञानको उन्नति पनि आध्यात्मिक ज्ञानकै हाराहारीमा पुगेको परिचय दिन्छ। त्यसको अभिव्यक्ति त्यस समयमा गणतान्त्रिक परम्परामा पनि भएको छ। कारण, गणतन्त्र र प्रजातन्त्र व्यक्तिगत र सामूहिक अधिकार र कर्तव्यबोधकै आधारमा हुर्कने विषय हुन्। मल्ल, वृज्जी र लिच्छविहरूमा प्रचलित जनवादी व्यवस्थाको यही पृष्ठभूमि हो।

लिच्छवि शासनका अनेक लेख, मूर्ति, भवन आदिका नमूना कुनै न कुनै रूपमा हामीसँग आइपुगेका छन्। भाषाको जस्तो प्रौढता र प्रोज्ज्वलता लिच्छवि शिलालेखहरूमा विद्यमान छन्, त्यसमा कुनै पनि स्वदेशीलाई गर्व हुनु स्वाभाविकै छ। यदि ती शिलालेखका भाषा साहित्यग्रन्थमा रहेका भए ती भाषा, तिनको प्रौढता, विशिष्ट वर्गलाई नै लक्ष्य गरी विशेष रूपले तयार गरिएका हुन् भन्न सकिन्छ। तर ती साधारण जनताको निमित्त राजाज्ञाका रूपमा थिए भन्ने कुरा संझदा नेपालको त्यस समयको लोकजीवन पनि त्यस स्तरसम्म पुगेको सहजै अनुमान हुन्छ। स्वभावतः त्यतिको शिक्षा नेपाली जनजीवनको निमित्त साधारण कुरो थियो, र यो शिक्षा माथि भनिए झै भाषा साहित्य ऐहिक र पारलौकिक ज्ञानका साथै जीवनोपयोगी व्यावहारिक कौशल र विज्ञानका क्षेत्रमा पनि लगभग उत्तिकै सबल थियो। हो, राज्यको भौतिक उन्नति र अवनतिको प्रभाव हाम्रो शिक्षाको त्यस समयको अवस्थामा पनि अवश्यमेव पऱ्यो होला, तथापि शिक्षाको सामान्य अवस्थाको विचार गर्दा माथि उल्लिखित हाम्रो शैक्षिक क्रममा आमूल परिवर्तन हुने गरी कुनै व्यवधान आएको उदाहरण पाइन्न।

ईसवी सातौं शताब्दीदेखि नेपालले भोट र चीनसित विशेष सम्बन्ध राख्ने अवसर पायो। हुनत बुद्ध-भद्र जस्ता केही नेपाली सपूत ईसाको चौथो पाँचौं शताब्दीमा पनि विश्वकल्याण र मानव मात्रलाई ज्ञानामृत पिलाउने सात्विक भावनाले बाटोको भयानक वाधाहरूको पनि परवाह नगरी चीन जस्ता टाढाका देशमा पुगिसकेका थिए, तथापि सातौं शताब्दीदेखि हिमालय वारिपारीका बाटाहरू खुलेकाले नेपालको महत्व शैक्षिक धरातलमा पनि विशेष रूपले बढ्न गयो।

उत्तरी भारतमा पालवंशका प्रभुताको साथै विक्रमशिला विहारको स्थापना भयो। विक्रमशिला विहार र नालन्दाको महत्व एशियाली शिक्षाको इतिहासमा विशेषरूपले छ। हिमालयपारीबाट यी दुई विद्यालयमा पढ्न आउने अधिकांश छात्र नेपालकै बाटो आउने भएकोले नेपाल स्वतः एक ठूलो शिक्षापीठ हुन गयो। कहिलेकाहिंत विशिष्ट आचार्यहरू केही दिन यहाँ बसेर मात्र कतै अन्यत्र जान्थे। आचार्य पद्मसम्भव र अतिसा दीपंकर श्री ज्ञानका नाम भारत र भोटसित जति मात्रामा संलग्न छन् त्यति नै मात्रामा

नेपालसित पनि। नेपालका विहारहरू मध्यकालसम्म वस्तुतः शिक्षापीठ नै थिए। प्राचीन आर्यहरूको ऋषिकुल परम्परा अन्यत्र समाप्त भए तापनि नेपालका विहारहरूमा सुरक्षित थियो। झन् ईसवी चौधौं शताब्दीमा मुसलमानहरूले विक्रमशिला ध्वस्त गरेदेखि नै नेपालको ख्याति विशेष गरी शिक्षाको निमित्त अन्तर्राष्ट्रिय जगत्मा झन् बढ्नगयो।

परन्तु दुर्भाग्यले नेपाललाई पनि धेरै समय छोडेन। यक्ष मल्लका उत्तराधिकारीहरू फुटे र बाग्मती अञ्चलको राज्य पनि फुट्यो। मेचीदेखि महाकालीसम्मको भूभाग पचासभन्दा बढी खण्डमा विभाजित भयो। उता मुसलमान र अनि तीपछि यूरोपीय जाति दक्षिणमा प्रबल हुँदै जान लागे। विच्छृङ्लता र अस्तित्वको नाशको त्रासमा शिक्षालाई अपेक्षित निश्चितता आकाशकुसुम भयो। हुनत यस समयमा पनि शिक्षाको आदर विद्यमान नै थियो, तथापि जीवनको सामान्य कमजोरीको छाया पनि वर्तमान नै छ। यस कालका अनेक साहित्य, कला, विज्ञान आदिका ग्रन्थहरूको ठूलो भण्डार आज पनि नेपालमा छ, तथापि यसमा अघिको ओज, माधुर्य र बल छैन। किन्तु तिनका पुस्तिकामा उल्लिखित लेखनस्थलबाट विदित हुन्छ कि विभिन्न विहारहरू शिक्षाको केन्द्रका रूपमा कायम नै थिए।

ईसवी अठारौं शताब्दीको उत्तरार्द्धमा पृथ्वीनारायण शाहले विभाजित नेपाललाई संगठित गरे। उनको नीति र कार्यपद्धतिबाट उनी केही समय अझै बाँचेको भए शिक्षाको दिशामा पनि कुनै महत्वपूर्ण र दिगो व्यवस्था गर्ने थिए भन्ने कुरा स्पष्ट छ। तर उनको असामयिक निधनले त्यसो हुन पाएन। उनका उत्तराधिकारीहरूको समय पनि युद्धकै अस्तव्यस्ततामा व्यतीत भयो। यसले गर्दा मध्यकालमा शिथिल हुन लागेको हाम्रो शैक्षिक परम्परा लगभग खिएर समाप्त हुन गयो।

जङ्गबहादुरको उदयले नेपालको आन्तरिक विच्छृँखलता शान्त भएकोले यो समय शिक्षाको पुनरूत्पादनको निमित्त उपयुक्त थियो। परन्तु एक त स्वयं जंगबहादुर शिक्षित थिएनन्, दोश्रो उनले शिक्षा जस्तो मानिसलाई चेतन र बलवान् तुल्याउने साधनलाई देशभित्र हुली आफ्नो र आफ्ना उत्तराधिकारीहरूको स्वार्थमा बाधा पुऱ्याउन पनि उचित ठानेनन्। अतएव देशमा शिक्षाको विकासको कुनै प्रयत्न भएन। परन्तु जंगबहादुर आफ्नो उत्तराधिकारीहरूलाई निरक्षर राख्न  चाहन्नथे। उनले आफ्नो बेलायत यात्रामा शिक्षाको मूल्य र प्रतिष्ठाको केही परिचय अवश्य पाएका थिए। अतएव विदेशबाट फर्केका दुई तीन वर्षभित्रै आफ्ना भाई छोराहरूलाई पढाउनका

निमित्त दुई जना अंग्रेजलाई झिकाई आफ्नै दरवारभित्रको एक कोठामा एउटा सानो स्कूलको स्थापना गरे दरवारभित्र रहेको स्कूल, दरवार स्कूलको नामले प्रसिद्ध भयो। माथि नै भनिसकिएको छ कि यो स्कूलमा एउटा घरेलु शिक्षाको व्यवस्था थियो, यसमा कुनै बाहिरिया विद्‌यार्थीको प्रवेश थिएन। यो घटना १९१० सालतिरको हो। जंगबहादुरपछि रणोद्दीपसिंह प्राइमिनिष्टर भए। तर विद्‌यादान ठूलो कुरो हो भन्ने धारणाले यिनले दरवार स्कूललाई बन्द गर्ने विचार गरेनन् बरू आफ्ना भाइछोराका साथै आफ्ना मन परेका भारदार र चाकडियाका छोराहरूलाई पनि यस स्कूलमा भर्ना हुने उनले अनुमति दिए। यस अवस्थामा स्कूल दरवारभित्र रहन सक्तैनथ्यो। अतएव दरवार स्कूल काठमाडौं शहरको पूर्वी छेउमा सारियो। धीरशम्सेर त्यसको हेरविचार गर्ने भए।

रणोद्दीपसिंहको धार्मिक भावनाले संस्कृतको पठन पाठनलाई पनि किञ्चित् सहायता गर्‍यो। अंग्रेजी स्कूल हुँदा संस्कृतको पनि कममाकम एउटा पाठशाला हुनुपर्ने ठहराई चारजना पण्डितलाई शिक्षकको रूपमा नियुक्ति गरी उनले दरवार स्कूल नजीकै संस्कृत पाठशाला खोले।

वीरशमशेरले पनि धार्मिक भावनाले नै प्रेरित भई यस संस्कृत पाठशालालाई केही सहायता दिए। उनकै समयमा रानीपोखरी नजीकको यस पाठशालामा १३० जना जति विद्‌यार्थीलाई भोजन, कपडा र बस्ने व्यवस्थाका साथै पुस्तक आदि दिएर पढाइन्थ्यो।

देवशमशेरको नाम राणाशासकहरू मध्ये विशेष उल्लेखनीय छ। ३९ वर्षको यस युवकले अनेक कुरा आँटेको थियो। तर पारिवारिक षड्‌यन्त्रको शिकार भई उनले ११३ दिनमै लघारिनु पर्‍यो। परन्तु यस छोटो अवधिभित्र पनि उनले आफ्नो शिक्षाप्रतिको अभिरूचि देखाए। दरवार स्कूल सर्वसाधारणको निमित्त खुला गरियो। जनताले पनि अपूर्व उत्साहका साथ त्यसको स्वागत गर्‍यो। जहाँ पहिले १०० पनि विद्‌यार्थी थिएनन्, त्यहाँ करीव २ हप्ताभित्रै ५०० का करीव विद्‌यार्थी भए। संस्कृत पाठशालामा पनि बाहिरबाट दिनहुँ आई पढ्ने व्यवस्था गरिएकोले धेरै विद्‌यार्थी भर्ना हुन आए।

शिक्षा प्रणाली र शिक्षाको माध्यमका विषयमा पनि देवशमशेरका यस विषयका सल्लाहकारहरूमा पर्याप्त विचार भएको थियो। यी सल्लाहकारहरूमा पण्डित हरिहर आचार्य दीक्षित, पं. दिव्यदेव पन्त, बझांगी राजा जयपृथ्वीबहादुर सिंह र दरवार स्कूलका बंगाली प्रिन्सिपल वटेकृष्ण मैत्रको नाम विशेष उल्लेखनीय छ। वटेकृष्णले

कलकत्ता विश्वविद्यालयबाट एम.ए.बी.एल. पास गरेका थिए। अतएव उनी स्वाभावतः भारतीय आदर्शमा अंग्रेजी शिक्षा दिने पक्षपाती थिए। राजा जयपृथ्वीबहादुर र पण्डित हरिहर आ.दी. नेपाली भाषाका समर्थक थिए। दिव्यदेव पन्तको झुकाउ संस्कृततिर देखिन्थ्यो। जयपृथ्वीबहादुर राजा हुनाका साथै चन्द्रशमशेरका ज्वाई पनि हुनाले दरवारमा उनको रवाफ बढ्ता थियो। उनले भारतमा अंग्रेजी शिक्षा लाभ गरेको, त्यसै बीच जापानको अभ्युदय भएको र साथै भारतमा पनि स्वदेशी भावना जागृत भइरहेको देखेका र अनुभव गरेका थिए। उनी जापान जस्तै स्वदेशी शक्तिकै आधारमा नेपालको विकास गर्न चाहने उत्साही युवक थिए। उनले उत्साहपूर्वक "अक्षरांकशिक्षा" नामक पहिलो नेपाली पाठ्यपुस्तक तयार गरी त्यस्तै किसिमको शिक्षा दिने जोड दिए। ठूलो तानातानपछि माथिल्लो कक्षामा अंग्रेजीका साथै भारतका स्कूलहरूमा स्वदेशी भाषाहरू गौणरूपले पढाउने प्रथाकै अनुकरण गरियो। तर जे भए पनि नेपाली पनि कुनै भाषा हो र, त्यसको पनि पढाई हुनुपर्छ र? – भन्ने सामान्य तिरस्कारको हिलोबाट कुनै न कुनै किसिमले जयपृथ्वीबहादुर, हरिहर आचार्य र दिव्यदेवले नेपाली भाषालाई तल्लै कक्षामा भए तापनि विद्यालयका स्तरमा मान्य गराए।

अब विद्यालयहरू खोल्ने समस्या खडा भयो। संस्कृत पढेका व्यक्ति पनि ज्यादै थोरै थिए। तिनको शिक्षा पनि सामान्य कर्मकाण्डमै धेरै जसो सीमित थियो। उनीहरूलाई शिक्षा दिने कुनै विशेष पद्धतिको ज्ञान पनि थिएन। तर जे भए पनि दिव्यदेव पन्तमाथि विद्यालय खोल्ने उत्तरदायित्व आएपछि उनले आफ्नो सामर्थ्यभर गरेकै हुन्। राजधानी र पूर्वतिर प्रायः सबै मुख्य मुख्य ठाउँमा केही न केही गर्न सके तापनि सल्यानभन्दा पश्चिम त्यति छोटो समयमा शिक्षा प्रसारको कुनै काम गर्न उनी समर्थ भएनन्। सत्तल, पाटी अथवा जुनसुकै सार्वजनिक स्थल विद्यालयमा परिणत गरिए। ५० जना छात्र हुने ठाउँमा १ जना शिक्षक र बढी भएका ठाउँमा २ जना शिक्षक राखी काठमाडौं उपत्यकामा ५० र बाहिर करीव १०० वटा विद्यालय खुले। यी विद्यालयमा विद्यार्थीहरूलाई विनामूल्य लेख्ने पाटी र भएका १।२ पुस्तक दिइन्थे। यी विद्यालयलाई भाषा पाठशाला भन्दथे।

सरकारतिरबाट शिक्षाप्रति देखाएको उत्साहको प्रभाव सर्वसाधारणमा पनि पऱ्यो। हुने खाने र उदार विचारका मानिसहरू पनि आफ्नो घर गाउँमा धमाधम पाठशाला खोल्न लागे।

देवशमशेरलाई लघारी चन्द्रशमशेर प्रधानमन्त्री भए। राणा प्रधानमन्त्रीहरूमा स्वार्थरक्षाको कौशलमा यीभन्दा अधिक पटु कोही भएन। एकतन्त्रीय शासनको निमित्त शिक्षा कतिको खतरनाक हुन्छ भन्ने कुरा यिनले राम्ररी बुझेका थिए। अतएव यिनले देवशमशेरका पालामा खुलेका भाषा पाठशालाहरू एक एक गरी बन्द गराए। भाषा पाठशालाहरूको योजना बनाउनेहरू मध्ये पण्डित हरिहर आचार्य दीक्षितले स्वदेशमा आफ्नो हित नठानी बम्बई गई बस्नुपर्‍यो। त्यहाँ पनि उनले उत्साहपूर्वक गोरखाग्रन्थ प्रचारक मण्डली खोलेर नेपाली पुस्तकको प्रकाशनमा केही काम अवश्य गरे, तर उनको प्रयासले सफलता पाउन सकेन। राजा जयपृथ्वीबहादुर नेपाल सरकारका प्रतिनिधिका रूपमा कलकत्ता पठाइए। उनले पनि कलकत्तामा केही पुस्तक छपाए, तर सरकारी नीतिले गर्दा तिनको प्रचार हुन पाएन। अन्ततोगत्वा उनले आफ्नै राज्यमा एक सानो पाठशाला राखी सन्तोष गर्नुपर्‍यो।

राज्यका विभिन्न विभागमा काम गर्ने केही कारिन्दाको आवश्यकता नभएको भए, अथवा अंग्रेजहरूलाई आफू शिक्षाप्रेमी भएको कुरा विदित गराउनु नपरेको भए सायद चन्द्रशमशेरले देशमा एउटा पनि विद्‌यालय रहन नदिंदा हुन्। परन्तु उपर्युक्त कारणले गर्दा केही भाषा पाठशाला, केही संस्कृत पाठशाला र दरवार स्कूल येनकेन प्रकारेण चल्दै रहे। दरवार हाई स्कूल वि.सं. १९६७ सम्म कलकत्ता विश्वविद्‌यालयसित सम्बन्धित रह्यो। त्यस बीच २०।२५ जनाले कुनै किसिमले म्याट्रिकको परीक्षा पास गरे त्यसपछि त्यसको सम्बन्ध पटना विश्वविद्‌यालयसित हुनगयो र १९९० मा नेपालकै एस.एल.सी. वोर्ड गठित भएकोले प्रवेशिका परीक्षासम्मका निमित्त नेपालको शिक्षानीति स्वतन्त्र  भयो।

विद्‌यार्थीहरू आफ्नो ज्ञानपिपासा शान्त गर्नाको निमित्त प्रयाग र कलकत्ता विश्वविद्‌यालयमा जाँदा भारतमा चलिरहेको स्वदेशी आन्दोलनले प्रभावित भई नेपाल फर्कदा खतरनाक हुन जाने स्थिति थियो। अतएव चन्द्रशमशेर काठमाडौंमा १ कलेजको स्थापना गर्ने विचार गर्दै थिए। परन्तु प्रथम महायुद्धको अवसरमा यो कुरा सम्भव भएन। त्यस समयसम्म नेपालमा २ जना मेडिकल ग्रयाजुएट इन्जिनियर र करीव १५ जना बी.ए. को उपाधि प्राप्त व्यक्ति थिए। यसै साधनलाई लिएर १९७६ वि.सं. मा त्रिभुवन चन्द्र कलेजको स्थापना भयो। १९८१ मा त्यसको नाम त्रिचन्द्र कलेज भयो। सरकारको सामान्य शिक्षा विरोधी नीतिले गर्दा त्यस वर्ष पनि यस विद्‌यालयमा २४ भन्दा बढी छात्र थिएनन्। प्रारम्भमा यसमा कलासम्बन्धी ६ विषय, गणित, तर्कशास्त्र,

इतिहास र तिनौटा भाषा मात्र थिए। प्रथम वर्षमा जम्मा २ जना छात्र भएको यस कलेजमा प्रिन्सिपल श्री मैत्र थिए। १९७७ मा यसमा विज्ञानका कक्षाहरू थपिए। प्रथम वर्षका विज्ञानमा जम्मा ३ जना छात्र थिए, परन्तु क्रमशः यस कलेजको उन्नति हुँदै गयो। १९८१ मा बी.ए.का कक्षा, २००४ मा बायोलजी र भूगोल, २००५ मा बी.एस्सी का कक्षा, २०११ मा आइ.कम. र बी. कम. का कक्षा खुलेकोले यो कलेज कला, विज्ञान र वाणिज्यका विषयले लगभग पूर्ण छ। २००९ सम्म यहाँ केवल पुरूष शिक्षार्थीहरूको मात्र प्रवेश थियो। २०१२ सालदेखि सहशिक्षाको अनुमति प्राप्त भएकोले छात्राहरूले पनि यसबाट लाभ पाएका छन्।

चन्द्रशमशेरले केही त शोभाको निमित्त र केही निजामती कर्मचारीहरूको आवश्यकताको विचार गरेर पनि यत्रतत्र गरी २।४ भाषा पाठशाला कायम राख्न दिएको कुरा चर्चा माथि भइसकेको छ। यस्ता पाठशाला राजधानी र धनकुटा, पाल्पा आदि जस्तो गौंडा भएका ठाउँमा थिए। पछि प्रभावशाली र खतरनाक नभएका मानिसहरूको विशेष आग्रहमा यत्रतत्र केही साधारण विद्‌यालयहरूले खुल्ने अनुमति पाए। तर जे भए पनि सम्पूर्ण देशमा २००७ सालभन्दा अघि सबै किसिमका गरी २०० भन्दा बढी विद्‌यालय कदापि थिएनन्।

देशमा शिक्षाको माग बढ्दै गइरहेको र विदेशीहरूका अगाडी पनि लाजमर्नु स्थिति हुन जाने भएकोले जुद्धशमशेरले २००३ सालमा आधार स्कूल खोल्ने योजना बनाए। यसप्रकारका स्कूलमा विशेषतः हस्तकलाकै शिक्षाको प्रधानता भएकोले एकतन्त्रीय शासनको निमित्त यो शिक्षाप्रणाली उति “डरलाग्दो” थिएन। २००३ सालमा बर्धा गई यस शिक्षा प्रणालीमा तालिम लिई आएका अध्यापकहरूका सहयोगले २००४ सालमा काठमाडौं उपत्यकामा १० र अन्य पहाड तराईमा गरी ३०।४० वटा स्कूल खोलिए। तर एक त ३।४ महिनाको तालिम पाएका शिक्षकहरू यस विशेष प्रयोगात्मक प्रणालीमा दक्ष थिएनन्, दोस्रो छात्र र उनका अभिभावकहरूलाई पनि यसमा आस्था थिएन र तेस्रो सरकारमा पनि शिक्षा प्रति विशेष उत्साह थिएन। परिणामस्वरूप आधार शिक्षा प्रणाली २०१२ सालमा आई लगभग समाप्त भयो।

२००७ सालमा एकतन्त्रीय शासन प्रणालीको समाप्ति भयो। विभिन्न योजनाको साथै शिक्षाको पनि देशव्यापी योजना बनाउने तरखर हुन लाग्यो। परिणामस्वरूप विदेशी विशेषज्ञहरूको सहायता समेत लिई एक शिक्षा योजना तयार गर्ने काम शुरू भयो र

शिक्षा आयोगले एक शिक्षा योजना तयार पर्‍यो। जसमा प्राथमिकदेखि लिएर विश्वविद्यालयसम्मका निमित्त विस्तृत सुझाउ  छन्।

एकातिर आज देशमा कुन किसिमको शिक्षाको आवश्यकता छ भन्ने कुराको विचार विमर्शको क्रम पनि चल्दैछ, अर्कोतिर देशमा व्यापकरूपले शिक्षण संस्थाहरूको बृद्धि पनि हुँदैछ। श्री ५ महाराजाधिराजको नेपालको पूर्व पश्चिमतर्फको सवारीको समयमा मौसुफको सवारी भएका ठाउँहरूमा जनताको तर्फबाट धेरै जसो माग शिक्षालयहरू कै भएको हुनाले देशमा जनताबाट शिक्षापट्टि ठूलो चाख देखाएको स्पष्ट छ। २००७ सालसम्म जम्मा महाविद्यालय १, विद्यालयहरू २१, मिडिल स्कूलहरू २०३ र पुस्तकालयहरू जम्मा ३१ मात्र भएको र हाल महाविद्यालय जम्मा २७, विद्यालयहरू १३८, मिडिल स्कूलहरू ३६८, पाठशालाहरू ३१६३, पुस्तकालयहरू १२२ र प्रौढ शिक्षालयहरू १८७८ कायम रहेको हुनाले नेपालमा शिक्षा कसरी बढ्दै गएको छ सो कुराको सहजै अनुमान गर्न सकिन्छ। नेपालको प्रथम पंचवर्षीय योजना अन्तर्गत शिक्षालाई छुट्याइएको रकमको लगभग ८० प्रतिशत शिक्षामा खर्च भैसकेको छ। यसको अतिरिक्त जहाँ वीरशमशेरका पालामा देशभरीमा एउटा पुस्तकालय थियो, आज करीव करीव प्रत्येक क्षेत्रमा एक न एक सार्वजनिक पुस्तकालय छन्, यिनबाट पनि सर्वसाधारणले ज्ञानार्जन गर्दछन्।

सरकारी सहायताविना पनि विशेष किसिमबाट शिक्षा दिई आकर्षक उपाधि प्रदान गर्न नेपाली राष्ट्रिय विद्यापीठ जस्ता सार्वजनिक प्रयत्नबाट चल्ने विद्यालयहरू देशको सामान्य बौद्धिक स्तर उच्च पार्न चेष्टाशील छन्।

२००७ साल पौष १ गते नेपालमा एक महत्वपूर्ण परिवर्तन भएको छ। परिवर्तित परिस्थितिमा अझै पनि व्यापकरूपले शिक्षाको विकास र त्यसको योजना बनाउन बैशाख २५ गते २०१८ को दिन सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको गठन भएको छ। यस समितिले तयार गरेको विधान र योजना तथा सामान्य सुझाउहरूले देशका आगामी शिक्षा पद्धतिलाई गम्भीरतापूर्वक प्रभावित पार्नेछ भन्ने आशा गर्न सकिन्छ।

# ३. प्राथमिक तथा माध्यमिक शिक्षा

शिक्षाशास्त्रीहरूको भनाइ छ कि शिक्षा बच्चाहरूको जन्म हुनुभन्दा अगाडि नै शुरू हुनुपर्छ, किनकि आमाबाबुको र उनीहरूको सम्पर्कमा आउनेहरूको चालचलन, विचार, भावना, शैक्षिक स्तर आदिको प्रभाव गर्भमा रहने बच्चाहरूमाथि पर्दछ भन्ने कुरा अनुभवले सिद्ध गरिदिएको छ। फेरि शिक्षा भन्ने वस्तु हामीले हरक्षण पाइराखेका हुन्छौं, तर यो कहिले सुशिक्षा हुन्छ, कहिले कुशिक्षा। खासगरी जसको मन बलियो छैन र बुद्धि छिप्पिएको छैन, तिनीहरूमाथि तिनीहरूले देखेसुनेका अर्थात् तिनीहरूको सम्पर्कमा आएका हरेक वस्तु, जीवजन्तु वा व्यक्तिको राम्रो या नराम्रो प्रभाव तुरून्त पर्ने हुन्छ। यस किसिमसंग विचार गर्दा सरकारले समाजको प्रत्येक सदस्यको पहिलो कर्तव्य सुशिक्षाको प्रचार र प्रसारको सुव्यवस्था गर्नु र यसमा सहयोग दिनु हो भन्ने र सो सुव्यवस्थाको विचार गर्दा विशेष गरी, बालबालिकाहरूको मनमा प्रभाव पार्ने व्यक्तिगत आचरण, सामाजिक रीतिस्थिति, सिनेमा, नाटक, पुस्तक पुस्तिका, पोष्टर पाम्फ्लेट, विज्ञापन आदिको समेत सुव्यवस्था हुनु वाञ्छनीय मात्र होइन अनिवार्य पनि छ भन्ने वारे दुई मत हुन सक्तैन।

यसरी विचार गर्दा देशका प्रत्येक क्षेत्रमा उच्च विचार तथा भावना जगाउने र बढाउने खालका कलाशालाहरू, नाटकहरू, फिल्महरू, पुस्तकालयहरू, सार्वजनिक प्रवचनहरू, खेलकुदहरू आदिलाई बढीभन्दा बढी मात्रामा प्रोत्साहन दिनु जरूरी हुन्छ र प्रत्येक घर, झोपडी, अड्डा अदालत, पाठशाला, अस्पताल, कारखाना इत्यादि पनि सकेसम्म त्यस्तै खालका कार्यकर्ता, सरसामान, कार्यक्रम र वातावरणले सुशोभित हुनु पनि वाञ्छनीय हुन्छ। त्यस्तै प्रकारले देशभरीमा कुत्सित र निम्नस्तरका विचार तथा भावना जगाउने र बढाउने खालका चित्रहरू, नाटकहरू, फिल्महरू, पुस्तक पुस्तिकाहरू, सार्वजनिक प्रवचनहरू, खेलकुदहरू आदिको प्रचार प्रसार निर्मूल पार्नपट्टि पनि सक्रिय कदम उठाउनु जरूरी हुन्छ।

असल शिक्षा भनेको विचार, भावना, प्रतिक्रिया, आवरणमा उत्तम बानी बसाल्नु हो भन्ने वारे मतविभिन्नता संभव छ भन्ने हामीलाई लाग्दैन। यसउसले हामी यहाँ केही असल तथा आवश्यक बानी प्रति संकेत गर्नु जरूरी सम्झन्छौं: -

(१) सफा सुघर रहने बानी (२) घर र मानव समाजको अरू सदस्यहरूको सुख सुविधा बढाउन तथा दुःख, असुविधा घटाउन मिलिजुली काम गर्ने र सकेसम्म सहायता हुने

बानी (३) समाजका नैतिकतापूर्ण वा नैतिकतामा विरोध नहुने रीतिस्थिति र सरकारी ऐन कानून आदेशको सम्मान गर्ने बानी (४) माता पिता आदि आफूभन्दा जेठाबाठा र गुरूहरूको आदर गर्ने बानी (५) ईश, देश र नरेशको उचित सम्मान गर्ने बानी (६) अरू कसैले आफूलाई गरेको सानो भन्दा सानो उपकारलाई पनि सम्झी सक्रिय रूपले कृतज्ञ हुने बानी (७) जताबाट जसबाट भए पनि गुण सिकिलिने बानी (८) आफ्नो धर्मको पालनमा अरू धर्मावलम्बीहरूले बाधा नपुर्‍याएमा अरू धर्मावलम्बीहरू प्रति सहानुभूति र सहनशीलता अपनाउने बानी (९) जस्तो किसिमको अधिकार आफूले चाहेको छ त्यस्तै किसिमको अधिकार अरूलाई पनि प्राप्त गराउन सहयोग दिने बानी (१०) कुनै समाजोपयोगी पेशावार विषयमा बढ्दो दक्षता हासिल गर्न उद्योग गरिरहने बानी (११) काम, क्रोध, लोभ, मोह, मद, मात्सर्यको वशमा नपर्ने बानी (१२) मादक पदार्थहरूको सेवन नगर्ने बानी (१३) आफ्नो प्रत्येक भावना, विचार र कार्यमा सर्वोच्च आदर्शलाई अपनाउने बानी (१४) प्रत्येक दिन प्रशस्त कसरत हुने कार्य तथा खेलमा लाग्ने बानी (१५) प्रस्तुत कर्तव्यमा एकाग्र हुने बानी इत्यादि।

यो निर्विवाद छ कि असल र आवश्यक बानीहरू बारेको हाम्रो सिद्धान्तमा नै शिक्षा वारेका हाम्रा अरू विचार र कार्यपद्धतिको रूपरंग एवं ढाँचाकाँचा पूर्णतया निर्भर रहन्छ, रहनुपर्दछ।

हामीलाई लाग्छ कि माथि उल्लेख गरिएका असल तथा आवश्यक बानीहरू संकेतमा (शिक्षाको प्रारम्भिक तथा माध्यमिक शिक्षाको समेत) लक्ष्य वारे प्रशस्त निर्देशित भएका छन्। यस उसले शिक्षाको हरेक तह र क्षेत्रमा यो वारे पूर्णतया सचेत रहनु जरूरी छ।

**पूर्वप्राथमिक शिक्षा (किन्डरगार्डेन)**

'दशवर्षाणि ताड्येत्' भन्ने वारे विचार विभिन्नता भए पनि 'लालयेत् पंचवर्षाणि' भन्ने वारे पाश्चात्य अथवा पूर्वीय सबै शिक्षाविद्हरूमा मतैक्य देखिएको छ। अतः विशेष गरी हाम्रा मुलुकका अधिकांश मातापिता र अभिभावक अभिभाविकाहरू शिक्षाविधिका आधारभूत सिद्धान्तहरू वारे अशिक्षित या अनभिज्ञ भएकोले तथा प्राथमिक शिक्षा ५ वर्षको उमेर नाघेपछि मात्र शुरू गरिन्छ भनिएकोले पूर्व प्राथमिक शिक्षालयहरूको लागि पनि सरकार र जनताको तर्फबाट सकेको प्रबन्ध हुनु आवश्यक छ। यसउसले उपर्युक्त खेलकूद र मनोरञ्जनको व्यवस्थासहितका बालउद्यानहरू प्रत्येक शहरको प्रत्येक टोलमा र प्रत्येक गाउँमा कममाकम १।१ वटाको दरले हुनु वाञ्छनीय छ। हाललाई

शुरूमा ७५ ब्लक मध्ये प्रत्येकको केन्द्रीय स्थलमा या १४ जोन मध्ये प्रत्येकको केन्द्रीय स्थलमा १।१ वटा उक्त प्रकारका बालउद्यानहरूको सरकार र जनताको सहयोगबाट स्थापना होस् भन्ने हाम्रो सुझाउ छ।

यी बालउद्यानहरू बालप्रेमी शिक्षा विशेषज्ञहरूको मातहतमा संचालित हुनुपर्छ। यिनीहरूमा हाललाई ३ वर्ष नाघिसकेका तर ५ वर्ष ननाघेका बालक बालिकाहरूलाई मात्र स्थान दिनु वाञ्छनीय देखिन्छ। यिनीहरूमा प्रवेश र भर्ना अनिवार्य होइन तर निःशुल्क हुनुपर्छ। यसको लागि केही हदसम्मको आम्दानीवालाहरू उपर विशेष शुल्क लगाउने व्यवस्था पनि हुन सक्छ। यिनीहरूमा आर्थिक दृष्टिबाट निम्नस्तरका परिवारका बालक बालिकाहरूलाई पनि प्रोत्साहन दिइनुपर्छ।

**प्राथमिक शिक्षा (वर्ष ६ को शुरूदेखि वर्ष १० को अन्तसम्म) को लक्ष्य**

६ वर्षको शुरूको उमेरदेखि १० वर्षको उमेर पूरा नभएसम्मका बालक बालिकाहरूको शारीरिक, मानसिक, बौद्धिक अवस्था हेरी माथि निर्दिष्ट लक्ष्यको यथासम्भव धेरै अंशलाई पूरा गर्ने।

**उमेर बमोजिम कक्षा निर्धारण**

शुरूमा केही कठिनाई परे पनि सर्वाङ्गीण शिक्षाको दृष्टिकोणबाट ६ वर्षकाहरूलाई प्रथम कक्षामा, ७ वर्षकाहरूलाई द्वितीय कक्षामा, एवं ८, ९ र १० वर्षकाहरूलाई क्रमशः तृतीय, चतुर्थ र पंचम कक्षामा राख्ने सिद्धान्तलाई कार्यान्वित गर्न वाञ्छनीय छ। तर विशेष प्रतिभाशाली विद्यार्थीहरूलाई तोकिएका विषयहरूमा विशेष प्रवीणता हासिल गर्न हरप्रकारको र प्रशस्त प्रोत्साहन दिनुपर्छ। यस्तै पछौटे बालक बालिकाहरूलाई पनि विशेष ध्यान दिने व्यवस्था हुनुपर्छ।

**निःशुल्क र अनिवार्य पाठशालाका सबै तहका शिक्षकहरू**

शिक्षाको सबै तहमा शिक्षक हुनेहरू बालमनोविज्ञान, शिक्षाशास्त्र आदिमा राम्रो तालिम पाएका चरित्रवान् र अनुभवी हुनुपर्छ।

प्राथमिक कक्षाहरूको लागि यसरी तालिम पाएका शिक्षकहरूभन्दा शिक्षिकाहरूलाई काम लाउनुपर्छ भन्ने हाम्रो राय छ।

शिक्षा मन्त्रालय

**यस तहका शिक्षकहरू बारे**

प्रारम्भिक शिक्षामा शारीरिक, नैतिक, बौद्धिक विकासको वास्तविक बिउ र मल हाल्ने समय भएकोले र बिउ एवं मलको गुणमा नै कुनै फलको महत्व धेरै मात्रामा निर्भर भएकोले शिक्षाशास्त्रका विशेषज्ञ, बालप्रेमी र परिपक्व शिक्षक शिक्षिकाहरूलाई प्रारम्भिक शिक्षाको काम सुम्पनु र उहाँहरूको तलब पनि त्यही प्रकारले बढी हुनु वाञ्छनीय देखिन्छ।

**शिक्षकहरूको कमीको समस्या**

प्राथमिक शिक्षा निःशुल्क र अनिवार्य गर्नलाई ५०,००० जति तालिम प्राप्त शिक्षकहरू चाहिन्छन् भन्ने कुरा श्री ५ को सरकारद्वारा गठित नेपाल राष्ट्रिय शिक्षा आयोगको वि.सं. २०१३ मा प्रकाशित 'नेपालमा शिक्षा' भन्ने बृहत् रिपोर्टमा भनिएको छ। अहिले सोभन्दा बढ्ता शिक्षकहरूको आवश्यकता हुनु अस्वाभाविक हुनेछैन।

यसतर्फ विचार गर्दा निम्नलिखित तथ्यहरूलाई ध्यानमा राखी त्यस अन्तर्गतका सुझाउहरूलाई कार्यान्वित गर्न सकिएमा धेरै मद्दत हुने देखिन्छ –

(१) शिक्षक शिक्षिकाहरूको कमीको एक प्रमुख कारण हाम्रो मुलुकको धेरै जसो भागमा भैरहेको यातायातको असुविधा र कठिनाइ हो। यो यथाशीघ्र हटाइनु पर्छ।

(२) भत्ता पाई तालिम लिई पास गरेको २००० भन्दा बढी शिक्षक शिक्षिकाहरूलाई कुनै शिक्षालयमा शिक्षणको काम दिइएको छैन भन्ने सुनिएको छ। सो साँचो भए उहाँहरूलाई यथाशीघ्र काम दिनु वाञ्छनीय छ।

(३) भत्ता दिंदा पनि शिक्षाको तालिम लिन हाम्रा देशवासीहरू उत्सुक देखिंदैनन् भन्ने हकमा, धेरै हदमा हाम्रो देशमा हाल कतिपय कारणले गर्दा शिक्षक शिक्षिकाहरूको आदर गर्ने भावना घटेकोले नै यसो भएको हो भन्ने हाम्रो राय छ। हाल कलेज अफ एजुकेशन अन्तर्गतका शिक्षक शिक्षण केन्द्रहरूमा भर्ना हुन आउनेहरू पनि जम्मै जसो निम्न योग्यताका मात्र पाइनुको पनि मुख्य कारण यही हो भन्ने हामीलाई लागेको छ। साथै गुरू हुनेहरूको योग्यताको कमीले गर्दा पनि गुरूहरूको कम आदर हुनु स्वाभाविक देखिन्छ।

(४) शिक्षण पेशालाई आकर्षक र आदरणीय तुल्याउनको निमित्त केही सुझाउहरू:

(क) शिक्षक शिक्षिकाहरूको तलबको स्केल प्रशासन सेवाको तुलनामा सकेसम्म बढाउनुपर्छ।

शिक्षा मन्त्रालय

(ख) चरित्र, ज्ञान, प्रवीणता र शिक्षण कार्यमा प्रेम इत्यादि गुण भएकाहरूलाई मात्र शिक्षक शिक्षिकाको काममा सुम्पनुपर्छ।

(ग) एक तहका र योग्यताका शिक्षकहरूको तलबमा समानता अपनाइनु पर्छ, उहाँहरूको पद स्थायी र पेन्सनयोग्य गराइनु पर्छ।

(घ) विशेष कार्यदक्षता र कर्तव्य परायणता देखाउने शिक्षकहरूलाई प्रत्येक वर्ष श्री ५ महाराजाधिराजको शुभ जन्मोत्सवको दिन या प्रजातन्त्र दिवसको शुभदिनमा यस्ता सरकारी जंगी निजामती कर्मचारीहरूले पाउने सरहका तक्मा र अरू सरकारी सम्मानहरू प्रदान गरिनुपर्छ।

(ङ) शिक्षक शिक्षिकाहरूलाई विशेष प्रकारले बिरामी परेको बेलामा औषधोपचारार्थ केही सुविधाहरू दिइनुपर्छ।

(५) हाललाई पेन्सन प्राप्त सरकारी जङ्गी निजामती कर्मचारीहरूलाई आफ्-आफ्ना गाउँ, जिल्ला, ब्लक या जोनमा प्रधानाध्यापक या अध्यापक भै काम गर्ने र अलग तलब पाउने अवसर दिइनुपर्छ।

(६) शिक्षकको जीवनको महत्व र सौन्दर्य राम्ररी बोध गराउने खालका (जस्तो कि अंग्रेजीमा जेम्स हिल्टनको “गुडवाई मिष्टर चिप्स्” भन्ने पुस्तक नाटक र फिल्म छ) पुस्तकहरू र नाटकहरूको प्रचार प्रसारलाई बढाएमा पनि आजकल जो शिक्षाको पेशाको हीनगति छ त्यसमा धैरै सुधार आउन सक्छ। बेलायतमा डाक्टर टम्स् आर्नोल्ड जस्तो एक प्रतिभाशाली शिक्षाप्रेमी प्रधानाध्यापकको प्रेरणादायक उदाहरणले त्यहाँको शिक्षा पद्धतिनै सुधार्न सक्यो भने हाम्रो मुलुकमा पनि सुशिक्षाको प्रद्योतक स्वयं पनि शिक्षक भएको एक महापुरूष मात्र पनि निस्केमा उहाँको प्रेरणादायक उदाहरणको फलस्वरूप शैक्षिक सुधारको दिव्य ज्योति व्याप्त नहोला भन्न सकिन्न। त्यस्ता १०-२० शिक्षा प्रेमीहरू निस्केमा त १०-२० वर्षमै प्रकृतिको प्रियभूमि हिमालयको शोभा हाम्रो यो नेपालमा सर्वाङ्गीण उन्नतिको सूर्योदय नहोला भन्न सकिन्न।

**शिक्षाविधि**

शरीर, मन, बुद्धि आत्माको बनौट र विकास सम्बन्धी अहिलेसम्म पत्ता लागेका तथ्यहरूमा सदा सर्वदा शिक्षाविधि आधारित हुनुपर्छ। प्राथमिक शिक्षाको तहमा हामीले विद्यार्थीहरूमा रहेका एकाग्रता, केलाएर हेर्ने, सुन्ने, संझिराख्ने इत्यादि शक्तिहरूको सकेसम्म बढ्ता विकास हुने किसिमसंग उनीहरूलाई शिक्षा दिनुपर्छ। यिनीहरूमा सबभन्दा अनमोलको गुण त एकाग्रता नै हो। कुनै एक विषय (कला, विज्ञान, पाकशास्त्र इत्यादि) मा स्वेच्छाले धैरै कालसम्म एकचित्त हुन सक्नु शिक्षाको झण्डै अन्तिम र सर्वोच्च लक्ष्य मान्न सकिन्छ। यस्तो एकाग्रता, त्यो साँचो हो, जो

ज्ञानदरवारको हरेक कोठाको ताल्चा सजिलैसित खोल्दछ। पूर्वी र पश्चिमी मनीषी तथा मनोवैज्ञानिकहरूको अनुभव र अनुसन्धानले यो सिद्ध गरिदिएको छ कुनै सानो बालक या बालिकालाई शैक्षिक विषयमा खेलमा एकाग्र भै खानु पिउनु समेत भुलेको देख्दा शिक्षाको चमत्कार देखिन्छ। सूर्यका किरणहरूमा सन्ग्लासद्वारा एकत्रित नभैकन उनीहरूमा कागत कपडा आदि जलाउने शक्ति हुँदैन। त्यस्तै हाम्रा मनबुद्धिका छरिएका किरणहरू एकाग्र नभएसम्म उनीहरूमा कुनै विषयको अज्ञानलाई भस्म पार्ने शक्ति आउँदैन। एकाग्रता अनमोलको बानी हो। यो विना कुनै विषयमा पूर्ण सफलता हासिल गर्न सकिन्न। साधारणतः प्रत्येक बालक या बालिकाको एक न एक विषयमा विशेष रूचि हुन्छ। प्रत्येक विद्यार्थीको वारेको त्यो विशेष रूचिको विषय पत्ता लगाउन वा यसमा मद्दत गर्न त्यसका शिक्षक शिक्षिकाहरूको प्रधान कर्तव्य मानिनुपर्छ। सो विशेष रूचिको विषय वा विषय क्षेत्र पत्ता लगाईनासाथ त्यसैमा विशेष ध्यान दिन यथासम्भव सहायता र प्रोत्साहन दिनु शिक्षक, शिक्षालय, शैक्षिक अधिकारीहरू र अभिभावकहरूको कर्तव्य मानिनु योग्य छ। यसो भएमा हाम्रो विद्यार्थीहरूका विभिन्न प्रतिभाहरूको उच्चतम विकास हुन्छ र तिनीहरूको उत्तममोत्तम कदर र प्रयोग पनि हुन सक्नेछ। कुनै विद्यार्थीले विभिन्न विषयमा विशेष योग्यता देखाएको छ र कुनै विषयमा कम भए उसको शैक्षिक काम र अरू कामहरू हेरी पूर्णाङ्कको आधारमा उत्तीर्ण गर्नु न्यायसंगत हो।

प्राथमिक तहका शिक्षा मौखिक, कार्यमय, चित्रमय, उदाहरणात्मक विधिले प्रदान गरिनुपर्छ। यसरी दिएको शिक्षा विशेष फलदायक हुन्छ। पुस्तकहरूको नचाहिंदो कुसमयको बोझलाई पनि यसले हटाउँछ। यसरी ज्ञानेन्द्रियहरूको विवेकपूर्ण प्रयोग र स्मरणशक्तिहरूको विकास पनि यथेष्टमात्रामा हुन पाउँछ।

**पुस्तकहरू**

हाम्रो जस्तो मुलुकमा शिक्षालयहरूको जम्मा अनिवार्य पुस्तकहरूमा कमाकम रूपैयाँ खर्च गरिने व्यवस्था हुनुपर्छ र हुन सक्छ, शिक्षाविधि माथि लेखिए बमोजिम भएमा र योग्य शिक्षकहरूद्वारा शिक्षा दिइएमा अरू आवश्यक पुस्तकहरू पाठशालाको पुस्तकालयमा उपलब्ध हुनुपर्छ।

**प्रथम कक्षाको पाठ्यक्रम**

(१) **भाषा** आफ्नो वरपरको चीजलाई शब्दबाट चिन्हाउनु, सामान्य वस्तुहरूद्वारा विचारशक्ति बढाउनु, साना साना कथा हाल्न लगाएर भाव व्यक्त गर्ने शक्ति बढाउनु, सुन्ने र बुझ्ने शक्ति बढाउनु।

(२) **सामाजिक शिक्षा**: - स्कूलभित्रको जीवन: - स्कूलभित्रको खेलकूद गर्ने मैदान, स्कूलभवन, पढाइने कोठा, अफिस कोठा, पुस्तकालय, शिक्षकहरू र विद्यार्थीहरू चिन्हाउनु। खेल र अरू सामूहिक क्रियाशीलता अर्थात् मिलेर काम गर्ने बानीद्वारा पढ्ने बानी, स्वास्थ्य सम्बन्धी बानी, मित्रता, सहयोग र परस्परलाई बुझ्न सक्ने बानीको विकास गराउनु।

घरको जीवन आफ्नो स्वास्थ्य, शरीर, लुगा, पुस्तक र व्यक्तिगत सामानहरूको होसियारी र जतन गर्न सक्ने तुल्याउनु। परिवारमा सानासाना बालकहरू र पाल्तु प्राणीहरूलाई हेरचाह गर्न सिक्नु। आमाबाबुहरूलाई मद्दत गर्न सिक्नु, आमाबाबु र परिवारका अन्य सदस्यहरू प्रति प्रेम र आदर बढाउनु।

(३) **विज्ञान र स्वास्थ्य शिक्षा**: - व्यक्तिगत सफाई - शरीर, केश, नङ, आँखा, कान र लुगाको होसियारी गर्न सिक्नु। पाल्तु जीवजन्तु र चराको जतन र उनीहरूको फाइदा र बेफाइदा जान्नु। समयको ज्ञान थाहा पाउनु।

(४) **गणित**- जोड र घटाउको साधारण ज्ञान गराउनु। दुई अंकको सम्बन्ध थाहा पाउनु। सिक्काहरूको परिचय पाउनु। समय र दिन भन्न सक्ने तुल्याउनु। सय अंकसम्म पढ्न र गन्न सक्ने तुल्याउनु।

(५) **कला**- पेन्सिल, खरी र अंगारको प्रयोगबाट चित्रमा आत्म-अभिव्यक्ति गर्नु, माटा र मैनका मोडेल बनाउनु, फूल र कागजहरूको कोठा र कक्षा कोठा सिंगार्नु, रंगीन चित्र तयार गर्नु, औंलाले पेन्ट गर्नु, कागजको अक्षर काट्न र लेख्न सक्ने हुनु।

(६) **स्वावलम्बी शिक्षा** - खाद्य सम्बन्धी शिक्षा: - बगैंचाको साधारण काम गर्न सिक्नु, घरमा आमाबाबुलाई मद्दत गर्नु, ठूला केटाकेटीहरूसँग मिलेर काम गर्नु।

घरसम्बन्धी शिक्षा - घरमा खेल्नको निम्ति खेलौना र त्यस्तै अरू सानासाना चीजहरू बनाउनु, कोठाका सामानहरू सफा सुग्घर राख्नलाई घरमा र स्कूलमा आमाबाबु र ठूला केटाकेटीलाई मद्दत गर्नु।

वस्त्रसम्बन्धी शिक्षा - टालो, घाँस, पराल, कागज, सिसा, बाँस इत्यादिबाट प्रचलित खेलौना बनाउनु, डोरी बनाउनु, माला बनाउनु या यस्तै हातले बुन्ने काम गर्नु, पुतलीलाई लुगा लगाई दिनु।

(७) **शारीरिक शिक्षा**

(क) ताल सुर मिलाई खेल्ने खेल, गाउँदै खेल्ने खेल, नक्कल गरी खेल्ने खेल, साधारण लोकनृत्य, दौड्नु, उफ्रनु इत्यादि स्वास्थ्यमा प्रभाव पार्ने खेलहरूमा रूचि बढाउँदै लैजानु।

(ख) सानासाना खेलहरू, समात्नु, मिल्काउनु, दौड्नु, उफ्रनु, तेलकासा, सुरीकासा, इत्यादि र घरभित्र खेल्ने अरू साना साना खेलहरू खेल्नु।

**दोश्रो कक्षाको पाठ्यक्रम**

(१) **भाषा** - स्कूल र स्कूलका सेरोफेरो सम्बन्धी शब्दहरूको ज्ञान गर्न बालकहरूलाई मद्दत गर्नु, “शब्द खेल” खेल्न प्रोत्साहित गर्नु, कथा भन्न लगाई भाव अभिव्यक्ति गर्ने शक्तिको विकास गर्नु, वादविवाद गर्न सिकाउनु, सफा अक्षर लेख्न सक्ने तुल्याउनु,।

(२) **सामाजिक शिक्षा**- छरछिमेकीको जीवन: - समय समयमा गएर छरछिमेकीसंग चिनजान राख्नु, समुदायका विभिन्न पेशाहरूको ज्ञान राख्नु, पोष्ट अफिस, पुलीसचौकी, फायर ब्रिगेड, ग्रामपञ्चायत अड्डा, पार्क, अस्पताल, बजार इत्यादिको ज्ञान राख्न। बाटामा हिंड्दा खेरि याद राख्नु पर्ने नियमहरूको ज्ञान राख्नु, स्थानीय मेला र जात्रासम्बन्धी ज्ञान राख्नु। नजिकको छिमेकीको निम्ति सहयोग, मित्रता र आदरको भावनाको विकास गर्नु।

(३) **विज्ञान र स्वास्थ्य शिक्षा**: स्वास्थ्य सम्बन्धी बानी बसाल्नु, घरको सफाइ, प्रकृतिको अध्ययन, विभिन्न विरूवा, पात, चराहरू र कीराहरू चिन्नु, आत्मसुरक्षाको नियमहरू थाहा पाउनु, बगैंचाको साधारण काम गर्ने, मलजल हाल्ने, ड्याँग लगाउने र विरूवा उमार्ने काम प्रति साधारण ज्ञान गराउनु, चोटपटक लागे उपचार गराउनुपर्छ भन्ने ज्ञान दिलाउनु।

(४) **गणित:** १०० सम्म अंक लेख्न सक्ने हुनु, १००० सम्म चिन्हे हुनु, समय र तारिख पढ्न जान्नु, दुई र तीन अंकको जोड र घटाउ गर्न सक्नु, साधारण नापतौल सम्बन्धी हिसाव जान्नु। साधारण समस्याहरू सुल्झाउन सक्ने हुनु।

(५) **कला:** मैन र आलुले छाप्ने काम जान्नु, माटोको काम र कागज काट्न जान्नु, स्थानीय प्राप्त वस्तुबाट लम्बाई, चौडाइ र मोटाइको समेत ज्ञान राख्न सक्नु, स्थानीय नृत्य र संगीत सम्बन्धी साधारण ज्ञान राख्नु।

(६) स्वावलम्बी शिक्षा: खाद्यसम्बन्धी शिक्षा: - साना साना सामान र ज्यावल लिई काम गर्न जान्नु, बिरूवा बढेको निरीक्षण गर्नु, पशुपंक्षीको पालन र हेरचाह गर्नु, र स्थानीय झारपातको निरीक्षण गर्नु।

घर सम्बन्धी शिक्षा: - पढ्ने कोठा सिंगार्नु, खेलौनाघर माटाका घर, माटाका भांटा र खेलौना बनाउनु, घाँस, पराल, माटो, काठ, ढुंगा आदि प्राप्त वस्तुबाट मालसामान बनाउनु।

वस्त्र सम्बन्धी ज्ञान: - पहिलो कक्षामा गरिएका काम बढाउँदै लैजानु, स्थानीय प्राप्त धागो। टालो, घाँस र फाइवर भएका वस्तुबाट साधारण बुनाइ र कताइ सिकाउनु।

(७) **शारीरिक शिक्षा:**

(क) ताल सुर मिलाई खेल्ने खेल, गाउँदै खेल्ने खेल, नकल गरी खेल्ने खेल, कथा हाली खेल्ने खेल, साधारण लोकनृत्य, दौड्नु, उफ्रनु इत्यादि र स्वास्थ्यमा प्रभाव पार्ने खेलहरूमा रूचि बढाउँदै लैजानु।

(ख) साना साना खेलहरू: - समात्नु, मिल्काउनु, दौड्नु, उफ्रनु, तेलकासा, कपर्दी, कानकानपिच्चा, लुकामारी, डण्डीवियो, सुरीकासा, इत्यादि स्वार्थत्याग, साहस र आत्संयम आदि गुणहरू विकास गर्नामा सहायक हुन सक्ने किसिमका खेलहरू खेल्नु।

**तेश्रो कक्षाको पाठ्यक्रम**

(१) **भाषा:** बालकहरूमा पढ्ने ल्याकत बढाउन मद्दत गर्नु, वादविवाद गर्न सिकाउनु, समुदाय सम्बन्धी नयाँ शब्दहरू सिकाउनु, हिज्जे गर्नमा जोड दिनु, सानासाना कविता र कथाहरू पढ्न सिकाउनु।

(२) **सामाजिक शिक्षा:** आफ्नो क्षेत्रको जीवन: - [1]पहाड, उपत्यका र तराई। उपत्यका, पहाड र तराइको भौगोलिक विवरण, माटोको गुण, अन्नपातको गुण, कुलो, नहर र पटाइ सम्बन्धी ज्ञान गर्नु, नदी, जंगल, झारपातको ज्ञान गर्नु, विभिन्न सामाजिक समूह र रीतिस्थिति थाहा पाउनु, समुदायका विभिन्न मानिसहरूको पेशा, पब्लिक र प्राइवेट संस्था र संगठनको परिचय गर्नु, जिल्ला समिति अफिस, नगरपालिका अफिस, स्कूल, कलेज र संघ, सांस्कृतिक तथा मनोविनोद सम्बन्धी कामहरू, ऐतिहासिक महत्व भएका मानिसहरू र ठाउँको साधारण बोध हुनु, प्रशासकीय व्यवस्थाको सामान्य बोध हुनु।

(३) **विज्ञान र स्वास्थ्य शिक्षा:** साधारण शरीर विज्ञान वारे थाहा पाउनु, मानिसको शरीरको विभिन्न भागको नाम जान्नु, पाँच विभिन्न ज्ञानेन्द्रियको नाम, पाचन गराउने रसहरूको ज्ञान र दिशा पिसाब बाहिर फ्याक्ने इन्द्रियको साधारण ज्ञान गर्नु, पौष्टिक पदार्थ, विभिन्न खानेकुरा, बोसो, प्रोटिन, कार्वोहाइड्रेट र

---

[1] नेपललाई पहाड, उपत्यका र तराई गरी तीन प्राकृतिक क्षेत्रमा विभाजित गरिएको छ ।कक्षा ३ का छात्रहरुले आफ्नो क्षेत्रको पढाइ गरी बाँकी २ क्षेत्रको पढाइ चौथो कक्षामा गर्नुपर्दछ ।

भिटामिनको साधारण बोध हुनु, हावापानी र विभिन्न ऋतुहरूको गुण थाहा पाउनु, मुख्य मुख्य तारा र नक्षत्रहरूको नामहरू जान्नु।

**स्वास्थ्य सम्बन्धी शिक्षा:** - प्राथमिक र घरेलु चिकित्सकको ज्ञान हुनु, काटिएको र पोलेको घाउको उपचार गर्न जान्नु, पोशाक सफाइ, ताजा हावा, घाम, श्वास, आराम र स्वच्छताको महत्व जान्नु।

(४) **गणित:** १००० भन्दा माथि लेख्न पढ्न सिक्नु, स्थानीय नापतौलको ज्ञान राख्नु, साधारण गुणन गर्न जान्नु, मिश्रित जोड र घटाउको प्रयोग शुरू गर्नु, भागको प्रारम्भ गर्नु, साधारण हिसावका प्रश्नहरू हल गर्न सक्नु।

(५) **कला:** विभिन्न किसिमका कागज र पातका काम, वाटरकलरको प्रयोग गर्नु, माटाको काम, मूर्ति बनाउने काम शुरू गर्नु।

(६) **स्वावलम्बी शिक्षा:** खाद्य सम्बन्धी ज्ञान: - बालीको निम्ति फाइदा वेफाइदा गर्ने, कीराफट्याँग्रा र चराचुरुंगीको ज्ञान, बिउको निम्ति अन्न, आलु र अरू चीजहरू जोहो गर्नु।

घर सम्बन्धी ज्ञान: - किताबको जिल्ला र अरू साधारण चीजहरू बनाउनु, फोटो र किताब राख्ने खाता, अलबम इत्यादि बनाउन सिक्नु।

वस्त्र सम्बन्धी ज्ञान: - फाइवर वारे ज्ञान राख्नु, साधारण रंगाइ, सिलाई र खेलौना तथा पुतलीको निम्ति लुगा काट्न सिक्नु।

(७) **शारीरिक शिक्षा:**

(क) तालसुर मिलाई खेल्ने खेल, नक्कल गरी खेल्ने खेल, कथा हाली खेल्ने खेल, साधारण लोकनृत्य, दौड्नु, उफ्रनु इत्यादि र स्वास्थ्यमा प्रभाव पार्ने खेलहरूमा रूचि बढाउँदै लैजानु। सानासाना खेलहरू, समात्न सिकाउनु, दौड्नु, उफ्रनु, तेलकासा, कपर्दी, कानकान पिच्चा, लुकामारी, डण्डीवियो, सुरीकासा इत्यादि र घरभित्र खेल्ने अरू सानासाना खेलहरू खेल्नु, स्वार्थत्याग, साहस र आत्म संयम आदि गुणहरू विकास गर्नामा सहायक हुन सक्ने किसिमका खेलहरू खेल्नु।

(ख) साधारण बलप्रदर्शन र आत्मपरीक्षण सम्बन्धी खेलहरू: - जस्तो मिल्काउनु, समात्नु, चढ्नु, सन्तुलन गर्नु, बोझा उठाउनु, नाघ्नु, हुत्याउनु, उफ्रनु इत्यादि एक्लै पनि खेल्न सकिने खेलहरू खेल्नु।

**चौथो कक्षाको पाठ्यक्रम**

(१) **भाषा:** साधारण कथाहरू लेख्न सिकाउनु, साथी र नातेदारहरूलाई पत्र लेख्न जान्ने गराउनु, शब्दकोष उपयोग गर्न जान्ने तुल्याउनु, सानासाना नाटकमा भाग लिन सिकाउनु, मनमनै पढ्ने बानी बसाल्नु।

(२) **सामाजिक शिक्षा:** कक्षा ३ मा पढाएका वाहेक बाँकी अरू दुई क्षेत्रको कक्षा ३ मा झै अध्ययन गर्नु।

(३) **विज्ञान र स्वास्थ्य शिक्षा:** चपाएर खाने बानीको महत्व जान्नु, मुखमा आउने थुकको क्रियाको वारेमा जान्नु, श्वासप्रश्वासको क्रिया वारे साधारण कुरा थाहा पाउनु, सन्तुलित भोजन र अक्सिजनको महत्व जान्नु, कसरी विरूवा बढ्छन भन्ने र विरूवाहरूको निमित्त कार्वोनडाइअक्साइडको महत्वको ज्ञान गर्नु।

(४) प्रश्नहरू हल गर्ने तरीका जान्नु, मिश्रित जोड, घटाउ, गुणन र भाग गर्नु, प्र्याक्सनको मतलव र प्रयोग जान्नु।

(५) **कला:** साधारण माटाका भाडाहरू बनाउनु, तार, दाउरा, लठ्ठी र डोरी आदिबाट मूर्ति बनाउनु, साधारण वाटरकलर, पेन्टिङ्ग, साधारण डिजाइन गर्न सक्नु।

(६) **स्वावलम्बी शिक्षा:** खाद्यसम्बन्धी: - खेती गर्नको निम्ति जग्गा जमीनको हेरचाह र मलजल गर्न जान्नु, साधारण पाकशिक्षाको ज्ञान लिनु।

घरसम्बन्धी: - घर र स्कूल सिंगार्नु, घर र स्कूलको निमित्त साधारण चीजहरू बनाउनु, हावा संचारको महत्व जान्नु, कीलाकाँटा ठोक्न सिक्नु।

वस्त्रसम्बन्धी: - लुगा टालटुल गर्न सक्नु, ओढ्ने, ओछ्याउने मरमत गर्न सिक्नु।

(७) **शारीरिक शिक्षा:** ताल र सुर मिलाई खेल्ने खेल, लोकनृत्य, साना साना काल्पनिक तथा सृजनात्मक किसिमका खेलहरू, व्यायाम विषयक खेलहरू, ओभरहेड ल्यायर, प्लाइंगरोप स्टिलवार जस्ता खेलमा केही समय दिइनुपर्छ।

अरू खेलहरू फुटबलमा, बास्केटबलमा केही हदसम्म प्रतियोगितामा भाग लिन लगाउनु।

**पाँचौ कक्षाको पाठ्यक्रम** ♥

(१) **भाषा:** मनमनै पढ्ने बानीको विकास गराउनु, समाचारपत्र र पत्रिका पढ्नु, नाटक गर्नु, साधारण निबन्ध लेख्नु, वादविवाद गर्न र साधारण लेखापढी गर्न सिक्नु, शुद्ध र प्रष्ट बोल्न सहायता गर्नु।

(२) **सामाजिक शिक्षा:** विदेशी मुलुकको जीवन: - भारत, पाकिस्तान, चीन, अमेरिका र बेलायत जस्ता मुलुकका मानिसहरूको रीतिस्थिति, खानेकुरा, रहन सहन तथा सामाजिक, आर्थिक, राजनैतिक र धार्मिक जीवनको साधारण ज्ञान बढाउनु, संयुक्त राष्ट्र संघको वारेमा साधारण बोध गर्नु, पृथ्वीको आकार प्रकारको साधारण ज्ञान गर्नु।

(३) **विज्ञान र स्वास्थ्य शिक्षा:** हावाको बनावटको ज्ञान (वेलजार प्रयोगसहित) गर्नु, जीवनको निम्ति अक्सीजनको आवश्यकता थाहा पाउनु, हावाको चापको ज्ञान गर्नु, विरूवाहरू कसरी अङ्कुरित हुन्छन्, विरूवाले आफ्नो बृद्धिको निम्ति आहार कसरी पाउँछन्, मानिसको शरीरमा खाना कसरी पच्दछ इत्यादि कुराहरू साधारण प्रयोगबाट जान्नु, पानीको मुहान, पानीको सफाइ, रोग सर्नाको मुख्य कारणको ज्ञान राख्नु।

प्राथमिक चिकित्सा: - हातखुट्टामा पट्टी बाँध्न सिक्नु, साधारण पाकेका र काटिएका घाउहरू उपचार गर्ने विधि जान्नु।

रोगको पहिचान: - (१) औलोको जरो (२) बिफर (३) हैजा (४) क्षयरोग, तिनीहरूको कारण, लक्षणहरू र गरिने उपचार वारे जान्नु।

(४) **गणित:** साधारण दशमलवको हिसाबको प्रारम्भ गर्नु। जोड, घटाउ, गुणन र भागका कठिन प्रयोगहरू गर्नु, फ्राक्सन र त्रैराशिकको साधारण ज्ञान गर्नु, रेखा गणित सम्बन्धी आकारको परिचय पाउनु।

(५) **कला:** पहिला ४ कक्षामा गरेका कामहरू दोहर्‍याउनु, काठमा ढुंगामा कुँद्ने काम गर्नु, टोकरी बनाउने काम गर्नु।

---

♥ १ तर परम्परागत संस्कृत पाठशालाहरुमा चौथो र पाँचौ कक्षामा संस्कृत पनि पढाउन सकिनेछ।
२ उपर्युक्त "भाषा" भन्नाले "नेपाली भाषा" सम्झनु पर्छ ।

(६) **स्वावलम्बी शिक्षा:** खाद्य सम्बन्धी: - अनुभव लिने कामको आधारमा खेतीपाती, चराचुरुँगी तथा वस्तुभाउ पाल्ने काममा प्रत्यक्ष आफैले भाग लिनु।

घर सम्बन्धी: - स्थानीय प्राप्य वस्तु लगाएर मोडेल स्कूल र घर बनाउनु, फर्निचर बनाउनु, साधारण बाँसुरी बनाउनु र धनुकाँडसम्बन्धी सामान बनाउन सक्नु।

वस्त्र सम्बन्धी: - पहिलेका कक्षाको पाठ्यक्रम दोहऱ्याउनु, लुगा छाप्नु, लुगा, छाला, रवर, ऊन इत्यादि बुन्नु र सिउनु।

(७) **शारीरिक शिक्षा:** यस कक्षाको पाठ्यक्रममा चौथो कक्षाको पाठ्यक्रम दोहऱ्याउने बढ्ता जोडले सिकाउने।

श्री ५ को सरकार शिक्षा मन्त्रालयबाट २०१६।१।२०।१ को विज्ञप्तिमा प्रकाशित भए बमोजिमको यो उपयुक्त पाठ्यक्रम निर्देशनात्मक रूपले सब ठीक छ, तर त्यसमा थप हाम्रो राष्ट्रिय धर्म र संस्कृतिका आदर्शहरू बोध गराउने र बुद्धि बढाउने खालका हितोपदेश, हाम्रो इतिहास, रामायण, महाभारत, भागवत, बुद्धचरित्र, ललितविस्तार, जातक आदिका र क्रमशः अरू धर्म र संस्कृतिका पनि उदार, उत्प्रेरणादायक कथा प्रसंगहरू प्रत्येक कक्षाको पाठ्यक्रममा समाविष्ट हुनुपर्छ। जुनसुकै मुलुकका भए पनि वीर, देशभक्त, परोपकारी, मातृपितृ गुरूभक्त, आदर्श बालबालिकाहरू, कला, कौशल, विज्ञान आदि क्षेत्रमा प्रतिभा देखाउने महापुरूष र आदर्श महिलाहरूको जीवनीहरूसित सकेसम्म बढी मात्रामा परिचित हुनु पनि प्राथमिक र माध्यमिक शिक्षाको पाठ्यक्रम र श्राव्यक्रमको एक अभिन्न अंग हुनुपर्छ। प्राथमिक शिक्षामा अंग्रेजीको शिक्षालाई नगाभ्ने पनि हाम्रो निर्णय छ।

पाठ्यक्रममा राखिएका सबै विषयहरू, पुस्तक पुस्तिकाहरू इत्यादि माथि निर्दिष्ट र अरू असल तथा आवश्यक बानीहरू बढ्दो मात्रामा बनाउन प्रबल रूपले सहायक हुने खालका हुनु जरूरी छ।

**परीक्षाविधि**

शिक्षाविधि जस्तै परीक्षाविधि पनि यो तहमा मौखिक र कार्यमय हुनुपर्छ। प्रत्येक महीनाको छात्रछात्राहरूको खेलकूद, चरित्र, निर्धारित विषयहरूको ज्ञान इत्यादिको लेखाजोखाको आधारमा माथिल्लो कक्षामा उत्तीर्ण गराउने या नगराउने गर्नुपर्छ।

**मातापिता र शिक्षक शिक्षिकाहरूको सम्मेलन**

बालकबालिकाहरूको सर्वतोमुखी विकास गर्ने शिक्षाको काम अभिभावकहरू र शिक्षकहरूको हार्दिक परस्पर सहयोगविना सम्भव छैन। यो सहयोगको अभावमा वा घर र पाठशालाका आदर्शहरू परस्पर विरोधी भएमा शिक्षा निरर्थक मात्र होइन हानिकारक समेत हुन जाने सम्भावना छ। यसउसले कममा कम महीनाको एकपल्ट बालकबालिकाहरूको प्रगति वारे अभिभावक र शिक्षकहरूका बीच छलफल हुनु उचित देखिन्छ। तर समय समयमा अभिभावकहरूलाई शिक्षालयको आफ्नो शिक्षा तालिम कार्यक्रममा सहयोग गर्न अनुरोध गर्नु पर्दछ।

**एककोठे पाठशालाहरू**

प्रत्येक कक्षाको लागि अलग कोठा र अलग शिक्षक प्राप्त गर्ने हाम्रो लक्ष्य पूरा नभएसम्म यस्ता एककोठे पाठशालाहरूबाट पनि काम लिनु पर्दछ।

**सहशिक्षा**

प्राथमिक शिक्षाको तहमा बालक बालिकाहरूलाई सहशिक्षा दिइएमा केही आपत्ति हामी देख्दैनौं।

**प्रत्येक कक्षामा विद्यार्थीहरूको संख्या-व्यक्तिगत शिक्षणको समस्या**

भौतिक विज्ञान र मनोविज्ञानका मनुष्यको व्यक्तित्वको प्रकृति र बनौटसम्बन्धी न्यूनतम आविष्कारहरूले पनि यो सिद्ध गरिदिएको छ कि कुनै दुई व्यक्तिको शरीर, मन, बुद्धि इत्यादिको प्रकृति र बनोटमा धेरै असमानता पाइन्छ। शिक्षाशास्त्रीहरूको पनि यही निर्णय छ कि जस्तो कुनै अनुभवी डाक्टर वा कविराजले समाजमा देखिने रोगीहरूको उपचार गर्दा समेत तिनीहरूको पृथक पृथक इतिहास, परीक्षण इत्यादिको आधारमा मात्र रोगको निदान गरी पृथक, पृथक ढंगले उपचार गर्न आवश्यक ठान्दछ। त्यस्तै प्रत्येक विद्यार्थीको इतिहास, शरीर, मन, बुद्धिको प्रकृति र बनौटको विशेष अध्ययन आदिको आधारमा मात्र उसका विभिन्न कमीहरू हटाउने अर्थात् शिक्षणको काम सदा आधारित हुनुपर्छ।

यस तथ्य उपर विचार गर्दा प्रत्येक पाठशाला र प्रत्येक विद्यालयमा प्रतिशिक्षक २५ देखि ४० को अनुपातमा छात्रसंख्या हुनुपर्छ। त्यस्तै, साँच्चिकै राम्रो शिक्षा सुप्रबन्ध भएको प्रशिक्षित अनुभवी योग्य शिक्षकहरू भएका आवासयुक्त शिक्षालयहरूमा मात्र दिन सकिनेछ भन्ने हामीलाई लाग्दछ।

विद्यार्थीहरूको संख्या प्रत्येक कक्षामा यसरी सीमित गर्नु सम्भव तुल्याउन निम्न लिखित केही उपायहरू अपनाउनु पर्ने देखिन्छ।

(१) पाठशालाहरूलाई दिइने सरकारी सहायतामा बृद्धि गर्ने।

(२) शिक्षणशुल्कमा बृद्धि गर्ने।

(३) माध्यमिक र उच्चशिक्षाको तहमा सरकारी विद्यालयहरूमा पनि शिक्षा सशुल्क गर्ने, तर योग्य गरीव विद्यार्थीहरूलाई आर्थिक सहायताको प्रबन्ध गर्ने।

**शिक्षाको माध्यम**

सबै प्राथमिक र माध्यमिक विद्यालयहरूमा नेपाली र अरू भाषा पढाउँदा वाहेक हरेक विषयमा शिक्षाको माध्यम नेपाली भाषा नै हुनुपर्छ।

**प्राथमिक शिक्षा प्रमाणपत्र**

धेरैजसो बालक बालिकाहरूको निम्ति प्राथमिक शिक्षा नै अन्तिम पाठशाला शिक्षा हुने भएकोले त्यसको अन्तमा पाठशालाबाट उत्तीर्ण भएको प्रमाणपत्र दिनु वान्छनीय छ।

**माध्यमिक शिक्षाको विशेष लक्ष्य**

माथि निर्दिष्ट लक्ष्य वाहेक माध्यमिक शिक्षाका विशेष लक्ष्य यी हुन्:

१. शरीर, चरित्र, साधारण ज्ञानको हैसियतले देशको योग्य र उपयोगी नागरिकहरू उत्पादन गर्नु।

२. आर्थिक उत्पादन, यातायात, कृषि, उद्योगधन्दा, सैनिक सेवा, औपचारिक सेवा आदि क्षेत्रमा बढ्दो उपयोगी सहायता दिन सक्ने कार्यकर्ताहरू पैदा गर्नु।

३. हरेक विषयमा उच्च शिक्षा हासिल गरी देशको शोभा बन्न सक्ने विशेष प्रतिभाशाली विद्यार्थीहरूको उत्पादन गर्नु।

**अवधि**

माध्यमिक शिक्षा ६ वर्षसम्मको हुनेछ र यो दुई भागमा बाँडिनेछ।

**शिक्षकहरू**

माध्यमिक शिक्षाको पहिलो भागमा शिक्षक शिक्षिकाहरू साधारणतः बी.ए. तथा बी.एस्सी, शास्त्री वा सो सरहका वा कममा कम पाँच वर्ष त्यही विषय पढाई अनुभवी आई.ए. वा सो सरहका योग्यतावाला हुनुपर्दछ। दोश्रो भागमा सकेसम्म आफ्नो

विषयमा तालिम प्राप्त अनर्स ग्र्याजुएट वा सम्बन्धित विषयमा डिस्टिङ्कशन वा प्रथम श्रेणीमा उत्तीर्ण भएका अनुभवीहरू हुनुपर्छ।

**पाठ्यक्रम**

पाठ्य विषय अन्तर्गतका विषयहरूमा शिक्षा विभागद्वारा गठित तद्तद् विषयका विशेषज्ञहरूको सिफारिश उपर विचार गरी आवश्यक केही संशोधन गरी त्यही अनुसार गर्नु वान्छनीय ठान्दछौं। माध्यमिक शिक्षाका लागि निम्नलिखित किसिमले वर्ग र पाठ्य विषयहरू विभाजन हुनुपर्छः -

६, ७ र ८ कक्षाको निमित्त -

| | |
|---|---|
| नेपाली | १०० |
| अंग्रेजी | १०० |
| सामाजिक ज्ञान | १०० |
| साधारण विज्ञान | १०० |
| गणित | १०० |
| शारीरिक तथा स्वास्थ्य शिक्षा | १०० |
| तलका कुनै एक | <u>१००</u> |
| | ७०० |

संगीत, चित्रकला, नृत्यकला, व्यवसायको प्रारम्भिक ज्ञान, नेपालको कुनै अन्य भाषा, सरल संस्कृत।

संस्कृत वर्ग ६ र ७ कक्षाको निमित्त -

| | |
|---|---|
| १. संस्कृत साधारण | ३०० |
| २. नेपाली | १०० |
| ३. गणित | १०० |
| ४. शारीरिक र स्वास्थ्य शिक्षा | ५० |
| ५. विज्ञान | ५० |
| ६. तलका कुनै एक | <u>१००</u> |
| | ७०० |

शिक्षा मन्त्रालय

संगीत, चित्रकला, नृत्य, व्यवसायको प्राथमिक ज्ञान, अंग्रेजी, सामाजिक ज्ञान, नेपालका अन्य स्वीकृत भाषा (नेपाली र संस्कृतबाहेक)

संस्कृत ८ कक्षाको निमित्त -

| | |
|---|---|
| १. संस्कृत | ३०० |
| २. नेपाली | १०० |
| ३. गणित | १०० |
| ४. शारीरिक स्वास्थ्य शिक्षा | ५० |
| ५. सामाजिक ज्ञान | ५० |
| ६. तलका कुनै एक | १०० |
| | ७०० |

संगीत, चित्रकला, नृत्य, व्यवसायको प्राथमिक ज्ञान, अंग्रेजी, विज्ञान, नेपालका अन्य स्वीकृत भाषा (नेपाली र संस्कृत वाहेक)

**उच्च माध्यमिक**

क वर्ग - भूगोल, इतिहास, नागरिक शास्त्र, मनोविज्ञान, तर्कशास्त्र, अर्थशास्त्र, नेपालको कुनै एक स्वीकृत भाषा वा जर्मनी, अंग्रेजी, फ्रेन्च, स्पेनिस, चिनिया, रसियन मध्ये कुनै एक।

ख वर्ग - फिजिक्स, केमेस्ट्री, बायोलोजी, उच्च गणित।

ग वर्ग -इन्डस्ट्रियल आर्टस, होम इकोनोमिक्स, एग्रिकल्चर, एजुकेशन, सेक्रेटरियल साइन्स, प्राथमिक इन्जीनियरिंग, प्राथमिक मेडिकल साइन्स, प्राथमिक सैनिक शिक्षा, ललितकला।

घ वर्ग - संस्कृत, वेद, न्याय, व्याकरण, ज्योतिष, साहित्य।

९ र १० कक्षा, क र ख वर्गलाई -

| | |
|---|---|
| १. नेपाली | १५० |
| २. संस्कृत | ५० |
| ३. अंग्रेजी | २०० |

शिक्षा मन्त्रालय

| | |
|---|---|
| ४. गणित | १०० |
| ५. क अथवा ख बाट कुनै तीन | ३०० |
| ६. आफूले नलिएको वर्गबाट क र | |
| ख मध्ये कुनै एक | १०० |
| | ९०० |

ग व्यावसायिक वर्ग ९ र १० कक्षा -

| | |
|---|---|
| नेपाली संस्कृत १५० + ५० | २०० |
| अंग्रेजी | २०० |
| ग वर्गबाट कुनै एक | ३०० |
| क र ख वर्ग मध्ये कुनै दुई | २०० (साधारण गणित पनि |
| | ९०० यहाँ इच्छाधीनमा लिन सकिन्छ) |

घ संस्कृत वर्ग ९ र १० कक्षा -

| | |
|---|---|
| संस्कृत (घ वर्गबाट कुनै एक) | ५०० |
| नेपाली | २०० |
| क, ख, वर्गबाट कुनै दुई | २०० |
| | ९०० |

नोट: - "ग" र "घ" ले गणित अनिवार्य लिएकोमा "क" र "ख" बाट कुनै एक विषय मात्र लिनेछन्। स्कूलमा शारीरिक व्यवसाय र खेलकूद गराइनु पर्छ।

११ कक्षा

क वर्ग आफ्नो विषय (कुनै ३) ६००

| | |
|---|---|
| नेपाली | २०० |
| अंग्रेजी | २०० |
| | १००० |

शिक्षा मन्त्रालय

| | |
|---|---|
| ख वर्ग आफ्नो विषय (कुनै ३) | ६०० |
| नेपाली | २०० |
| अंग्रेजी | २०० |
| | १००० |
| ग वर्ग आफ्नो विषय (कुनै एक) | ६०० |
| नेपाली | २०० |
| अंग्रेजी | २०० |
| | १००० |
| घ वर्ग आफ्नो विषय | ६०० |
| नेपाली | २०० |

९ र १० कक्षामा आफूले पढेको क, ख, वर्गको विषय मध्ये एक अथवा अंग्रेजी ११ कक्षाको पढाइ २००

१०००

प्रत्येक विषयमा कममा कम महीनाको एक पटक मूल्यांकन हुनुपर्छ। परीक्षा मौखिक र लिखित दुवै हुनुपर्छ, र कला, विज्ञान, खेलकूद जस्ता विषयमा प्रदर्शनात्मक र व्यावहारिक पनि हुनुपर्छ। यस्तरी लिइएको परीक्षाफलको आधारमा कक्षा चढाउने नचढाउने गरिनुपर्छ। निम्नतम उत्तीर्णाङ्क सयकडा ४० हुनुपर्छ। प्रथम श्रेणीको लागि ६० प्रतिशत, डिस्टिङ्कशन अर्थात् विशेष दक्षताको लागि ७५ प्रतिशत हुनुपर्छ।

चरित्र वारेमा मूल्यांकन प्रधानाध्यापकको अध्यक्षतामा उहाँहरूद्वारा गठित पाठशालाका अध्यापकहरूको एक कमिटीले गर्नु उचित छ।

अहिलेको एस.एल.सी. जस्तो अन्तिम परीक्षाको लागि प्रत्येक विद्यालयबाट सिफारिश गरिएकालाई मात्र उपयुक्त मानिनेछ। यसरी सिफारिश गर्दा प्राइभेट विद्यार्थीलाई पनि प्रत्येक विषयमा सम्बन्धित विद्यालयले परीक्षा लिइसकेको हुनैपर्छ। माध्यमिकको अन्तिम परीक्षा पास गर्नेलाई मध्यमाको प्रमाणपत्र दिनुपर्दछ।

शिक्षा मन्त्रालय

**पाठ्यपुस्तकहरू वारे**

(१) हरेक विषयको लागि त्यस विषयका विशेषज्ञ यथाशक्य नेपाली नागरिकहरूद्वारा लिखित पुस्तकहरू मात्र राखिनुपर्छ।

(२) हरेक विषयमा राखिने पुस्तकहरू छान्ने र निर्णय गर्ने शिक्षा विभागद्वारा सम्बन्धित विषयमा विशेषज्ञ समेतको एक समिति गठन हुनुपर्छ।

(३) प्राथमिक कक्षाको प्रत्येक पुस्तक जाँची रिपोर्ट दिनलाई प्रत्येक सदस्यलाई प्रति पुस्तक ने.रू. १० र माध्यमिक कक्षाको प्रत्येक पुस्तकको लागि ने.रू. २० शुल्क दिनु वाञ्छनीय छ।

(४) विदेशी प्रकाशकहरूले पुस्तक जाँच्न पठाउन चाहेमा सरकारले प्रतिपुस्तक भा. रू.३० लिनु मनासिव देखिन्छ। त्यही दर स्वदेशी प्रकाशकलाई प्रति पुस्तक ने.रू. १०, त्यो दर विदेशी लेखक र नेपाली लेखकलाई क्रमशः भा.रू. १० र ने.रू. ५ हुनुपर्छ।

(५) पाठ्यपुस्तकहरू प्रत्येक विषयमा मुलुकभरी त्यही हुनुपर्छ।

(६) प्रत्येक विषयमा छानिएका पाठ्यपुस्तकहरू ३ वर्षसम्म लागू हुनुपर्छ।

(७) पाठ्यपुस्तकहरू सकेसम्म सचित्र हुनुपर्छ, विशेष गरी प्राथमिक कक्षाहरूमा।

**प्रकाशकहरू**

प्रकाशकहरू सकेसम्म नेपाली नागरिक हुनुपर्छ। तिनीहरू विधिवत् रजिष्टर्ड हुनुपर्छ र यसको लागि छुट्टै केही नियम पनि बन्नुपर्छ।

**मूल्य निर्धारण समिति**

प्रत्येक पुस्तकको मूल्य निर्धारणको निमित्त एक सरकारी प्रेस विशेषज्ञ, एक सरकारी कलाकार र एक गैरसरकारी प्रकाशकको प्रतिनिधिसहितको एक समिति प्रत्येक विषयको लागि बन्नुपर्छ। यस समितिले निर्धारण गरेको मूल्य र पुस्तकको आवश्यक प्रति, त्यो प्रकाशन गर्ने खर्च इत्यादिको हिसाब गरी, प्रकाशक, लेखक, कलाकार र सरकारलाई पनि उचित फाइदा हुने किसिमसंग पुस्तकको मूल्य निर्धारण हुनुपर्छ। पुस्तकको बिक्रीबाट प्रकाशकलाई हुने फाइदाको कममा कम १० प्रतिशत लेखकलाई, २ प्रतिशत सरकारलाई र केही प्रतिशत कलाकारलाई प्रकाशकले प्रत्येक वर्ष चैत्र मसान्तसम्ममा बुझाई सक्नुपर्छ। सो नभएमा प्रतिशतको दर बढाइने छ। सो प्रतिशतको निश्चित दर मूल्य निर्धारण समितिले तोकिदिनेछ।

**आवासयुक्त शिक्षालय**

हाम्रा शिक्षालयहरूमा शिक्षा पाएका विद्यार्थीहरू विभिन्न विषयहरूमा ज्ञान पाएका हुनुको साथै सच्चरित्र हुनु वाञ्छनीय छ। तसर्थ यथाशक्य सुव्यवस्थित आवासयुक्त शिक्षालयहरूलाई प्रोत्साहन दिनुपर्छ। यस सिलसिलामा हाल नेपालीहरूद्वारा स्थापित र संचालित आवासयुक्त शिक्षालयहरूको सुव्यवस्थातर्फ विशेष ध्यान दिइनुपर्छ। तिनीहरूको सुव्यवस्थाको लागि आवश्यक भएमा केही समयको लागि यस विषयका विदेशी अनुभवी विशेषज्ञहरूको सहायता प्राप्त गरिनुपर्छ। हाल यिनीहरूलाई नमूना आवासयुक्त शिक्षालय बनाउनेतर्फ सक्रिय कदम चालिनुपर्छ। त्यसपछि प्रत्येक अंचलमा कममा कम पाठशाला स्तरका बालकहरूको लागि र बालिकाहरूको लागि एक एक वटा तथा विद्यालय स्तरका बालक र बालिकाहरूको लागि एक एक वटाका हिसावले नमूना आवासयुक्त शिक्षालयहरू खोल्ने कार्यक्रम कार्यान्वित गरिनुपर्छ।

शिक्षा मन्त्रालय

# ४. संस्कृत शिक्षा

(१) प्राथमिक शिक्षा नेपाल अधिराज्यभरीमा एकनास गर्ने।

(२) प्राथमिक शिक्षालयका चौथो र पाँचौं कक्षाहरूमा शिक्षा विभागले निश्चित गरेको पाठ्यक्रम अनुसार अतिरिक्त ऐच्छिक विषयको रूपमा संस्कृत रहने। यसको व्यवस्था संस्कृत पढ्ने धेरै विद्यार्थीहरू पाइएका ठाउँहरूमा, शिक्षा विभागको तजबीजले गर्ने। संस्कृत राखिएमा त्यसको पनि परीक्षा प्रमाणपत्रमा जनाइदिने।

(३) माध्यमिक विद्यालयहरूमा विषयहरूको विविध वर्ग छुट्टिदा संस्कृत विषयको एक छुट्टै ऐच्छिक वर्ग राख्ने र अनिवार्य विषयहरू अरू वर्गसरह नै रहने। संस्कृतको वर्गमा साहित्य, व्याकरण, ज्योतिष, न्याय, वेद र आयुर्वेद मध्ये कुनै एक वर्ग विद्यार्थीले रोज्न सक्नेछन्। शिक्षा विभागले ठहराएका ठाउँमा माथि उल्लिखित संस्कृत शिक्षाका उपयुक्त विषयहरू पढाइने व्यवस्था गर्ने।

(४) संस्कृत शिक्षाका निमित्त राखिएका देशभरीका गुठीको राष्ट्रियकरण गरी त्यसलाई संस्कृत पढाउने विद्या विषयको प्रचार र प्रोत्साहनका लागि नै खर्च हुने गरी एउटा छुट्टै केन्द्रीय गुठी संचालक समिति राख्ने। यस समितिले सबै गुठीहरूको व्यवस्था र त्यसको आम्दानीको वितरण शिक्षा विभाग मार्फत संस्कृत पढ्ने विद्यार्थीहरूमा छात्रवृत्ति दिने र संस्कृत शिक्षा सम्बन्धी अरू काममा खर्च गर्ने।

(५) संस्कृत पढ्ने केही विद्यार्थीहरूलाई चौथो कक्षादेखि माथिसम्म छात्रवृत्ति दिने व्यवस्था हुनुपर्छ। माध्यमिक शिक्षामा संस्कृत वर्गलाई र साथै संस्कृत लिने विश्वविद्यालय तहसम्मका विद्यार्थीहरूलाई शुल्क माफी हुनुपर्छ।

(६) विश्वविद्यालयका कक्षाहरूमा पनि माथि दफा ३ मा उल्लेख भए झैं छुट्टै वर्गको व्यवस्था गर्ने।

(७) नेपाली भाषाको ज्ञान बढाउने उद्देश्यले माध्यमिक विद्यालयको संस्कृति तथा शास्त्र वर्गमा ८, ९ र १० कक्षाहरू मध्ये २ वर्ष अर्थात् २ कक्षाहरूसम्म प्रारम्भिक संस्कृतको ५० पूर्णाङ्कको एक पत्र अनिवार्य रूपमा राख्ने।

(८) स्नातकपरीक्षा (शास्त्री) मा संस्कृतको विषयका साथ लिइने इच्छाधीन विषयहरूमा अंग्रेजी पनि राख्ने।

(९) संस्कृतका सबै विषयका परीक्षाहरू वाराणशी संस्कृत विश्वविद्यालय परीक्षाभन्दा निम्नस्तरका हुनु हुँदैन।

# ५. शिक्षक प्रशिक्षण

**प्राथमिक स्कूलका शिक्षकहरूको प्रशिक्षण**

(१) अहिले विभिन्न प्राथमिक स्कूलको संख्या ३१६३ छ। हालसम्म ३००० शिक्षकहरूले नर्मल स्कूलबाट तालिम लिएका छन्। सो मध्ये लगभग ९०० शिक्षकहरूले विभिन्न स्कूलहरूमा काम गरिरहेको तथ्य प्राप्त भएको छ। यस वाहेक अरू स्कूलहरूमा पनि कैयौं तालिम प्राप्त शिक्षकहरू नियुक्त भएका हुन सक्दछन्। १०० शिक्षकहरूलाई अन्तरसेवा तालिम पनि दिई सकिएको छ। प्रशासकीय अकुशलता, तालिम कार्यक्रम र नियुक्ति कार्यक्रममा समन्वयको कमी आदि कारणले कतिपय तालिम प्राप्त शिक्षकहरूको उपयोग गर्न सकेको छैन। यो भन्न आवश्यक छैन कि शिक्षा विस्तार कार्यक्रमको सफल सञ्चालनको निमित्त प्रथम आवश्यकता नै प्रशस्त संख्यामा तालिम प्राप्त शिक्षकहरू हुन्।

(२) प्राथमिक शिक्षाको ३ वर्षे योजना संचालनको निमित्त हाल बहाली रहेका बाहेक अरू ३७५० तालिम प्राप्त शिक्षकको आवश्यकता छ। यही उद्देश्यपूर्तिको निमित्त बन्दोवस्त गरिनुपर्दछ। सिद्धान्ततः प्राथमिक स्कूलका शिक्षकले एस.एल.सी. को र कममा कम शिक्षक शिक्षण शिक्षालय (नर्मल स्कूल) को प्रशिक्षणको प्रमाणपत्र प्राप्त गर्नुपर्छ। तर एस.एल.सी. को प्रमाणपत्र प्राप्त मानिसको अप्राप्यताको कारणले झन् थोरै योग्यताको प्राप्त मानिस पनि लिनुपऱ्यो। यी सबलाई नर्मल स्कूलबाट प्रशिक्षण प्राप्त गराउन सकिंदैन, कारण एक त तालिमको निमित्त सीमित सुविधा मात्र छ र अर्को कारण यदि यी सबै शिक्षालयहरूको निमित्त तालिम प्राप्त शिक्षकहरू प्राप्त भएपछि मात्र स्कूलहरू खोल्ने हो भने शिक्षाको कार्यक्रम संचालनको निमित्त ढिलाइ हुने थियो। यी नर्मल स्कूलहरूबाट प्रशिक्षणप्राप्त शिक्षकहरू मध्ये ५० प्रतिशत शिक्षक पेशाबाट अन्यत्र गए। कारण, कसैले यस पेशामा आफ्नो अभिरूचि राखेनन् र कसैको अभिरूचि भए तापनि शिक्षकको रूपमा उनीहरूको नियुक्ति धेरै कालसम्म पनि हुन नसकेकोले निरूत्साह भएर पेशा छाड्न बाध्य भए। भविष्यमा यस किसिमको नोक्सानी हुन दिनु हुँदैन। प्रशिक्षणको र नियुक्तिको कार्यक्रममा समन्वय हुनुपर्छ। केन्द्रको नर्मल स्कूल काठमाडौंको प्रशिक्षण महाविद्यालय (कलेज अफ एजुकेशन) संग सम्बन्धित छ। अरू नौवटा नर्मल स्कूलहरू देशका

विभिन्न भागमा छन् र ५ वटा घुम्ती नर्मल स्कूल छन्। यी घुम्ती नर्मल स्कूलहरूले ६ महिनादेखि १ वर्षसम्म एक ठाउँमा बसी अर्को ठाउँ सर्नुभन्दा पहिले शिक्षकहरूको प्रशिक्षण कार्य समाप्त गर्दै छन्। सबै नर्मल स्कूलहरूले आफ्नो कार्य संचालनको निमित्त भाडाका घरहरू प्रयोग गर्दैछन्।

प्रत्येक नर्मल स्कूलमा ४ या अझ कम प्रशिक्षकहरू छन् र ७५ प्राथमिक स्कूलका शिक्षकहरूलाई तालिम दिइन्छ। नर्मल स्कूलको सम्पूर्ण कार्यक्रमलाई समन्वय गर्ने काठमाडौंको केन्द्रीय नर्मल स्कूल छ। यी विभिन्न नर्मल स्कूलहरूमा काठमाडौं नर्मल स्कूलले अर्थ, सरसामानहरू र अरू आवश्यक चीजबीजहरू वितरण गर्दछ।

काठमाडौं नर्मल स्कूलमा बी.ए., बी.एड्. र एम.एड्. योग्यता भएका प्रशिक्षणहरू छन्। हरेक वर्ष तीस जना मानिसले तालिम प्राप्त गर्दछन् जसमध्ये धेरै जसोले काठमाडौं उपत्यकाको प्राथमिक स्कूलहरमा काम गर्दछन्। जेहेन्दारलाई शिक्षण पेशामा तान्नाको निमित्त छात्रवृत्ति दिने बन्दोवस्त छ।

तराई क्षेत्रमा नर्मल स्कूललाई आवश्यक संख्यामा प्रशिक्षार्थीहरू प्राप्त गर्न कुनै कठिनाइ छैन, तर पहाडी क्षेत्रमा नर्मल स्कूलको लागि आवश्यक संख्यामा प्रशिक्षार्थीहरू प्राप्त हुँदैनन्, भइ हाले तापनि तालिमप्राप्त शिक्षकहरू काठमाडौं र तराई क्षेत्रबाट देशको पहाडी भागहरूमा शिक्षाको काममा थोरै मात्र जान्छन्। विभिन्न भागमा भएको अवकाश प्राप्त भूतपूर्व सैनिकहरूलाई शिक्षण सेवा गर्नाको निमित्त बोलाउनु पर्दछ।

अहिले देशको विभिन्न भागमा भएका नर्मल स्कूलहरूमा रूपैयाँ पठाउन ज्यादै गाह्रो छ। जहाँ राष्ट्र बैंकका शाखाहरू छन्, त्यहाँ त्यस बैंक मार्फत रूपैयाँ बाँड्ने व्यवस्था हुनुपर्दछ। जहाँ माल अड्डाहरूबाट भुक्तानी दिइएको छ, त्यहाँ एक प्रकारले सहयोगात्मक ढिलाइ भएको पाइन्छ। परिणामस्वरूप शिक्षकहरू ज्यादै कठिनाइमा पर्दछन्। नर्मल स्कूललाई कुशलतापूर्वक संचालन गर्नाको लागि समयमा रूपैयाँहरू पठाउनु ज्यादै आवश्यक छ। स्कूलहरूलाई समयमा रूपैयाँ भुक्तानी दिनको निमित्त बडाहाकिमहरूबाट सहयोग लिनु आवश्यक छ।

१ वर्षको प्रशिक्षण अवधि हुनुपर्दछ। बडो मुश्किलसँग जानु पर्ने इलाकाहरूमा यो प्रशिक्षण २ वर्षलाई भइरहेको छ, एक वर्ष साधारण प्रशिक्षणको निमित्त र अर्को

व्यावसायिक प्रशिक्षणको निमित्त। प्राथमिक शिक्षा दिने कामहरू तीब्र गतिले बढाउनुपर्छ। पहिले प्रशिक्षण नलिई नियुक्त हुने शिक्षकहरू वारे तिनीहरूले अब उप्रान्त पाँच वर्षभित्र नै प्रशिक्षण लिने काम पूरा गरिसक्नुपर्छ। तर १० वर्ष शिक्षण कार्य गरिसकेकाहरूका लागि अनिवार्य नभई प्रशिक्षण प्राप्त गर्नु इच्छाधीन हुनेछ। प्रशिक्षण नलिई काम गरिरहेका शिक्षकहरूले ५ वर्षभित्रमा प्रशिक्षण लिनु आवश्यक हुनेछ, तर यो रिपोर्ट स्वीकृत भएको मितिले १० वर्षसम्मको शिक्षणको अनुभव प्राप्त गरेका शिक्षकहरूलाई तालिम लिनु अनिवार्य हुनेछैन। तर निजहरूले चाहेमा तालिम लिन सक्नेछन्। ५ वर्षभित्र नै प्रशिक्षण लिने काम पूरा गरिसक्नुपर्छ।

प्रशिक्षार्थीहरूलाई प्राथमिक स्तरमा सिकाइने विभिन्न विषयहरूमा तालिम दिइन्छ, जसबाट तिनीहरू आफ्ना तालिम समाप्त भएपछि ती विषयहरूको बुद्धि र ज्ञान प्राप्त गरी अरू केटाकेटीहरूको स्कूलमा गई सन्तोषपूर्वक सिकाउन समर्थ हुनेछन्। प्रशिक्षार्थीहरूलाई शिक्षणविधिको पाठ्यक्रम पनि दिइन्छ अर्थात् तिनीहरूलाई, केटाकेटीहरूलाई सफलतापूर्वक सिकाउने तरीका वारे पनि तालिम दिइन्छ।

कलेज अफ एजुकेशनका प्रो. द्वारा शिक्षाका साधनहरू प्रकाशित गरिन्छन् र काठमाडौं स्थित केन्द्रीय नर्मल स्कूलद्वारा विभिन्न नर्मल स्कूलहरूमा वितरण गरिन्छन्।

काठमाडौं स्थित कलेज अफ एजुकेशनमा एउटा नमूनाको प्रयोगात्मक विद्यालय छ जहाँ प्रशिक्षार्थीहरूले कसरी शिक्षणको काम गर्नुपर्छ भन्ने कुरा हेर्न पाउँछन्। प्रशिक्षार्थीहरूले काठमाडौं उपत्यकाका केही प्राथमिक शिक्षालयहरूमा शिक्षणको अभ्यास पनि गर्दछन्।

मुलुकका अरू भागहरूमा नर्मल स्कूलहरूले शिक्षणको अभ्यासको निमित्त चाहिने सुविधा पाउँदैनन्। नर्मल स्कूलको कार्यक्रम र प्राइमरी स्कूलको कार्यक्रममा उचित समन्वय हुनुपर्दछ, जसमा नर्मल स्कूलमा प्रशिक्षार्थीहरूले नर्मल स्कूलबाट टाढा नपरेका प्राइमरी स्कूलमा शिक्षण अभ्यास गर्न सकून्।

प्रत्येक नर्मल स्कूलको प्रतिवर्षको बजेट रू. ४५,०००।- छ नर्मल स्कुलका शिक्षकको तलब रू. २००।- छ घुम्ती नर्मल स्कूलको शिक्षकलाई रू. ९०।- थप भत्ता दिइन्छ। तालिम अवधिसम्ममा प्रति प्रशिक्षार्थीलाई वार्षिक मोटामोटी खर्च ने.रू. ७००।- पर्न आउँछ र प्रति मास एक प्रशिक्षार्थीलाई ने.रू. ४५।- भत्ता दिइएको छ।

अर्को तीन वर्षको निमित्त पर्ने शिक्षक तालिमको आवश्यकता पूर्ति गर्न हाल भएका पन्ध्रवटा नर्मल स्कूलहरू नै काफी छन्।

**सुझाउहरू:**

(१) नर्मल स्कूलहरूलाई दिने दामको भुक्तानी, बडाहाकिमको र स्थानीय माल अड्डाको सहायताद्वारा समयमा नै दिइनुपर्दछ।

(२) प्रशस्त प्रशिक्षार्थीहरू नपाइने स्थान भएका मुलुकका पहाडी भागहरूमा जानको निमित्त काठमाडौं र तराईका मानिसहरूमा आर्थिक प्रेरणाले उत्साह पैदा गर्न सक्नुपर्दछ।

(३) हाल रहेका पन्ध्रवटा नर्मल स्कूलहरूलाई बाहाल तिर्नु पर्ने घरको सट्टामा स्थायी भवनहरू लिएर वा बनाएर मजबूत तुल्याउनु पर्दछ।

(४) प्रत्येक नर्मल स्कुलबाट तालिम पाएका शिक्षकहरूको नामनामासी (लिष्ट) डिभिजनल राख्नुपर्छ र प्रत्येक डिभिजनलका स्कूलहरूमा शिक्षक भर्ना गर्दा डिभिजनल इन्स्पेक्टरसंग सम्पर्क राख्नुपर्दछ।

(५) नर्मल स्कूलबाट तालिम प्राप्त प्रशिक्षार्थीहरूलाई सरकारले १ वर्षभित्र काम दिनुपर्छ। १ वर्षभित्र काम दिन नसकेमा प्रशिक्षार्थीहरू अन्यत्र पेशामा जान सक्नेछन्।

**माध्यमिक स्कूल-शिक्षकहरूको प्रशिक्षण**

जसरी प्राथमिक स्कूलका शिक्षकहरूको प्रशिक्षण नर्मल स्कूलहरूबाट भएको छ त्यसरी नै मिडिल, हाइ र बहुमुखी स्कूलहरूका शिक्षकहरूको प्रशिक्षण कलेज अफ एजुकेशनबाट भएको छ।

मुख्य तीन प्रकारका प्रशिक्षण कलेज अफ एजुकेशनले दिएको छ: -

(क) म्याट्रिक पास भएका (एस.एल.सी. उत्तीर्ण) विद्यार्थीहरूलाई ४ वर्षको प्रशिक्षण कला, विज्ञान र शिक्षाशास्त्रमा दिइन्छ र सफलतापूर्वक प्रशिक्षण समाप्त गर्नेलाई बी.एड्. को उपाधि (डिग्री) प्रदान गरिन्छ।

(ख) बी.ए. र बी.एस्सी. उत्तीर्ण विद्यार्थीहरूलाई १ वर्षको प्रशिक्षणमा शिक्षाशास्त्र सिकाइन्छ र प्रशिक्षण समाप्त भएपछि बी.एड्. को डिग्री प्रदान गरिन्छ।

(ग) पहिलेदेखि नै स्कूलहरूमा शिक्षकको काम गरिरहेकाहरूको अन्तर सेवा तालिमको र कार्यशालाको (वर्क शप) व्यवस्था गरिन्छ र प्रसार पाठ्यक्रम समावेश गरिन्छ।

शिक्षा मन्त्रालय

कलेज अफ एजुकेशनमा अमेरिकाली शिक्षाप्रणाली पनि अपनाइएको छ। यद्यपि यसको स्थापना भएको सन् १९५६ देखि यता केवल ४० जवानले मात्र प्रशिक्षण प्राप्त गरे तापनि यो प्रणाली पूर्ण सन्तोषजनक छ। भाषाशास्त्र (हयुम्यानिटिज) अर्थात् समाज विज्ञान विषय र शिक्षाशास्त्रको प्रशिक्षण दिनु राम्रो कुरा हो; तर हिसाब, विज्ञान र व्यावसायिक तालिम सन्तोषजनक छैन। विज्ञानको राम्रो पढाइको निमित्त एउटा विज्ञान प्रयोगशालाको ज्यादै आवश्यकता छ। यसको तुरून्त व्यवस्था हुनुपर्छ या त तुरून्तै हुन नसके विद्यार्थीहरूको प्रयोगात्मक तालिमको लागि त्रिचन्द्र कलेज या पब्लिक साइन्स कलेजमा व्यवस्था हुनु पर्दछ। व्यावसायिक शिल्पप्रशिक्षण सम्बन्धमा कलेज अफ एजुकेशनमा प्राप्त वर्तमान सुविधाहरूको विस्तार र सुधार गरिनु पर्दछ, अर्थात् एउटा बहुकलात्मक संस्था कलेज अफ एजुकेशनको निकटतम स्थानमा यथाशीघ्र  स्थापित गरिनु पर्दछ। यद्यपि अमेरिकन पुस्तकहरू मात्र प्राप्त छन् तापनि कलेज अफ एजुकेशनको पुस्तकालयमा सुविधा राम्रो छ। यस पुस्तकालयमा सालसालै किताबहरूको संख्या बृद्धि गरिनु पर्दछ। कलेज भवनको निमित्त अहिलेसम्म भाडाको घर प्रयोग गरिएको छ। त्रिभुवन विश्वविद्यालय कीर्तिपुरको क्षेत्रमा जति सक्दो चाँडै यसको पनि आफ्नो भवन बन्नु पर्दछ। यसभन्दा पहिले खुलेको त्रिभुवन विश्वविद्यालयको एउटा कलेजको रूपमा यो रहनु पर्दछ। ७५ विकास जिल्ला मध्ये प्रत्येकमा कममा कम एउटा बहुमुखी स्कूलको स्थापना गर्ने योजनालाई कार्यान्वित गर्ने हामीलाई कममा कम वर्षको एक सयका दरले प्रशिक्षण प्राप्त शिक्षकहरू चाहिएका छन्। यो ज्यादै महत्वपूर्ण आवश्यकतालाई पूरा गर्न कलेज अफ एजुकेशनको कार्यक्षेत्रलाई फैलाई यसको गतिविधिमा तीव्रता ल्याउनुपर्दछ। विशेष गरेर विज्ञान र व्यावसायिक शिल्पको प्रशिक्षण बलियो गरिनुपर्दछ। कलेज अफ एजुकेशनको निकटतम स्थानमा स्थापित बहुकलात्मक शिक्षणसंस्थाले व्यावसायिक प्रशिक्षणको निमित्त योग्य शिक्षकको निरीक्षण र सरसामानका सामग्रीहरू र कलपूर्जाहरू आदिको रूपमा आवश्यक सुविधाहरू प्रदान गर्नेछ। यस्तो वैज्ञानिक साधनद्वारा प्रशिक्षण प्राप्त शिक्षकहरूको बहुमुखी स्कूलहरूमा सन्तोषजनक तरीकाले सिकाउन सक्नेछन्।

कलेज अफ एजुकेशनले वर्तमान समयमा प्रशिक्षार्थीका भर्ना सम्बन्धमा धेरै कठिनाइ अनुभव गरेको छ। छात्रवृत्तिहरू प्रदान गरिएका छन् तापनि औसत जेहन भएका विद्यार्थीहरू पनि प्रशस्त संख्यामा प्राप्त हुँदैनन्। यो निरूत्साहपूर्ण कुराको वास्तविक कारण युवकहरूमा उत्पन्न शिक्षक पेशाप्रतिको अनिच्छा हो, जसले अहिलेसम्म आफ्नो

उचित स्तर र मर्यादा प्राप्त गर्न सकेको छैन। शिक्षकहरूको तलब थोरै छ र तिनीहरूलाई जुन सामाजिक स्तर दिइएको छ त्यो पनि नसुहाउँदो र अनाकर्षक छ। यो बुझिन्छ कि एस.एल.सी. उत्तीर्ण विद्यार्थीहरू भरसक अरू नै जीविकातिर धाउँछन् र केही नलागे मात्र शिक्षकको पेशा अपनाउनेतिर लाग्छन्।

यस्तो अस्वस्थ अवस्थालाई हामीले रहन दियौं भने शिक्षकहरूको आवश्यकताको पूर्ति गर्ने हाम्रो मौका र आशा पूरा हुन सक्दैन। यस्तो अवस्था हटाउनको लागि श्री ५ को सरकार तथा जनता दुवैले एउटा कुनै खास उपाय अपनाउनु पर्नेछ। जेहनदार युवकहरूलाई शिक्षकको पेशामा लिनाको निमित्त कुनै प्रकारको आन्दोलन हाइ स्कूलहरूमा चलाइनु पर्दछ। शिक्षक पेशा ज्यादै राम्रो पेशा हो भन्ने वक्तव्य र अरू उपायद्वारा विद्यार्थीहरूमा प्रभाव पार्नुपर्छ।

विशेष प्रेरणा उत्पन्न गर्नाको लागि छात्रवृत्ति प्रदान गर्ने वा अरू मर्यादा प्रदान गर्ने उपायहरू अपनाउनुपर्छ। जसबाट शिक्षक पेशा अपनाउनामा अभिरूचि उत्पन्न होओस्। शिक्षकहरूको राम्रो वेतन र सामाजिक कदर हुनुपर्छ। कलेज अफ एजुकेशनमा भएको प्रशिक्षार्थीहरूलाई सफलतापूर्वक शिक्षण समाप्त गरेमा शिक्षक बनाउने निश्चितता र तुरून्तै नियुक्ति दिइनुपर्छ। देशका पहाडी क्षेत्र जुन भिन्नै कठिनाई भएका छन् त्यहाँ विशेष भत्ता दिने व्यवस्था गरिनुपर्छ। छोटकरीमा भन्ने हो भने कममा कम २००० राम्रो प्रशिक्षण प्राप्त शिक्षकहरू प्राप्त गरी बहुमुखी स्कूलहरूको आवश्यकता पूरा गर्ने दिशामा कदम चाल्नुपर्छ।

यस रिपोर्टको शुरूमा उल्लिखित तीन प्रकारका तालिमहरू चालु गर्दै लैजानुपर्दछ। अनि मात्र हामी तालिम प्राप्त शिक्षकहरूको आवश्यक संख्याप्रतिको आशा गर्न सक्दछौं। कार्यशालाहरू लगातार चलाउनुपर्दछ र आर्थिक र अरू आवश्यक बन्दोवस्तहरूद्वारा स्कूल शिक्षकहरूलाई यसमा भाग लिन सक्ने बनाउनुपर्दछ। आवश्यक तालिम नलिइकनै प्रवेश गर्ने सबै शिक्षकहरूलाई आफू नियुक्ति भएको ५ वर्षभित्र तालिम लिन अनिवार्य गरिनुपर्दछ। वास्तवमा चाहिने व्यक्तिहरू प्राप्त नहुने हुनाले शुरूमा यो नियम राम्रोसंग लागू हुन सक्दैन। तर यथासम्भव हरेक शिक्षकले आफ्नो शैक्षिक जीवनको शुरूमा तालिम लिइसकेको हुनुपर्दछ।

शिक्षाको नयाँ प्रणाली अनुसार माध्यमिक शिक्षा ६ वर्षसम्मको हुनेछ र त्यसपछिको शिक्षण स्तर विशेष गरेर माथिल्लो तहमा हालको एस.एल.सी. पाठ्यक्रमभन्दा बढी अर्थात् अहिलेको इन्टरमेडियट कलेज स्तर जति हुने हुनाले भविष्यका माध्यमिक

स्कूल शिक्षकहरूलाई विषयहरूको गहिरो ज्ञान, आजका शिक्षकहरूलाई भन्दा बढी आवश्यक हुनेछ। अतः प्रशिक्षार्थीहरूलाई विभिन्न भाषाशास्त्र, विज्ञान, साधारणतः व्यावसायिक विषय र विशेषतः आफू विशेषज्ञ बन्न चाहेको विषयहरूको पूर्ण बुद्धि र ज्ञानले सजाउन कलेज अफ एजुकेशनको पाठ्यक्रममा अनुचित असर नगरीकन यसको विषयसूचीमा जोड दिन हेतुले सुधार्नुपर्छ। कलेज अफ एजुकेशनका स्टाफहरूका मनमा अन्वेषण उत्साह बढिरहेको खण्डमा यो काम धेरै कठिनाईविना नै सफल गर्न सम्भव हुनेछ।

कलेज अफ एजुकेशनको अर्को वाञ्छनीय उन्नति हो चाँडै नै त्यहाँ एम.एड्. डिग्रीको पढाइको व्यवस्था गर्नु, जसबाट थप कर्मचारीहरू र अझ सुसज्जित पुस्तकालयको आवश्यकता हुनेछ। यो एम.एड्. पाठ्यक्रममा शिक्षार्थीहरू प्रवेश गराउन अधिक छात्रवृत्ति जस्ता प्रेरणाहरू दिनुपर्दछ।

अन्त्यमा विवेचना र कार्यक्रमको लागि निम्नलिखित सुझाउहरू पेश गरिन्छन्:

(१) तलब भत्ताको सन्तोषजनक स्केल र सामाजिक स्तर दिएर शिक्षक पेशाको उचित सम्मान, जसबाट यस पेशामा योग्य मानिसहरू प्राप्त हुन सकून्।

(२) उत्साहित नवयुवकहरूलाई शिक्षण व्यवसायमा लगाउन हाम्रा हाइ स्कूलहरूमा शिक्षक वृद्धि आन्दोलन चलाइनुपर्दछ।

(३)

(क) भविष्यमा हाम्रा माध्यमिक विद्यालयहरूमा सिकाउन उत्सुक हुने सबैलाई बी.एड. उपाधि (डिग्री) को योग्यता अनिवार्य गराउनुपर्दछ।

(ख) जबसम्म शिक्षकको आवश्यकता बढी मात्रामा रहिरन्छन् र राम्ररी तालिम पाएका शिक्षकहरूको आवश्यकता पूरा गर्न सकिन्न तबसम्म तालिम नपाएका स्नातकहरू (ग्र्याजुएट) लाई आफू नियुक्त भएको मितिले ५ वर्षभित्र तालिम लिइसक्नुपर्ने शर्तमा काममा लगाउन सकिन्छ।

(ग) पहिला तालिम प्राप्त शिक्षकहरूको निमित्त बराबर कार्यशाला अन्तरसेवा तालिम प्रसारको पाठ्यक्रमहरूको व्यवस्था गरिनुपर्दछ।

(४) कलेज अफ एजुकेशनमा प्रशिक्षार्थीहरूलाई बी.एड.को डिग्री प्राप्त गरेपछि शिक्षासेवामा लिइने निश्चितता दिइनुपर्दछ। तिनीहरूको नियुक्तिको बन्दोवस्त पहिले नै गरिनुपर्दछ जसबाट निरूत्साहपूर्ण ढिलाइ नहोेस् र तिनीहरू अरू व्यवसायमा तानिने सम्भावना पनि नहोस्।

(५) जो टाढा र अप्ठेरो ठाउँहरूमा रहन्छन् तिनीहरूलाई विशेष भत्ता दिइनुपर्दछ।

(६) कलेज अफ एजुकेशन पाठ्यक्रमको विस्तारै विस्तारै नवीनीकरण गरिनै पर्दछ जसले कि मैथोडोलोजी (शिक्षणविधि) मा दिइएको ध्यानलाई कम नगरीकन विषयमा पनि ज्यादै जोड दिन सकियोस्।

(७) एम.एड्. को क्लास पनि खोल्ने र कलेज अफ एजुकेशनको स्तर उठाउन जुनियर लेक्चररहरूलाई उच्च प्रशिक्षणको निमित्त बाहिर पठाउनु पर्दछ र आवश्यक परेमा केही योग्य व्यक्तिहरू पनि नियुक्त गरिनुपर्दछ।

(८) कलेज अफ एजुकेशनलाई त्रिभुवन विश्वविद्यालयको निर्माण कार्यक्रममा प्राथमिकता दिनु पर्दछ र विश्वविद्यालयको क्षेत्रमा यथाशीघ्र सार्नु पर्दछ।

(९) कलेज अफ एजुकेशनमा विज्ञान र व्यावसायिक प्रशिक्षणको स्तर विज्ञानको प्रयोगशाला खोलेर, कार्यशाला स्थापना गरेर र योग्य प्राध्यापक नियुक्त गरेर उठाउनु पर्दछ।

(१०) नेपाली भाषा पढाइको माध्यम हुने सिद्धान्त स्वीकृत भएका पाठशाला र विद्यालयका शिक्षकहरूमा नेपाली भाषाको ज्ञान गराउनको लागि सरकारले कममा कम ३ महीनाको नेपाली भाषा प्रशिक्षण केन्द्रको बन्दोवस्त गर्नुपर्दछ।

## ६. समाजशिक्षा

श्री ५ को सरकार शिक्षा विकास योजना अन्तर्गत प्रौढशिक्षा कार्यक्रम २०१३ साल पौष महीनादेखि श्री ५ को सरकार र संयुक्त राज्य अमेरिकाको संयुक्त आयोजनाबाट प्रारम्भ भयो। यो कार्यक्रम अनुसार प्रौढ शिक्षा विभागबाट देशका विभिन्न जिल्लाका विभिन्न गाउँमा साक्षरता प्रसारका निमित्त प्रौढ शिक्षा केन्द्रहरूको स्थापना भई देशका निरक्षर प्रौढहरूलाई साक्षर बनाउने काम हुँदै आएको छ। प्रारम्भदेखि ०१८ साल बैशाख महीनासम्ममा देशभरमा पुगनपुग १८५४ वटा केन्द्रहरू स्थापना भए। तिनमा प्रायः ४६३५० प्रौढ साक्षर बनाइए। तर यी केन्द्रहरूमा तालिम दिने काम केवल ६ महीनाको भै ६ महीनामा तालिम प्राप्त गरी साक्षर बनेका प्रौढहरूका निम्ति उनीहरूले प्राप्त गरेको साक्षरता कायम राख्ने अरू कुनै योजना बनेको रहेनछ। फलस्वरूप तिनीहरूले प्राप्त गरेको साक्षरताको उपयोग हुन नपाई थोरै कालमा नै जानेको बिर्सेर पुनः निरक्षरका निरक्षर नै हुने र त्यसो भएमा अगाडि गरेका सबै प्रयत्न विफल भै केवल समय नष्ट र खर्च व्यर्थ हुन जाने हुनाले साक्षरता कायम राख्न केही न केही उपाय गर्नु पर्ने देखिएकोले र प्रौढहरूले प्राप्त गरेको साक्षरतालाई कायम राख्नको साथसाथै तिनीहरूलाई योग्य नागरिक बनाउन समाजशिक्षाको तालिम पनि दिन सकिने हुनाले समाजशिक्षाका दृष्टिबाट केही सुझाउहरू तल लेखी पेश गरिएका छन्। यी निम्न प्रकारका छन्:

(१) प्रारम्भमा भरमुलुकको ७५ विकास जिल्लामा एक एकवटा ग्राम पुस्तकालय खोली त्यसका नवसाक्षर र अर्धसाक्षर प्रौढहरूका निम्ति सुहाउँदा पुस्तक पुस्तिका आदि राख्ने।

(२) प्रत्येक यस्ता पुस्तकालयमा एक एक सेट रेडियो राखी रेडियोबाट पनि शिक्षाको प्रचार गर्ने। उक्त पुस्तकालय र रेडियो सबै ग्राम पन्चायतका प्रधानपन्चका जिम्मामा हुनुपर्दछ। उक्त पुस्तकालय स्थापना गर्न पुस्तक पुस्तिका र केही पत्रपत्रिकाहरू र सो राख्ने दराज तथा लगत राख्ने कापी इत्यादि र रेडियोको जिम्मा लिने र पुस्तकालयको जिम्मा लिने, त्यसलाई सुचारू रूपले चलाउने र बखत बखतमा उहाँ आएका प्रौढहरूलाई नयाँ नयाँ कुरा सिकाउने र रेडियोबाट सुनेको कुरा प्रौढलाई सम्झाउने एक जना समाज शिक्षा संयोजक समेत राख्न चाहिने खर्च श्री ५ को सरकारबाट व्यहोर्नु पर्ने देखिन्छ। ती लाइब्रेरीहरू स्थापना गर्नलाई प्रत्येक अञ्चलमा प्रौढ शिक्षा विभागबाट कर्मचारीहरू गई राम्रो

निरीक्षण र ठाउँको बन्दोवस्त गर्नु आवश्यक देखिन्छ। ठाउँको बन्दोवस्त भएपछि चाहिने सामान विभागबाट प्रत्येक विकास जिल्लामा पुऱ्याउने।

(३) गाउँका जनताहरूमा समाजशिक्षाको प्रभाव पार्न हाललाई सबै ठाउँमा एक एकवटा मूभिभ्यान (घुम्ती चलचित्र यान) राखी त्यसबाट विभिन्न विषयका फिल्महरू देखाउनु आवश्यक देखिन्छ। उपत्यकाका निमित्त (मुभिभ्यान) प्राप्त भइसकेको छ। अब केवल ४ ठाउँका निम्ति चारवटा मुभिभ्यानको आवश्यकता छ।

(४) प्रत्येक विकास जिल्लामा पर्ने गाउँ गाउँका जनतामा त्यस त्यस स्थान अनुसारको मनोरन्जन कार्य जस्तै भजन, कीर्तन, नृत्य, गान, हास्य इत्यादि र सांस्कृतिक उत्थानमा प्रोत्साहन दिने कार्य हुनु आवश्यक छ र यस्ता स्थानहरूमा सारा प्रौढ जम्मा हुने हुनाले यसबाट उनीहरूमा समाजशिक्षाको जग राम्ररी बसाल्न सकिने हुनाले यस्ता कार्यक्रम चलाउन प्रयास हुनुपर्दछ। यसको साथसाथै स्थानीय कला र हस्तशिल्पको उन्नति र प्रोत्साहनको निम्ति र विशेष बुद्धिमत्ताको निम्ति केही मात्रामा पुरस्कार दिने व्यवस्था समेत हुनुपर्दछ।

(५) साक्षरता प्राप्तिपछि समाजशिक्षाको प्रारम्भ हुने हुनाले सर्वप्रथम समाजशिक्षाको प्रचारका निम्ति प्रौढहरूलाई शिक्षातिर आकर्षण गर्न पोष्टर, लिफ्लेट, पाम्पलेट इत्यादिको उपयोगिता प्रचुर मात्रामा हुन्छ र रेखदेख निरीक्षण गर्न जाने व्यक्तिबाट यी साधनहरूद्वारा शिक्षाको प्रचार हुनुपर्दछ।

(६) समाजशिक्षाको प्रचार गर्न प्रत्येक वर्ष मीनपचासको वा ग्रीष्मकालका बिदामा कलेजका छात्रछात्राहरूलाई तालिम दिई देशको प्रत्येक अंचल र ब्लकमा पठाउने बन्दोवस्त हुनुपर्दछ।

(७) प्रत्येक प्रौढ शिक्षाकेन्द्रलाई चाहिने मालसामान जस्तो विभिन्न विषयका प्रौढोपयोगी पुस्तकहरू सामग्री उत्पादन केन्द्रबाट लेख्न लगाउने, त्यसलाई छाप्ने र ठाउँ ठाउँमा पठाउने काम सबै सामग्री उत्पादन केन्द्रबाट हुनु आवश्यक छ।

(८) कममा कम दुइपल्ट विभागका कर्मचारीहरू आई सबै विकास जिल्लामा स्थापना भएका प्रौढ शिक्षाकेन्द्र तथा समाज शिक्षाकेन्द्रको निरीक्षण र रेखदेख हुनैपर्दछ।

(९) प्रौढ शिक्षाकेन्द्रमा तालिम पाएका प्रौढहरूलाई साक्षरताको सर्टिफिकेट दिने र साक्षरता प्राप्त गरी समाजशिक्षामा तालिम प्राप्त गरेकालाई त्यस किसिमको समाजशिक्षाको सर्टिफिकेट दिने व्यवस्था हुनुपर्दछ।

(१०) हालका जिल्ला स्कूल निरीक्षकहरूबाट समाजशिक्षाको विस्तीर्ण कार्यक्रमको राम्ररी देखरेख हुन सम्भव नहुँदा प्रत्येक विकास जिल्लामा एक एक जवान समाजशिक्षा संगठनकर्ता राख्नु आवश्यक छ।

उक्त कार्यक्रमका निम्ति लाग्ने प्रारम्भिक वर्षका खर्चको अन्जाम तल पेश गरिएको छ। (काम बढ्दै गएमा उही अनुसार खर्च बढाउँदै लानुपर्दछ।):

(क) ७५ ब्लकको निम्ति ७५ वटा पुस्तकालयको एकको निम्ति ने.रू. ७००।– को दरले वर्षका खर्च (पुस्तक, आलमारी,ताल्चा, बही, बत्ती, मसलन्द गरी) ने.रू. ५४,०००।–

(ख) ७५ विकास जिल्लामा भ्रमण खर्च ने.रू. ३०,०००।–

(ग) शैक्षिक सामानको ढुवानी खर्च ने.रू. ३०,०००।–

(घ) विदेशमा अध्ययन भ्रमण गर्न जाँदा (संगीत, नृत्यकला, हस्तकला इत्यादिका कलाकार १० जवानको १ टीमको निम्ति) ३०,०००।–

(ङ) चलचित्र सामान १४ वटाको ९, १०,०००।–

(च) मनोरन्जन तथा सांस्कृतिक कार्यक्रमको ४०,०००।–

(छ) पोष्टर लिफ्लेट, पाम्पलेट, पपेट र ड्रामा इत्यादिको १०,०००।–

(ज) अरू भैपरि आउने र विविध विषयको ३०,०००।–

(झ) ७५ जवान समाजशिक्षा संयोजकको २००।–

(ञ) ने.रू. मासिक दरले १,८०,०००।–

जम्मा प्रारम्भिक सालको ने.रू.१३,१४,०००।-

(११) समाजशिक्षामा अपाहिज अर्थात् अन्धा, बहिरा र लाटा आदिका निमित्त विशेष शिक्षण व्यवस्थाको समावेश हुनु आवश्यक छ।

समाजकल्याणका दृष्टिले असमर्थहरूका निमित्त विशेष प्रकारका शिक्षणसंस्थाको प्रबन्ध प्रत्येक सभ्य देशमा भैआएको देखिन्छ। सभ्य देशमा अन्धा, लाटा, लूला, लंगडा र क्षय, कुष्ट जस्ता भयंकर रोगग्रस्त असमर्थ सन्तानका निमित्त विशेष प्रबन्ध भएको छ। हाम्रा देशमा पनि यस्ता असमर्थ सन्तानको कमी छैन। यिनको व्यवस्था स्वस्थ र साधारण सन्तानका सरह मिलाई यिनलाई यथाशक्ति तालिम गरी कमाई खान सक्ने कार्यकुशल बनाइदिनु समाजको कर्तव्य हो। यो पनि समाजहितको एउटा बाटो हो।

त्यस्तै हिसाबले बाबु, आमा तथा संरक्षकका वशबाहिर भैसकेका समाजविरोधी काममा लम्कन, लागेका सानासाना केटाकेटीको समेत समाज हितैषीहरूले हेरविचार गरी सामूहिक प्रयत्नले तिनलाई सिकाई सघाई तिनका चरित्रको सुधार गरी तहमा ल्याएर देशका योग्य नागरिक बनाउने चेष्टा गर्नुपर्छ।

शिक्षा मन्त्रालय

# श्री ५ को सरकार

# शिक्षा विकास योजना

# प्रौढशिक्षा कार्यक्रम

**छोटकरी परिचय**

देशको निरक्षर जनतालाई साक्षरता प्रदान गर्न श्री ५ को सरकार र संयुक्त राष्ट्र अमेरिकाको संयुक्त आयोजनाबाट २०१३ साल पौष महीनादेखि यो कार्यक्रम चालु भयो। २०१३ सालभन्दा अगाडि देशका प्रौढहरूलाई साक्षर गराउने कुनै कार्यक्रम थिएन।

२०१३ सालदेखि २०१८ साल बैशाख महीनासम्म खोलिएका, खोल्नु पर्ने र साक्षर बनेका प्रौढहरूको संख्या तलको तालिका बमोजिम छ।

| साल | खोल्नुपर्ने केन्द्र लक्ष्य | खोलिएको केन्द्र | साक्षर भएका प्रौढको संख्या | खोल्न बाँकी | कैफियत |
|---|---|---|---|---|---|
| २०१३-१४ | ३०० | ३०१ | ७५२५ | | १ बढी खोलियो |
| २०१४-१५ | ३६८ | २२० | ५५०० | १४८ | |
| ०१५-१६ | ६०० | १४० | ३५०० | ४६० | |
| ०१६-१७ | ९०० | ८१५ | २०३७५ | ८५ | |
| ०१७-१८ | ९०० | बैशाख मसान्तसम्म खोलिएको ४०२ | १००५० | ४९८ | |
| जम्मा | ३०६८ | १८७८ | ४६९५० | ११९० | |

## ०१७।१८ सालमा खोलिएका स्कूलहरू

| अञ्चल | जिल्ला | खोल्नुपर्ने संख्या | खोलिएको संख्या | ०१८।१९ मा खोल्नुपर्ने संख्या | कैफियत |
|---|---|---|---|---|---|
| मेची | १. ताप्लेजुङ | - | - | ५ | |
| | २. पाँचथर | - | - | ५ | |
| | ३. इलाम | ७ | १२ | ५ | |
| | ४. भद्रपुर | ३० | ७ | ५ | |
| कोशी | १. संखुवासभा | - | - | ५ | |
| | २. चैनपुर | - | - | ५ | |
| | ३. धनकुटा | ५२ | ३६ | ५ | |
| | ४. भालाभलेनी | - | - | ५ | |
| | ५. विराटनगर | १५ | ३ | ५ | |
| सगरमाथा | १. नामचेबजार | - | - | ५ | |
| | २. ओखलढुंगा | २१ | २१ | ५ | |
| | ३. दिङला | - | - | ५ | |
| | ४. भोजपुर | २१ | ३२ | ५ | |
| | ५. उदयपुर | १२ | - | ५ | |
| | ६. राजविराज | २१ | २४ | ५ | |
| | ७. सिराहा | २१ | - | ५ | |
| जनकपुर | १. दोलखा | - | - | ५ | |
| | २. रामेछाप | ३० | १८ | ५ | |
| | ३. सिंधुली | १२ | - | ५ | |
| | ४. सर्लाही | १५ | - | ५ | |
| | ५. जलेश्वर | ३७ | ३७ | ५ | |
| | ६. जनकपुर | - | - | ५ | |
| बागमती | १. धादिङ | - | - | ५ | |
| | २. नुवाकोट प. १ नं | ३० | ३० | ५ | |
| | ३. भक्तपुर | १५ | १३ | ३० | |
| | ४. ललितपुर | १२ | ५ | ३० | |
| | ५. काठमाडौं | १० | ३ | ३० | |
| | ६. चौतारा | ३७ | ३८ | ५ | |

| अञ्चल | जिल्ला | खोल्नुपर्ने संख्या | खोलिएको संख्या | ०१८।१९ मा खोल्नुपर्ने संख्या | कैफियत |
|---|---|---|---|---|---|
| | ७. धुलिखेल | ० | ० | ५ | |
| नारायणी | १. चिसापानी | १५ | - | ५ | |
| | २. मकवानपुर | - | - | ५ | |
| | ३. चितौन | १२ | १४ | ५ | |
| | ४. पर्सा | ७ | - | ५ | |
| | ५. वारा | २१ | - | ५ | |
| | ६. रौतहट | २१ | - | ५ | |
| गण्डकी | १. मनसुली | - | - | ५ | |
| | २. कास्की | ३७ | २३ | ५ | |
| | ३. लम्जुङ | - | - | ५ | |
| | ४. गोर्खा | १५ | - | ५ | |
| | ५. प.४ नं. नुवाकोट | ३० | २२ | ५ | |
| | ६. भिरकोट | - | - | ५ | |
| | ७. बन्दीपुर | - | - | ५ | |
| लुम्बिनी | १. गुल्मी | - | - | ५ | |
| | २. अर्घा | - | - | ५ | |
| | ३. पाल्पा | ७२ | १० | ५ | |
| | ४. परासी, बुटौल | ४० | ३ | ५ | |
| | ५. रूपन्देही | - | - | - ५ | |
| | ६. खजहनी | - | - | - ५ | |
| | ७. शिवराज | - | - | - ५ | |
| धवलागिरी | १. छार्का | - | - | - ५ | |
| | २. मुस्ताङ | - | - | - ५ | |
| | ३. बागलुङ | - | - | - ५ | |
| | ४. गलकोट | - | - | - ५ | |
| भेरी | १. रूकुम | - | - | - ५ | |
| | २. राप्ले | - | - | - ५ | |
| | ३. सल्यान | ५५ | - | ५ | |

| अञ्चल | जिल्ला | खोल्नुपर्ने संख्या | खोलिएको संख्या | ०१८।१९ मा खोल्नुपर्ने संख्या | कैफियत |
|---|---|---|---|---|---|
| | ४. प्यूठान | २१ | - | ५ | |
| | ५. दाङ | ८ | १३ | ५ | |
| | ६. देउखुरी | - | - | - ५ | |
| उत्तर कर्णाली | १. हुम्ला | - | - | - ५ | |
| | २. जुम्ला | २४ | - | ५ | |
| | ३. मुगु कर्णाली | - | - | ५ | |
| | ४. कालिकोट | - | - | ५ | |
| दक्षिण कर्णाली | १. दैलेख | १५ | - | ५ | |
| | २. सुर्खेत | - | - | ५ | |
| | ३. जाजरकोट | - | - | ५ | |
| | ४. बाँके | १२ | १२ | ५ | |
| | ५. बर्दिया | १२ | १४ | ५ | |
| खपतड | १. बझाङ | - | - | ५ | |
| | २. बाजुरा | - | - | ५ | |
| | ३. डोटी | ४० | - | ५ | |
| | ४. अछाम | - | - | ५ | |
| | ५. कैलाली | १८ | १२ | ५ | |
| महाकाली | १. दार्चुला | - | - | ५ | |
| | २. बैतडी | १५ | - | ५ | |
| | ३. डडेलधुरा | १२ | - | ५ | |
| | ४. कञ्चनपुर | - | - | ५ | |
| | जम्मा | ९०० | ४०२ | | |

# ७. सामाजिक तथा सांस्कृतिक कार्यक्रम

स्कूलको पढाइका साथसाथै चलाइने सामाजिक तथा सांस्कृतिक कार्यक्रमहरू किताबी ज्ञानलाई जीवनसित जोड्ने सबल र रमाइला माध्यम हुन्। यसले विद्यार्थीहरूको शारीरिक तथा मानसिक विकासका साथसाथै सामाजिक उत्तरदायित्वको भावना, एकता र आत्मविश्वासलाई बढाउँछ र किताबी ज्ञानलाई पनि अझै खँदिलो र सार्थक तुल्याउँछ। यस्ता कार्यक्रमहरूको अभावमा स्कूलको पढाइ कोरा सिद्धान्तवादी र पट्टाइ लाग्दो हुन गएको छ।

सामाजिक तथा सांस्कृतिक कार्यक्रम अन्तर्गत खेलकूद र नाचगानहरू पनि आउँछन्। तर यिनीहरू मात्रै सामाजिक तथा सांस्कृतिक कार्यक्रम हुन् भन्ठान्नु भूल हो। सामाजिक तथा सांस्कृतिक कार्यक्रम अन्तर्गत क्लासरूम बाहिरका ती सबै कार्यक्रमहरू आउन सक्छन्, जसमा भाग लिएर विद्यार्थीको व्यक्तित्वको सर्वाङ्गीण विकास हुन सक्छ। तर आजकाल अरू कार्यक्रमहरूको निमित्त चाहिने साधनहरू नभएकोले प्रायः सबै स्कूलहरूमा सामाजिक तथा सांस्कृतिक कार्यक्रमहरू खेलकूद वा नाचगानसम्म मै सीमित भएको छ। खेलकूद पनि विद्यार्थीहरूको निम्ति जरूरी छ, कारण यसले तिनीहरूलाई स्वस्थ र फुर्तिलो बनाउँछ। यसका लागि प्रत्येक स्कूलमा एउटा साधनसम्पन्न सामूहिक कोठा तथा व्यायामशाला हुनुपर्दछ। स-साना केटाकेटीहरूलाई खेलकूद अत्यन्तै प्रिय हुन्छ। त्यसैले खेलकूदकै माध्यमबाट पनि तिनीहरूलाई पढाउन केही प्रबन्ध मिलाउन सके झन् वेश। यो नभए खेलकूदको चुनाउ, यसप्रकारको हुनुपर्छ, जो मनोरन्जनका साथसाथै विद्यार्थीहरूमा एकता तथा अरू सामाजिक गुणहरू भर्ने खालको होस्। प्रत्येक स्कूलमा वार्षिक खेलकूद प्रतियोगिता हुनुपर्छ र राष्ट्रिय वा क्षेत्रीय स्तरमा सरकारले पनि वार्षिक खेलकूद प्रतियोगिताको आयोजना गरे विद्यार्थीहरूको शारीरिक विकासका साथसाथै तिनीहरूमा एकताको बोध पनि हुनेछ। यस्तै गरी बेला बेलामा सरकारले विद्यार्थीहरूका निम्ति ग्रीष्मकालीन शिविर या शरतलीन शिविरको आयोजना गरेमा सबै क्षेत्रका विद्यार्थीहरूले आपसमा विचारको आदान प्रदान गर्ने र त्यसबाट केही सिक्ने मौका पाउँथे।

हाम्रो मुलुक आज नवनिर्माणको पथमा छ। यसलाई सबैको क्रियात्मक सहयोग चाहिएको छ। विद्यार्थीको पनि सहयोग यसमा अपेक्षित छ। विद्यार्थी वर्ग समाजको सबभन्दा प्रबुद्ध वर्ग हो। भोलि तिनीहरू नै नेपालका कर्णधार हुनेछन्। तर दुर्भाग्यको कुरो छ कि आजको पढाइमा तिनीहरूलाई योग्य नागरिक बनाउने कुनै ठोस कार्यक्रम

छैन। फलस्वरूप विद्यार्थी वर्गमा अनुशासनहीनता र नोकरशाही प्रवृत्ति बढ्दै गइरहेछ। शारीरिक श्रमलाई तिनीहरू हेय ठान्दछन्। यी सबै दुर्गुणहरू हटाउनका लागि पनि सामाजिक तथा सांस्कृतिक कार्यक्रम एउटा सबल र सफल माध्यम हुन सक्छ। यसमा हामीले यस्तो कार्यक्रम सजिलोसित राख्न सक्छौं। जसले गर्दा विद्यार्थीहरूको श्रमप्रति निष्ठा जागोस्। जस्तै स्कूलले सप्ताहमा एकचोटि समाजसेवाको कार्यक्रम राखेर नगरसफाइ, सडक वा कुलो निर्माणका कामहरूमा भाग लिन विद्यार्थीहरूलाई प्रेरित गर्न सकिन्छ। देशको नवनिर्माण कार्यमा पनि विद्यार्थीहरूको हात हुनुपर्दछ। देशको कुनै भागमा थाल्न लागेको कुनै ठूलो विकास र निर्माण कार्यमा विद्यार्थीहरूले भाग लिन पाउनका निम्ति तिनीहरूलाई सरकारले प्रेरित गर्नुपर्दछ र ज्यादाभन्दा ज्यादा सुविधाहरू दिनुपर्दछ। श्रमप्रति निष्ठा आउने यस्ता कार्यक्रमहरूका लागि स्कूललाई समाजबाट एउटा छुट्टै एकाइको रूपमा राख्न सकिन्न। वास्तवमा आज समाजका संगठनको आधार नै एकदम उल्टो छ। श्रमप्रति निष्ठाको भाव स्कूलका विद्यार्थीले मात्र होइन, समाजका प्रत्येक व्यक्तिले देखाउनु पर्दछ। अरू यस कार्यको प्रारम्भ स्कूलका विद्यार्थी र शिक्षकहरूले गर्न सक्छन्।यो समिति स्कूलको पढाइका साथसाथै प्रयोगका निमित्त चलाउन निम्नलिखित केही सहयोगी कार्यक्रमहरू प्रस्तावित गर्न चाहन्छ:

१. बालचर: बालचर संस्थाको अन्तर्गत विद्यार्थीहरूले जनसेवाका अनेकौं कार्यहरू गर्न सक्छन्। जस्तै मेला इत्यादिमा सफाइ वा जनसेवाको कुनै अरू कार्य गर्ने।

२. चारपाते क्लब: यस संस्थाको तत्वावधानमा विद्यार्थीले सानैदेखिन् आफ्नु रूचि अनुसारको व्यवसाय रोजी स्वावलम्बी बन्न सक्छन्।

३. साहित्यिक गोष्ठी: यसको तत्वावधानमा विद्यार्थीहरूले बेला बेलामा पत्रपत्रिकाहरू प्रकाशित गरी कवि सम्मेलन, कथा प्रतियोगिता इत्यादिको कार्यक्रम राखी साहित्यप्रति विद्यार्थीहरूमा रूचि जगाउन सक्छन्।

४. विज्ञानगोष्ठी: यसको तत्वावधानमा विद्यार्थीहरूले बेला बेलामा विज्ञानमेला लगाई तिनीहरूले स्वयं तयार पारेका नमूनाहरू (मोडेलहरू), यन्त्रहरू, तिनीहरूले जम्मा पारेका कीराफट्याँग्राहरूको राम्रो प्रदर्शन गर्न सक्छन्। यस्तो मेलालाई सफल तुल्याउनमा विद्यार्थीका आमाबाबुहरूले पनि मद्दत गर्न सक्छन्।

५.	नाटकगोष्ठी:  यसले बेला बेलामा ऐतिहासिक घटना वा सामाजिक संस्थालाई नाटकको रूपमा रंगमंचमा देखाई जनताको ध्यान त्यस घटना वा समस्यातिर आकर्षित पार्न सक्छन्। जनभावना तयार पार्न पनि नाटक गोष्ठी एउटा सफल साधन हुन सक्छ।

६.	साक्षरता आन्दोलन:  माथि लेखिएका कार्यक्रमहरू सिर्फ स्थानीय स्कूलहरूले मात्र चलाउन सक्तैनन् कारण त्यसमा प्रशस्त अर्थको पनि आवश्यकता पर्छ। त्यसैले ग्रीष्म वा शरत्कालीन शिविर, राष्ट्रिय खेलकूद प्रतियोगिता, औद्योगिक र ऐतिहासिक स्थानहरूको भ्रमण, राष्ट्रिय निर्माण कार्यमा भाग लिने इत्यादि कार्यक्रमहरूका लागि सरकारले केही अनुदान स्कूलहरूलाई दिनु आवश्यक देखिन्छ।

हिजोआज विद्यार्थीहरूको मनोरन्जनका साथसाथै ज्ञानबुद्धिमा श्रव्यदृश्य साधन खूबै ठूलो सहायक भैरहेछ र साधनले भ्याएसम्म प्रत्येक जिल्लामा यस्तो एउटा आवश्यक उपकरण सरकारले विद्यार्थीहरूलाई उपलब्ध गराउने प्रबन्ध मिलाउनुपर्दछ।

# ८. उच्चशिक्षा

**उच्चशिक्षा भन्नाले हामी के सम्झन्छौं?**

सभ्य मानिस ती हुन् जो सर्वोच्च नैतिक तथा बौद्धिक आदर्शहरूले अनुप्राणित भएको जीवनचर्यामा अटल विश्वास राख्तछन्। यसको लागि विद्यालय र पाठशालाको स्तरमा लक्षित ज्ञान र शिक्षा पर्याप्त हुँदैन, यसको लागि विशेष ज्ञानपिपासा, विचारशीलता र व्यापक अनुभवको जरूरत छ। यो महान् कार्य साधारणतः संझने महाविद्यालय एवं विश्वविद्यालयको शिक्षाद्वारा या व्यक्तिगत लगनशीलताबाट पनि पूरा हुन सक्दछ।

**आदर्श मानिस**

आदर्श मानिसहरू ती हुन् जो कुनै समाजोपयोगी विषय वा कार्यको विशेष ज्ञानको आधारमा आफ्नो आफ्नो जहानबच्चाको पालनपोषण गर्नुको साथै सर्वोच्च नैतिक तथा बौद्धिक आदर्शहरूको सेवाद्वारा आफ्नो देशको, मानवसमाजको र प्राणीमात्रको बढ्दो सर्वाङ्गीण विकासको निम्ति सदा सर्वदा प्रयत्नशील रहन्छन्। यी नैतिक तथा बौद्धिक आदर्शहरू कस्ता हुन्छन् भन्ने वारे माथि प्राथमिक र माध्यमिक शिक्षाको परिच्छेदको शुरूमा केही असल बानीहरूको चर्चामा केही दिग्दर्शन भैसकेको छ।

**उच्चशिक्षाको लक्ष्य**

उक्त प्रकारका आदर्श पुरूष र नारीहरूको अधिकतम उत्पादन गर्नु र प्रत्येक विषयमा उच्चतम ज्ञान दिनु, दिलाउनु शिक्षाको स्वच्छ लक्ष्य हो।

## उक्त लक्ष्यको प्राप्ति गर्नेतर्फ हाम्रो मुलुकमा के कति काम भएको छ?

राम्ररी देखिने किसिमसंग उक्त लक्ष्यको प्राप्ति तर्फ हाल हाम्रो मुलुकमा संगठित रूपले भै राखेका कार्यहरूको दिग्दर्शन निम्नलिखित विवरणबाट मिल्न सक्छ।

**महाविद्यालयको वर्तमान स्थिति**

प्राप्त तथ्यांकको आधारमा यो थाहा हुन्छ कि २००७ सालको क्रान्तिपछि देशमा उच्चशिक्षा प्राप्त गर्नाको लागि सरकार तथा जनताको तर्फबाट महाविद्यालयहरू खुले। त्यसभन्दा अगाडि राज्यभरीमा एउटा त्रिचन्द्र कलेज मात्र थियो। तर सरसरी हेर्दा यी महाविद्यालयहरूको असन्तुलित विकास भएको देखिन्छ। भरखर खुलेको महाविद्यालयको वारेमा त कुरै छैरन, पुराना महाविद्यालयहरूको पनि यस्तै हालत छ। महाविद्यालयहरूमा प्राध्यापकहरूको संख्या पनि धैरै कम्ती हुनाको साथै बी.ए. वा सो

सरह पास गरेका व्यक्तिहरूले आंशिक समयको लागि काम गर्ने प्राध्यापक भई महाविद्यालयहरूमा पढाइरहेको देखिन्छ, साथै विद्यार्थीहरूको संख्या पनि धेरै कम्ती छ। यहाँ केही महाविद्यालयहरूको तथ्यांक पेश गर्नु अनुपयुक्त नहोला।

| १ सरकारी कलेजहरूको नाम | स्थापित मिति | एम.ए. पास भएका प्राध्यापक | बी.ए. वा सो सरह पास भएका प्राध्यापक | आंशिक समय काम गर्ने प्राध्यापक | बी.ए. वा सो सरहका छात्रहरू | जम्मा छात्र | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. त्रि-चन्द्र कलेज | १९७८ | ६३ | - | ९ | २७४ | १६०० | १६०० करीव भन्ने लेखिएको छ। |
| २. दरवार कलेज | २००९ | ८ | - | १ | २१ | १९७ | |
| ३. संस्कृत महाविद्यालय | २००९ | १६ | - | - | - | १३८ | एम.म्यूजिक र साहित्याचार्यको पनि समावेश भएको छ। |
| ४. पद्मकन्या कलेज | २००८ | १२ | - | ४ | ५९ | १४७ | |
| ५. पाटन कलेज | २०१५ | ७ | १ | ९ | - | १०७ | द्वितीय वर्षको र चतुर्थ वर्षको संख्या नभएको |
| ६. कलेज अफ एजुकेशन | २०१३ | २४ | २ | १ | - | १०० | |

शिक्षा मन्त्रालय

## सरकारी आर्थिक सहायता प्राप्त कलेजहरू

| रकारी आर्थिक सहायता प्राप्त कलेजहरू | स्थापित मिति | एम.ए. पास भएका प्राध्यापक | बी.ए. वा सो सरह पास भएका प्राध्यापक | आंशिक समय काम गर्ने प्राध्यापक | बी.ए. वा सो सरहका छात्रहरू | जम्मा छात्र | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. धनकुटा डिग्री कलेज | २०१२ | ५ | २ | - | ८ | ३६ | |
| २. जनकपुर डिग्री कलेज | २०१५ | ७ | - | ३ | १५ | १४१ | |
| ३. पृथ्वीनारायण इन्टर कलेज, पोखरा | २०१७ | ३ | १ | १ | - | २६ | |
| ४. त्रिभुवन डिग्री कलेज, पाल्पा | २०१५ | ५ | - | ५ | १५ | ५५ | |
| ५. भोला इन्टर कलेज, चैनपुर | २०१७ | २ | २ | - | - | १९ | |
| ६. महेन्द्ररत्न महाविद्यालय, इलाम | २०१७ | २ | २ | १ | | २६ | |
| ७. नेपाल नेशनल कलेज, काठमाडौं | २००८ | १२ | - | ११ | ६९ | १८४ | |
| ८. भक्तपुर इन्टर कलेज | २०१६ | ७ | - | २ | - | ५२ | |
| ९. श्री एम बी.बी. शाह इन्टरकलेज, दाङ | २०१६ | ३ | २ | १ | - | ६ | |
| १०. सरस्वती इन्टरकलेज, काठमाडौं | २०१६ | ९ | २ | ११ | - | ८६ | |
| ११. पब्लिक कमर्स कलेज, काठमाडौं | २०१५ | ८ | - | ६ | - | १२२ | |
| १२. महेन्द्र डिग्री कलेज, धरान | २०१२ | १० | १ | ३ | २७ | १०७ | |
| १३. मोरङ डिग्री कलेज, विराटनगर | २०१३ | १३ | - | - | ५२ | २०६ | |
| १४. महेन्द्र विन्ध्येश्वरी डिग्री कलेज, राजविराज | २०१४ | ८ | - | - | ५ | ७४ | |
| १५. ल. कलेज काठमाडौं | २०११ | ८ | - | - | - | १६८ | |

| रकारी आर्थिक सहायता प्राप्त कलेजहरू | स्थापित मिति | एम.ए. पास भएका प्राध्यापक | बी.ए. वा सो सरह पास भएका प्राध्यापक | आंशिक समय काम गर्ने प्राध्यापक | बी.ए. वा सो सरहका छात्रहरू | जम्मा छात्र | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १६. ठाकुरराम डि. कलेज वीरगन्ज | २००९ | ११ | २ | - | १९ | ८५ | |
| १७. नारायण इन्टर कलेज | | १२ | - | - | - | ९० | |
| १८. पब्लिक साइन्स कलेज, काठमाडौं | | ८ | - | - | - | २२५ | |

**महाविद्यालयहरूको आर्थिक स्थिति**

अर्थको अभावले धैरैजसो महाविद्यालयको निजी भवन छैन। छात्रावास त कुनै महाविद्यालयको पनि छैन। श्री ५ को सरकारबाट मुलुकको आर्थिक स्थिति हेरी महाविद्यालयहरूलाई पर्याप्त आर्थिक सहायता दिएको छ।

आर्थिक सहायता निम्न प्रकारले दिएको छ:

१. सालबसाली आर्थिक सहायता।

२. कलेजको स्तर बढाउने।

३. खेलकूदको मालसामान।

४. सेन्ट्रल लाईब्रेरीबाट पुस्तक।

५. भवन निर्माण।

महाविद्यालयहरूलाई सालबसाली तथा महाविद्यालयको स्तर बढाउने रकम समेत गरी बढीमा ने.रू. ४३,९००।- सम्म सहायता दिइएको छ। यति सहायता पाएर पनि महाविद्यालयहरूको आर्थिक अवस्था सन्तोषजनक छैन र कुनै वर्ष सरकारबाट आर्थिक सहायता दिइएन भने करीव जम्मै महाविद्यालयहरू बन्द हुने अवस्थामा पुग्नेछन्। साइन्स म.वि. भवन निर्माणको निमित्त निकासा भएको रकम निम्नप्रकार छ:

नारायण इन्टर कलेजको ने.रू. ५,००,०००

पब्लिक साइन्स कलेज, काठमाडौको ने.रू. ५,००,०००

राजविराज कलेजको ने.रू. ४,००,०००

विराटनगर कलेजको ने.रू. १,००,०००

**महाविद्यालयहरूको विभाजन**

हाल नेपाल अधिराज्यभरमा स्वीकृत म.वि. को संख्या २७ छ। कपिलवस्तु इन्टर कलेज र चुहानडाँडा इन्टर कलेजको स्वीकृति वारे कारवाई भइरहेको छ। डिग्री र इन्टरकलेज तथा संस्कृत महाविद्यालयको संख्या निम्न प्रकारको छ:

| | |
|---|---|
| डिग्री कलेज | १३ (साइन्स र कमर्स समेत) |
| इन्टर कलेज | ९ (साइन्स तथा कमर्स समेत) |
| संस्कृत महाविद्यालय | ३ |
| कलेज अफ एजुकेशन | १ |
| ल कलेज | १ |

**कलेज अफ एजुकेशन**

श्री ५ को सरकार तथा यू.एस.ओ.एम.को सम्झौता बमोजिम सेप्टेम्बर १९५६ देखि यो कलेज चलिरहेछ। यसमा एस.एल.सी. पास भएका विद्यार्थीहरूलाई चार वर्षे बी.एड्. तथा बी.ए. वा सोसरह भएकालाई एक वर्षे बी.एड्. तालिम दिइने प्रबन्ध भइरहेको छ। यो राज्यभरीको एक मात्र शिक्षक शिक्षण कलेज हो।

हाल नेपाल अधिराज्यका १४ अंचलमा महाविद्यालयहरूको विभाजन निम्न प्रकारको छ:

| सि.नं | अञ्चल | डिग्री कलेजको संख्या | इन्टर कलेजको संख्या | जम्मा |
|---|---|---|---|---|
| १ | मेची | - | १ | १ |
| २ | कोशी | ४ | १ | ५ |
| ३ | सगरमाथा | १ | - | १ |
| ४ | जनकपुर | १ | - | १ |
| ५. | बागमती | ८ | ४ | १२ |
| ६ | नारायणी | १ | - | १ |
| ७. | गण्डकी | - | १ | १ |
| ८ | लुम्बिनी | १ | १ | २ |
| ९ | धौलागिरी | - | - | - |

| | | | | |
|---|---|---|---|---|
| १० | भेरी | - | १ | १ |
| ११. | दक्षिण कर्णाली | १ | - | १ |
| १२ | उत्तर कर्णाली | - | - | - |
| १३. | खप्तड | - | १ | १ |
| १४. | महाकाली | - | - | - |

**नोट:**

यी कलेजहरू सबै कला, विज्ञान, कानून, वाणिज्य मध्ये कुनैमा मात्र सीमित छन्। अंचलहरू मध्ये ११ अंचलमा कलेज छन्, तीन अंचलमा छैनन्।

हाल त्रिभुवन विश्वविद्यालयमा निम्न लिखित विषयहरू पढाइन्छन्।

**एम.ए.**

१. संस्कृत, २. संस्कृति, ३. नेपाली, ४. अंग्रेजी, ५. इतिहास, ६. राजनीतिशास्त्र, ७. गणित, ८. भूगोल, ९. व्यापारशास्त्र, १० अर्थशास्त्र।

त्रिभुवन विश्वविद्यालयमा हाल नेपाली प्राध्यापकहरू ३२ जना तथा कोलम्बो प्लान अन्तर्गतका प्राध्यापकहरू २४ जना छन् र अवैतनिक प्राध्यापक ३ छन् र विद्यार्थीहरूको संख्या अहिले २६० पुगेको छ।

**उच्च शिक्षामा हाम्रा आवश्यकताहरू**

उच्च शिक्षाको क्षेत्रमा हाल भैरहेको कार्य उपर विचार गर्दा अहिले हाम्रो मुलुकको आवश्यकता हेरी त्यो धैरै नै कम र अनुपयुक्त छ भन्ने कुरा स्पष्ट हुन्छ।

अहिले हाम्रो मुलुकको मुख्य आवश्यकता उद्योगधन्दा इन्जीनियरिङ (निर्माणशास्त्र), कृषि विज्ञान र औषधोपचारको क्षेत्रमा देखिन्छ। यदि यी क्षेत्रमा हाम्रो उच्च शिक्षालयहरू प्रमुख सहायक हुन सक्दैनन् भने उनीहरूमा सरासर त्रुटि रहेको मानिनुपर्छ। हाल तीन अंचलमा बाहेक अरू ११ अंचलमा एक या बढी महाविद्यालय स्थापित भैसकेको देखिन्छ। तर यी सबैजसो महाविद्यालयहरू सैद्धान्तिक र सांस्कृतिक विषयहरूसंग मात्र सम्बन्धित देखिन्छन्। व्यावहारिक विषयहरू र देशका प्रमुख आवश्यकताहरूसंग उनीहरूको सम्बन्ध नरहेको देखिन्छ। यस्तो अवस्थालाई हामीले कायम रहन दियौं भने सर्वाङ्गीण विकासको बाटो अवरूद्ध हुनेछ। यस उसले यो अवस्थालाई सुधारी हाम्रा मुख्य आवश्यकताहरू पूरा गर्नमा बढीभन्दा बढी सहायक हुने शिक्षालयहरू र महाविद्यालयहरू खोल्नु सरकार एवं देश र आफ्नो भलो चाहने प्रत्येक

नेपालीको पहिलो कर्तव्य हुन आएको छ। यो कर्तव्यमा हामी चुक्यौं भने हामी चाँडै नै आफ्नो देश र आफू समेत भन्न नपाउने स्थितिमा पुग्ने सम्भावना छ, किनकि धेरै कालसम्म परावलम्बी भएर कुनै व्यक्ति वा देशले सुखमय, सम्मानमय चिरायुको आशा राख्नु व्यर्थ छ भन्ने तथ्य संसारको इतिहासमा हजारौं पटक अकाट्य एवं भयंकर रूपले प्रमाणित भैसकेको छ। तसर्थ हामी तथ्यलाई अंगालौं, सत्यका बागी नबनौं, एक भई कर्मठ बनी देशको प्राणतुल्य आवश्यकतालाई अगुवा बनाई अविकसित आत्मग्लानिकारक बाटोलाई शीघ्र पार गरी पूर्ण रूपले सुविकसित, आत्मसन्तोषबर्द्धक, मनुष्य सुहाउँदो देशको बाटो तर्फ जाँगर  बढाउँ।

यसको लागि सरकार र जनताबाट केही नयाँ र प्रभावशाली कदमहरू चाल्नु परे पनि पछि हट्ने या अनकनाउने बेला छैन भन्ने हाम्रो दृढ विश्वास एवं अग्रिम सुझाउ छ।

दुई वर्ष यतादेखि त्रिभुवन विश्वविद्यालय खडा भई नेपाल भित्रका विभिन्न कलेजहरूको सम्बन्ध गर्नुको साथै आर्टस् र कमर्स विषयहरूमा शिक्षण कार्य पनि शुरू गरी क्रमशः प्रगति भैरहेको छ। विज्ञान विषयहरू र खास गरी भौतिक विज्ञान (फिजिक्स) र रसायन विज्ञान (केमेष्ट्री) का विषयहरू यही आउँदो सन् १९६२ को शुरूदेखि नै पढाई शुरू गर्नु उचित देखिन्छ र साथै हाल शिक्षण भइराखेका विषयहरूमा पनि अनुसन्धान कार्य शुरू हुनुपर्दछ। वनस्पति विज्ञान (बोटानी), जीवशास्त्र (जुलोजी) र भूगर्भ विज्ञान (जियोलोजी) का विषयहरूमा पनि १९६४ देखि पढाई शुरू गर्नु पर्दछ। सबै पोष्ट ग्र्याजुएट शिक्षालयहरू विश्वविद्यालयकै अन्तर्गत हुनु उचित देखिन्छ। हाल भाडा तिरी चालु भैराखेको कलेज अफ एजुकेशन पनि विश्वविद्यालयकै मातहतमा राखी यसको लागि विश्वविद्यालय क्याम्पसमा नै भवन निर्माण गरी सार्नु जरूरी छ।

नेपालमा कृषि कलेज खोल्न आवश्यक भएको र उक्त कलेज विश्वविद्यालयकै तर्फबाट शुरू गर्नु पर्ने भएकोले सोही विचारलाई ध्यानमा राखी आवश्यक शिक्षकको कृषि शिक्षण संस्था इत्यादिहरूबाट चाहिने व्यवस्था गर्नुपर्छ। आवश्यक शिक्षकहरूको निमित्त उच्चतम तालिम वा अनुसन्धानको व्यवस्था, सरसामानहरूको बन्दोवस्त र अरू प्रारम्भिक कार्य यथाशीघ्र शुरू हुनुपर्दछ।

ल कलेज विषय विचार हुँदा कानून सम्बन्धी विषयमा अनुसन्धान गरी श्री ५ को सरकारलाई समेत कानून विषयमा राय दिन मिल्ने गराउन ल कलेजको संचालन विश्वविद्यालयकै अन्तर्गत हुनुपर्दछ। हाल विश्वविद्यालय बाहिर पढाई भइराखेका ल कलेजहरू जम्मै बन्द गरी तुरून्तै विश्वविद्यालयमा ल को पढाइ चालू हुनुपर्दछ।

शारीरिक शिक्षा वारे स्कूलदेखि नै खेलकूद, व्यायाम र स्वास्थ्य शिक्षामा जोड दिन लगाउनुको साथै विश्वविद्यालयमा उच्च स्तरको व्यायामशाला इत्यादिको व्यवस्था अविलम्ब हुनुपर्दछ। सैनिक प्रशिक्षण वारे श्री ५ को सरकारको नीतिअनुसार चाहेमा विश्वविद्यालयमा समावेश गर्न सकिन्छ तर हाललाई सैनिक प्रशिक्षण पोष्ट ग्र्याजुएटलाई अनिवार्य गर्न उचित देखिदैन। यो वाहेक ललितकला, संगीत, औषधोपचार इत्यादि विषयहरूका कलेजहरूको स्थापना गर्नु आवश्यकतानुसार केही पछि मात्र सम्भव हुने देखिन्छ।

देशमा साक्षरता बढाउनुको साथै यथासम्भव बढी मात्रामा उच्च शिक्षा हासिल गर्ने मौका सबैलाई दिलाउन, काम गरी कमाइरहेकाहरूलाई पनि उच्च शिक्षा प्राप्त गर्ने सहुलियत दिनलाई बिहान वा साँझमा पनि कलेज चालु गर्नु उचित देखिन्छ र यसको निमित्त हाल बिहान वा राती चालु भइराखेका कलेजहरूको स्तर इत्यादिको सूक्ष्म अध्ययन, विश्वविद्यालयले गर्ने र चाहिएमा स्तरमा परिवर्तन गरी यस्ता कलेजहरूको सहुलियतवारे विश्वविद्यालयले नै प्रबन्ध गर्न लगाउने गरी व्यवस्था मिलाउनुपर्दछ।

स्कूल र कलेजको पढाइको विषय र स्तरमा सामञ्जस्य ल्याउनको लागि विश्वविद्यालयले स्कूलको पाठ्यक्रम बिलकुलै आफ्नो ढाँचामा ढाल्ने काम नगरे तापनि साधारण हाइ स्कूल भए अन्तिम दुई कक्षाको र उच्च सेकेन्डरी स्कूल भए अन्तिम तीन कक्षाहरूको पाठ्यक्रम र स्तर विश्वविद्यालयको आवश्यकतालाई ध्यानमा राखी तथा साथै विश्वविद्यालयको राय लिई बनाएमा मात्र राम्रो हुने देखिन्छ। यसबाहेक विश्वविद्यालयले कुनै प्राविधिक विषयको पढाइको लागि चाहेमा बेग्लै प्रवेशिका परीक्षा पनि लिन सक्ने हुनुपर्दछ। शिक्षाको माध्यम वारे हाललाई नेपाली वा अंग्रेजी माध्यम गर्न ऐन लागू भैसकेको छ। तर केही वर्षलाई स्कूलमा पनि अंग्रेजी भाषाको शिक्षामा विशेष जोड दिनुपर्नेछ।

**प्रमुख सिफारिसहरू**

**नयाँ काम गर्नेतर्फ**

(क) हाल हाम्रो देशमा शिक्षाको क्षेत्रमा नयाँ काम गर्नेतर्फ र अरू क्षेत्रमा पनि प्रगतिको मुख्य तगारो यातायातको कठिनाई नै भएकोले, यस कठिनाइलाई पन्छाउन तुरून्त कदम चालियोस्।

(ख) हाम्रो प्रगतिको अर्को ठूलो तगारो शारीरिक श्रमको अवहेलना हुनाले विद्यालयका सबै छात्रछात्राहरूलाई प्रत्येक शिक्षालयको हिउँदे वा वर्षे दीर्घ छुट्टीको कममा कम आधा भाग, सरकारी नगरपालिका या पंचायतद्वारा योजनाबद्ध तरीकाले परिचालित कुनै निर्माण या अरू समाजोपयोगी कार्यमा लगाउनु पर्ने प्रबन्ध होस्। यो नियम कुनै सरकारी ओहदामा लिनुको निम्ति छात्रहरूलाई दुई वर्षसम्म अनिवार्य गर्ने पनि प्रबन्ध होस्। छात्रहरूको लागि यो दुई वर्षको कममा कम ६ महिना सैनिक तालिम अनिवार्य गरियोस्।

(ग) हाल श्री त्रिभुवन विश्वविद्यालयको निम्ति लिइएको जग्गामा विधि (इलेक्ट्रिकल इन्जीनियरिङ, मेकानिकल इन्जीनियरिङ, केमिकल इन्जीनियरिङ, सिविल इन्जीनियरिङ आदि) संयुक्त निर्माणशास्त्र (इन्जीनियरिङ) सम्बन्धी भरमुलुकको आवश्यकता पूरा गर्न सक्ने एक महाविद्यालय स्थापना गर्ने तर्फ अविलम्ब पर्याप्त कदम चालियोस्। हाल प्राविधिकहरूको बढ्दो अभावको ख्याल गरी हाल भैरहेको इन्जीनियरिङ स्कूललाई कलेज स्तरमा बढाई विश्वविद्यालयकै तर्फबाट संचालन हुनु उचित देखिन्छ।

(घ) देशका विभिन्न औद्योगिक केन्द्रहरूमा एक एकवटा औद्योगिक रसायनशास्त्र (इण्डस्ट्रियल केमिस्ट्री) सम्बन्धी महाविद्यालय स्थापित गर्नेतर्फ अविलम्ब पर्याप्त कदम चालियोस्।

(ङ) हिमालयका जडीबूटीहरू संसारभर प्रख्यात छन्। विदेशबाट पनि तिनीहरूको लागि धेरै माग छ। ती जडीबूटीहरूको राम्रो अध्ययन भई सदुपयोग भएमा हाम्रो मुलुकको औषधीसम्बन्धी खर्च धेरै घट्ने र आम्दानी धेरै बढ्ने सम्भावना छ। यसउसले यस सम्बन्धको अध्ययनको लागि हिमालयको निकटवर्ती कुनै उपयुक्त स्थानमा औषधविज्ञान सम्बन्धी एक अध्ययशाला अविलम्ब खोलियोस्।

(च) हाल नयाँ महाविद्यालयहरूलाई स्वीकृति दिनुतर्फ विचार हुँदा विज्ञान, कृषि र प्राविधिक विषयहरू सम्बन्धी विशेष अध्ययन हुने महाविद्यालयहरूलाई अग्राधिकार दिइयोस्।

(छ) खास गरी उपत्यका र औद्योगिक केन्द्रहरूबाट टाढा रहेका पहाडी अंचलहरूमा तद् तद् अञ्चलको परम्परा र प्राकृतिक साधनहरूसंग मेल खाने किसिमका

बहुप्राविधिक (पोलिटेकनिक) विद्यालय र महाविद्यालयहरू खोल्नेतर्फ तदारूखसाथ सक्रिय कदम चालियोस्। यस्तो महाविद्यालय प्रत्येक अञ्चलमा कममा कम एउटाका दरले हुनु जरूरी देखिन्छ।

(ज) कृषि, वन र औषधोपचारसम्बन्धी उच्च अध्ययनको लागि पनि देशकाल सुहाउँदा महाविद्यालयहरू उपयुक्त स्थानहरूमा स्थापित गर्नेतर्फ यथाशीघ्र सक्रिय विचार गरियोस्। तर यस वारे सो सम्भव नभएसम्म यस सम्बन्धमा डिप्लोमा पाठ्यक्रम भएका शिक्षालयहरूको स्थापना गर्न सक्रिय कदम लिइयोस्।

(झ) विद्यालय वा विश्वविद्यालयहरूको प्रमाणपत्रको अनुचितमा महशूस नहोस् र व्यक्तिगत या अल्पसामूहिक प्रयासबाट उच्च लाभ र दक्षता हासिल गर्नेहरूको पनि कदर होस् भन्ने हेतुले कुनै सरकारी ओहदाको लागि परीक्षा लिइदा विश्वविद्यालयका प्रमाणपत्र नभएका सबै परीक्षार्थीहरूले पनि केही नियत रूपियाँ जमानत राखी परीक्षा दिन पाउने र परीक्षामा कुनै नियत प्रतिशतभन्दा कम संख्या पाउनेहरूको जमानत जफत हुने व्यवस्था होस्।

(ञ) हाम्रो मुलुकका शिक्षित व्यक्तिहरूमा ग्रामोन्मुखी दृष्टिकोण बढ्नु जरूरी भएकोले नयाँ महाविद्यालयहरूको स्थापना यथासम्भव उपत्यका र औद्योगिक केन्द्रहरूबाट टाढा रहेका ग्रामीण र पहाडी इलाकाहरूमा गर्ने व्यवस्था होस्।

(ट) माथि दिइएका सिफारिसहरू कार्यान्वित गर्न आवश्यक भए प्रत्येक अंचलमा त्यही अंचलमा स्थापित हुने महाविद्यालयहरूको स्थापना र संचालनको निमित्त व्यक्तिगत वा पारिवारिक आम्दानीको अनुपातमा केही शिक्षाकर लिने व्यवस्था हुनु पनि उपयुक्त देखिन्छ।

**हाल चलिरहेका केही महाविद्यालयको वारेमा यस प्रकारका सुझाउ छन्**

(क) त्रि-चन्द्र कलेजमा सामान्य कला र विज्ञानको मात्र पढाइ गर्न लगाउने र कलाको पढाइको लागि त्रिचन्द्र कलेजको पुरानो भवन र विज्ञानको निमित्त नयाँ बनिरहेको भवनबाट काम लिन सकिने हुँदा त्यसतर्फ ध्यान दिन नपर्ने देखिन्छ र त्यहाँ पढाइ भइरहेको कला र विज्ञान वाहेक व्यावसायिक पढाइ जस्तो कि वाणिज्यको पढाइ र साथै बिजनेस एडमिनिष्ट्रेशनको उच्चशिक्षा प्रदान गर्ने प्रबन्ध अलग्ग हुनुपर्दछ।

(ख) पद्म कन्या कलेजमा होमसाइन्स (गार्हस्थविज्ञान) को विस्तृत रूपमा पढाइको विशेष व्यवस्था गर्ने र साथै स्त्रीशिक्षाका मुख्य अंगहरूसंग सम्बन्धित विषयमाथि नै जोड दिने गरी उक्त कलेजको पुनर्गठन हुनु जरूरी छ।

**संस्कृत शिक्षा**

देशको शिक्षा विकासको निमित्त र सो शिक्षाको दैनिक जीवनका लागि उपयोगी बनाउन देशभर एउटै शिक्षा प्रणाली अपनाउनु अथवा भैराखेका शिक्षा प्रणालीहरूलाई एउटै सूत्रमा बाध्नु नितान्त आवश्यक देखिन्छ। हाल भैराखेका विभिन्न शिक्षा प्रणालीहरूमा सामञ्जस्य ल्याउन नसकेबाट देशको शक्ति र धनको क्षय हुनु अनिवार्य छ। हाल एकातिर एस.एल.सी. परीक्षामा संस्कृत पढाउने र उता फेरि संस्कृत परीक्षाहरूमा अंग्रेजी इत्यादि पढाउने कार्य दोहोरिनु मात्र नभै अध्ययनमा राखिने विषयको स्तर बढ्दै गइरहेकोले पनि यो प्रवृत्ति नरोकेमा हाम्रो शिक्षा प्रगतितिर बढ्न नसक्ने देखिएकोले सो विषयउपर विचार गर्दा निम्न प्रकार सिफारिश गर्ने निर्णय गरिएको छ।

(क) संस्कृत महाविद्यालयहरूमा शास्त्रीय शास्त्री पढाइ चालु राख्ने तर उक्त विद्यालयहरूमा शास्त्रीय संस्कृत तथा प्राचीन संस्कृतितिर मात्र विशेष ध्यान दिई पढाउन पाउँदा शिक्षण स्तर बढ्दै जानेछ।

(ख) हाम्रो देशको संस्कृतिको संरक्षण र प्रोत्साहनको निमित्त संस्कृत अध्ययन अत्यन्त आवश्यक भएकोले हाल पनि भैराखेको सरह श्री ५ को सरकारबाट भविष्यमा समेत पढ्ने छात्रहरूलाई निःशुल्क पढाइ आदिको प्रोत्साहन दिनु अत्यावश्यक देखिन्छ। साथै संकृत विषयउपर विशेष जोड दिई पढाउने विद्यालयहरूमा मात्र विशेष जनताको रूचि हेरी ठाउँ ठाउँमा खोलिनु पर्दछ।

आगामी तीन वर्षसम्ममा प्रत्येक अंचलमा आवश्यक भवन, सरसामान र सुयोग्य शिक्षकहरू सहितको विज्ञान, वाणिज्य, कलाको राम्रो अध्ययन हुने एक सुसज्जित महाविद्यालय हुनुपर्दछ। यी कलेजहरूबाट प्रत्येक वर्षमा अन्दाजी जम्मा १५०० स्नातकहरू उत्तीर्ण हुने जुन कुरा, हाम्रो जनसंख्याको अनुपातमा बढी हुनेछैन।

विश्वविद्यालय ऐन, २०१६ दफा ४ (ड) मा पनि उल्लिखित भए सरह नेपाल अधिराज्यभित्रका महाविद्यालयहरूलाई श्री ५ को सरकारबाट दिइने ग्रान्ट र अरू विभिन्न आर्थिक सहायताहरू विश्वविद्यालयको सिफारिस अनुसार मात्र दिनु उचित

देखिन्छ। यसको लागि आवश्यक अभिभारा विश्वविद्यालयले तुरून्त लिनु पर्दछ र श्री ५ को सरकारबाट पनि विश्वविद्यालयको सिफारिशविना कुनै पनि महाविद्यालयहरूलाई आर्थिक तथा अन्य सहायता दिन बन्द गर्नु पर्ने देखिन्छ।

सबै महाविद्यालयहरूमा राष्ट्रिय झण्डा रहनेछ। सरस्वतीको षट्कोण शिक्षालयको चिन्ह हुनेछ।

सबै महाविद्यालयहरूमा र विश्वविद्यालयमा समेत समारोहहरू मनाउँदा राष्ट्रिय झण्डोत्तोलन गरी प्रारम्भ र अन्तमा सामूहिक रूपले श्री ५ महाराजाधिराजको सलामी दिनुपर्दछ।

**हाल भइरहेको व्यवस्थामा सुधार गर्नेतर्फ**

(क) कुनै निश्चित न्यूनतम विशेष योग्यता भएका विद्यार्थीहरूलाई मात्र महाविद्यालयहरूमा भर्ना गरियोस्।

(ख) श्री त्रिभुवन विश्वविद्यालयको लागि कीर्तिपुर ट्याङलाटारमा प्राप्त भैसकेका जग्गामा निर्माणशास्त्र, विज्ञान र अरू विषयसम्बन्धी भवनहरू तदारूखतासाथ बनाइनुपर्छ र प्राप्त नभैसकेका जग्गा पनि प्राप्त गर्ने प्रबन्ध भई त्यहाँ पनि आवश्यक भवन निर्माण कार्य तदारूखसाथ हुनु जरूरी छ। त्रिभुवन विश्वविद्यालय यथाशीघ्र उक्त जग्गामा सारिनुपर्छ।

(ग) विज्ञान र अरू विषयहरूको बढी भन्दा बढी स्तरको ज्ञान दिन दिलाउनको लागि श्री त्रिभुवन विश्वविद्यालयलाई यथासम्भव सुविधा यथाशीघ्र दिइनु वाञ्छनीय छ।

(घ) एउटै प्राध्यापकले एउटा भन्दा बढ्ता महाविद्यालय वा विश्वविद्यालयमा समेत पढाई र अरू प्रशासकीय कार्यको जिम्मेवारी लिनाले पढाइको स्तर घट्न जाने भएकोले यो व्यवस्थाको अविलम्ब अन्त हुनु वाञ्छनीय छ, तर केही दिनको लागि यसरी दुई वा बढी महाविद्यालयमा काम गर्नु परेमा शिक्षा मन्त्रालयको पूर्व स्वीकृति अनिवार्य हुनुपर्छ।

(ङ) हाल विज्ञान र अरू धेरै विषयहरूमा पनि हाम्रो मुलुकमा उच्च ज्ञान र दक्षता भएका प्राध्यापकहरूको कमी भएकोले विदेशी सहायता अन्तर्गत वा अरू उचित उपायले केही वर्षको लागि विभिन्न विषयहरूमा उच्चतम योग्यता भएका

विदेशी प्राध्यापकहरूको सेवा प्राप्त गर्ने तर्फ अविलम्ब पर्याप्त कदम चालियोस्।

(च) विश्वविद्यालय र महाविद्यालयहरूमा एक ख48डबाट अर्को खण्डमा उत्तीर्ण गर्ने काम विद्यार्थीहरूको मासिक कार्य प्रगतिमा आधारित होस्। शास्त्री (ग्र्याजुएट) आचार्य

(पोष्ट ग्र्याजुएट) आदिको अन्तिम परीक्षा मात्र छुट्टै लिने व्यवस्था होस्। परीक्षाका प्रश्नहरू यथाशक्य परीक्षक र परीक्षार्थीहरूको व्यक्तिगत तरंग या भावनामा निर्भर नहुने उत्तरहरू चाहने या प्रोत्साहन दिने किसिमको (अव्जेक्टिभ) तुल्याउन अविलम्ब सक्रिय कदम चालियोस्। यस विषयको अध्ययन गरी विशेष सिफारिश गर्न यस सम्बन्धी विशेषज्ञहरूको एक कमिटी बनोस्।

(छ) शिक्षित व्यक्तिहरूमा यथासम्भव सर्वाङ्गीण दृष्टिकोण हुनु वाञ्छनीय भएकोले महाविद्यालयहरू र विश्वविद्यालयमा एक कक्षाबाट अर्को कक्षामा उत्तीर्ण हुनलाई सैद्धान्तिक र सांस्कृतिक विषयहरू (ह्युमानिटीज) लिनेलाई साधारण विज्ञान विषयको एक पत्र तथा विज्ञान विषय लिनेलाई सैद्धान्तिक र सांस्कृतिक विषयहरू सम्बन्धी एक पत्र अनिवार्य बनाउनु उचित देखिन्छ।

(ज) प्रत्येक परीक्षाको न्यूनतम उत्तीर्णाङ्क चालिस प्रतिशत गरी प्रथम श्रेणीमा पास हुन न्यूनतम अंक ६० प्रतिशत र विशिष्ट श्रेणीमा पास हुन न्यूनतम अंक ७५ प्रतिशत गर्नु उचित देखिन्छ।

(झ) प्रत्येक महाविद्यालयको या विश्वविद्यालयको शिक्षा पाएको विद्यार्थी विद्वान् हुनुको साथै सच्चरित्र र कर्मठ पनि होस् भन्ने तर्फ सम्बन्धित अधिकारीहरूले विशेष ध्यान दिनुपर्छ। तसर्थ, विश्वविद्यालय र महाविद्यालय आवश्यक हुनुको साथै प्राध्यापक र विद्यार्थीहरूमा स्नेहमय सम्बन्ध हुनु जरूरी भएकोले यसतर्फ अविलम्ब सक्रिय ध्यान दिइनु जरूरी छ। यस निमित्त यथासम्भव महाविद्यालयहरूमा प्रत्येक विषयका प्रति दश विद्यार्थीको अनुपातमा कममा कम एक प्राध्यापक हुनु एवं प्राध्यापक र विद्यार्थीका बीच निकटतम विचार आदान प्रदान (ट्यूटोरियल) पद्धतिबाट शिक्षा दिनु दिलाउनु पनि जरूरी देखिन्छ। विश्वविद्यालयमा उक्त अनुपात दशभन्दा कम पनि हुन सक्दछ।

(ञ) श्री ५ को सरकार, शिक्षा मन्त्रालयको निर्देशनमा विश्वविद्यालयमा र महाविद्यालयका प्राध्यापकहरूद्वारा या अरू विशेषज्ञहरूद्वारा विभिन्न विद्यालयहरूमा उच्चस्तरका लोकप्रिय प्रवचनहरू गराउने प्रबन्ध प्रत्येक अंचल र ब्लकमा नियमित रूपले बखत बखतमा हुनु वान्छनीय छ।

(ट) प्राणीशास्त्रको नवीनतम आविष्कारहरू अनुसार विशेष गरी उच्च शिक्षा स्त्री र पुरूषहरूको लागि बिलकुल एक प्रकारको हुनु वाञ्छनीय नभएकोले गृह विज्ञान जस्ता खास गरी स्त्रीहरूलाई विशेष उपयुक्त भएका विषयहरूको उच्च शिक्षा दिने महाविद्यालयहरूको स्थापना यथाशीघ्र हुनु र विश्वविद्यालयमा पनि यथासम्भव यस प्रकारको स्त्री-उपयोगी विषयहरूको उच्च शिक्षाको लागि विशेष प्रबन्ध हुनु जरूरी छ।

(ठ) प्रत्येक महाविद्यालय र विश्वविद्यालयमा खेलकूद, मनोरन्जन, बुद्धिरन्जन, समाजसेवा, सांस्कृतिक कार्यक्रम आदिको निमित्त एउटा विद्यार्थी संघ रहनु वाञ्छनीय छ। यस्तो विद्यार्थीसंघको श्री ५ को सरकार शिक्षा मन्त्रालयद्वारा पूर्वस्वीकृत एक विधान हुनुपर्छ।

(ड) प्रत्येक महाविद्यालयमा पाठ्यपुस्तकहरू र अरू उपयुक्त पुस्तकहरू भएको एक सुसज्जित एवं सुव्यवस्थित पुस्तकालय हुनु जरूरी छ। विश्वविद्यालयहरूको पुस्तकालय अझ बढी सुसज्जित र सुव्यवस्थित हुनु आवश्यक छ।

(ढ) महाविद्यालय र विश्वविद्यालयको शिक्षा सशुल्क हुनु वाञ्छनीय छ।

(ण) महाविद्यालय र विश्वविद्यालयका विभिन्न विषयका पुस्तकहरूमा यथासमय राष्ट्रिय संस्कृति, परम्परा र आदर्शसंग मेल खाने विषयहरू समावेश गरिनुपर्छ।

(त) राष्ट्रिय गौरवको लागि त्रिभुवन विश्वविद्यालयमा नेपालको इतिहास र संस्कृतिको विशेष अध्ययन र अनुसन्धानको निम्ति आवश्यक प्रबन्ध हुनु नितान्त आवश्यक छ।

(थ) बी.एड्. डिग्री प्राप्त गर्नका लागि विद्यालयको अन्तिम परीक्षा पास गर्नासाथ र स्नातक भएपछि अध्ययन गर्ने दुवैको लागि पढाइको अवधि र पाठ्यक्रम एकै प्रकारको गरिनु उचित छ।

## ९. शिक्षाप्रशासन

(क) यस शिक्षा व्यवहारविधिको प्रस्तुत तर्जुमामा विभिन्न दफामा कानून, अर्थ, योजना विकास, लोकसेवा आयोग, महालेखा परीक्षक, स्वास्थ्य, गृहनिर्माण आदि विभिन्न मन्त्रालय सम्बन्धी विषयको पनि समावेश भएकोले प्रचलित नियम, कानूनमा यस शिक्षा व्यवहारविधिको अनुसार हेरफेर सुधार गरिनुपर्दछ।

(ख) शिक्षणसंस्थाहरूको खाता नेपाल राष्ट्र बैंकका खाताहरूमा खोल्न पाउने व्यवस्था गरिदिने।

(ग) देशका विभिन्न ठाउँहरूमा विद्यालयहरूको असमान विभाजन भइरहेको देखिएकोले वैज्ञानिक आधारमा तिनको पुनर्गठन हुनुपर्ने।

(घ) नेपाल अधिराज्यभरीका विद्यालयहरूमा एकनास छापिएका बही, भरपाई, रसीद आदि रखाउने र तिनको व्यवस्था शिक्षा विभागबाट गराउने।

(ङ) शिक्षा डाइरेक्टर अफिस र अंचल शिक्षा अफिसहरूमा शिक्षणसंस्थाहरूलाई समय समयमा विशेष सहायता दिने; जस्तो नयाँ सेक्शन खोल्दा अध्यापक थप गर्न, शैक्षिक भ्रमण गर्न सम्मेलन बोलाउने, आकस्मिक दैवी प्रकोपमा सहायता गर्ने आदि यस्तै कामका लागि हरेक अंचल शिक्षा अफिसमा वार्षिक कममा कम ने.रू. दश हजार र शिक्षा निर्देशन कार्यालयमा कममा कम एक लाखको प्रमुखको तजवीजमा खर्चगर्ने गरी आर्थिक वर्षको प्रारम्भमा निकासा भइराख्नु पर्दछ।

(च) विद्यालयहरूमा विशेष चन्दादाताहरूलाई प्रोत्साहन दिने व्यवस्था गर्ने।

(छ) विद्यार्थीहरूलाई दिउँसो विद्यालयमा पौष्टिक खानेकुरा दिनु, स्वस्थ मस्तिष्क र स्वस्थ शरीरको नागरिक बनाउन चाहने प्रत्येक सरकारको कर्तव्य हो; अतः कुनै प्राथमिक पाठशालाका संचालक समितिले शिक्षालयका विद्यार्थीहरूलाई पौष्टिक खानेकुरा दिने बन्दोवस्त गर्न चाहेमा सरकारले सो खर्चको १० प्रतिशत व्यहोर्ने प्रबन्ध हुनुपर्दछ। यस्तै गरी खेलकूदको सामानमा पनि संचालक समितिले सो कुराको प्रबन्ध गरेमा सरकारतर्फबाट १० प्रतिशत खर्च व्यहोर्ने प्रबन्ध हुनुपर्दछ।

(ज) यस्तै गरी प्राथमिक उपचार मन्जूषा हरेक प्राथमिक तथा माध्यमिक शिक्षालयहरूमा पर्दछ। छात्रहरूको निमित्त स्वास्थ्य परीक्षा एवं तिनको समुचित इलाजको व्यवस्था हुनु अत्यावश्यक छ। यसको निमित्त वर्षको दुई पटक सरकारतर्फबाट विद्यार्थीहरूको स्वास्थ्यसम्बन्धी जाँच गराउनु आवश्यक छ।

(झ) यसैगरी स्वदेश र विदेशमा प्राप्त छात्रवृत्तिहरूका निमित्त विद्यार्थीहरू छान्दा नेपालका विद्यालय या महाविद्यालयहरूबाट उत्तीर्ण भएका विद्यार्थीहरूलाई प्राथमिकता दिने नीति अपनाउनु वाञ्छनीय देखिन्छ। साथै छात्रवृत्तिको निमित्त विद्यार्थीहरू छान्दा विभिन्न अञ्चलहरूलाई पनि प्रतिनिधित्व दिनुपर्ने देखिन्छ।

(ञ) प्रत्येक शिक्षालय र पुस्तकालयमा “गोरखापत्र” र सरकारी प्रकाशनको आवश्यक सामग्री यथासम्भव निःशुल्क पठाउनु पर्दछ।

(ट) यस शिक्षा व्यवहारविधिमा उल्लिखित फीसको निर्धारणबाट अहिलेसम्मको विद्यालयहरूको आम्दानीमा करीव २० प्रतिशतको न्यूनता हुन आउने भएकोले शिक्षा व्यवहारविधि लागू भएको मितिदेखि त्यसको पूर्तिको व्यवस्था सरकारले गरिदिनु पर्दछ।

(ठ) प्राथमिक पाठशालाको आर्थिक सहायतामा पर्याप्त बृद्धि हुनुपर्दछ किनकि सरकारको नीति अनुसार यसलाई एकदम निःशुल्क राखिएको छ।

(ड) व्यापक शिक्षा योजना चलाउनु परेकोले शिक्षाको प्रशासन व्यवस्था यसै अनुरूप हुनुपर्दछ।

(ढ) परीक्षा नियन्त्रक अफिसको स्टाफ र संख्यामा पर्याप्त बृद्धि हुनुपर्दछ।

(ण) माथिल्ला तहका अधिकारीले आवश्यकतानुसार आफूमा निहित अधिकार र कर्तव्य आफ्ना मातहतका अधिकारीलाई हस्तान्तरित गर्ने पूर्ण सुविधा हुनुपर्छ।

(त) शिक्षा विभागका निमित्त शिक्षा निर्देशक आफिसमा छुट्टै लेखापरीक्षक र अभियन्ता हुनुपर्दछ र प्रत्येक अंचलमा पनि शिक्षाको छुट्टै लेखापरीक्षक र ओभरसियर भएमा सालाना हिसाब जाँच गराउन र भवनहरूको जीर्णोद्धार गर्न र नयाँ राम्रा विद्यालय भवनहरू बनाउन सुविधा हुनेछ।

(थ) विद्यालयका अध्यापक र प्रधान अध्यापकहरूको वेतन र स्थान सम्माननीय हुनु पर्दछ। विद्यालयका प्रधानाध्यापक तृतीय श्रेणीका सरकारी अफिसर सरह हुनुपर्दछ र १० वर्षसम्मको राम्रो काम गरेमा तृतीय श्रेणीबाट द्वितीय श्रेणीमा बढुवा पाउनुपर्छ। यस्तै अरू शिक्षकहरूले पनि १० वर्षसम्म काम गरी राम्रो योग्यता देखाएमा तृतीय श्रेणीमा प्रमोशन गरिनुपर्दछ।

(द) अंचल शिक्षा कार्यालयको उपयुक्त भवन सबै अंचलहरूमा बन्नुपर्छ।

(ध) परीक्षा नियन्त्रकको कार्यालय निमित्त उपयुक्त भवन बन्नुपर्छ।

(न) प्राइमरी स्कूल, हाइ स्कूल, कलेज र यूनिभर्सिटीको नाउँ क्रमशः पाठशाला, विद्यालय, महाविद्यालय र विश्वविद्यालय भनी नेपालीकरण गर्नु पर्दछ। यसै गरी छात्रहरूले पाउने प्राइमरी, सेकेन्डरी, बी.ए. र एम.ए. को उपाधि र प्रमाणपत्रको पनि क्रमशः प्रथमा, मध्यमा, शास्त्री तथा आचार्य भन्ने गरी नेपाली नामकरण गर्नुपर्दछ।

(प) सरकारी माध्यमिक विद्यालयहरू र सरकारी महाविद्यालयहरूमा पनि छात्र शुल्क लिनुपर्छ र सरकारी र गैरसरकारी शिक्षणसंस्थाहरूको यो विभिन्नता शीघ्र नै हटाइनुपर्दछ।

शिक्षा मन्त्रालय

# परिशिष्ट

**प्रस्तावित शिक्षा ऐनको मसौदा**

नेपाल अधिराज्यभर शिक्षामा सुधार, उन्नति र एकरूपता ल्याउन एवं शिक्षण संस्थाहरूलाई कानूनी आधार प्रदान गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवको शासनकालको छैटौं वर्षमा मौसूफबाट यो ऐन बनाउन लगाई, जारी गरिबक्सेको छ।

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ**

(१) यस ऐनको नाम शिक्षा ऐन, २०१८ रहेको छ।

(२) यो ऐन नेपाल गजेटमा प्रकाशित हुनासाथ, नेपाल अधिराज्यभर लागू हुनेछ।

**२. परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा: –

(१) "शिक्षा" भन्नाले शिक्षालयहरूमा नियमित रूपले एक वा बढी अध्यापकले २५ वा सोभन्दा बढी विद्यार्थीहरूलाई ज्ञानवर्धनका निमित्त सामान्य रूपले पठनपाठन गराउने परिपाटी बुझ्नुपर्दछ।

(२) "शिक्षालय" भन्नाले यस दफाको उपदफा (१) मा उल्लिखित पठनपाठन गराउने कुनै पनि शिक्षणसंस्था सम्झनुपर्दछ।

(३) "प्राथमिक शिक्षा" भन्नाले कक्षा १ देखि ५ सम्म दिइने शिक्षा सम्झनुपर्दछ।

(४) "माध्यमिक शिक्षा" भन्नाले कक्षा ६ देखि ११ सम्म दिइने शिक्षा सम्झनुपर्दछ।

(५) "उच्चशिक्षा" भन्नाले माध्यमिक शिक्षाभन्दा माथिल्लो तहको शिक्षा सम्झनुपर्दछ।

(६) "समाजशिक्षा" भन्नाले समाजकल्याणका निमित्त दिइने, यसै दफाको उपदफा (३),(४) र (५) को शिक्षाभन्दा अतिरिक्त, अरू किसिमको शिक्षा सम्झनुपर्दछ।

(७) "शिशुशिक्षा" भन्नाले कक्षा १ भन्दा मन्तिर दिइने शिक्षा सम्झनुपर्दछ।

(८) "पुस्तकालय" भन्नाले विद्यार्थी वा सर्वसाधारणको उपयोगका लागि राखिएको पुस्तक पत्रपत्रिका आदिको संकलन भएको ठाउँ सम्झनुपर्दछ।

शिक्षा मन्त्रालय

(९) “शिक्षा विभाग” भन्नाले शिक्षा सचिव श्री ५ को सरकार नेपालका मातहतमा रहेका सबै प्रशासनिक अड्डाखानाहरू सम्झनुपर्दछ।

(१०) “शिक्षानिर्देशक” (डाइरेक्टर अफ पब्लिक इन्स्ट्रक्शन) भन्नाले शिक्षा विभाग नेपालको डाइरेक्टर सम्झनुपर्दछ।

नोट: - यस ऐन र यस ऐन अन्तर्गत जारी हुने शिक्षासम्बन्धी नियमावली, विधि, व्यवहारविधि र आदेशमा छात्र, अध्यापक आदि पुलिंङ्गवाची शब्दको प्रयोग भएकोमा, यथावश्यक ठाउँमा त्यसको तात्पर्य स्त्रीलिङ्गवाची शब्द पनि सम्झनु पर्दछ।

३. शिक्षा विभागको पूर्व स्वीकृति विना कुनै किसिमको शिक्षालय कसैले खोल्नु अवैध ठानिनेछ।

४. यस ऐनको अन्तर्गत श्री ५ को सरकारले शिक्षाको संगठन, संचालन, निर्देशन र प्रशासनका निमित्त निम्नलिखित विषयहरूमा नियमावलीविधि र व्यवहारविधि बनाई लागू गर्न सक्ने र समय समयमा तत्सम्बन्धी आवश्यक आदेशहरू जारी गर्न सक्नेछ।

(क) उच्चशिक्षा

(ख) प्राथमिक र माध्यमिक शिक्षा

(ग) शिशुशिक्षा

(घ) पुस्तकालय

(ङ) समाजशिक्षा

५. माथि दफा ४ मा उल्लिखित विषयहरू सित सम्बन्धित आदेशहरू यस ऐनमा परेसरह मानिनेछन्।

६. यस ऐनको विरूद्ध भएको काम कारवाई बर्जित र गैर कानूनी भई, श्री ५ को सरकारले तोके अनुसार द48डनीय हुनेछ।

७. अन्यथा उल्लेख नभएसम्म यो ऐन प्रारम्भ हुनुभन्दा अघिका शिक्षा सम्बन्धी यो ऐनसित बाझने सबै ऐन, इश्तिहार, नियम र विधान खारेज भएको मानिनेछ।



शिक्षा मन्त्रालय

## २. प्राथमिक तथा माध्यमिक शिक्षा व्यवहारविधि

श्री ५ को सरकारले बनाएको यो शिक्षा व्यवहारविधि (एजुकेशन कोड) २०१८ सर्वसाधारणको जानकारीका निमित्त प्रकाशित गरिएको छ। शिक्षा ऐन, २०१८ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो शिक्षा व्यवहारविधि बनाएको छ।

### १. संक्षिप्त नाम, विस्तार र प्रारम्भ

(१) यसको नाम शिक्षा व्यवहार-विधि (एजुकेशन कोड) २०१८ रहेको छ।

(२) शिक्षा विभाग मातहत शिक्षण संस्थाहरूको कार्य संचालन नियमित रूपले गर्नाका लागि यो शिक्षा व्यवहारविधि नेपाल गजेटमा प्रकाशित हुनासाथ नेपाल अधिराज्यभर लागू हुनेछ। यसमा प्राथमिक र माध्यमिक शिक्षालयहरूको उल्लेख गरिएकोले यसले महाविद्यालयलाई असर पार्नेछैन।

### २. परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस शिक्षा व्यवहारविधिमा: –

(१) “ऐन” भन्नाले शिक्षा ऐन २०१८ सम्झनुपर्दछ।

(२) “शिक्षा विभाग” भन्नाले शिक्षासचिव श्री ५ को सरकार नेपालका मातहतमा रहेका सबै शिक्षा प्रशासनिक अड्डाखानाहरू बुझ्नुपर्दछ।

(३) “शिक्षा निर्देशक (डाइरेक्टर अफ पब्लिक इन्स्ट्रक्शन)” भन्नाले शिक्षा विभाग नेपालको निर्देशक (डाइरेक्टर) सम्झनुपर्दछ।

(४) “अंचल शिक्षा अधिकारी (डिभिजनल एजुकेशन अफिसर)” भन्नाले नेपाल अधिराज्यका कुनै प्रशासकीय अंचलमा काम गर्ने प्रमुख शिक्षा अधिकारी सम्झनुपर्दछ।

(५) “शिक्षा निरीक्षक (एजुकेशन सुपरभाइजर)” भन्नाले नेपाल अधिराज्यका कुनै निर्धारित क्षेत्रमा, काम गर्ने प्रमुख शिक्षा अधिकारी सम्झनुपर्छ।

(६) “मुख्य अध्यापक” भन्नाले कुनै पाठशालाको प्रमुख अध्यापक सम्झनुपर्दछ।

(७) "प्रधानाध्यापक" भन्नाले कुनै विद्यालयको प्रमुख अध्यापक सम्झनुपर्दछ।

(८) "शिक्षालय" भन्नाले शिक्षणसंस्था सम्झनुपर्दछ, जहाँ २५ वा सोभन्दा बढी विद्यार्थीहरू र एक वा सोभन्दा बढी अध्यापक एक स्थानमा बसी नियमितरूपले अध्ययन र अध्यापन गर्दछन्।

नोट: - परिच्छेद २ को उपदफा ८ मा जेसुकै लेखिए तापनि शिक्षानिर्देशक वा निजबाट अख्तियार पाएको अधिकारीको अनुमति प्राप्त गरी यसमा उल्लेख गरिएको विद्यार्थी संख्यामा घटबढ गर्न सकिनेछ।

(९) "पाठशाला" भन्नाले १ देखि ५ कक्षासम्मको पढाइ हुने प्राथमिक शिक्षालय सम्झनुपर्दछ।

(१०) "विद्यालय" भन्नाले ६ देखि ११ कक्षासम्मको पढाइ हुने माध्यमिक शिक्षालय सम्झनुपर्दछ।

(११) "समाजशिक्षा" भन्नाले माथि दफा २ को उपदफा (९) र (१०) मा उल्लेख गरिएका शिक्षालयहरूमा प्रदान गरिने शिक्षावाहेक समाजकल्याणका निमित्त दिइने सबै प्रकारका शिक्षा सम्झनुपर्दछ।

(१२) "संचालक समिति" भन्नाले कुनै शिक्षणसंस्थाको संचालन र सुप्रबन्धका लागि गठन गरिएको समिति सम्झनुपर्दछ।

(१३) यस शिक्षा व्यवहारविधिमा उल्लेख गरिएका अधिकारी, अध्यापक, छात्र तथा अन्य व्यक्तिहरूका निमित्त पुलिंगवाची शब्द प्रयोग भएकोमा सो स्थानमा स्त्रीवाची शब्दको आवश्यकता भए त्यही अनुसार राखी पढ्नू।

(१४) अध्यक्ष, उपाध्यक्ष, सेक्रेटरी, कोषाध्यक्ष भन्नाले संचालक समितिका पदाधिकारी सम्झनुपर्दछ।

(१५) "पुस्तकालय" भन्नाले विद्यार्थी वा सर्वसाधारणको उपयोगका लागि नियम बमोजिम राखिएको पुस्तक पत्रपत्रिका आदिको संकलन भएको ठाउँ सम्झनुपर्दछ।

शिक्षा मन्त्रालय

(१६) “बहुमुखी विद्यालय” भन्नाले सामान्य कला, विज्ञान र वाणिज्यका अतिरिक्त कुनै किसिमको व्यवसाय, शिल्प आदिको समेत शिक्षा दिने व्यवस्था भएको विद्यालय सम्झनुपर्दछ।

(१७) “सेसन” भन्नाले शिक्षालयको वार्षिक कार्यकालको अवधि सम्झनुपर्दछ।

नोट: - कुनै विशेष प्रकारको शिक्षालय खोल्ने श्री ५ को सरकारले स्वीकृति दिएमा र त्यसका निमित्त छुट्टै नियमहरू लागू गर्न श्री ५ को सरकारले आवश्यक ठहऱ्याएमा, ती नियमहरूसित बाझने यस शिक्षा व्यवहारविधिका दफा उपदफाहरू त्यस शिक्षालयमा लागू हुने छैनन्।

३. राष्ट्रिय झण्डा नै शिक्षालयको र पुस्तकालयको झण्डा हुनेछ र सरस्वतीको षट्कोण शिक्षालयको चिन्ह हुनेछ।

४. शिक्षालयमा शिक्षा विभागले स्वीकृत गरेको प्रार्थना हुनेछ र त्यहाँ मनाइने समारोहहरूको प्रारम्भ र अन्त श्री ५ महाराजाधिराजको सलामीबाट हुनेछ। समारोहहरू मनाउँदा राष्ट्रिय झण्डोत्तोलन गरी सामूहिक रूपले श्री ५ महाराजाधिराजको सलामी दिनू।

५. शिक्षालयहरूमा भाषाको माध्यम नेपाली भाषा नै हुनेछ।

६. प्राथमिक शिक्षा ५ वर्षको र माध्यमिक शिक्षा ६ वर्षको हुनेछ।

७. शिक्षालयको पाठ्यक्रम, पाठ्यपुस्तक र परीक्षावारे शिक्षा विभागको समय समयको आदेशानुसार गरिनेछ।

**८ शिक्षानिरीक्षक**

शिक्षा निरीक्षकले अंचल शिक्षा अधिकारीको मातहतमा रही, आफ्नो क्षेत्रभित्रका पाठशाला, पुस्तकालय र समाजशिक्षा सम्बन्धी शिक्षणसंस्थाहरूको तल लेखिए अनुसार संगठन, संचालन र निरीक्षण गर्नेछन्।

(१) वर्षको कममा कम दुई पटक आफ्नो क्षेत्रभित्रका पाठशाला, पुस्तकालय र समाजशिक्षा सम्बन्धी शिक्षणसंस्थाहरूको निरीक्षण गर्ने।

(२) आवश्यकतानुसार समय समयमा तिनको छड्के जाँच गर्ने।

(३) शिक्षा विभागको नीति र आदेशानुसार यी शिक्षणसंस्थाहरू खोल्ने स्थानको निधो गर्ने, स्वीकृति दिने, सरकारी आर्थिक सहायता

दिलाउनाका लागि सिफारिश गर्ने र निकासा भएको सरकारी आर्थिक सहायता वितरण गर्ने।

(४) माथि उपदफा (१) मा लेखिएका मध्ये सरकारी शिक्षणसंस्थाहरूलाई श्री ५ को सरकारबाट ठेकिएको दरबन्दी अनुसार सम्बन्धित माल वा तोकिएको अड्डाबाट तलब भत्ता आदि दिने दिलाउने।

(५) आफ्नो मातहतका सरकारी अड्डाहरूलाई श्री ५ को सरकारबाट ठेकिएको दरबन्दी अनुसार सम्बन्धित माल वा तोकिएको अड्डाबाट तलब भत्ता आदि दिने दिलाउने।

(६) आफ्ना मातहतका शिक्षणसंस्थाहरूमा स्थान रिक्त हुन आएमा सरकारी अध्यापक र कर्मचारीहरूको अस्थायी नियुक्ति, पेस्केलको न्यूनतम वेतनमा सो शिक्षण संस्थाका संचालक समितिको सिफारिशमा, नियमानुसार गर्ने र सो पदमा स्थायी नियुक्तिको व्यवस्थाका लागि अंचल शिक्षा अफिसमा लेख्ने।

(७) सरकारी पिउन र सो सरहको स्थायी नियुक्ति शिक्षणसंस्था वा अड्डाको प्रमुखले नै गर्ने।

(८) आफ्नो मातहतका सरकारी अध्यापक र कर्मचारीलाई सरूवा गर्नु पर्दा अंचल शिक्षा अफिसमा सिफारिस गर्ने।

(९) आफ्नो मातहतका अड्डाका सरकारी कर्मचारीहरूको काम र आचरण वारेको विवरण राख्ने र शिक्षणसंस्थाका अध्यापक र कर्मचारीहरूको काम र आचरण वारे, सम्बन्धित शिक्षणसंस्थाको मन्तव्य प्राप्त गरी विवरण राख्ने। कुनै अध्यापक वा कर्मचारीले सो शिक्षणसंस्था वा अड्डाको अहित हुने काम कारवाई गरेको देखिन आएमा र शिक्षा निरीक्षकले त्यस व्यक्तिमाथि तुरून्त कारवाई नगरी नहुने ठहऱ्याएमा, निजले त्यसलाई नियमानुसार सस्पेण्ड गरी, आवश्यक कारवाईका लागि अंचल शिक्षा अफिसमा लेखी पठाउने।

(१०) आफ्नो मातहतका कुनै शिक्षणसंस्था सम्बन्धी कुनै समस्या पर्न आएमा समाधान गर्ने। शिक्षा निरीक्षकले गरेको निर्णयमा चित्त नबुझे सम्बन्धित संचालक समितिलाई अथवा कुनै व्यक्ति भए निजलाई

संचालक समिति मार्फत्, अंचल शिक्षा अफिसमा उजूर गर्ने अधिकार हुनेछ। शिक्षा निरीक्षकका मातहतका सरकारी अड्डाका कुनै कर्मचारीलाई, आफूमाथि शिक्षा निरीक्षकले गरेको कारवाईमा चित्त नबुझे निजले चाहेमा, शिक्षा निरीक्षक मार्फत नै अंचल शिक्षा अफिसमा उजूर गर्न सक्नेछन् वा शिक्षा निरीक्षक अफिसमा उजूरी दिई, त्यसको बोधार्थ अंचल शिक्षा अफिसमा पठाउन सक्नेछन्।

(११) आफ्नो मातहतका सरकारी अफिसका कर्मचारीहरूलाई नियमानुसार बिदा दिने दिलाउने।

(१२) नियमानुसार नचलेका आफ्ना मातहतका शिक्षणसंस्थाहरूलाई निकासा भएको सरकारी आर्थिक सहायता रोक्ने र स्वीकृति झक्नुपरेमा, अंचल शिक्षा अफिसमा लेखी निकासा आए बमोजिम गर्ने। नियमानुसार नचलेको कुनै शिक्षणसंस्थालाई निकासा भएको आर्थिक सहायता सोही किसिम र सरहको अर्को शिक्षणसंस्थालाई दिलाउन अंचल शिक्षा अफिसमा सिफारिश गर्ने।

(१३) आफ्नो मातहतका हरेक शिक्षण संस्थाको आम्दानी खर्चको हिसाव ६।६ महिनामा जाँचकी (अडिटर) नियुक्त गरी वा गराई जाँच गराउने र आफैले पनि जाँच्ने।

१४) पाँचौं कक्षासम्म खुलि नसकेका पाठशालाहरूमा अध्यापक र छात्रसंख्या तथा घर, फर्निचर आदि सरसामान हेरी, उपयुक्त भए मात्र कक्षा थप्ने स्वीकृति दिने।

**९. अंचल शिक्षा अधिकारी**

(१) अंचल शिक्षा अधिकारीले, शिक्षा निर्देशकको मातहतमा रही आफ्नो अंचलभित्रका विद्यालयहरूको संगठन, संचालन र निरीक्षण गर्ने।

(२) आफ्नो अंचलभित्र रहेका शिक्षा निरीक्षक अफिसहरू र शिक्षा सम्बन्धी अरू अफिसहरूको देखरेख र निरीक्षण गर्ने तथा शिक्षा निरीक्षक मातहतका शिक्षण संस्थाहरू उपर साधारण रेखदेख राख्ने।

(३) विद्यालय खोल्नु पर्दा, शिक्षा विभागको नीति र आदेशानुसार ६ देखि हरेक साल कक्षा खोल्दै गई १० कक्षासम्म पुऱ्याउन अनुमति दिने र

एघारौं कक्षा खोल्न र पूर्ण माध्यमिक विद्यालयको स्वीकृति र सरकारी आर्थिक सहायताका लागि समयमै शिक्षा निर्देशक अफिसमा लेख्ने। विद्यालय खोल्ने वा यसमा कक्षा थप्ने अनुमति दिंदा, आवश्यक शर्तहरू पूरा गरिएका छन् भने मात्र अनुमति दिने। बहुमुखी विद्यालय स्थापित गर्ने वारे, शिक्षा निर्देशक अफिसबाट पूर्व स्वीकृति प्राप्त गरी मात्र कारवाई गर्ने।

(४) विद्यालयहरूका लागि निकासा भएको सरकारी आर्थिक सहायता वितरण गर्ने।

(५) नियमानुसार नचलेका विद्यालयहरूको सरकारी आर्थिक सहायता रोक्ने र स्वीकृती झिक्नु परेमा शिक्षा निर्देशक अफिसलाई लेखी, निकासा आए बमोजिम गर्ने।

(६) शिक्षा निरीक्षक अफिस मातहतमा रहेका कुनै शिक्षणसंस्थाहरूको स्वीकृति, शिक्षा निरीक्षकको सिफारिशमा झक्ने र प्रस्तावित विद्यालयहरूमा शर्तहरू पूरा हुन नगएमा खोलिए वा थपिएका कक्षाहरूको अनुमति झक्ने।

(७) वर्षको कममा कम दुई पटक आफ्नो अंचलभित्रका हरेक विद्यालयको निरीक्षण गर्ने।

(८) आवश्यकतानुसार समय समयमा तिनको छड्के जाँच गर्ने।

(९) सरकारी विद्यालयहरूलाई ठेकिएको दरबन्दी अनुसार सम्बन्धित माल वा तोकिएको अड्डाबाट तलब भत्ता आदि दिने दिलाउने।

(१०) आफ्नो मातहतका सरकारी अड्डाहरूलाई ठेकिएको दरबन्दी अनुसार सम्बन्धित माल वा तोकिएको अड्डाबाट तलब भत्ता आदि दिने दिलाउने।

(११) विद्यालयहरूमा सरकारी अध्यापकको स्थान रिक्त हुन आएमा, पेस्केलको न्यूनतम वेतनमा अस्थायी नियुक्ति, सो शिक्षणसंस्थाका संचालक समितिको सिफारिशमा नियमानुसार गर्ने र सो पदमा स्थायी नियुक्तिको व्यवस्थाका लागि शिक्षा निर्देशक अफिसमा लेख्ने।

(१२) सरकारी पिउन र सो सरहको नियुक्ति, शिक्षणसंस्था वा अड्डाका प्रमुखले नै गर्ने।

(१३) शिक्षा निरीक्षक अफिसबाट सरूवा वारे सिफारिश भै आएकोमा, जाँचबुझ गरी आफ्नो अंचलभित्र सरूवा गर्ने। आफ्नो मातहतका विद्यालयका सरकारी अध्यापक र कर्मचारीलाई र सरकारी अड्डाका कर्मचारीलाई सरूवा गर्नु पर्दा शिक्षा निर्देशक अफिसमा लेखी निकासा आए बमोजिम गर्ने।

(१४) आफ्नो मातहतका अड्डाका कर्मचारीहरूको काम र आचरण वारे विवरण राख्ने र विद्यालयका अध्यापक र अरू कर्मचारीहरूको काम र आचरण वारे सो विद्यालयका संचालक समितिको मन्तव्य प्राप्त गरी विवरण राख्ने र कुनै अध्यापक वा कर्मचारीले अड्डा वा शिक्षणसंस्थाको अहित हुने काम कारवाई गरेको देखिन आएमा र अञ्चल शिक्षा अधिकारीले निजमाथि तुरून्त कारवाई नगरी नहुने ठहऱ्याएमा, निजलाई नियमानुसार सस्पेण्ड गरी, आवश्यक कारवाईका लागि शिक्षा निर्देशक अफिसमा लेखी पठाउने। शिक्षा निरीक्षक अफिसबाट लेखी आएको सस्पेन्शनवारे, आवश्यक जाँचबुझ गरी गराई, आफ्नो मन्तव्यसाथ शिक्षा निर्देशक अफिसमा लेख्ने।

(१५) आफ्नो अंचलभित्रका पाठशाला, विद्यालय वा अड्डासम्बन्धी कुने समस्या पर्न आएमा समाधान गर्ने। अंचल शिक्षा अधिकारीले गरेको निर्णयमा चित्त नबुझे सम्बन्धित संचालक समिति वा कुनै व्यक्तिलाई, संचालक समिति मार्फत शिक्षा निर्देशक अफिसमा उजूर गर्ने अधिकार हुनेछ। अंचल शिक्षा अधिकारी मातहतका सरकारी अड्डाका कुनै कर्मचारीलाई आफूमाथि अंचल शिक्षा अफिसरले गरेको काम कारवाईमा चित्त नबुझे, निजले चाहेमा, अंचल शिक्षा अफिस मार्फत नै शिक्षा निर्देशक अफिसमा उजूर गर्न सक्नेछन् वा अंचल शिक्षा अफिसमा उजूर दिई त्यसको बोधार्थ शिक्षानिर्देशक अफिसमा पठाउन सक्नेछन्।

(१६) पाठशाला, तृतीय श्रेणीको पुस्तकालय र समाजशिक्षा सम्बन्धी शिक्षानिरीक्षक अफिसबाट आएको उजूरीमा, अंचल शिक्षा अधिकारीको फैसला अन्तिम हुनेछ।

(१७) आफ्नो अञ्चलभित्र रहेका सरकारी शिक्षणसंस्था र अड्डाहरूका अध्यापक र कर्मचारीहरूलाई प्रमोशन दिलाउन, नियमानुसार कारवाई गर्ने।

(१८) आफ्नो मातहतका आंचलिक सरकारी अड्डा, विद्यालय र शिक्षा निरीक्षकलाई नियमानुसार बिदा दिने दिलाउने।

(१९) शिक्षा विभागबाट तोकिएका परीक्षाको संचालन आवश्यकतानुसार गर्ने गराउने।

(२०) आफ्नो अञ्चलभित्रका नियमानुसार नचलेका शिक्षण संस्थाहरूको सरकारी आर्थिक सहायता, सोही अञ्चलभित्र नियमानुसार चलेका तर सरकारी आर्थिक सहायता नपाएका सोही किसिम र सरहका विद्यालयहरूलाई दिलाउन, शिक्षानिर्देशक अफिसमा लेखी निकासा आए बमोजिम गर्ने।

(२१) आफ्नो अंचलभित्रका विद्यालयसम्बन्धी तथ्याङ्क, सामयिक विवरण आदि अद्यपर्यन्त राख्ने र हरेक साल शिक्षा निरीक्षक अफिस मातहतका शिक्षण संस्थाहरूको तथ्यांक, सामयिक विवरण आदि माघ मसान्तसम्ममा प्राप्त गरी, आञ्चलिक शैक्षिक तथ्यांक, विवरण आदि हरेक साल फाल्गुण महीनाभरमा शिक्षानिर्देशक अफिसमा पुग्ने गरी पठाई दिनू।

१०. शिक्षा निर्देशक (डाइरेक्टर अफ पब्लिक इन्स्ट्रक्शन) ले शिक्षासचिवको मातहतमा रही नेपाल अधिराज्यभरीको शिक्षा विभाग अन्तर्गतका अड्डा, अफिस, शिशुशिक्षा, प्राथमिक शिक्षा, माध्यमिक शिक्षा, समाजशिक्षा र सो सरहका शिक्षा सम्बन्धी अरू शिक्षणसंस्थाहरूको संगठन, संचालन, निर्देशन, निरीक्षण र प्रशासन गर्नेछन्।

११. अञ्चल शिक्षा अधिकारी र शिक्षा निरीक्षकले शिक्षणसंस्थाहरूको निरीक्षण गर्दा तल लेखिएका कुराहरूमा विशेष ध्यान दिनू।

**कर्तव्य**

(१) शिक्षालयको वास्तविक परिस्थितिको ज्ञान प्राप्त गर्ने।

(२) सञ्चालक समिति, प्रधानाध्यापक र अध्यापकहरूसंग शिक्षालय वारे छलफल गरी कठिनाईहरू हटाउन सकभर प्रयत्न गर्ने।

(३) कक्षा कक्षामा गई पढाइ जाँच्ने।

(४) शिक्षकहरूको योग्यता, संख्या, काम र आचरण वारे र विद्यार्थीहरूको संख्या वारे जानकारी प्राप्त गर्ने।

(५) आम्दानी खर्चको हिसाव जाँच्ने र सरकारी आर्थिक सहायता, सार्वजनिक चन्दा, शुल्क तथा अरू कुनै मद्दतबाट भएका आम्दानीको राम्रो सदुपयोग भएको छ छैन।

(६) आवश्यक सरसामानको पूर्ती भएको छ छैन।

(७) अध्यापक र विद्यार्थीमा अनुशासन छ छैन।

(८) अघि अघिका निरीक्षणमा दिइएको सुझाउ तथा आदेश पालन गरिएको छ छैन।

(९) संस्थाको सम्पत्तिको राम्रो सदुपयोग भएको छ छैन।

(१०) परीक्षा नियमित रूपले लिइएको छ छैन।

(११) सञ्चालक समितिले गर्नुपर्ने काम गरेको छ छैन।

(१२) खेलकूल, व्यायाम, स्काउटिङ, मनोरञ्जन आदि स्वास्थ्यलाभका काम कुराहरूमा राम्रो ध्यान दिइएको छ छैन।

(१३) छात्रावास भए त्यसको प्रबन्ध संतोषजनक छ छैन।

(१४) शिक्षालय घर उपयुक्त छ छैन।

(१५) आवश्यक बहीहरू राम्रो तरीकाले राखिएका छन् छैनन् आदि सब कुराहरूमा राम्रो दृष्टि पुऱ्याई निरीक्षण गर्नु पर्दछ। राम्रो काम गरेमा प्रोत्साहन र कुनै काममा अनियमितता, कमी वा खरावी देखिन आएमा पवित्र भावनाले त्यसलाई हटाउने सुधार्ने तथा संस्थाको उत्तरोत्तर उन्नतिका लागि हरसम्भव प्रयास गर्नु पर्दछ। निजहरूको सफल नेतृत्वमा नै शिक्षण संस्थाको सुधार र उन्नति धेरैजसो निर्भर छ भन्ने कुरा राम्ररी सम्झनुपर्दछ।

(१६) निरीक्षण रिपोर्टको तीन प्रति छपाई एक प्रति शिक्षणसंस्थालाई दिने, एक प्रति आफ्नो अफिसमा राख्ने र एक प्रति आफ्नो तालुक अफिसमा पठाई दिने।

(१७) आफ्नो आफ्नो मातहतका शिक्षण संस्थाहरू सम्बन्धी बजेट तयार गरी हरेक साल माघ मसान्तसम्ममा पुग्ने गरी आफ्नो आफ्नो तालुक अड्डामा पठाइ दिने।

(१८) आफ्नो मातहतका शिक्षण संस्थाहरूको सम्बन्धित तथ्यांक विवरण आदि राख्ने र अञ्चल शिक्षा अफिसले अञ्चल भरीको तथ्यांक विवरण आदि फाल्गुनभरीमा पुग्ने गरी शिक्षानिर्देशक अफिसमा पठाइ दिने।

(१९) शिक्षामा सुधार र उन्नति ल्याउने वारे स्थानीय र साधारण दुवै किसिमको राय सुझाउ समय समयमा आफ्नो आफ्नो तालुक अफिसमा पठाउने।

**१२. संचालक समितिको गठन, अधिकार र कर्तव्य**

गठन:

(१) पाठशाला, पुस्तकालय र समाजशिक्षा सम्बन्धी शिक्षणसंस्थाहरूका संचालक समितिमा ५ देखि ७ सदस्य र विद्यालय संचालक समितिमा ११ देखि १३ सदस्य रहनेछन्, जसमा अध्यक्ष, उपाध्यक्ष, सेक्रेटरी, प्रधानाध्यापक आदि पदाधिकारीहरू पनि सामेल छन्। विद्यालय संचालक समितिका सदस्यहरू मध्ये एक जना शिक्षक प्रतिनिधि पनि रहनेछन्। विद्यालयका प्रधानाध्यापक, नगरपालिका वा ग्रामपंचायत भए त्यसको १ जना सदस्य र शिक्षक प्रतिनिधि संचालक समितिको पदेन सदस्य हुनेछन्। जिल्ला बडाहाकिम वा मेजिष्ट्रेट विद्यालय संचालक समितिको अध्यक्ष रहनेछन् र निजको अनुपस्थितिमा उपाध्यक्षले अध्यक्षको कार्यभार सम्हाल्नेछन्।

(२) पाठशाला संचालक समितिमा प्रधानाध्यापक-१, ग्रामपञ्चायत भए त्यसको सदस्य-१, अभिभावक सदस्य-१, चन्दादाता सदस्य-१ र बाँकी शिक्षामा अभिरूचि भएका लगनशील स्थानीय व्यक्ति रहनेछन्। जसमा सरकारी कर्मचारी पनि हुन सक्तछन्। विद्यालय संचालक समितिमा बडाहाकिम वा मेजिष्ट्रेट-१, प्रधानाध्यापक-१, शिक्षक प्रतिनिधि-१, नगरपालिका वा पंचायत भए त्यसको सदस्य-१, चन्दादाता सदस्य-१, अभिभावक सदस्य-३ र बाँकी शिक्षामा अभिरूचि भएका लगनशील स्थानीय व्यक्ति रहनेछन्, जसमा सरकारी कर्मचारी पनि हुन सक्तछन्।

(३) पुस्तकालय र समाजशिक्षा सम्बन्धी संचालक समितिमा- नगरपालिका वा ग्रामपञ्चायत भए त्यसको सदस्य-१, र बाँकी शिक्षामा अभिरूचि भएका लगनशील स्थानीय व्यक्तिहरू रहनेछन्, जसमा सरकारी कर्मचारी पनि हुन सक्तछन्।

(४) पाठशाला, पुस्तकालय र समाजशिक्षा सम्बन्धी संस्थाको संचालक समितिमा रोजिएका सदस्यहरूले नै अध्यक्ष, सेक्रेटरी, कोषाध्यक्ष आदि पदाधिकारीहरू रोजी राख्नू। विद्यालय संचालक समितिमा रोजिएका सदस्यहरूले नै उपाध्यक्ष, सेक्रेटरी, कोषाध्यक्ष आदि पदाधिकारी रोजी राख्नू।

(५) एक पटक संचालक समिति गठन भइसकेपछि, अर्को वर्षदेखि हरेक वर्ष संचालक समितिका पदेन सदस्यहरू वाहेक बाँकी सदस्यहरू मध्येबाट तृतीयाँश सदस्यहरू गोलाप्रथाद्वारा हट्नेछन्। यसरी रिक्त हुन आएको स्थानमा सदस्य रोजिनेछ, हटेका व्यक्तिहरू पुनः रोजिन सक्तछन्। विद्यालयका शिक्षक प्रतिनिधिको चुनाउ हरेक साल विद्यालयका अध्यापकहरूले नै गर्नेछन्। हरेक वर्ष कुनै महीनामा यो हेरफेर गर्ने कुराको निर्णय संचालक समितिले गर्नेछ। संचालक समितिले संस्थाको काम राम्ररी गर्न नसकी, यसलाई भंग गरी अर्को संचालक समिति गठन गर्ने आवश्यकता देखिएमा पूर्ण विवरण खोली सम्बन्धित शिक्षा निरीक्षक वा अंचल शिक्षा अफिसमा लेखी, निकासा आए बमोजिम गर्नू।

(६) अध्यक्षको अनुपस्थितिमा उपाध्यक्ष र उपाध्यक्ष पनि अनुपस्थित भएमा संचालक समितिका सदस्यहरू मध्यबाट कुनै एक सदस्यलाई त्यस बैठकका लागि सभापति रोजी काम चलाउनू।

(७) निम्नलिखित अवस्थामा कुनै सदस्य पनि संचालक समितिको सदस्यताबाट अलग गरिनेछ।

(क) मृत्यु, (ख) पागल, (ग) असाध्य रोगी, (घ) त्यागपत्र, (ङ) अविश्वासको प्रस्ताव पास भएमा।

(८) संचालक समितिका सदस्यको त्यागपत्र सेक्रेटरीकहाँ पुगेपछिको आगामी साधारण बैठकमा त्यसको निर्णय हुनुपर्दछ। त्यागपत्र स्वीकृत नभएसम्म सदस्य, संचालक समितिबाट अलग हुन पाउनेछैन।

(९) वर्षको बीचमा समितिमा स्थान खाली हुन आएमा, सो संचालक समितिले नै रिक्त स्थानमा अर्को सदस्य राख्न सक्नेछ।

(१०) संचालक समितिका पदेन सदस्य वाहेक अरू कुनै सदस्यलाई संचालक समितिले सदस्य संख्याको तीन खण्डको दुई खण्डको रायले, अविश्वासको प्रस्ताव स्वीकृत गरी, सदस्यताबाट हटाउन सक्नेछ। अविश्वासको प्रस्ताव राख्दा पूर्ण विवरण खोली राख्नुपर्दछ।

(११) संचालक समितिका पदेन सदस्य वाहेक अरू कुनै सदस्य स्पष्ट लिखित कारण नदिई लगातार तीन पटकसम्म सामयिक (तीन तीन महिनामा हुने) बैठकमा अनुपस्थित भएमा, सो सदस्यलाई समितिको सदस्यताबाट हटाउन सकिनेछ र हटाएपछि निजलाई लिखित सूचना दिनुपर्दछ।

(१२) शिक्षणसंस्थाका अध्यापक वा अरू कुनै वेतनप्राप्त कर्मचारी, संचालक समितिमा पदाधिकारी हुन पाउँदैनन्।

(१३) संचालक समितिको बैठकमा सदस्यहरू वाहेक अरू व्यक्तिहरू बस्न पाउँदैनन्, तर सल्लाहका लागि कसैलाई राख्नुपरेमा, लिखित रूपबाट आमन्त्रित गरी सोही बैठकका लागि राख्न सकिनेछ, तर आमन्त्रित व्यक्तिले भोट दिन पाउँदैन।

**कर्तव्य:**

(१४) संचालक समितिको साधारण बैठक एक वर्षमा ४ पटक हुनुपर्दछ। एक बैठक र अर्को बैठकमा तीन महीनाभन्दा बढीको अन्तर पार्नु हुँदैन।

(१५) संचालक समितिको सदस्य संख्याका आधार सदस्यको कोरम हुनेछ। आधार गर्दा खण्ड संख्या आएमा उपल्लो पूरा संख्या सम्झनुपर्दछ र यसले गरेको निर्णय संचालक समितिले गरेको निर्णय ठहरिनेछ।

(१६) साधारणतः संचालक समितिको बैठक सेक्रेटरीले अध्यक्षको अनुमति लिई ३ दिनको पूर्व सूचना दिई बोलाउनेछन्। अध्यक्षले पनि असाधारण बैठक ३ दिनको पूर्व सूचना दिई बोलाउन सक्तछन्। संचालक समितिका सदस्य संख्याको तीन खण्डको एक खण्ड सदस्यहरूले कुनै खास बैठक बोलाउन लिखित रूपबाट माग गरेमा, सेक्रेटरीले ३ दिनको पूर्व सूचना दिई बैठक बोलाउनू, सेक्रेटरीले सो बैठक बोलाउन नसकेमा वा मन नगरेमा अध्यक्षले ३ दिनको पूर्व सूचना दिई बैठक बोलाउनू।

(१७) प्रत्येक बैठकको सूचनामा त्यस बैठकमा छलफल गरिने विषयहरू स्पष्ट गरी लेखी हरेक सदस्यकहाँ पठाई सही गराउनु पर्दछ। बैठकमा उपस्थित भएका सदस्यहरूको संख्याको ४ खण्डको ३ खण्डको राय नभै कार्यक्रमको सूचनामा लेखिएको वाहेक कुनै विषयमा छलफल गर्नु हुँदैन। कार्यक्रममा नदिएको कुनै विषयमा उपयुक्त विधिद्वारा छलफल गरी निर्णय भएमा, कुनै सदस्यले यस वारे पुनः छलफल र निर्णय गराउन चाहेमा, संचालक समितिको यो निर्णय हरेक सदस्यकहाँ पठाउनु पर्दछ। संचालक समितिको आगामी बैठकमा सो विषयमा फेरि विचार गरी निर्णय गर्नुपर्दछ।

(१८) संचालक समितिको बैठक बस्दा, प्रस्ताव बहीमा, सदस्यहरूको शुरूमा उपस्थितिको सही र बैठक समाप्त भएपछि प्रस्तावहरूको अन्तमा पुनः सहि हुनुपर्दछ। कुनै सदस्यलाई कुनै प्रस्तावमा चित्त नबुझेमा, निजले आफ्नो राय प्रस्ताव बहीमा लेख्न सक्तछन्। संचालक समितिको हरेक बैठकको कारवाईको नक्कल बैठक भएको ७ दिनभित्र, कुनै सदस्यको असहमति भए, त्यसको पनि नक्कल गरी, सेक्रेटरी वा प्रधानाध्यापकले, सम्बन्धित शिक्षा निरीक्षक वा अंचल शिक्षा अफिसमा पठाउनू।

(१९) संचालक समितिका सदस्यले शिक्षण संस्थासम्बन्धी जुनसुकै कुरा पनि बैठकमा उपस्थित गर्न पाउनेछन्, तर अध्यक्षले त्यस्ता कुराहरू संस्थाका निमित्त हानिकारक सम्झेमा वा आपत्तिजनक ठहऱ्याएमा, त्यसमा छलफल गर्न नदिन पनि सक्तछन्।

(२०) प्रत्येक बैठकको पहिलो काम अघिल्ला बैठकका प्रस्तावहरू पढेर सुनाउने र अनुमोदन लिने हुनुपर्दछ।

(२१) प्रत्येक बैठक संस्थाको हाताभित्र नै गर्नू।

(२२) संचालक समितिको मुख्य काम, संस्थाका लागि आवश्यक द्रव्य जम्मा गर्नु र संस्थालाई राम्ररी संचालन गर्नु हो।

**अधिकार:**

(२३) संचालक समितिका सदस्य (शिक्षक प्रतिनिधि वाहेक) ले प्रधानाध्यापकको साथमा शिक्षालयको मौन निरीक्षण गर्न सक्नेछन् र आफ्नो निरीक्षणको मन्तव्य यसैका निमित्त राखिएका बहीमा लेख्न सक्नेछन्।

(२४) अध्यापकहरूलाई वेतनवृद्धि, प्रमोशन, डिमोशन वा कुनै सजाय दिनुपर्ने प्रस्ताव राखिएको खण्डमा संचालक समितिको सम्पूर्ण सदस्य संख्याको तीन खण्डको कममा कम दुई खण्डको बहुमत आउनुपर्दछ।

(२५) शिक्षालयका शिक्षक तथा अरू कर्मचारीहरूको पाकेको महीनाको वेतन अर्को महीनाको १० गतेभित्र नै दिनू। यो समयभित्र शिक्षक तथा अरू कर्मचारीहरूले वेतन पाएनन् भने निजहरूले सम्बन्धित शिक्षा निरीक्षक वा अंचल शिक्षा अफिसमा उजूर गर्न सक्नेछन्।

(२६) शिक्षालयमा भर्ना गरिएका शिक्षकहरूको नाम, ठेगाना, योग्यता, अनुभव आदि खोली सदर गर्नाका लागि सम्बन्धित शिक्षा निरीक्षक वा अंचल शिक्षा अफिसमा पठाउनू। योग्यता, अनुभव आदिको प्रमाणपत्र नहेरी कसैलाई भर्ना गर्नु हुँदैन।

(२७) सरकारले बात लगाएको वा हद गरेको मानिस शिक्षालयमा भर्ना नगर्नू। भर्ना गर्दा सकभर नेपाली नागरिक नै भर्ना गर्नू। प्रथम नेपाली नागरिक, द्वितीय प्रवासी नेपालीलाई स्थान दिनू र यी दुई नपाएमा वा पाइएकाहरूको योग्यता नपुग भएमा अरू मुलुककालाई अस्थायी रूपबाट भर्ना गरे हुन्छ।

(२८) शिक्षकहरूको आचरणको प्रभाव विद्यार्थीहरूमाथि पर्ने हुँदा सच्चरित्र व्यक्तिलाई भर्ना गर्नू। मदिरा पान गर्ने, अफिम, गाँजा आदि मादक द्रव्यहरूको सेवन गर्ने व्यक्तिलाई शिक्षालयमा भर्ना गर्नु हुँदैन। शिक्षालयमा छात्रहरूको सामुन्ने धुम्रपान गर्नु हुँदैन।

(२९) शिक्षालयमा आवश्यकता नरही कुनै विषयको पढाइ झकिंदा वा कुनै कक्षा नै खारेज गर्दा शिक्षकको आवश्यकता नरही निजलाई हटाउनु पर्दा, पूर्ण विवरण खोली सम्बन्धित शिक्षानिरीक्षक वा अंचल शिक्षा अफिसमा लेखी, निकासा आए बमोजिम गर्नू। यसरी हटाइन गैरसरकारी शिक्षकलाई एक महीनाको पूर्व सूचना अथवा एक महिनाको पेशगी वेतन दिनू। शिक्षकले पनि जागीर छाड्दा एक महीनाको पूर्व सूचना शिक्षालयलाई दिनुपर्दछ, सो नदिई एकाएक छाडेमा निजको पाकेको वेतन वा निजको शिक्षालयमा रहेको कुनै संचित कोषबाट एक महीनाको वेतन कटाउन सकिनेछ।

(३०) अध्यापकहरूको काम, आचरण आदि वारेको विवरण सेक्रेटरी वा प्रधानाध्यापकले राख्नू। सानासाना कसूर गरेमा लिखित चेतावनी दिई त्यसको रेकर्ड राख्नू र सम्बन्धित शिक्षा निरीक्षक वा अंचल शिक्षा अफिसमा पठाउनू। कुनै शिक्षक वा कर्मचारीले शिक्षण संस्थाको अहित हुने कारवाई गरेको देखिन आएमा र संचालक समितिले त्यसमाथि तुरून्त कारवाइ नगरी नहुने ठहऱ्याएमा त्यसलाई नियमानुसार सस्पेण्ड गरी खारेजी वा अन्य आवश्यक कारवाईका लागि सम्बन्धित शिक्षा निरीक्षक वा अंचल शिक्षा अफिसमा पठाउनू। अध्यापकलाई खारेज गर्ने अख्तियार संचालक समितिलाई छैन। उजूरीमा यसरी दण्डित शिक्षकले दण्ड पाएको सात दिनभित्र सम्बन्धित शिक्षानिरीक्षक वा अन्चल शिक्षा अफिसमा उजूर गर्न सक्नेछन्। सो सम्बन्धित अफिसले आवश्यक जाँचबुझ गरी वा गराई, उचित फैसला दिनेछ। शिक्षा निरीक्षक वा अंचल शिक्षा अफिसरको रायमा कुनै अध्यापकलाई तुरून्त सस्पेण्ड नगरी नहुने भएमा, सो कुरा सम्बन्धित शिक्षालयका संचालक समितिलाई लेखी, गराउनू।

(३१) शिक्षालयका अध्यापकले संचालक समितिको पूर्व अनुमति प्राप्त गरी रोजको दुई समयसम्मको प्राइवेट ट्यूशन गर्न पाउँछन्। उच्च श्रेणी ९ देखि ११ सम्मका विद्यार्थीहरूलाई ट्यूशन गर्दा दुवै समय गरी जम्मा दुइ घण्टा र ५ विद्यार्थी तथा प्राथमिक श्रेणीका विद्यार्थीहरूलाई ट्यूशन गर्दा दुवै समय गरी जम्मा तीन घण्टा र ८ विद्यार्थीभन्दा बढ्ता हुनु हुँदैन। एक समय गर्दा ४ विद्यार्थीभन्दा बढी नगर्नू। सेक्रेटरी वा प्रधानाध्यापकले ट्यूशन गर्नेहरूको नाम र ट्यूशनमा पढ्ने विद्यार्थीहरूको नाम, कक्षा आदि सबै विवरण राख्नू। स्कूलका हातामा स्कूल चलिरहेको समयमा कसैलाई प्राइवेट ट्यूशन गर्न दिनु हुँदैन। प्राइवेट ट्यूशनको अनुमति दिंदा सन्चालक समितिले शिक्षालयको पढाइमा कुनै किसिमको हानी नोक्सानी नपर्ने भनी यकिन भएमा मात्र दिनू र यसमा विशेष ध्यान दिई, कडाइसाथ यो नियम पालन गराउनू। यस नियमको उल्लंघन गरेमा, एक पटक अध्यापकलाई चेतावनी दिनू। यस चेतावनीको वास्ता नगरी अटेर गरेमा दोश्रो पटक कडा चेतावनी दिनू। त्यसको पनि वास्ता नगरेमा सस्पेण्ड गरी आवश्यक कारवाईका लागि सम्बन्धित शिक्षा निरीक्षक वा अञ्चल शिक्षा अफिसमा लेख्नू।

(३२) गैरसरकारी अध्यापक भर्ना गर्ने काम संचालक समितिको हुनेछ। सरकारी अध्यापक र कर्मचारी भर्ना गर्दा यस शिक्षा व्यवहारविधिको दफा ८ को उपदफा (६) र दफा ९ को उपदफा (११) बमोजिम गर्नु, गराउनु।

(३३) एउटा शिक्षालयमा काम गरिरहेको अध्यापकलाई, सम्बन्धित शिक्षा निरीक्षक वा अन्चल शिक्षा अफिसको स्वीकृति नभै, अर्को शिक्षालयमा भर्ना गर्नु हुँदैन।

(३४) स्कूलको नजीक स्वास्थ्य वा चरित्रलाई हानी गर्ने वा पढाइमा बाधा पार्ने कुनै दूषित वातावरण उपस्थित भएमा वा शिक्षालाई नै हानिकारक कुनै परिस्थिति पर्न आएमा, संचालक समितिले त्यसलाई हटाउने सकभर प्रयत्न गर्नू। हटाउन नसकेमा सम्बन्धित अधिकारीलाई लेख्नू, सो अधिकारीले यसमा तुरून्त कारवाई गर्नुपर्दछ।

(३५) शिक्षालयमा खेलकूद, व्यायाम, स्काउटिङ, मनोरंजन, पुस्तकालय, सामूहिक कोठा आदिलाई चाहिने स्थान र आवश्यक सरसामानको प्रबन्ध गर्नू।

(३६) टाढाबाट आई शिक्षालयमा पढ्ने विद्‍यार्थीहरूका निमित्त शिक्षालयसित गाभिएको छात्रावासको प्रबन्ध गर्नू।

(३७) शिक्षालयमा भूगोल, विज्ञान र प्रयोगद्‍वारा पढाइने अरू विषयहरूका निमित्त चाहिने सरसामानको व्यवस्था गर्नु।

(३८) संचालक समितिले शिक्षालयको आम्दानी खर्चको हिसाब किताबको जाँच, सम्बन्धित शिक्षा निरीक्षक वा अञ्चल शिक्षा अफिसले स्वीकृत गरेको जाँचकीबाट वा समितिले जाँचकी नियुक्त गरी सो अफिसबाट स्वीकृत गराई, त्यसैबाट ६।६ महीनामा गराई त्यसको रिपोर्ट सो अफिसमा पठाउनू। कुनै विशेष कारणवश ६ महीनाभित्र जाँच हुन नसकेमा पर्याप्त कारण खोली सम्बन्धित शिक्षा निरीक्षक वा अंचल शिक्षा अफिसमा लेखी, स्वीकृति लिई उही वर्षभित्र नै गराउनू। सो नगराएमा शिक्षालयले पाएको सरकारी आर्थिक सहायता रोक्न सकिनेछ।

(३९) अध्यक्षको विशेष अधिकार:

(क) संचालक समितिको प्रत्येक बैठकमा अध्यक्षको आसन ग्रहण गर्नु र दुई पक्षको भोट बराबर आएमा आफ्नो साधारण भोट वाहेक विशेष भोटको प्रयोग गर्नु।

शिक्षा मन्त्रालय

(ख) कुनै विशेष आकस्मिक परिस्थिति संस्थामा पर्न आई संस्थाको काम र संचालन चल्न नसक्ने भएमा, संचालक समितिको आगामी बैठक नहुँदासम्म सेक्रेटरीको सल्लाहले वा व्यक्तिगत उत्तरदायित्वमा संचालक समितिको सबै अधिकार आफ्नो हातमा ली काम गर्नु र यसको सूचना विवरण खोली, सम्बन्धित शिक्षा निरीक्षक वा अञ्चल शिक्षा अफिसमा लेख्नु।

(४०) शिक्षालयका गैरसरकारी अध्यापक र अरू कर्मचारीहरूलाई सरकारी अध्यापक र अरू कर्मचारीहरूका लागि श्री ५ को सरकारबाट ठेकिएको दरबन्दीको अंकमा नघटाई वेतन दिनुपर्दछ।

(४१) शिक्षालयमा पढ्ने विद्यार्थीका अभिभावकहरूलाई, सहयोगका लागि समय समयमा शिक्षालयमा, विद्यार्थीहरूलाई पढाउन अनुरोध गर्नुपर्छ।

१३. शिक्षण संस्थाहरूको श्री ५ को सरकार र शिक्षा विभागसंगको लेखापढी देवनागरिक लिपिमा राष्ट्रभाषा नेपालीमा हुनुपर्दछ।

१४. शिक्षालयका गैरसरकारी अध्यापक र अरू कर्मचारीहरूको सामाजिक मर्यादा सरकारी अध्यापक र अरू कर्मचारीहरूको सामाजिक मर्यादासरह मानिनेछ।

१५. संचालक समितिका सेक्रेटरीको अधिकार र कर्तव्य:

(१) अध्यक्षको अनुमति लिई संचालक समितिको बैठक बोलाउने।

(२) समय समयमा शिक्षालयको निरीक्षण गर्ने।

(३) संचालक समितिले पास गरेका प्रस्तावहरू कार्यान्वित गराउने।

(४) सन्चालक समितिको तर्फबाट लेखापढी गर्ने।

(५) जम्मा भएको द्रव्य संस्थाको नाममा बैंक वा कोषमा जम्मा गर्ने। बैंक भएको ठाउँमा बैंकमा राख्ने।

(६) शिक्षालयको दैनिक आम्दानी खर्चको हिसाब राख्ने, संचालक समितिको सामूहिक बैठकमा सो हिसाब विचारार्थ पेश गर्ने, ६।६ महीनामा अडिटरद्वारा हिसाब जँचाउने समुचित प्रबन्ध गर्ने र संस्थाको वार्षिक बजेट तयार गरी संचालक समितिमा पेश गर्ने।

(७) संचालक समितिले ठेकि दिएको दरबन्दी बाहेक पाठशालामा वार्षिक ने.रू. १००।- सम्म र विद्यालयमा ने.रू. ३००।- सम्म आफ्नो साथमा राखी आवश्यक काम परि आएमा सो रकम संस्थाका कार्यका निमित्त आफ्नो जवाफदेहीमा खर्च गर्न सक्ने।

(८) महीना महीनामा शिक्षालयका अध्यापक र कर्मचारीहरूको वेतनको बिल स्वीकृत गरी वेतन दिने दिलाउने।

(९) संस्थाको सम्पत्ति, तमसूक जग्गा जमीनको कागजपत्र र आफूले गर्नु पर्ने अरू काम काजसम्बन्धी कागजपत्र राख्ने।

(१०) प्रधानाध्यापकले खर्च गर्ने रकम वाहेक अरू सबै खर्च गर्ने।

(११) प्रधानाध्यापकबाट आएको संस्थाको शुल्क आदि बुझी भरपाई दिने।

(१२) बैक वा कोषबाट रकम झक्दा संचालक समितिले रोजेको कुनै अरू एक सदस्य र आफ्नो संयुक्त हताक्षरबाट झक्ने।

(१३) शिक्षकहरूलाई प्रधानाध्यापकले दिन सक्ने बिदा वाहेक अरू बिदा दिने अधिकार संचालक समिति तर्फबाट सेक्रेटरीलाई हुनेछ। शिक्षालयका सहायक शिक्षकहरूलाई अपर्झट बिदा र उपार्जित बिरामी विदा दिने अधिकार प्रधानाध्यापकलाई र प्रधानाध्यापकलाई सो बिदा दिने अधिकार सेक्रेटरीको हुनेछ। अध्यापकहरूलाई दिइने विदाहरूमा सेक्रेटरीले प्रधानाध्यापकको रायलाई पूरा महत्व दिनुपर्दछ।

(१४) लामो बिदा (मीनपचास वा वर्षे) हुंदा शिक्षालयका शिक्षक र कर्मचारीहरूको पाकेको महीनाको अतिरिक्त अर्को एक महिनाको वेतन दिने।

(१५) शिक्षालयका शिक्षक र अरू कर्मचारीहरूलाई कुनै पदाधिकारीहरूले आदेश दिनु पर्दा प्रधानाध्यापक मार्फत नै दिनुपर्दछ। अध्यापकहरूले पनि लेखापढी गर्नुपर्दा प्रधानाध्यापकमार्फत गर्नुपर्दछ।

(१६) प्रधानाध्यापकका मातहतमा रहेका शिक्षालयका शिक्षक र अरू कर्मचारीहरूको नियुक्ति, उन्नति, खारेजी आदिमा प्रधानाध्यापकको लिखित रायलाई पूरा महत्व दिनुपर्दछ।

१६. प्रधानाध्यापकको अधिकार र कर्तव्य:

(१) शिक्षालयका प्रधानाध्यापकका योग्य नेतृत्वमा नै विद्यालयको धेरै जसो सफलता निर्भर गर्दछ। प्रधानाध्यापकले आफ्नो व्यक्तित्वद्वारा छात्र, बाबुआमा र संरक्षकहरूमा प्रभाव पार्नु पारस्परिक सहयोग र सहकारिताको माध्यमद्वारा कार्यमा रूचि पैदा गरी तिनीहरूमा देशोत्थान, राजभक्ति र देशभक्तिको भावना जागृत गर्नु, कामकाज गर्दा शुद्धि, सहायता र सद्भावनाको ल73य राखी व्यक्तिगत ईर्ष्या र कलुषित विचारहरूलाई स्थान नदी काम गर्नु तिनको प्रधान कर्तव्य हो।

(२) एउटा कक्षाबाट अर्को कक्षामा नियमानुसार प्रमोशन दिने अधिकार प्रधानाध्यापकको हुनेछ। प्रमोशन दिंदा विद्यालयका अध्यापकहरूको सल्लाह लिनु बढिया हो। प्रमोशन दिंदा वार्षिक परीक्षामा पास भएको अंक वाहेक शिक्षालयमा चलेको अरू सामयिक परीक्षा एवं विद्यार्थीहरूको अध्ययन, चरित्र आदिको पनि विचार गर्नुपर्छ।

(३) शिक्षा विभागबाट समय समयमा प्रकाशित गरिएको परीक्षा सम्बन्धी नियमावली बमोजिम विद्यार्थीहरूलाई प्रमोशन दिनुपर्दछ।

(४) शिक्षालयमा राम्रो अनुशासन, असल चालचलन, शिष्टता आदिको निमित्त प्रधानाध्यापक र अरू अध्यापकहरू संयुक्त रूपले जवाफदेही हुनेछन्। फुर्सतका समयमा विद्यार्थीहरूले शान्तिसित बस्न एवं मनोरन्जन गर्न विद्यालयमा एउटा सामूहिक कोठाको व्यवस्था गरी यसका निमित्त खेलिने खेलहरू, समाचारपत्र र पत्रपत्रिका आदिको व्यवस्था गर्नू।

(५) कक्षा कक्षाको दैनिक कार्यक्रम प्रधानाध्यापकले शिक्षालयका अध्यापकसंग विचारविमर्श गरी बनाउनु र यसलाई आफ्नो अफिस र हरेक कक्षाको प्रमुख स्थानमा झुण्ड्याउन लगाउनू।

(६) शिक्षालय लाग्ने समयमा प्रथम १५ मिनेट प्रार्थना र हाजिरीलाई दिनू। जम्मा पढाइको घण्टा ५ लाई सात पिरियडमा बाँड्नु, त्यसमा प्रथम ४ पिरियड ४५।४५ मिनेटको र आधा घण्टाको विश्रामपछि ३ पिरियड ४०।४० मिनेटको गर्नू, शुक्रवारको दिनमा ४ पिरियड मात्र पढाइ गरी

बाँकी समयमा सांस्कृतिक कार्यक्रम, वादविवाद, सभा आदिको आयोजना गर्नु, यसरी शिक्षालयमा काम गर्ने समय ५ घण्टा ४५ मिनेटको हुनेछ। पाठशालाका प्रथम तीन कक्षाहरूमा ६ पिरियड मात्र पढाइ गर्नू।

(७) तराई र भित्री मधेशमा गर्मीको मौसममा आवश्यकता परेमा बैशाख र जेष्ठ दुई महीना शिक्षालय बिहान गरे हुन्छ। बिहान गर्दा कममा कम ४ घण्टा पढाइ गर्नू। अरू ठाउँहरूमा ज्यादा गर्मी भई शिक्षालय बिहान गर्नु पर्दा सम्बन्धित शिक्षा निरीक्षक वा अंचल शिक्षा अफिसबाट पूर्व स्वीकृति लिई मात्र गर्नू।

(८) पिछडिएका ठाउँहरूमा पाठशालाको पढाई सम्बन्धित शिक्षा निरीक्षक अफिसको स्वीकृति प्राप्त गरी बिहान र बेलुकी गरे हुन्छ।

(९) हप्तामा जम्मा ३९ पिरियड हुनेछ। विद्यालयमा अध्यापकहरूलाई २८ देखि ३३ पिरियडसम्म दिनू र प्रधानाध्यापकले विद्यालयको अरू पनि काम गर्नु पर्ने हुँदा हप्तामा १५ देखि २० पिरियडसम्म लिनू, पाठशालामा संचालक समितिले नै यसको उचित व्यवस्था मिलाउनु।

(१०) प्रधानाध्यापकको आफ्नो दैनिक कार्यक्रममा कक्षाहरूको पढाइको निरीक्षण, सफाइ, बहीहरूको दुरूस्ती, खेलकूद आदिको प्रबन्ध, अफिस संचालन, विद्यालयका प्रशासन सम्बन्धी काम र यस्तै विद्यालय सम्बन्धी अरू कार्यहरूमा यथेष्ट समय दिनुपर्दछ।

(११) विद्यार्थी भर्ना गर्ने, परीक्षा र पाठशालाको आवश्यक प्रबन्धक गर्ने, स्थानान्तर प्रमाणपत्र दिने, एस.एल.सी. परीक्षाका निमित्त टेष्ट परीक्षा गरी विद्यार्थी सेन्टअप गर्ने, शिक्षा विभागद्वारा संचालित अरू परीक्षाहरूको आवश्यकतानुसार समुचित प्रबन्ध गर्ने।

(१२) कुनै शिक्षकले केही गल्ती गरेमा प्रधानाध्यापकले त्यस कुराको उल्लेख विद्यार्थीहरूको सामुन्ने नगरी एकान्तमा संझाउनु र आवश्यक कारवाई गर्नु पर्दछ।

(१३) एउटा दैनिक डायरी खडा गरी त्यसमा शिक्षालयमा भएका महत्वपूर्ण घटनाहरू, शिक्षाविषयका प्रयोगहरू, प्रगति विषयका विवरण, कसैलाई कुनै किसिमको चेतावनी, दण्ड सजाय दिएमा त्यसको विवरण लेख्नू।

(१४) हरेक अध्यापकलाई आफ्नो आफ्नो दैनिक कामको डायरी लेख्ने गराउनू र ती डायरीहरू हप्तामा कममा कम एक दिन साधारण हप्ताको अन्तमा हेरी त्यसमा आफ्नो मन्तव्य र सुझाउ लेख्नू, हरेक शिक्षकको डायरीमा सामयिक र हप्ता हप्तामा गरिने र गरिएका कामको विषयानुसार उल्लेख हुनुपर्दछ।

(१५) संचालक समिति वा शिक्षा विभागबाट प्राप्त भएको वा विद्यार्थीहरूबाट उठाइएको खेलकूद शुल्क, सामूहिक कोठा शुल्क, परीक्षा शुल्क, गरीव छात्र सहायता शुल्क, मसलन्दका निमित्त स्वीकृत भएको रकम र यस्तै किसिमका अरू रकमको जिम्मेवारी प्रधानाध्यापकलाई हुने हुँदा आम्दानी खर्चको बही खडा गरी हिसाब किताव राख्ने गर्नु, संचालक समितिले यी बहीहरू जाँच्न खोजेमा जाच्न दिनू। यी बहीहरूको पनि वार्षिक बजेट संचालक समितिले बनाउनेछ।

(१६) शिक्षालयको भवन, छात्रावास, फर्निचर र अरू सरसामान साधारणतः प्रधानाध्यापकका जिम्मामा हुने हुँदा सार्वजनिक कामका निमित्त चाहिएमा सो दिंदा शिक्षालयको काममा कति पनि हानी वाधा नपर्ने भए मात्र र भत्के, बिग्रे, नोक्सानी भएको जिम्मा लिएमा दिए हुन्छ। सरकारी शिक्षण संस्थाहरूमा शैक्षिक कामका लागि मात्र दिनू र राजनैतिक कामकाजका लागि कुनै शिक्षालयको भवन, फर्निचर आदि सरसामान दिनु हुँदैन। शिक्षालय घर वा छात्रावासका हाताभित्र कुनै प्रकारको राजनैतिक गुटबन्दी वा साम्प्रदायिक दलबन्दीको काम भएको वा गरेको ठहरिन आएमा सरकारले अभियोग सरह कानूनी कारवाई गर्नेछ।

(१७) प्रधानाध्यापकको अनुमति विना शिक्षालयको सामान्य संचालनमा बाधा पर्ने गरी सरोकार नभएको कुनै सरकारी वा गैरसरकारी व्यक्ति शिक्षालयका हाताभित्र पस्नु हुँदैन, पसेमा त्यसमाथि फौजदारी कारवाई गरिनेछ।

(१८) विद्यालयमा कुनै विद्यार्थीले कसूर गरेमा प्रधानाध्यापकले त्यसलाई एक हप्तासम्मका निमित्त विद्यालयबाट निष्काशित गर्न सक्नेछन्। निष्कासनको अवधि ३ दिनभन्दा बढी भएमा सेक्रेटरीलाई विवरण खोली

सूचना दिनू। ठूलो कसूर गर्दा विद्यालयबाटै निष्कासित गर्नु परेमा संचालक समितिले निष्कासनको अवधि एक महीनासम्म बढाई अंचल शिक्षा अफिसमा लेखी निकासा आए बमोजिम गर्नु, यसरी दण्डित विद्यार्थीले दण्डको विरूद्धमा अंचल शिक्षा अफिसमा दण्ड पाएको १५ दिनभित्र उजूर गर्न सक्नेछ।

(१९) प्रधानाध्यापकको जिम्मामा रहेको खेलकूल, मसलन्द आदिको रकम आर्थिक वर्षभित्र निजले खर्च गरिहाल्नु पर्दछ, नगरेमा निज उत्तरदायी ठहरिनेछन्। संचालक समिति जिम्मा रहेको भवन निर्माण आदिको रकम पनि समयभित्र खर्च नगरे संचालक समिति उत्तरदायी हुनेछ।

(२०) प्रत्येक सामयिक परीक्षापछि विद्यार्थीका संरक्षकहरूलाई विद्यार्थीको काम, उन्नति, चालचलन आदि वारेको रिपोर्ट पठाउनू।

(२१) शिक्षालयमा उठेको शुल्क, मितिसाथ आम्दानी बहीमा चढाई उठेको चार दिनभित्रै सेक्रेटरीकहाँ जम्मा गरिदिनू।

(२२) महीना महीनाको शिक्षालयलाई ठेकिएको दरबन्दी बमोजिमको वेतन भत्ता आदि सेक्रेटरीबाट पास गराई दिने दिलाउने गर्नु।

(२३) माध्यमिक विद्यालयमा लामो बिदा, (मीनपचास वा वर्षे), मा प्रधानाध्यापक नरहँदा निजले सेक्रेटरीसंग राय गरी अध्यापकहरूमध्ये एक जनालाई अफिस इन्चार्ज गराई जानू। सो बिदामा काम गरे वापत अफिस इन्चार्ज हुनेलाई सट्टा बिदा वा निजको वेतन सरहको पारिश्रमिक संचालक समितिले दिनु पर्दछ। सरकारी विद्यालयमा बजेटले नमिल्ने भए सट्टाबिदा दिनू।

(२४) कुनै शिक्षक वा कर्मचारी शिक्षालय लाग्ने तोकिएको समयभन्दा १५ मिनेट ढिलो आएमा चेतावनी दिनू। आएको समय हाजिरी बहीमा लेखी निजसंग ढिलो आउनाको लिखित कारण लिई सेक्रेटरीकहाँ पठाइदिनू। यस्तो बराबर ढिलो आउने शिक्षक वा कर्मचारी चेतावनी पाउँदा समयमा आउन सकेनन् भने निजहरूलाई संचालक समितिले विद्यालयबाट खारेज गर्ने लेखापढी चलाउनु पर्दछ। १५ मिनेटभन्दा बढी ढिलो आउने शिक्षकलाई गयल गरिदिनू।

(२५) कुनै अपर्झट कारण परी शिक्षालय चलिरहेको बेलामा कुनै शिक्षकलाई त्यस दिनको बाँकी समयका लागि बिदा चाहिएमा प्रधानाध्यापकले आवश्यकता हेरी आफ्नो तजबीजबाट बिदा दिन सक्नेछन्।

(२६) शिक्षालय लाग्ने समयमा घनघोर वर्षा भइरहेको अवस्थामा पनि शिक्षक र कर्मचारी विद्यालयमा उपस्थित हुनेछन्, तर विद्यार्थीको उपस्थिति संख्या सयकडा ४० पनि नभएमा वा धेरै भिजेर आएको देखिएमा प्रधानाध्यापकको तजबीजले शिक्षालय बन्द गरे हुन्छ। कुनै दिनमा विद्यालय चालिरहेको बखतमा कुनै विशेष कारणवश बाँकी समयका लागि प्रधानाध्यापकले कारण जनाई शिक्षालय बन्द गर्न सक्नेछन्।

(२७) परीक्षाका उत्तर कापीहरू परीक्षा भएको मिति देखि ६ महीनासम्म हिफाजत गरी राख्नू।

(२८) प्रधानाध्यापकले परीक्षामा चोरी वा अरू कुनै अनुचित काम गर्ने विद्यार्थीलाई सो दिनको परीक्षाबाट निकाल्न वा सो परीक्षाका बाँकी पत्रहरूमा सम्मिलित हुन नदिन पनि सक्नेछन्।

(२९) शिक्षालयमा सामाजिक तथा सांस्कृतिक कार्यक्रममा स्काउटिङ्ग, ग्राम वा नगर सफाइ, चारपाते क्लब, साहित्यगोष्ठी, विज्ञानगोठी, नाटकगोष्ठी आदिमा विशेष ध्यान दिनू दिलाउनू।

१७. प्रत्येक शिक्षालयमा आवश्यकतानुसार निम्नलिखित बहीहरू हुनैपर्दछः

(१) छात्रभर्नाबही: यसमा तल लेखिए बमोजिमका कोठा रहनुपर्दछ।

(क) सिलसिलेवार नम्बर।

(ख) छात्रको नाम र थर।

(ग) पिताको नाम र पेशा।

(घ) संरक्षकको नाम र पेशा।

(ङ) छात्रको बस्ने ठाउँ (बाबु, आमा वा संरक्षकसित वा छात्रावासमा)।

(च) जन्ममिति विक्रम सम्वत् बमोजिम।

(छ) अर्को शिक्षालयबाट आएको विद्‍यार्थी छ भने त्यस शिक्षालयको नाम, पढ्ने गरेको कक्षा, स्थानान्तर प्रमाणपत्रको नम्बर र मिति। सो प्रमाणपत्र हिफाजतका साथ फाइल गरी राख्नु।

(ज) भर्ना भएको मिति।

(झ) बाबु, आमा वा संरक्षकको दस्तखत (पहिलो पटक भर्ना हुन आएको छ भने मात्र (स्था.प्रमाणपत्र लिई आउनेहरूलाई यसको आवश्यकता छैन।)

(ञ) भर्ना भएको कक्षा।

(ट) प्रधानाध्यापकको दस्तखत।

(ठ) कैफियत।

(२) छात्रहरूको दैनिक हाजिरी बही (हरेक कक्षाका निमित्त छुट्टाछुट्टै हुन पर्दछ।)

(३) आगन्तुक बही।

(४) शुल्कबही।

(५) छात्रवृत्ति बही।

(६) स्थानान्तर प्रमाणपत्र।

(७) स्थानान्तर प्रमाणपत्र दिएको दर्ता गर्ने बही।

(८) स्थानान्तर प्रमाण पत्र आएको दर्ता गर्ने बही।

(९) स्थानान्तर प्रमाणपत्र आएको राख्ने फाइल।

(१०) शिक्षकहरूको हाजिरी बही (सबै शिक्षकहरूका निमित्त यौटै बही राखी यसमा आउने र जाने समय) र बिदाको समेत कोठा बनाउनू।

(११) नगदी बही।

(१२) शिक्षक र अरू कर्मचारीहरूलाई तलब बाँड्ने बही।

(१३) मसलन्द आम्दानी खर्च बही।

शिक्षा मन्त्रालय

(१४) आदेश बही- यसमा प्रधानाध्यापकले लेख्दछन् र उपस्थित हरेक शिक्षकको आदेश मुन्तिर दस्तखत हुनुपर्दछ।

(१५) छात्रहरूको चालचलन र दण्ड सजाय बही।

(१६) शिक्षालयको फर्निचर र अरू मालसामानको बही।

(१७) सञ्चालक समितिको प्रस्ताव र सूचना बही।

(१८) संस्मरण बही (लगबुक) यसमा प्रधानाध्यापकले डायरीको रूपमा विद्यालय सम्बन्धित महत्वपूर्ण घटनाहरू वारे विशेष कुराहरूको विवरण लेख्नुपर्दछ।

(१९) छोटकरी हाजिरी बही।

(२०) शिक्षकहरूको विदा बही (दरखास्त आएपछि बिदा माग्नाको कारण छोट्करी र मितिसहित स्वीकृति भएको वा नभएको लेख्ने) प्रधानाध्यापक र सेक्रेटरी दुवैले एउटै बही व्यवहार गर्न सक्दछन्। शिक्षकको नाम साथ बिदा दिनेको सही पनि यसमा हुनुपर्दछ।

(२१) पुरस्कार वितरण बही।

(२२) पुस्तकालय र सामूहिक कोठाको हिसाब राख्ने बही।

(२३) खेलकूद विषयको हिसाव राख्ने बही।

(२४) प्रगतिबही (यसमा विद्यालयको कक्षा कक्षामा पढाउन तयार गरिएको मासिक योजना र भएको प्रगति लेख्नुपर्दछ)।

(२५) शिक्षकहरूको साप्ताहिक शिक्षण प्रगति (डायरी) बही (प्रत्येक शिक्षकको अलग अलग हुनुपर्दछ।)

(२६) प्रधानाध्यापकले गरेको निरीक्षण बही।

(२७) शिक्षकहरूको काम र आचरण वारेको बही।

(२८) भर्ना हुन आएका विद्यार्थीहरूको जाँच गरेकोमा तिनीहरूको परीक्षाफल राख्ने बही।

(२९) सामयिक र वार्षिक वा टेष्ट परीक्षामा पाएका अंकहरू र फल दर्ता गरी राख्ने बही।

(३०) निरीक्षण बही (विभागीय) र आगन्तुक।

(३१) गरीब छात्र सहायताकोष बही।

(३२) बहीहरू राख्ने काइदा:

(क) छात्र हाजिरी बहीमा हाजिर भएका विद्यार्थीहरूका लागि हा, गयल भएकालाई ग, बिरामी भई दरखास्त मन्जूर भएकालाई बे. र अरू आवश्यक कामले बिदा लिएमा बि. जनाउनू।

(ख) बहीमा कुनै कुरा पनि पेन्सिलले लेख्नु हुँदैन, मसीले लेख्नु पर्छ।

(ग) शब्दमाथि शब्द वा अंक माथि अंक लेख्नु हुँदैन। संयोगवश गल्ती भएको खण्डमा सफासँग केरी त्यसको माथि शुद्ध गरी लेख्नू र त्यसमा अध्यापकले छोट्करी दस्तखत गर्नू।

(घ) लामो अथवा बेला बेलामा पाइने बिदालाई रातो मसीले जनाइ दिनू।

(ङ) महीनाको अन्तमा प्रत्येक विद्यार्थीको हाजिरीको संख्या त्यसको नामको सामुन्ने लेखी कक्षाका जम्मै विद्यार्थीहरूको हाजिरी संख्या जोडी तल दिएको काइदाद्वारा औसत हाजिरी निकाल्नू।

$$\frac{\text{भएको पूर्ण हाजिरी संख्या रू १००}}{\text{हुनुपर्ने हाजिरी संख्या}} = \text{औसत हाजिरी}$$

हुनुपर्ने हाजिरी संख्या = छात्र संख्या x हाजिरी उठेको जम्मा दिन।

दैनिक सरदर हाजिरी पनि तल लेखिएको काइदा बमोजिम निकाल्नू।

$$\frac{\text{महिनाको जम्मा हाजिरी}}{\text{काम भएको दिन}} = \text{दैनिक सरदर हाजिरी}$$

भाग लिंदा आएको शेष, भाजकको आधाभन्दा कम रहेछ भने लब्धि उही राख्नू, तर यदि शेष भाजकको आधाभन्दा बढ्ता रहेछ भने लब्धिमा एक जोडिदिनू।

छापिएका रजिष्टरहरूमा यी सबैका लागि बेग्लाबेग्लै कोठा हुन्छन् र त्यसलाई महीना महीनामा भर्दै जानु पर्दछ। महीनाको अन्तिम कामको दिन वा अर्को महीनाको अघिल्लो कामको दिनमा हरेक बहीको मासिक कार्य समाप्त गरी प्रधानाध्यापकले वा निजले खटाएको अध्यापकले बहीहरूमा दस्तखत गर्नू।

१८. शुल्क सम्बन्धी नियम:

(क) प्रत्येक वर्गका शिक्षकहरू (क्लास टीचर) आफ्नो आफ्नो वर्गबाट उठेको फीस जरिवाना आदिका लागि जिम्मेवार हुनेछन्। उठाएको फिस जरिवाना आदिको रसिद आफ्नो सही समेत छात्रलाई तुरून्तै दिई हाल्नुपर्दछ र उठेको रूपैयाँ २४ घण्टाभित्र प्रधानाध्यापकलाई बुझाई दिनु पर्दछ। जहाँ फीस आदि उठाउन समितिद्वारा बेग्लै कारिन्दा नियुक्ति गरिएको छ त्यहाँ वर्गका शिक्षकहरूले यो काम गर्नु पर्दैन।

(ख) प्रत्येक महीनाको फीस त्यस महीनाको ५, १० र १५ गते उठाउने गर्नु। १५ गतेपछि फिस २०, २५ र महीनाको अन्तिम दिनमा लिनू। १५ गतेपछि फिस ल्याउने विद्यार्थीहरूसंग हरेक विद्यार्थी २० गतेमा ने.रू. ५ पाँच पैसा, २५ गतेमा ने.रू. १० पैसा र महीनाको अन्तमा ने.रू. पच्चीस पैसा जरिवाना लिनू। यदि ५, १०, १५, २०, २५ र महिनाको अन्तिम दिन बिदाको दिन पर्‍यो भने सो बिदापछिको शिक्षालय खुलेकै दिनमा फीस उठाउनू। महीनाको अन्तिम दिन वा अन्तिम दिन बिदाको दिन पर्‍यो भने त्यस बिदाको भोलिपल्ट पनि बिद्यार्थीको फीस बुझाएन भने तिनको नाम काटिदिनू। उही कक्षामा सो विद्यार्थी भर्ना हुन आउँदा ने.रू. १ पुनः प्रवेश फीस र नतिरेको महीनादेखि भर्ना हुन आएको महीनासम्मको फीस र अरू बाँकी रकम लिई भर्ना गर्नू।

(ग) लामो बिदा (मीनपचास र वर्षे) हुने महीनाको फीस सो बिदा शुरू हुनुभन्दा पहिले नै उठाउनू।

(घ) विद्यार्थी गयल परेको हरेक दिनको निमित्त ने.रू. ५ पैसा, ढिलो आएकोमा ने.रू. २ पैसा र हाजिर भई भागेकोमा ने.रू. १० पैसा जरिवाना लिनू।

(ङ) जरिवाना माफी दिने नदिने अधिकार प्रधानाध्यापकको हुनेछ।

(च) पाठशालाहरूमा जरिवाना लाग्नेछैन।

(छ) फीस उठाउने दिनमा पनि दैनिक कार्यक्रम रोक्नु हुँदैन। फीस बुझाई रहेको विद्यार्थी वाहेक अरूलाई लेख्ने काम दिई राख्नुपर्दछ।

१९. फीसको दर:

(क) प्राथमिक शिक्षा निःशुल्क र अनिवार्य गर्ने श्री ५ को सरकारको उद्देश्य भए तापनि हाल केही वर्षका लागि त्यसो गर्न अनेक कठिनाइहरू पर्ने सम्भावना भएको हुँदा, शिक्षा विभागले तोकि दिएका पाठशालाहरूमा हाल निःशुल्क पढाई गर्ने र अरू पाठशालाहरूका हकमा, संचालक समितिले १ देखि ५ कक्षासम्मको विद्यार्थी शुल्क ने.रू. ३।- मा नबढाई शिक्षा निरीक्षक अफिसको स्वीकृति प्राप्त गरी निर्धारित गर्न सक्नेछ।

(ख) विद्यालयका भिन्न भिन्न कक्षाका लागि प्रति विद्यार्थी निम्नलिखित मासिक फीसको दर निर्धारित गरिएको छ:

| कक्षा | | दर ने.रू. |
|---|---|---|
| ६ | | ४।- |
| ७ | | ५।- |
| ८ | | ५।- |
| ९, १० | | ६।- |
| ११ | | ७।- |

(ग) माथि लेखिएको फीस बाहेक देहायमा दिइएका कामका निमित्त देहायका दरमा नबढाई मासिक फीस लिनू।

| विषय | कक्षा | दर ने.रू. |
|---|---|---|
| खेलकूद | ६,७,८ | ।२५ |
| खेलकूल | ९,१०,११ | ।५० |
| पुस्तकालय मनोरन्जन आदि | ६,७,८ | ।१० |
| पुस्तकालय मनोरन्जन आदि | ९,१०,११ | ।२० |

| | | |
|---|---|---|
| गरीब छात्र सहायता कोष | ६,७,८ | ।१० |
| गरीब छात्र सहायता कोष | ९,१०,११ | ।२० |
| विज्ञान फी (पढ्नेलाई) | ९,१०,११ मा हरेक विज्ञान विषयको | ।५० |

परीक्षा फीसको दर संचालक समितिले निर्धारित गर्नू।

यी वाहेक अरू कुनै किसिमको फीस लगाउनु परेमा सञ्चालक समितिले सम्बन्धित अंचल शिक्षा अफिसको पूर्व स्वीकृति लिई मात्र लगाउनू।

माथि दफा दफामा निर्धारित फीस र जरिवानाको दरभन्दा बढी कुनै विद्यालयले लिनु हुँदैन।

नजीकका विद्यालयहरूसित ईर्ष्या र द्वेषको भावना लिई होडतोड गर्ने उद्देश्यले विद्यालयको फीसमा घटबढ गर्नु हुँदैन।

२०. फीस माफ दिने

(क) शिक्षालयका ल्याकतदार, असल चालचलन भएका र पढाइमा राम्रो प्रगति गर्ने गरीब विद्यार्थीहरूलाई प्रधानाध्यापकको सिफारिसमा स्कूल संचालक समितिले सम्पूर्ण अथवा आधा फीस माफ दिनू।

(ख) फीस माफी गराउन चाहने विद्यार्थीहरूले प्रधानाध्यापक मार्फत सञ्चालक समितिमा दरखास्त दिनुपर्दछ। प्रत्येक वर्ष शिक्षालय खुलेको एक महीना भित्रै फीस माफ पाउने विद्यार्थीहरूको नाम घोषित हुनुपर्दछ। सो नाम घोषित नभएसम्म विद्यार्थीले नियमपूर्वकको फीस दिनै पर्दछ। तर एक पटक फीस माफी पाएका विद्यार्थीलाई माफी खारेज नभएसम्म फीस तिर्नु पर्दैन। यस्ता विद्यार्थीले पनि हरेक साल फीस माफीका लागि दर्खास्त दिनैपर्दछ।

(ग) शिक्षामा पिछडिएका वर्गका विद्यार्थीहरूलाई फीस माफ दिने विषयमा प्रधानाध्यापक र सञ्चालक समितिले विशेष ध्यान दिनू।

(घ) फीस पूरा वा आधा माफ पाएका विद्यार्थीहरूले विद्यालयमा लागेको अरू उपदफा १९ को (ग) बमोजिमको (खेलकूद परीक्षा आदि) पूरै तिर्नु पर्दछ।

(ङ) वार्षिक परीक्षामा फेल हुने, सामयिक जाँचहरूमा राम्रो नगर्ने, स्कूलमा बदचलनी गर्ने छात्रहरूको फीस माफी प्रधानाध्यापकले खारेज गरिदिन सक्छन्।

२१. विद्यालयमा विद्यार्थीको संख्या

(क) पाठशालामा प्रत्येक शिक्षकका लागि विद्यार्थी संख्या २५ देखि ४० हुनेछ। विद्यालयका ६, ७, ८ कक्षाहरूमा ४० मा नबढाई र ९, १०, ११ कक्षाहरूमा ५० मा नबढाई विद्यार्थी भर्ना गर्नू। विद्यार्थी संख्या बढी भई सेक्शन खोल्नु परेमा अर्को सेक्सनको व्यवस्था गरी सम्बन्धित शिक्षा निरीक्षक वा अन्चल शिक्षा अफिसमा सूचना दिनू। शिक्षालयमा अध्यापक, स्थान र सरसामानहरूलाई दृष्टिमा राखी माथि लेखिएको संख्यामा घटाई विद्यार्थी भर्ना गर्ने कुरामा प्रधानाध्यापक र संचालक समितिको तजबीजले काम गरे हुन्छ। तर कुनै कक्षामा विद्यार्थीको संख्या २५ भन्दा कम भएमा सम्बन्धित शिक्षा निरीक्षक वा अञ्चल शिक्षा अफिसले सो कक्षा खोल्न नदिन पनि सक्छन्।

(ख) ५ वर्ष उमेर नपुगेका कक्षा १ मा, ६ वर्ष नपुगेका २ मा, ७ वर्ष नपुगेका ३ मा, ८ वर्ष नपुगेका ४ मा र ९ वर्ष नपुगेका ५ मा भर्ना गर्नु हुँदैन। १२ वर्ष भन्दा बढीको कुनै विद्यार्थी कक्षा १ मा भर्ना गर्नु हुँदैन। यसरी क्रमानुसार माथिल्ला कक्षाहरूमा भर्ना गर्दा उमेर मिलाई भर्ना गर्नू। उदाहरणार्थ - १० वर्ष नपुगेका र १७ वर्षभन्दा माथिका छैटौं कक्षामा भर्ना गर्नु हुँदैन आदि। यो नियम यो शिक्षा व्यवहारविधि लागू भएको मितिदेखि अगाडि भर्ना भइसकेकाहरूमा लागू हुँदैन।

(ग) कुनै छात्र पहिला पटक शिक्षालयमा भर्ना हुन आउँदा आफ्नो बाबु, आमा वा संरक्षकका साथमा आई भर्ना हुनुपर्दछ। भर्ना फार्म भर्दा विद्यार्थीको आमा, बाबु वा संरक्षक विद्यार्थीसंगै आउन नसकेमा आफ्नो तर्फबाट कुनै मानिसलाई आफ्नो हस्ताक्षरको पत्र मार्फत यो काम गर्ने अधिकार दी पठाउनुपर्छ।

नोट: - उमेर एक पटक दर्ता भैसकेपछि त्यसमा अदली बदली गर्न पाइदैन। भूलचूकले गल्ती हुन गएमा भर्ना भएको एक वर्षभित्र

छात्रको बाबु आमा वा संरक्षकले प्रमाणसहितको कुरा प्रधानाध्यापक मार्फत अंचल शिक्षा अधिकारीलाई लेखी निकासा भए बमोजिम गर्नू।

(घ) पाठशालामा सहशिक्षा हुनेछ। विद्यालयमा सहशिक्षा गर्ने वारे संचालक समितिले नै निर्णय गर्नेछ।

२२. (क) पाठशालामा कक्षा १ देखि ४ सम्म र विद्यालयमा ६, ७ र ८ कक्षाहरूमा प्राइवेट तवरबाट पढी आएका विद्यार्थी भर्ना गर्न सकिनेछ। तर कक्षा ६, ७ र ८ मा यसरी भर्ना हुने विद्यार्थीले कक्षा ५ को परीक्षा पास गरेको हुनुपर्दछ। प्राइवेट रूपबाट भर्ना गर्दा राम्ररी हरेक विषयको जाँच गरी हरेकमा पास भए मात्र भर्ना गर्नु र जाँचका उत्तर कापीहरू शिक्षा निरीक्षक वा अंचल शिक्षा अफिसर आएका बखत देखाउनू। प्राइवेट रूपबाट भर्ना गरिएका विद्यार्थीहरू अयोग्य लागेमा शिक्षा निरीक्षक वा अंचल शिक्षा अधिकारीले तलका कक्षामा झार्न पनि सक्नेछन्। पाँचौं कक्षा पास गरेको १ वर्ष नभई ६ मा, २ वर्ष नभै ७ र ३ वर्ष नभै ८ मा प्राइवेट रूपबाट भर्ना गर्नु हुँदैन। पाँचौ कक्षा पास गरेपछि कुनै विद्यालयमा नपढेको उचित कारण पनि देखाउनुपर्दछ। सेसनको बीचमा र वार्षिक परीक्षा पास नगरी कुनै शिक्षालयबाट स्थानान्तर प्रमाणपत्र लिइ आएको विद्यार्थीलाई प्रमाणपत्रमा लेखिएको कक्षाभन्दा माथिल्लो कक्षामा भर्ना गर्नु हुँदैन, तर वार्षिक परीक्षा पास गरी स्थानान्तर प्रमाणपत्र ली आएमा त्यस प्रमाणपत्र बमोजिम माथिल्लो कक्षामा भर्ना गर्नू।

(ख) शिक्षालयमा वार्षिक परीक्षा नदिई विद्यालय छाड्ने विद्यार्थी अर्को सेसनमा वा पछि जहिले आए पनि उही कक्षामा राख्नू। केही गरी वार्षिक परीक्षा छल्ने उद्देश्यले नछाडी बेरामी भई वा आफ्नो बश बाहिरको कारणले परीक्षा दिन नसकेमा र संरक्षकले समय मै नियमित प्रमाणपत्र साथ आवेदन पत्र दिएमा प्रधानाध्यापकले हरेक विषयमा नियमित रूपले परीक्षा लिन सक्नेछन्। यो परीक्षा सेसन आरम्भ भएको एक महीनाभित्रै भैसक्नुपर्दछ।

(ग) शिक्षालयको सेसन पौष १ गतेदेखि मार्ग मसान्तसम्म रहनेछ। वर्षे विदा लिनेले पौष १ गतेभन्दा ढिलो नगरी र हिउँदे बिदा लिनेले फागुन १ गतेभन्दा ढिलो नगरी पढाइ शुरू गर्नू। पढाई शुरू भएको मितिको एक महीनाभित्रसम्म आएका नयाँ विद्यार्थीलाई भर्ना गर्नू। त्यसपछि आएकालाई जाँचको स्तर उच्च गरी उत्तीर्ण भएकालाई मात्र अर्को एक महीनासम्म शिक्षालयमा स्थान भए भर्ना गरे हुन्छ। तर फीस सबै विद्यार्थीले सेसनको शुरूदेखि नै तिर्नुपर्छ।

(घ) शिक्षालयमा बढ्दा वार्षिक परीक्षा दिनलाई हरेक छात्रले पूरा सेसनको फीस तिर्नु पर्दछ। तर स्थानान्तर प्रमाण पत्र लिई आउनेहरूले उही सेसनमा जैले भर्ना हुन आए पनि अघिल्लो शिक्षालयमा फीस नदिएको महीनादेखिको फीस दिनुपर्दछ।

(ङ) एस.एल.सी. मा फेल भै फेरि उही विद्यालयमा पढ्न आएका विद्यार्थीसित भर्ना फिस लिनु हुँदैन। एघारौं कक्षाका विद्यार्थीसंग टेष्ट परीक्षा भएको महीनासम्मको फीस लिनु पर्दछ। एस.एल.सी. परीक्षामा फेल भएका विद्यार्थी फेरि भर्ना हुन आउँदा जुन महीनासम्मको फीस तिरीसकेको छ त्यसपछिको महीनादेखिको फीस लिनू। एस.एल.सी. परीक्षामा दुई वर्ष फेल हुनेलाई फेरि भर्ना गर्न कुनै विद्यालयलाई कर रहनेछैन।

(च) प्रवेश फीस कक्षा फीसभन्दा बढ्ता राख्नु हुँदैन। प्रवेश फीस कति राख्ने भन्ने कुराको निर्णय संचालक समितिले नै गर्नेछ।

(छ) एक पटक शिक्षालयबाट नाम काटिई कुनै छात्र अर्को वर्षमा उही शिक्षालयमा भर्ना हुन आएमा भर्ना बहीमा उसको पूर्ण विवरण पुनः दिई भर्ना गर्नु पर्दछ र कैफियतमा पहिले भएको भर्ना संख्या र मिति जनाई दिनुपर्दछ।

२३. स्थानान्तर प्रमाणपत्र (ट्रान्सफर सर्टिफिकेट)

(क) एउटा स्कूल छाड्ने इच्छा गरी स्थानान्तर प्रमाणपत्र लिनु परेमा छात्रको बाबु, आमा वा संरक्षक स्वयं आई स्कूल छाड्नाको कारण दिंदै दरखास्त

दिएमा वा आफू आउन नसके सोही व्यहोराको दरखास्त आफ्नो हस्ताक्षर साथ पठाएमा प्रधानाध्यापकले प्रमाणपत्र दिनेछन्।

(ख) स्थानान्तर प्रमाणपत्रको फीस पाठशालामा ने.रू. १।- मा नबढाई र विद्यालयमा ने.रू. ३।- मा नबढाई निर्धारित गर्नू।

(ग) स्थानान्तर प्रमाणपत्र निमित्त दरखास्त पाएको ४ दिनभित्र (शिक्षालय बिदा छैन भने) प्रधानाध्यापकले प्रमाणपत्र दिइहाल्नु पर्दछ।

(घ) माथि (ग) बाहेकका अरू कारणले स्थानान्तर प्रमाणपत्र रोकिएमा विद्यार्थी वा निजका संरक्षकले सम्बन्धित शिक्षा निरीक्षक वा अंचल शिक्षा अफिसमा लेखी पठाएमा निजले जाँचबुझ गर्दा उचित ठहरेमा प्रधानाध्यापकलाई स्थानान्तर प्रमाणपत्र दिने आदेश दिनेछन्। जाँचबुझ गर्दा ढिला हुने सम्भावना हुँदा विद्यार्थीलाई सो समयको लागि भर्ना गर्नु भन्ने आज्ञा जुनसुकै शिक्षालयलाई पनि शिक्षा निरीक्षक वा अंचल शिक्षा अधिकारीले दिन सक्नेछन्।

(ङ) सकल स्था.प्र. पत्र हराएमा त्यसको नकल ने.रू. २।- तिरेमा दिइनेछ। तर नक्कल दिनुभन्दा पहिले आवश्यक जाँचबुझ एवं सावधानीको आवश्यकता हुने हुँदा विद्यार्थीको आमा, बाबु वा संरक्षकले सकल स्था.प्र. पत्र पाएपछि विद्यार्थी कुनै शिक्षालयमा भर्ना भएको छैन र त्यो प्रमाणपत्र यथार्थमा हराएको वा नष्ट भएको हो भनी दरखास्त दिनुपर्दछ। ढाँटी आदेशपत्र दिएको ठहरेमा जालसाजी सम्बन्धी कारवाई गर्न सकिनेछ।

(च) शिक्षा विभागद्वारा स्वीकृत नभएका शिक्षालयले दिएको स्था.प्र.पत्र कुनै शिक्षालयले मन्जूर गर्नु हुँदैन। तर अनुमति पाएका वा अनुमति पाई थपिएका कक्षाको स्था.प्र. पत्रमा सम्बन्धित शिक्षा निरीक्षक वा अञ्चल शिक्षा अफिसरले मान्यता दिएमा त्यसलाई मन्जूर गर्नु पर्दछ। विदेशबाट आएका स्था.प्र. पत्रलाई त्यहाँका शिक्षा इन्स्पेक्टर वा सो सरहको शिक्षा अधिकारीले मान्यता दिएको भए मात्र मन्जूर गर्नू।

(छ) जुन महीनामा स्था.प्र.पत्र मागिन्छ त्यस महीनासम्मको शिक्षालय फीस र अरू दस्तुर लिनू, तर लामो बिदाको (मीनपचास वा वर्षे) अघिल्लो

महीनामा माग्न आएमा सो विदाको फीस र अरू दस्तुर पनि लिनुपर्दछ।

(ज) एस.एल.सी. परीक्षा पास भएका वा दिएकाहरू सित स्था.प्र. पत्र वापत कुनै किसिमको फीस दस्तुर आदि लिनु हुँदैन।

(झ) एक पटक शिक्षालय छाडी गई सो सेसनपछि जुन बेला पनि स्था.प्र.पत्र लिन आएमा नाम काटिएको एक महिनाको फीस आदि र प्रमाणपत्रको निमित्त तोकिएको रकम मात्र लिनू।

(ञ) टेस्ट परीक्षामा फेल भएका विद्यार्थीहरूले स्था.प्र. पत्र मागेमा टेस्ट परीक्षाको फल प्रकाशित भएको महीनासम्मको फीस लिनू, परीक्षाफल प्रकाशित भएको महीनापछि जैले आए पनि नियम बमोजिमको फीस लिई प्रमाणपत्र दिनू।

(ट) कुनै छात्र चालू वर्षमा एक शिक्षालय छाडी अर्को स्थानीय शिक्षालयमा शिक्षा निरीक्षक वा अंचल शिक्षा अफिसको पूर्व स्वीकृति प्राप्त नगरी भर्ना हुन पाउने छैन। सो स्वीकृति नलिई स्थानीय विद्यालयमा भर्ना भएको ठहरिएमा शिक्षा निरीक्षक वा अंचल शिक्षा अधिकारीले सो छात्रको नाम त्यस शिक्षालयबाट काट्न लगाई साविक शिक्षालयमा नै पुनः भर्ना गर्न वाध्य गर्न सक्नेछन्।

(ठ) स्था.प्र.पत्र सम्बन्धी विवादको अन्तिम निर्णय अंचल शिक्षा अधिकारीले गर्नेछन्।

२४ (क) गल्ती र कसूर गर्ने विद्यार्थीलाई प्रधानाध्यापक र अरू अध्यापकहरूले शान्तिपूर्ण तरीकाबाट सुधार्ने प्रयास गर्नुपर्दछ। यस्तो प्रयासबाट विद्यार्थीहरूको जीवन सुध्रने धैरै संभावना रहने देखिएको छ। यस्तो प्रयासमा प्रधानाध्यापक र अरू अध्यापकहरूको सफलता बहुतै प्रशंसनीय मानिनेछ। यस्ता बिद्यार्थीका कमजोरी र खरावीका विवरणका साथ त्यसलाई सुधार्न गरिएका उपाय, अपनाइएका तरीका, त्यसमा भएको सुधार र प्रगति आदि सबैको लिखित विवरण राख्नु बढिया हुनेछ।

(ख) सारै नै ठूलोकसूर गरेमा:

(१) कसूरदारको नैतिक उन्नति हुने कुने प्रकारको आशा नरहेमा र

(२) कसूरदारलाई विद्यालयमा राख्दा विद्यालय नै बिग्रने र यसको प्रतिष्ठामा धक्का लाग्ने सम्भावना भएमा निष्कासनको दण्ड यही शिक्षा व्यवहारविधिको दफा १६ उपदफा (१८) अनुसार दिन सकिनेछ।

**अध्यापक र कर्मचारीहरूले पाउने बिदा**

२५. शिक्षालयका अध्यापक र कर्मचारीहरूले श्री ५ को सरकारको गजेट बमोजिम बिदा पाउनेछन्।

२६. (क) कुनै शिक्षक घरमा सरूवा रोग (हैजा, प्लेग, बिफर आदि) भएर वा सरकारी न्यायालय कचहरीमा सरकारी समन आई जानु परेमा वा कुनै सरकारी सम्मेलनमा सरकारद्वारा खटिई जानु परेमा वा शिक्षा विभाग वा शिक्षालयको कुनै खास कामको निमित्त शिक्षालयबाटै खटिई जानु परेमा शिक्षालयमा हाजिर हुन नसक्दा सो बिदालाई बिदाको किसिम अनुसार हाजिर बहीमा (काज इत्यादि) जनाउनू, तर वेतन कट्टी नगर्नू। यस्तो बिदा दिंदा प्रधानाध्यापकले राम्ररी जाँची बुझी मात्र दिनू र झुठा रिपोर्ट गरेको ठहरेमा नोकरीबाट पनि खारेज गर्न कारवाई चलाउनू।

(ख) कुनै तोकिएको लामो बिदापछि हाजिर हुने दिनमा कुनै शिक्षक विना सूचना वा विना अनुमति गयल पर्न गएमा त्यस्ता शिक्षक खारेज पनि हुन सक्दछन् वा निजको तलब जफत हुन सक्तछ। तर कुनै शिक्षक अचानक बेरामी पन गएर वा आफ्नो बश बाहिरको कुनै दैवी घटनाले वाध्य भई बिदा निकासा लिन नसकी गयल पर्न गएकोमा संचालक समितिले राम्रोसंग जाँचबुझ गरी उचित प्रमाणको आधारमा रियायत दिए हुन्छ।

(ग) सबै शिक्षकहरूले शिक्षकको हाजिरी बहीमा कामको दिनमा आफू शिक्षालयमा हाजिर हुन आई पुगेको समय र शिक्षालय छाडी गएको समय लेखी हस्ताक्षर गर्नू। तल्लो दर्जाका कर्मचारीहरूको हाजिरी फार्म बैग्लै खडा गरी त्यसमा तिनीहरूको हाजिरी गर्ने गर्नु।

२७. विद्यार्थीहरूको हाजिरी, बिदा, गयल:

(क) शिक्षालयको प्रत्येक विद्यार्थीलाई वर्षमा विद्यालय बसेको जम्मा दिनको कममा कम सयकडा ७५ दिन शिक्षालयमा हाजिर हुनु आवश्यक छ। लामो बेरामी, दैवी प्रकोप वा अरू कुनै विशेष कारणवश ७५ प्रतिशत हाजिरी नपुगेमा उचित प्रमाणको आधारमा प्रधानाध्यापकको तजबीजले छुट दिए हुन्छ। विनाकारण ७५ प्रतिशत हाजिरी नपुगेमा, प्रधानाध्यापकले त्यस विद्यार्थीको प्रमोशन रोक्न सक्नेछन्।

(ख) शिक्षालय लागेको १५ मिनेटभित्र उपस्थित हुने विद्यार्थीलाई लेट (ढिलो) भनी हाजिरी बहीमा लेख्नु र त्यसपछि आउनेलाई गयल गरिदिनू। चालू महीनाको गयल र लेट जरीवाना अर्को महीनाको फीससित असूल गर्नु।

(ग) विद्यार्थीहरू गयल परी सो गयल परेको दश दिनभित्र दरखास्त दिएमा प्रधानाध्यापकको तजबीजले गयल जरीवाना माफ गरे हुन्छ। नयाँ वर्षको लागि शिक्षालय खुलेको मितिदेखि अकारण लगातार दश दिनसम्म गयल परेमा र अरू बखत लगातार सोह्र दिनसम्म गयल परेमा सो विद्यार्थीको नाम शिक्षालयबाट काटिदिनू र सो विद्यार्थी फेरि भर्ना हुन आएमा दफा नं. १६ बमोजिम गर्नू। वर्षको आरम्भमा गयल पर्नेहरूसंग दोबर गयल जरीवाना लिनू।

(घ) विद्यार्थीलाई बिदा दिने अधिकार प्रधानाध्यापकलाई हुनेछ। कुनै विद्यार्थीले बिदा चाहेमा रीतपूर्वकको दरखास्त लेखी आफ्नो बाबु, आमा वा संरक्षक वा छात्रावासको सुपरिन्टेन्डेण्टको सिफारिस गराई ल्याउनू। बिदाको स्वीकृति सकेसम्म अगावै लिई बस्नू।

२८. वर्षमा शिक्षालयमा दिइने सार्वजनिक बिदा

(क) हरेक शिक्षालयले निम्नलिखित बिदा बस्ने गर्नू:

| बिदा | दिन |
|---|---|
| प्रत्येक शनिश्चरवार | १ |
| श्री ५ महाराजाधिराजको जन्मदिन | १ |
| हरिशयनी एकादशी | १ |

| | |
|---|---|
| हरिबोधिनी एकादशी | १ |
| मेषसंक्रान्ति | १ |
| कर्कटसंक्रान्ति | १ |
| मकरसंक्रान्ति | १ |
| कृष्णाष्टमी | १ |
| ऋषितर्पणी | १ |
| घटस्थापना | १ |
| दशैं बिदा | ९ सप्तमीदेखि पूर्णिमासम्म |
| तिहार बिदा | ३ |
| श्रीपंचमी | १ |
| महाशिवरात्री | १ |
| रामनवमी | १ |
| सूर्यग्रहण परेको दिन | १ |
| प्रजातन्त्र दिवस | १ |
| श्री पृथ्वीजयन्ती | १ |
| श्री त्रिभुवन जयन्ती | १ |
| श्री बुद्धजयन्ती | १ |
| स्थानीय बिदा | ७ |
| स्त्रीजातिलाई तीजको बिदा | १ |
| वर्षे वा मीनपचास | ४५ यसभित्र परेका शनिवार र अरू बिदा समेत। |

(ख) आवश्यकतानुसार वर्षे बिदा लिनेलाई हिउँदमा र मीनपचासको बिदा लिनेलाई वर्षाको समयमा १५ दिनसम्मको कृषि बिदा दिन सकिनेछ।

यो १५ दिनको बिदामा पनि पर्न आएका शनिवार र अरू सार्वजनिक बिदा सामेल छन्।

(ग) श्री ५ महाराजाधिराजको जन्मदिन, श्रीपंचमी, प्रजातन्त्रदिवस र जयन्तीहरू परेको दिनमा अध्यापक र विद्यार्थी सबै विद्यालयमा भेलाई भई उत्सव मनाउनू।

(घ) माथि उपदफा (क) मा स्थानीय बिदा दिन ७ लेखिएकोमा स्थान, स्वदेशको रीतिचलन आदि अनुसारका बिदा, जस्तैः – फागु, गाइजात्रा सम्झनू।

(ङ) संक्रामक रोग (हैजा, प्लेग, बिफर आदि) फैलिई शिक्षालय बन्द गर्न आवश्यक परेमा शिक्षालय संचालक समितिले एक पटकमा १० दिनसम्म शिक्षालय बन्द गरी सम्बन्धित शिक्षा निरीक्षक वा अंचल शिक्षा अफिसमा सूचना दिनू।

(च) बिदा परेकै दिनमा बिदा दिनू, त्यसको अगाडि पछाडि त्यही बिदा दिनु हुँदैन।

(छ) शिक्षालयका एक सेसनमा कामको दिन कममा कम २३० हुनुपर्दछ। यसमा परीक्षाका दिनहरू पनि सामेल छन्।

(ज) हरेक साल चैत्र महीनामा नै अंचल शिक्षा अधिकारीले आफ्नो अंचल भित्र पर्ने शिक्षा निरीक्षकहरू र केही शिक्षणसंस्थाका अधिकारीहरूसंग सरसल्लाह गरी आगामी वर्षका लागि बिदाको सूचि बनाई सबै शिक्षालयहरूमा पठाउने गर्नू।

**सरकारी शिक्षालयहरूका निमित्त विशेष नियम**

हरेक सरकारी शिक्षणसंस्थामा तल लेखिएका कुराहरूमा तल लेखिए बमोजिम गर्नू गराउनू। अरू सबै कुराहरूमा यस शिक्षा व्यवहारविधिमा उल्लेख भएका अरू दफा उपदफा बमोजिम गर्नू गराउनू।

(१) अध्यापक वा अन्य कर्मचारीहरू सस्पे48ड गर्नु पर्दा सम्बन्धित शिक्षा निरीक्षक या अंचल शिक्षा अफिसमा लेखी निकासा आए बमोजिम गर्नू।

(२) शिक्षालयको फीस जरीवाना आदिबाट उठेको रकम र सरकारबाट ठेकिएको दरबन्दी अनुसार वा पटके रूपमा सरकारबाट पाइने रकमको आम्दानी, खर्च, स्रेस्ता जाँच आदि श्री ५ को सरकार शिक्षा विभागको नियम र आदेशानुसार गर्नु गराउनू।

## पुस्तकालय

कसैले पुस्तकालय खडा गर्ने इच्छा गरी सरकारी स्वीकृति लिन खोजेमा निम्नलिखित कुराहरू जनाई सम्बन्धित शिक्षा निरीक्षक अफिसमा दरखास्त दिनू। निम्न लिखित कुराहरूको पूर्ण ज्ञान नभई कुनै पुस्तकालयलाई सरकारी स्वीकृति वा सहायता दिइने छैन:

(क)

१. पुस्तकालय रहने ठाउँको नाउँ, भौगोलिक स्थिति, अन्दाजी जनसंख्या, नजीकमा विद्यालय भए त्यसको विवरण।

२. पुस्तकालय खडा गर्न चाहने मानिसहरू मध्ये कममा कम ७ जना स्थानीय घरद्वार भएका प्रतिष्ठित व्यक्तिका सहिछाप समेत, यस पुस्तकालयका निमित्त कति द्रव्य, जग्गा, जेथा पाउने त्यसको खुलासा।

३. पुस्तकालयका साथ साथै वाचनालय पनि रहने वा नरहने।

(ख) कुनै पुस्तकालय स्वीकृति पाएर खडा हुने भएपछि त्यसको कार्य संचालनका निमित्त एउटा प्रबन्धकारिणी समिति खडा गरी आवश्यक नियमहरू बनाई काम गर्नू।

(ग) स्वीकृत पाठशालाहरू सदा सर्वदा सरकारी अधिकारीद्वारा जाँचका निमित्त खुला रहनुपर्दछ।

(घ) शिक्षानिरीक्षक र सरकारी अफिसले समय समयमा टूर गर्दा पुस्तकालयहरूको राम्रो निरीक्षण गरी उचित अनुचित पुस्तकहरूको विचार गर्नेछन्। यदि कुनै पुस्तक अनुचित वा अयोग्य ठहर्‍यो भने पुस्तकालयका अधिकारी वर्गलाई यसको सूचना दिई सो पुस्तक जफत भएमा निरीक्षणबहीमा नोट गरिदिनेछन्।

(ङ) पुस्तकालयहरूको वर्गीकरण तल लेखिए अनुसार हुनेछ।

| | |
|---|---|
| क वर्ग | पुस्तक संख्या १००० देखि माथि |
| ख वर्ग | पुस्तक संख्या ५०१ देखि १००० सम्म |
| ग वर्ग | पुस्तक संख्या ३०१ देखि ५०० सम्म |

एक पुस्तकको जति प्रति राखे पनि सो एकै पुस्तक मानिनेछ। साप्ताहिक, वार्षिक, मासिक, त्रैमासिक पत्रिकाहरू पुस्तक मानिनेछैनन्।

(च) माथिको संख्यामा (ख) र (ग) श्रेणीमा कममा कम तृतीयांश नेपाली भाषाका पुस्तक हुनुपर्दछ। (क) वर्गमा सकेसम्म धेरै नेपाली पुस्तक रहनुपर्दछ। पुस्तकालयमा यस्ता कुनै पुस्तक राख्नु हुँदैन जसबाट मानिसको नैतिक विकास, आध्यात्मिक विचार, विनय, अनुशासन र चरित्रमा बाधा परोस्।

पुस्तकहरू यस्ता हुनुपर्दछ, जसबाट समाजको नैतिक, सामाजिक, आध्यात्मिक, आर्थिक, वैज्ञानिक र राजनैतिक विकास होस् र ती स्वस्थ चरित्र गठन गर्न सकून्।

(छ) शिक्षालयहरूमा पुस्तकालय: - प्रत्येक शिक्षालयमा एउटा राम्रो पुस्तकालय हुनै पर्दछ। यसको निमित्त बेग्लै स्वीकृति लिनु पर्दैन।

(ज) साधारणतः पुस्तकालयमा चार प्रकारका पुस्तकहरू राख्नू। १. रेफरेन्सका पुस्तकहरू, २. शिक्षकहरूलाई चाहिने पुस्तकहरू, ३. विद्यार्थीहरूको निमित्त उपयोगी पुस्तकहरू, ४. कक्षा कक्षामा पढाइने पुस्तकहरू। विद्यार्थीहरूलाई पुस्तकहरूको उपयोग गर्न प्रोत्साहन दिने गर्नू। प्रधानाध्यापकले आफ्नो तजवीजबाट भिन्न भिन्न शिक्षकहरूलाई पुस्तकालयको भिन्न भिन्न भागको जिम्मेवारी दिन सक्छन्। लाइब्रेरियन भएका ठाउँमा सो जिम्मेवारी निजलाई नै हुनेछ। विद्यालयमा चारै भागको जिम्मेवारी शिक्षकले लिएमा, एकै जनालाई मात्र दिन सकिन्छ।

(झ) पुस्तकहरू दिंदा छात्रको ल्याकत, उमेर हेरी सोही अनुसारको पुस्तक दिनू। पुस्तक लैजाँदा छात्रले यसको निमित्त राखिएका बहीमा सहि गर्नु पर्दछ। कुनै पुस्तक पनि, शिक्षालयमा पढाइने बाहेक साधारणतः दुई प्रतिभन्दा बढ्ता राख्नु हुँदैन। शिक्षालयका पुस्तकालयबाट प्रधानाध्यापकले कक्षा कक्षाको पुस्तकालय बनाउन सक्नेछन्।

(ञ) सामूहिक कोठा: प्रत्येक शिक्षालयमा एउटा सामूहिक कोठा रहनुपर्दछ। यसमा चाहिने बेन्च, डेस्क, मेच, आदिको प्रबन्ध स्कूलले नै गर्नु पर्दछ र त्यहाँ फुर्सदको समयमा पढ्न वा मनन् गर्नको निमित्त शिक्षा विभागद्वारा स्वीकृत सामयिक पत्रपत्रिका र अखवारहरू राखिदिनु पर्दछ। विद्यार्थीहरूलाई ती पत्रपत्रिकाको उपयोग गर्ने प्रोत्साहन दिने गर्नुपर्दछ। सामूहिक कोठाको प्रबन्ध साधारणतः कुनै जिम्मेवार शिक्षकको अधीनमा एउटा उच्च कक्षाको विद्यार्थीलाई दिनू। पुराना जम्मा भएका पत्रपत्रिकाहरू लिलाम गरी वा बेची आएको आम्दानी कमन रूपकोषमा राख्नू।

(ट) हरेक पुस्तकालयले पालन गर्नु पर्ने केही नियमहरू:

(क) सूचिबही

(ख) स्टाफबही

(ग) पुस्तकको नाम

(घ) लेखक र प्रकाशकको नाम

(ङ) मूल्य

(च) क्याटलग नम्बर

(छ) हराएको नं. मिति

(ज) कसरी त्यो पुस्तक भर्ना गरियो

(झ) दिनेको नाम

(ठ) पुस्तकहरूको भर्ना असूल गर्ने बही: यसमा निम्नलिखित कोठाहरू रहनुपर्दछ:

(क) क्याटलगको नम्बर

(ख) निकासी भएको मिति

(ग) कसलाई दिएको

(घ) असूल भएको जम्मा रकम

(ङ) रूपैयाँ असूल गरेको रसीद नम्बर

(च) बुझ्नेको सहि

(ड) पुस्तकहरू चेक गर्ने विधि:  वर्षको एक पटक १५ दिनका निमित्त बाहिर गएका पुस्तकहरू सबै जम्मा पारी पुस्तकालय बन्द राख्नू र सबै कुरा चेक गरी हिसाब किताब ठीक गर्नू।

हिसाब ठीक गर्दा निम्नलिखित कुराको ध्यान राख्नू।

(१) अघिल्लो वर्ष चेक हुँदा पुस्तक संख्या कति थियो।

(२) त्यसपछि कति थपिए।

(३) हाल पुस्तक कति छन्।

यदि कुनै पुस्तक हराएको, नाश भएको वा नफर्केको छ भने त्यसको पूरा विवरण लेखी प्रधानाध्यापक वा सेक्रेटरी (पुस्तकालयको) कहाँ पठाउनू।

(ढ) पुस्तकालयको प्रत्येक पुस्तकमा पुस्तकालयको छाप हुनुपर्दछ।

(ण) पुस्तक हराएमा वा नोक्सानी भएमा सो हराउने, नोक्सान गर्ने, च्यात्ने, फोहर पार्ने व्यक्तिले त्यसको पूरा मूल्य र पोस्टेज तिर्नुपर्दछ वा पुस्तक भर्ना गर्नु पर्दछ। यदि कुनै श्रृङखलाबद्ध पुस्तक छ भने पूरा श्रृङखलाकै मूल्य तिर्नुपर्दछ वा भर्ना गर्नुपर्दछ।

**३१. छात्रावास**

(१) शिक्षालयमा पढ्ने सबै विद्यार्थी, आफ्ना बाबु, आमा वा अभिभावकको देखरेखमा वा शिक्षा विभागद्वारा स्वीकृत कुनै छात्रावासमा रहनुपर्दछ।

(२) छात्रावासको संचालक र सुप्रबन्धका निमित्त स्थानीय व्यक्तिहरूको एउटा संचालक समिति रहनुपर्दछ। जुन शिक्षालयको विद्यार्थी छात्रवासमा बस्दछन् त्यस शिक्षालयको अध्यापक पनि यस समितिमा रहनुपर्दछ। छात्रावास संचालन सम्बन्धी नियमहरू संचालक समितिले बनाई सम्बन्धित शिक्षा निरीक्षक, अंचल शिक्षा अधिकारी, शिक्षा निर्देशक वा तोकिएको अधिकारीबाट स्वीकृति लिनू।

(३) छात्रावासमा बस्ने विद्यार्थी सम्बन्धी नियमहरू, प्रत्येक विद्यार्थी छात्रावासमा भर्ना हुनासाथ दिनू।

४) छात्रावासमा बस्ने बिद्यार्थी शिक्षालयमा पढ्ने प्रमाणित विद्यार्थी हुनुपर्दछ। बाहिरिया कोही पनि निरीक्षकको आज्ञा विना बस्न पाउने



शिक्षा मन्त्रालय

छैनन्। छात्रावासका पाहुना पनि ३ दिनभन्दा बढी बस्न पाउने छैनन् र पाहुनाका निमित्त सकभर छुट्टै कोठाको प्रबन्ध हुनुपर्दछ।

(५) शिक्षालयसित गाभिएको छात्रावासमा सो शिक्षालयको शिक्षक र अरू छात्रावासमा संचालक समितिले रोजेको निरीक्षक (सुपरिन्टेन्डेण्ट) हुनुपर्दछ। निरीक्षकको वेतन संचालक समितिको तजवीजले दिनू।

(६) निरीक्षकले छात्रावासको संख्या हेरी अदप, काइदा कायम गर्न तथा सुविधा र सुव्यवस्थाका लागि तिनीहरू मध्येबाट मनिटर छानी राख्न सक्नेछन्।

(७) निरीक्षक सकेसम्म छात्रावासभित्रै वा त्यसको एकदम नजीक बस्नुपर्दछ।

(८) निरीक्षकले निम्नलिखित कुराहरूमा विशेष विचार राख्नुपर्दछ।

(क) छात्रावासको सफाइमा ध्यान दिने।

(ख) पानी, शौचालय, नुहाउने ठाउँ, भान्छे आदिको प्रबन्ध गराउने।

(ग) छात्रावासमा अनुशासन राख्ने, कुनै गडबडी भएमा सकभर आफै सुधार्ने, नसके संचालक समिति र शिक्षालयसित गाभिएको छात्रावासमा प्रधानाध्यापकलाई खवर दिने।

(घ) तोकिएको समयमा छात्रहरूको हाजिर लिने र निजहरूले अध्ययन गरे नगरेको हेर्ने।

(ङ) छात्रावासका नोकरचाकर आदिको प्रबन्ध गर्ने र तिनीहरूमाथि नियन्त्रण राख्ने।

(च) छात्रहरूको खानपीनको राम्रो प्रबन्ध गर्ने र तिनीहरूको मेस (सामूहिक रूपले खाने भान्छा) को बराबर देखरेख गर्ने।

(छ) छात्रहरूको खेलकूद, व्यायाम, मनोरन्जन, सांस्कृतिक कार्यक्रम आदिमा पूरा दिलचस्पी लिने।

(ज) कुनै छात्र बिरामी परेमा हेरचाह गर्ने गराउने र इलाजको उचित प्रबन्ध गर्ने। कुनै संक्रामक रोग भएमा रोगीलाई छात्रावासबाट तुरून्त हटाई समुचित इलाज गराउने व्यवस्था गर्ने, आवश्यक परेमा बाबु, आमा वा अभिभावकलाई तुरून्त खवर दिने।

संचालक समिति वा प्रधानाध्यापकद्वारा तोकिएका अरू काम गर्ने।

(९) छात्रावास, शिक्षा विभागका अधिकारीको निरीक्षणका लागि सँधै खुला रहनुपर्दछ।

(१०) छात्रावासमा आवश्यकतानुसारका (क) छात्र भर्ना बही-जसमा छात्रको नाम, उमेर, वतन, बाबु, आमा वा संरक्षकको नाम, छात्रले पढ्ने गरेको शिक्षालयको नाम र कक्षा समेत लेखिनुपर्दछ, (ख) छात्र हाजिरी बही, (ग) मेस आम्दानी खर्चबही, (घ) वेतनबही, (ङ) आदेशबही, (च) संचालक समितिको सूचना तथा प्रस्ताव बही, (छ) वेतनबही र आवश्यक भएमा अरू बहीहरू पनि राख्नू।

(११) संचालक समितिले छात्रावासमा हावा र घाम पस्ने कोठाहरू, आवश्यक फर्निचर र अरू आवश्यक सरसामानको प्रबन्ध गर्नु पर्दछ।

(१२) संचालक समितिको तजवीजले प्रत्येक छात्रबाट बहाल (सिटरेण्ड) लिनू।

(१३) छात्रावासका विद्यार्थीहरूलाई दण्ड सजाय दिने अधिकार निरीक्षक, प्रधानाध्यापक र संचालक समितिलाई रहनेछ। साधारण कसूर गरेमा, जस्तै समयको पावन्दी नमान्नु, हल्ला गर्नु, फोहर गर्नु, सफाइमा ध्यान नदिनु आदि कुराहरूमा निरीक्षकले उचित सजाय दिनू। ठूलो कसूरमा, जस्तै नैतिकपतन, अटेर गर्नु, पढाइमा बराबर ध्यान नदिनु अथवा त्यस्तो छात्रलाई छात्रावासमा राख्दा छात्रावासकै अनुशासन नरहने वा प्रतिष्ठामा धक्का लाग्ने आदि कुराहरूमा प्रधानाध्यापक वा संचालक समितिले कारवाई गर्नु।

३२. यस शिक्षा व्यवहारविधिको एक प्रति हरेक शिक्षणसंस्थामा राख्नै पर्दछ र राख्दा समय समयमा परिवर्तन गरिएका कुराहरूको सूचना हरेक शिक्षणसंस्थाले शिक्षा विभागबाट पाउनेछ।

३३. यस शिक्षा व्यवहारविधिमा थप, घट, परिवर्तन गर्ने अख्तियारी श्री ५ को सरकारलाई रहनेछ।

३४. यस शिक्षा व्यवहारविधिमा उल्लेख नभएका शिक्षा विभागका कर्मचारीहरू आवश्यकतानुसार श्री ५ को सरकारले समय समयमा तोकी निश्चय गर्नेछ र

तिनको कर्तव्य र अधिकार वारे श्री ५ को सरकार वा शिक्षा विभागले तोकी निश्चय गरेमा, सो यसै शिक्षा व्यवहारविधिमा परे सरह मानिनेछ।

३५. आवश्यकता परेमा श्री ५ को सरकारले यस शिक्षा व्यवहार विधिका कुनै दफा उपदफालाई केही समयका लागि, गजेटमा सूचना प्रकाशित गरी, निलम्बित गर्न सक्नेछ।

३६. यो शिक्षा व्यवहारविधि लागू भएको मितिदेखि १९९६ सालको शिक्षा सम्बन्धी इश्तिहार र यस व्यवहारविधिमा उल्लेख गरिएका विषयहरूसंग बाझने यसभन्दा अघिका सबै ऐन, नियम, विधान खारेज भएको सम्भिक्नेछ।

शिक्षा मन्त्रालय

# श्रीमाननीय शिक्षामन्त्रीज्यूको उद्‌घाटन भाषण

**उपस्थित शिक्षाप्रेमी,**

देशको सबभन्दा महत्वपूर्ण कुरा शिक्षा व्यवस्थाका सम्बन्धमा विचारविमर्श गरी सरकारको समक्ष आफ्नो सुझाउ प्रस्तुत गर्न आज हामी एकत्रित भएका छौ।कुनै पनि देशको विकास त्यस देशका नागरिकहरुको मानसिक विकास र दृष्टिकोण, देश र समाजप्रति आफ्नो कर्तव्य र उत्तरदायित्वको ज्ञान, प्राविधिक कुशलता इत्यादि माथि धेरै अंशमा निर्भर गर्दछ ।उक्त कुराहरु चाहिँ देशको शिक्षा पद्धति र शिक्षा व्यवस्थामा आधारित हुन्छ ।अतः विषयको गाम्भीरता र व्यापकतालाई पूर्णरुपले हृदयङ्गम गरी हामीले यस कुरामाथि विचार  गर्नुपरेको छ ।

केही वर्ष अगाडि एउटा राष्ट्रिय शिक्षा परियोजना आयोगको गठन गरिएको थियो, जसमा देशका धेरै शिक्षाशास्त्री तथा अन्य व्यक्तिहरु पनि सम्मिलित हुनुहुन्थ्यो ।आयोगले एउटा विस्तृत रिपोर्ट प्रकाशित गर्‍यो ।आयोगले गरेका केही सिफारिसहरु कार्यान्वित हुदैछन् र केही भइ पनि सकेका छन् ।यस दिशातर्फ हालसम्म गरिएको प्रगति र सरकारले गर्न खोजेका कार्यहरुको छोटकरी विवरण म तपाईहरुको समक्ष प्रस्तुत गर्न चाहान्छु ।

सबभन्दा पहिले प्राथमिक शिक्षालाई लिउँ ।राष्ट्रिय शिक्षा आयोगको रिपोर्टमा उल्लेख भएको प्राथमिक शिक्षाको ध्येय र आदर्शमा केही परिवर्तन आएको छैन ।सोही अनुसार शिक्षा प्रदान हुदैछ ।प्राथमिक शिक्षालाई क्रमशः निशुल्क गराउदै लाने व्यवस्था पनि भइराखेको छ ।

आयोगको रिपोर्ट अनुसार २०१८ सालसम्ममा १,५०,००० एक लाख पचास हजार छात्र छात्राहरुले प्राथमिक पाठशालाको प्राथमिक शिक्षा पाउनु पर्नेमा  लक्ष्य हालसम्म चलेका सबै किसिमका भाषापाठशाला, आधार प्राथमिक पाठशाला, शिक्षा विकासबाट चालु भएका र निर्वाचन क्षेत्रका आधारमा खोलिएका प्राथमिक पाठशालाहरुको रेकर्डबाट पूर्ण भएको पाइन्छ ।

नेपालभरमा जम्मा २९९९ प्राथमिक पाठशालाहरुमा  र हाइ तथा मिडिल स्कुलमा प्राथमिक ग्रेडहरुमा गरी १,५०,००० छात्रछात्राहरु प्राथमिक शिक्षा उपार्जन गरिरहेका छन् ।उपयुक्त आयोगको रिपोर्ट अनुसारको उद्देश्य पूरा गर्न १९६५ सम्ममा ३,००,००० छात्रछात्राहरुलाई प्राथमिक शिक्षा प्रदान गर्नुपर्दछ ।आगामी तीन वर्ष भित्रमा यो लक्ष्य

पूरा गर्न वर्षको १,००० प्राथमिक पाठशालाका दरले अरु ३,००० प्राथमिक पाठशाला खोल्नुपर्दछ । जसले गर्दा ६,००० पाठशालाहरुमा ३,००,००० छात्रछात्राहरुले शिक्षा पाउन सक्नेछन् ।

नयाँ पाठशालाहरु खोल्ने सम्बन्धमा सरकारले निम्नलिखित नीति अपनाएको वा अपनाउने विचार छ ।

१ पाठशाला भवन तयार पार्ने अभिभारा जनताले लिनुपर्दछ या स्कुलको नाममा पहाडमा सकेसम्म १० रोपनी र तराईमा सकेसम्म १० विघा जमिन दर्ता हुनुपर्दछ ।सरकारले जो सकेको आर्थिक सहायता दिनेछ ।तर कार्यको उठान चाही जनताबाटनै हुनु आवश्यक छ ।

२ अविकसित स्थानहरुका लागि आर्थिक सहायता सामान्य भन्दा बढी दिइनेछ ।

३ बाक्लो बस्ती भएको शहरी क्षेत्रमा जनसँख्याको आधारमा स्कुलको स्वीकृति दिइनेछ।

४ पातलो बस्ती भएका जिल्लाहरुमा ५ प्राथमिक पाठशालाको बीचमा १ मिडिल स्कुल र ३ मिडिल स्कुलको १ हाई स्कुल राखिनेछ ।

५ देशभरिका प्राथमिक पाठशालाहरुमा स्वीकृत पाठ्यपुस्तकहरु राखिनेछन् ।

६ नयाँ खोलिने प्राथमिक पाठशालाहरुमा नर्मल स्कुल तालिम प्राप्त शिक्षक रहनुपर्दछ ।कुनै खास कारण परेमा नजीकैको नर्मल स्कुलमा पछि तालिम लिन पठाउने सञ्चालक समितिले कबुलियत गर्नुपर्नेछ ।योग्यता पुगेका तर नर्मल तालिम नपाएका शिक्षकहरुको सञ्चालक समितिले दिएको नियुक्ति अस्थायी हुनेछ ।

७ अञ्चल विकास जिल्लाको ख्याल गरी प्रत्येक वर्षको नयाँ खोलिने स्कुलको कोटा विभाजन गरिनेछ ।

८ नयाँ खोलिने प्राथमिक पाठशाला स्कुलहरुले स्वीकृति पाएपछि आर्थिक सहायता रु ९०० पाउनेछन् ।जसबाट त्यस किसिमका पाठशालाले १ शिक्षकको तलव दिनेछन् ।

९ एक शिक्षक राख्नलाई वार्षिक आर्थिक सहायता रु ९०० शुरुको वर्षमा पाउने हुनाले पाठशाला सुचारु रुपले चलेमा अर्को वर्ष २ शिक्षक राख्नु पर्ने आवश्यक वर्षमा पाउने देखिएमा छात्रछात्राहरुको संख्या अनुपातमा २ शिक्षक राख्न वार्षिक १५०० र यसै किसिमले आवश्यक्ताअनुसार वर्षपिच्छे आर्थिक सहायता थपी क्रमशः नेरु २०००, २५००, ३००० सम्मको आर्थिक सहायता प्राथमिक पाठशालाले पाउन सक्नेछन् ।३००० नेरु आर्थिक सहायता पाएका पाठशालमा १५० भन्दा बढी छात्रछात्राको रुजु हाजिर हुन आवश्यक छ र त्यस स्कुलमा ५ वा ५ भन्दा बढी शिक्षक भएको हुनुपर्दछ ।यिनमा अध्यापकको स्तर पनि विचार गरिनेछ ।

**पाठ्यक्रम र पाठ्यपुस्तक**

भइरहेका शिक्षणसंस्थाहरुमा सुधार गर्ने पाठ्यपुस्तकको स्तरमा सुधार नगरी अरु सुधार व्यर्थ हुने हुँदा पाठ्यपुस्तक बालमनोविज्ञान अनुसार देशभक्ति र राजभक्तिको भावना प्रवल तुल्याउने उद्देश्य लिई सुहाउँदा किसिमका पाठ्यपुस्तकहरु निकाल्ने विचार भएको छ ।उपयुक्त व्यवस्थाको निम्ति सरकारबाट शिक्षासामग्री उत्पादन केन्द्र चालु गर्ने प्रबन्ध हुँदैछ ।त्यसो गर्न पाठ्यपुस्तक लेख्ने तालिम प्राप्त लेखकहरुको नियुक्तिको प्रबन्ध हुनेछ तर सबै जसो पुस्तक यसरी लेखाएर मात्र साध्य नहुने हुँदा किताबहरुको एउटा पाण्डुलिपि पठाउनाको निम्ति विज्ञापन पनि गरिनेछ ।प्राप्त पाण्डुलिपिहरुलाई एउटा कमिटीले जाँची योग्य ठहरिएकालाई सरकारद्वारा स्वीकृति तथा लेखकहरुलाई पारिश्रमिक दिई सरकारले नै सकेसम्म आफ्नो शिक्षाको प्रेसमा छपाउनेछ ।यस सम्बन्धमा शिक्षा विशेषज्ञहरुको एउटा कमिटी रहनेछ ।

धैरैजसो विद्यार्थीले पाठ्यपुस्तक समेत किन्न नसक्ने भन्ने बुझिएकोले सो अभावको पूर्ति गर्न र प्रोत्साहन दिई पाठ्यपुस्तक अथवा अरु उपयोगी बाह्यपुस्तकहरु समेतको घुम्ती पुस्तकालय हरेक जिल्लामा राख्ने व्यवस्था हुदैछ ।

**शिक्षक तालिम**

स्कुलहरुको राम्रो सञ्चालनको निमित्त शिक्षण कार्य केवल तालिम प्राप्त शिक्षकहरुद्वारा हुन आवश्यक छ ।तुरुन्तै सबै शिक्षकहरुलाई तालिम दिन सम्भव नभए तापनि क्रमशः सबै स्कुलहरुमा केवल तालिम प्राप्त शिक्षकहरु मात्र राख्ने दीर्घकालिन लक्ष्य राख्नु आवश्यक छ।यस कुरालाई ध्यानमा राखी नर्मल स्कुलको उद्घाटन भैसकेको छ ।यसको लक्ष्य निम्नलिखित छः

१ नेपाल अधिराज्यभरका प्राथमिक स्कुलहरुका लागि तालिम प्राप्त शिक्षकहरुको व्यवस्था मिलाउने

२ नेपाल अधिराज्यभरका प्राथमिक पाठशालाहरुको पाठ्यक्रम तथा शिक्षण प्रणालीमा एकरुपता ल्याउने,

३ वर्तमान प्राथमिक पाठशालामा काम गरिरहेका, तर तालिम नपाएका शिक्षकहरुलाई सेवा गरिरहेकै अवस्थामा तालिम दिने।

यस नर्मल स्कुलबाट अहिले सम्म तालिम दिइएका शिक्षकहरुको संख्या निम्न प्रकारको छ।

| | |
|---|---|
| २०११ | ११८ |
| २०१२ | ३३८ |
| २०१३ | १२४ |
| २०१४ | ७२६ |
| २०१५ | ३१८ |
| २०१६ | ५७३ |
| २०१७ | ७५० |
| जम्मा | २९४७ |

अहिले पनि स्थायी र घुम्ती समेत जम्मा १५ वटा नर्मल स्कुल राज्यका विभिन्न ठाउँमा खोलिएका छन् र १००० एक हजार शिक्षक प्रतवर्ष तालिम दिने लक्ष्य राखिएको छ ।अहिले सम्म करिब ३५ प्रतिशत तालिम प्राप्त शिक्षक विभिन्न प्राथमिक पाठशाला र स्कुलमा नियुक्त भएका छन् ।

शिक्षा मन्त्रालय

माध्यमिक शिक्षाको क्षेत्रमा आयोगले गरेका सिफारिसहरु र त्यस सम्बन्धमा अहिलेसम्म भएका प्रगतिको संक्षिप्त विवरण निम्न लिखित छः

१ जिल्लाका आधारमा एक एकवटा नमूनाको रुपमा बहुमुखी विद्यालयको स्थापना गर्ने, प्रगतिः जिल्लाको आधारमा नयाँ स्थापना गरिनुपर्ने नमूनारुपको बहुमुखी स्कुल आजसम्म एउटा पनि स्थापना गर्न सकिएको छैन। २०१७-१८ मा काठमाडौँमा खोल्ने लक्ष्य राखी कारवाही भैरहेको छ।

२ प्रचलित ढङ्गका हाइस्कुलहरुलाई बहुमुखी ढङ्गमा परिवर्तन गर्ने।

प्रगतिः पोखरामा एउटा प्रचलित ढङ्गको हाइस्कुलाई बहुमुखी ढङ्गमा परिणत गरी गत २ वर्ष देखी कार्य भै आएको छ ।२०१७-१८मा करिब ४ वटा प्रचलित ढङ्गका हाइस्कुललाई बहुमुखी स्कुलमा परिणत गर्ने दिशातर्फ कारबाई भैरहेको छ।

३ माध्यमिक स्तरका पाठ्यक्रम तथा पाठ्यपुस्तकहरुमा सुधार ल्याई युग तथा नयाँ पद्धति अनुकुल गराउने।

प्रगतिः पाठ्यक्रममा सुधारल्याई ब्यवसायत्मक प्रकारको विस्तृत पाठ्यक्रम बनाउने प्रयत्न भैराखेको छ।

४ प्रचलित हाइ तथा माध्यमिक शिक्षालयको शैक्षिक वातावरण, भवन, जग्गा तथा शिक्षक इत्यादिमा सुधार ल्याउने प्रयास गर्ने।

प्रगतिः प्रचलित हाइ तथा माध्यमिक शिक्षालयको शैक्षिक वातावरणमा सुधार ल्याउने प्रयास गरिआएको, यसका लागि भवन बनाउन जग्गा प्रदान गर्ने तथा शैक्षिक सामग्री, तालिमप्राप्त शिक्षकको सहयोग सरकार तर्फबाट प्रदान गर्ने शिक्षातर्फ यस वर्ष तदारुखसाथ कारवाई भैआएको छ ।

५ सहशिक्षालयहरुलाई प्रोत्साहन दिनेः

प्रगतिः यसमा खास नीति अपनाई कारवाही भएको छैन।

६ एउटै पद्धतिको माध्यमिक शिक्षाको पुनर्गठन।

प्रगतिः संस्कृत प्रणाली र अंग्रेजी प्रणालीमा खास गरी माध्यमिक स्तरमा सामजस्य स्थापना गर्न सकेको छैन।

७ माध्यमिक शिक्षा नीति, नियम तथा ऐन तथा ऐन कानूनको तर्जुमा गर्ने।

प्रगतिः नियम तथा ऐन कानूनको तर्जुमा पर्याप्त मात्रामा हुन पाएको छैन।

८ शिक्षा प्रचारको निमित्त शैक्षिक कर लगाउने।

प्रगतिः शिक्षा कर उठाउने व्यवस्था हुन सकेको छैन।

अव उच्चशिक्षा सम्बन्धी केही विवरण तपाईहरुको समक्ष राख्दछुः

**त्रिभुवन विश्वविद्यालयः**

नेपाल अधिराज्यमा उच्चशिक्षाको प्रचार हुनाको निमित्त आफ्नो विश्वविद्यालय हुन अत्यन्त आवश्यक भएकोले त्रिभुवन विश्वविद्यालय ऐन २०१६ द्वारा त्रिभुवन विश्वविद्यालको स्थापना भयो।विश्वविद्यालयले कलेजहरुको सम्बन्ध कायम गर्ने , परीक्षा लिने र अरु तत सम्बन्धी कार्य गरिरहेको छ।भारत र विदेशका केही विश्वविद्यालयहरुले यसलाई अस्थायी मान्यता दिएका छन् । संयुक्त अधिराज्य(वेलायत), संयुक्तराज्य अमेरिका र अरु समुन्दपारका देशहरुसँग मान्यताबारे लेखापढी चलिरहेको छ।

यस त्रिभवुन विश्वविद्यालमा अहिले निम्नलिखित पोष्ट ग्राजुएट विभाग, शिक्षक संख्या र छात्रसंख्याहरु छन्।

| चालु भएको विभाग | शिक्षक संख्या | छात्रसंख्या |
|---|---|---|
| नेपाली, संस्कृत, संस्कृति, अंग्रेजी, अर्थशास्त्र, इतिहास, राजनीति, गणित, भूगोल तथा वाणिज्य | नेपाली ३२<br>कोलम्बो प्लान अन्तर्गत २४<br>अवैतनिक ३ | २६० |

त्रिभुवन विश्वविद्यालयको सहायता निमित्त श्री ५को सरकारबाट निम्न लेखिएको रकम दिइएको छ।

२०१६-१७

| | |
|---|---|
| सहायता | २,००,०००। नेरु |
| किताब खरिद गर्न | ४३,३३३।३३ भारु |
| पोष्ट ग्राजुएट शिक्षामा | ५१,९००।नेरु |

२०१७-१८

| | |
|---|---|
| सहायता | २,००,०००। नेरु |
| छात्रवृत्ति | ८,०००। नेरु |
| श्री ५ को सरकारबाट क्षतिपूर्ति दिन सापटी त्रिभुवन विश्वविद्यालय कमिसनको पालामा २०१७-१८ को बजेट बमोजिम मुआब्जा वितरण गर्न सापटी | ४,५०,०००।नेरु |
| श्री ५ मुमा बडामहारानीहरुबाट प्रशासकीय भवन तयार गर्न बक्सेको रकम | ४,८४,०००। नेरु |
| इण्डियन एडमिशनबाट साइन्स कलेज र पुस्तकालय भवन निर्माण गर्न प्राप्त हुने रकम | २०,००,०००। भारु |

त्रिभुवन विश्वविद्यालयले सन् १९६० इस्वीको आई ए, आई कम , आई एस्सी, बी ए, बी कम, एम ए र बी एलको वार्षिक तथा पूरक परीक्षाहरुमा जम्मा १८९३ छात्रहरु सम्मिलित भए जसमध्ये ८४१ जना उत्तीर्ण भए।सन् १९६१को वार्षिक परीक्षामा जम्मा १७५८ छात्रहरु सम्मिलित भएका छन् ।

**कलेजहरु**

२०१७सालको परिवर्तनपछि देशमा शिक्षाप्रचारको ठूलो लहर आयो र नयाँ नयाँ कलेजहरु खुल्दै गए।सरकारबाट पनि कलेजहरुलाई विभिन्न किसिमको सहायता दिई निकै प्रोत्साहन पनि दिइरहेको छ ।अहिले अधिराज्यभित्र संस्कृत महाविद्यालयहरु लगायत जम्मा कलेज २८ छन् ।कुनै देशमा विज्ञानको प्रगति नभै देशको उन्नति हुन सक्दैन भन्ने कुरामा दुई मत हुन सक्दैन।तसर्थ २०१७-१८ को आर्थिक वर्षमा श्री ५ को सरकारले विज्ञान कलेज भवन बनाउनलाई निम्नलिखित रकम वितरण गरिसकेको छः

| | | |
|---|---|---|
| १ | नेपालगञ्ज साइन्स कलेज | ५,००,०००। नेरु |
| २ | पब्लिक साइन्स कलेज काठमाडौं | ५,००,०००। नेरु |
| ३ | राजविराज साइन्स कलेज | ४,००,०००। नेरु |
| ४ | विराटनगर साइन्स कलेज | १,००,०००। नेरु |

त्रिचन्द्र कलेजको भवन विज्ञानको निमित्त बिलकुलै अपर्याप्त भएकोले इण्डियन एड मिसनबाट प्राप्त रकम भारु ६,००,०००। बाट नयाँ विज्ञानभवन धमाधम बन्न लागेको छ र १ वर्षमा पूरा भवन तयार हुने आशा गरिएको छ ।

हाल नेपाल अधिराज्य १४ विकास अञ्चलमा विभाजित भएकोले धवलागिरी उत्तर कर्णाली र महाकाली ३ अञ्चल बाहेक बाँकी ११ अञ्चलमा कलेज छन् ।प्रतिअञ्चलको हेडक्वाटरमा होस्टल सुविधासमेत भएको एउटा मोडल कलेज खोल्ने श्री ५ को सरकारको योजना छ ।

श्री ५ को सरकारबाट हाल चलिरहेका कलेजलाई सहायता प्रदान गरेको छ ।हाल कलेजहरुका लागि पनि कुनै शिक्षाबोर्ड छैन।कलेजहरुलाई दिइने आर्थिक सहायता अब निश्चित नियमको आधारमा दिइने व्यवस्था हुँदैछ ।तदनुसार अब शिक्षक, छात्रसंख्या, पिछडिएको इलाका र आर्थिक स्थिति इत्यादिको आधारमा कलेजहरुको वर्गीकरण गरी प्रसारको साथसाथै सुधारतर्फ विशेष ध्यान दिनुपर्नेछ ।

कलेज अफ एजुकेशनः

कलेज अफ एजुकेशनमा तल लेखिएबमोजिमको तालिम दिइने व्यवस्था छः

१ एस एल सी पास भएका विद्यार्थीहरुलाई ४ वर्षीय बी एड,

२ बी ए ,बी एस्सी र बी कम पास भएका विद्यार्थीहरुलाई १ वर्षीय बी एड्

३ हाइ स्कुलको तालिम नपाएका शिक्षकहरुलाई विभिन्न विषयहरुमा लघुकालिन सेवाको निमित्त तालिम।

१ यस कलेजको लक्ष्य यस प्रकारको छः

२ बहुमुखी तथा हाइ स्कुलहरुका लागि नयाँ शिक्षक तयार गर्ने,

३ वर्तमान हाइ स्कुल शिक्षकहरुलाई सेवाकालिन तालिम।

यस कलेजबाट अहिलेसम्म ४८ जनाले डिग्री प्राप्त गरिसकेका छन् ।यो कलेज श्री ५ को सरकार तथा यु एस ओ एम को संयुक्त सहयोगबाट चलिरहेको छ ।

**केन्दीय पुस्तकालय**

आयोगको सुझाउअनुसार श्री ५ को सरकार तथा यु एस ओ एम को एक सम्झौताबमोजिम सन् १९५७-५८ देखि केन्द्रीय पुस्तकालय स्थापना भएको हो।फाल्गुन २०१७ सम्म जम्मा १२२३४ पुस्तकहरु यस पुस्तकालयले एकत्रित गरेको छ ।

नेपाल अधिराज्यमा पुस्तकालयको राम्रो ब्यवस्था तथा सञ्चालन गर्ने अभिभारा यस केन्द्रीय पुस्तकालयको छ। काठमाडौँ भन्दा बाहिरका कलेजहरुलाई पनि किताबको रुपमा मद्दत यस पुस्तकालयबाट भैरहेको छ ।पुस्तकालयबाट पुस्तकालय विज्ञानमा केही व्यक्तिलाई तालिम पनि दिइएको छ र यो साल पनि पुस्तकालयमा सेवाकालिन तालि गर्ने योजना छ ।

**खेलकुद**

श्री ५ को सरकार तथा यु एस ओ एम को सम्झौता बमोजिम सन् १९५८-५९ मा उच्च शिक्षा समिति स्थापन गरियो।र यसको रेखदेखमा कला तथा विज्ञान कलेजको सुधार योजना अन्तर्गत यसको स्थापना भयो।यसको मुख्य उद्देश्य देशभरका कलेजहरुका छात्रछात्रामा विभिन्न खेलकुद विषयमा अभिरुचि र स्वस्थ प्रतियोगितात्मक भावना बढाउनु हो।

विभिन्न कलेजहरुलाई खेलकुदको मालसामान वितरण गर्नलाई र खेलकुद विषयक सरसल्लाह दिनलाई कलेज खेलकुद समिति छ । जसमा काठमाडौँ भित्रका जम्मै कलेजका प्रतिनिधि छन्। यस बोर्डको तत्वावधानमा विभिन्न किसिमको प्रतियोगिता पनि यो सालमा गराइएको थियो।साथै खेलकुदको मालसामान पनि विभिन्न कलेजहरुलाई वितरण गरिएको छ ।

**केन्द्रीय छात्रावास**

यसको स्थापना २०१६ साल जेष्ठ महिनामा भएको हो।अधिराज्यका विभिन्न ठाउँबाट यहाँ आइ पढ्ने छात्रहरुलाई सस्तो खाना, बस्ने र अरु पढ्ने लेख्ने इत्यादि सुविधा दिनको निमित्त उक्त दिनदेखि श्री ५ को सरकार तथा यु एस ओ एम को सम्झौताअनुसार यो बनिरहेको छ। यसको निजी भवन नभएकोले हाल लालदरबार भाडामा लिई काम चलिरहेको छ ।हाल जम्मा १६ जना विद्यार्थीहरु यस छात्रवासमा छन् । हाल छात्रवास रहेको भवन, छात्रवास निमित्त उस्तो उपयुक्त नभएकोले छात्रावासमा हुनुपर्ने सबै सुविधाहरु यसमा प्राप्त हुन सकेका छैनन् ।

यो हो अहिले सम्म भएको प्रगति। सरकारले विभिन्न विषयमा गर्न खोजेको कार्य पनि मैले तपाईहरुको समक्ष राखेँ ।

माथि लेखिएका सबै कुराहरुको विचार राखी हामीले एउटा यस्तो शिक्षाव्यवस्थाको तर्जुमा गर्नुपरेको छ। जसले विद्यार्थीहरुको बौद्धिक विकास गर्नका साथै देशको आर्थिक विकास सम्बन्धी आवश्यकता पनि पूर्ति गर्न सकोस् ।लक्ष्य र कार्यक्रमरहित शिक्षित युवकहरु तयार गर्नु सट्टा हाम्रो शिक्षणसंस्थाहरुले देशको निर्माणमा योगदान दिन सक्ने किसिम तथा प्राविधिक कौशलहरु भएका विद्यार्थीहरु तयार गर्न सक्नु पर्दछ ।

अर्को प्रश्न छ शिक्षाको माध्यमको। यस प्रश्नमाथि पनि हामीले देशको एकताले रिपोर्ट तथा अहिलेसम्म भएको प्रगति र देशको वर्तमान परिस्थिति र आवश्यकताअनुसार हामीले एउटा सुसङ्गठित शिक्षा पद्धतिको व्यवस्था गर्नुपर्दछ।

अन्तमा म तपाईहरु सबैलाई उपस्थित भई शिक्षा विकासमा सहयोग प्रदान गर्नु भएकोमा धन्यवाद अर्पण गर्न चाहान्छु।मलाई विश्वास छ, यस समितिले देशलाई निश्चित र सुदृढ शिक्षा नीति प्रदान गर्न सक्नेछ ।

शिक्षा मन्त्रालय

# सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिका सदस्यहरुले प्रकट गर्नुभएका शिक्षासम्बन्धी मन्तव्य

(१) **श्री रणधीर सुब्बा**

शिक्षाको व्यवस्थामा एउटै प्रणाली लागू गर्ने भनिएको छ ।यहाँ अहिले फरक फरक शिक्षा पद्धतिहरु छन् जस्तो अंग्रेजी, संस्कृत आदि।कहीँ कहीँ तिब्बती भाषामा पनि धर्मका पुस्तकहरु पाइन्छन् ।एकै प्रणाली गर्दा उनीहरुको धर्म प्रचार गर्ने काममा समस्याको प्रश्न पनि उठी हाल्छ ।धर्म प्रचारको कारणले उनीहरुलाई स्कुल बन्द गर्नुपर्ला।त्यस्तो परिस्थिति आउन दिनु पनि उचित छैन।तर जुनसुकै स्कुलमा भएपनि प्राथमिक स्कुल भनेपछि एउटै पाठ्यविषय हुनुपर्दछ ।यसो गर्दा प्रासङ्गिक हुनेछ। आधार स्कुलहरु नराखिए पनि हुन्छ जस्तो लाग्छ।यहाँ कुरा उठेको छ शिक्षा राष्ट्रिय हुनु पर्छ भन्ने बारे। हाम्रो राष्ट्रिय इतिहास र राष्ट्रिय संस्कृतिको विकास गर्नुपर्दछ तथा हाम्रो राष्ट्रियता बढाउनु पर्दछ भन्ने कुरामा कसैले हुन्न भन्दैन।हाम्रो मनमा राष्ट्रिय चेतना पनि जागेको छैन भन्न सकिन्न तर पनि हामीमा स्थानीय जातीय र भेदभाव अलि छदैछ।तराईमा पहाडियालाई अर्कै देशको मानिस ठान्लान् जस्तो गर्छन्, त्यस्तै पहाडमा पनि तराईवासीहरु प्रति त्यस्तै व्यवहार गरिन्छ।विभिन्न जातिमा आफ्नो जातिय चेतनाको साथै राष्ट्रिय चेतना पनि ल्याउन राष्ट्रिय शिक्षा पद्धतिको राम्रो नीति अपनाउनुपर्दछ। शिक्षाको कुरा गर्दा भाषाको कुरा उठीहाल्छ। नेपाली भाषा जवसम्म ठीक अर्थमा राष्ट्रिय भाषा हुदैन तवसम्म यसको माध्यममा शिक्षा दिइनुपर्दछ वा पर्दैन भन्ने कुरामा वादविवाद हुनसक्छ कारण अहिले जहाँ पनि शिक्षामा भाषाको प्रश्न उठेको छ।धेरैजसो भन्छन् कि प्राथमिक शिक्षामा मातृभाषाको माध्यम हुनुपर्दछ। यो कुरा भारत र अरु देशको अनुभवले पनि बताउँछ।तर मेरो विचारमा यहाँ प्राथमिक शिक्षा देखि नै नेपाली नै माध्यम गर्नुपर्दछ।हुनसक्छ प्राथमिक स्कुल देखि नै नेपाली माध्यम गराउँदा अलिकति अप्ठ्यारो पनि पर्ला तर भविष्यको निमित्त हामीले जे गर्न लागेका छौ त्यसको विचार गर्दा सो अप्ठ्यारो आइलागे पनि नेपाली नै माध्यम गराउनु पर्दछ।लिम्बुहरुको लिपि अलग्ग छ, उनीहरु पनि आफ्नो भाषाको माध्यममा प्राथमिक शिक्षा हुनुपर्दछ भनी भन्छन् ।तर राष्ट्रिय भावना ल्याउन यसबाट बाधा हुने भएकोले लिम्बु भाषामा पढाउने कुरा गाह्रो होला जस्तो लाग्छ।राष्ट्रिय भावनाको कुरा गर्दा राष्ट्रिय गान, राष्ट्रिय झण्डा आदिको कुरा पनि आउँछ। स्कुलको उत्सव आदि हुँदा त्यस्तो विशेष दिनमा गाइने गीत

हुनुपर्दछ।बेलायतमा पनि राष्ट्रिय दिवस मनाउँदा तथा महारानीको जन्मोत्सव मनाउँदा मानिसहरु उत्साहपूर्वक राष्ट्रिय गीत गाउँछन् ।अतः यहाँ पनि सबैले उत्साहपूर्वक यस्तै दिवस मनाउन् ।बेलायतमा इश्वर र राजाको नाममा शपथ लिइन्छ। तर यहाँ ईश, देश र नरेशको नाउँमा सपथ लिने चलन आएको छ।देश या जनताको नाउँमा समेत शपथ लिने चलन भारतमा भएको हो, तर राजा र देश एकै अर्थ बुझाउने शब्द भएकोले यहाँ पनि बेलायतको जस्तै शपथ लिँदा ईश्वर र राजाको मात्र नाम लिए पुग्छ।

बालचरको काम जर्जस्ती हुनुहुँदैन, यसलाई उत्साहपूर्वक गराउनुपर्दछ।बालचरले चरित्र निर्माण गर्दछ।बालचरको साथै कलेजमा राष्ट्रिय सैनिक शिक्षा अनिवार्य गराउनुपर्दछ।

सिनियर क्याम्ब्रीजबारे दार्जिलिङमा पनि मैले देखेँ, त्यस स्कुलबाट निस्केका विद्यार्थीहरुलाई हाम्रो समाजमा मिलनसार हुन मुश्किल पर्दोरहेछ।अतः यस्ता स्कुलहरुको उति दरकार छ जस्तो लाग्दैन।

लडकाहरुको अनुशासनबारे शिक्षकहरुको नेतृत्वमा भरपर्दछ।गैर सरकारी स्कुलको प्रथामा नेतृत्वको सृजना त हुन्छ तर यसबाट विद्यार्थीहरु अलि संकुचित हुने खराबी पनि देखिन्छ।हामीले स्कुललाई पनि चालु राख्न दिनुपर्ला तर पाठ्यविषयहरु मिल्नुपर्छ।

अंग्रेजी भाषाबारे मेरो भन्नु छ- यसबारे हामीले शान्त चित्तले विचार गर्नुपर्छ। भारतलाई जुन कारणले अंग्रेजी भाषाको मान्यता दिनुपरेको छ र त्यसमा मेरो देशको कुरा मिल्दैन।हाम्रो भाषा र शिक्षा त्यत्तिको माथि छैन।साहित्यको भण्डार पनि त्यति छैन।हाम्रो समाजमा नै त्यसको विकासको निमित्त त्यतिको मानिस निस्केनन्।लेखकहरुद्वारा भाषाका किताबहरुको रचना भएमा यस अभावको पूर्ति हुनसक्ला।अतः हामीलाई अंग्रेजी भाषाको अझै जरुरत छ।व्यावसायिक शिक्षामा पनि अंग्रेजी चाहिन्छ। जवसम्म मौलिक पुस्तकहरु लेखिदैनन् तबसम्म अंग्रेजी पुस्तक अनुवाद गर्नु भन्दा अंग्रेजी भाषामा नै शिक्षा दिनु ठीक छ।उदाहरणको निमित्त नेपाली अङ्कगणित छ। त्यस पुस्तकमा लेखकले विषय बुझ्न नसकेको तथा भाषा मात्र अनुवाद गरी किताब तयार गरेको छ र सो किताब पढाउँदा धैरै कठिनाई आइपर्छ।फेरि विश्वविद्यालयमा अंग्रेजी राख्ने भएको छ।यसैले यस भाषालाई तलदेखिनै पढाउनुपर्दछ।तलदेखि पढाएर लगे मात्र विद्यार्थीले यस भाषामा दखल गरी विश्वविद्यालमा गएपछि अंग्रेजी बुझ्न सक्ने हुन्छन्।अंग्रेजी खाली विदेशी भाषाको रुपमा मात्र होइन यसलाई दोस्रो भाषाको रुपमा पढाउनुपर्दछ।अनि विद्यार्थीको यसमा

यस्तो दखल हुन सकोस् कि उसले आफै अंग्रेजी पढ्नसकोस्।फ्रान्समा ११ वर्षमा विदेशी भाषा पढाइन्छ।इजिप्टमा पनि एउटा विदेशी भाषा अनिवार्य छ।स्विडेनमा पाँचौ कक्षादेखि विदेशी भाषा पढाइन्छ। अतः हामी कहाँ पनि प्राथमिक शिक्षालाई जति वर्ष राखे पनि माध्यमिक देखि अंग्रेजी भाषा राखेमा केही हानि हुँदैन।प्राथमिक शिक्षा पाँच वर्षको र माध्यमिक शिक्षा ५ वर्षको गर्दा जम्मा १० वर्षको हुन्छ।यस्तै प्रकारको शिक्षा भारतमा पनि छ।प्राइमरी मिडिल र हाइस्कुल भनी तीन विभाजन गर्नुभन्दा प्राइमरी र सेकेण्डरी अथवा प्राथमिक र माध्यमिक २ विभाजन गर्नु नै बेश होला।प्राथमिक शिक्षामा नेपाली भाषा र त्यसपछि माध्यमिक देखि अंग्रेजी भाषा मानेमा केही हानी हुनेछैन।

आजकाल अमेरिकाको शिक्षा 'प्रोजेक्ट मेथर्ड' चलेको छ। त्यहाँ विषय पढाइ अर्थात इतिहास भूगोल आदि विषय एकदमै कम छ। तर त्यस्तो प्रणाली कतिसम्म नेपालमा ल्याउन सकिन्छ, त्यसको राम्रो विचार गर्नुपर्दछ। हाम्रो यहाँ विषयहरु नै पढाइन्छन्। यहाँको परिस्थिति हेरी अहिलेनै सो प्रोजेक्ट प्रणालीमा बदल्न अप्ठ्यारो हुन्छ।विश्वविद्यालको शिक्षाबारे, हाम्रो यहाँ आई ए र पछि बी ए पढाइन्छ। भारतमा आइ ए झिक्ने कुरा छ।तर यहाँ यसलाई झिक्नुहुँदैन।यसलाई राख्नु नै उचित छ।उच्च परीक्षा भएपछि एस एल सी परीक्षा उडाउनुपर्दछ भनिन्छ, प्रत्येक स्कुलको स्तर भिन्न भएकोले कलेजले पनि भिन्न राख्न सक्तछ भनेको चित्त बुझेन। परीक्षाको सम्बन्धमा यो विवादयुक्त विषय भएको छ।यसमा दोष र गुण दुबै छन् र यसका दोषहरु हटाउने कोसिस गर्नुपर्दछ।यसको प्रश्नको तरिक बदल्ने इत्यादि हुनुपर्दछ। अहिले अमेरिकाको प्रणाली हामीले लिनुहुँदैन।

(२) **बालचन्द शर्मा**

जस्तो भोजन शरीरको खुराक हो त्यस्तै शिक्षा राष्ट्रको पोषण हो।तसर्थ शिक्षानै राष्ट्रिय विकासको एक अंग भएको हुनाले सरकारले नै यसलाई नियन्त्रणमा राखेर विकसित पार्नुपर्छ।सरकारका अरु नीतिसँग पनि यो सम्बन्धित छ।बहुउद्देशीय स्कुलमा केवल पेट भर्ने शिक्षा मात्र दिन पनि हुन्न, नत केवल वुद्धिको मात्र विकास गर्ने।राष्ट्रिय चेतनाको साथै बुद्धि बढ्ने र पेट पनि भर्ने शिक्षा चाहिन्छ।शिक्षाको माध्यम पनि धैरै विवादको विषय बनेको छ।देशको आगामी नक्सा शिक्षाले नै बनाउँछ।

शिक्षा महालय

क्षेत्रीय भाषाको पनि देन देशमा हुनुपर्छ।विभिन्न क्षेत्रका मानिसहरुका चलन र भाषा फरक छन्। सबैको प्रणालीलाई एकसाथ परिवर्तन गरेर एउटै माध्यम राख्दा अप्ठ्यारो पर्न जालाकि जस्तो लाग्दट। त्यसकारण २।३।४। वर्ष सम्मको लक्ष्य राखेर ढल्काउनु पर्दछ।देशका विभिन्न वर्ग र किसिमका मानिसहरुको एउटा निश्चित प्रतिशत लिएर यतिसम्मका मानिसका भाषालाई मान्यता दिइनेछ भन्ने किसिमसँग प्राइमरी स्कुलसम्ममा तिनीहरुलाई आफ्नो भाषा पढाउनुपर्दछ।शिक्षा माध्यम राख्ने कुरामा चारैति विचार गरेर मात्र गर्नुपर्दछ। त्यसकारण मेरो सुझाउ छ कि प्रारम्भिक कक्षासम्म मातृभाषामा नै शिक्षा दिने।तेस्रो कक्षा देखि राष्ट्रियभाषा पनि राख्नुपर्दछ भन्ने मलाई लाग्दछ।माथिल्लो कक्षामा नेपाली भाषालाई क्रमशः समृद्ध गराउँदै लैजानुपर्दछ। विश्वविद्यालयमा पनि ५ वर्षभित्र नेपाली भाषा नै तुल्याउनुपर्दछ।यसकालागि प्रोत्साहन दिनुपर्दछ। केवल नेपाली भाषामा लेख भनेर मात्र हुँदैन।नेपाली भाषामा प्रकाशित पुस्तकहरुको पुस्तकालय राख्नुपर्दछ।सरकारले पनि सर्वाङ्गीण रुपले चारैतिर नेपाली भाषालाई विकास गर्नका निमित्त मोह उत्पन्न गराउनुपर्दछ।

क्रिश्चियन स्कुलको आवश्यकता छ छैन भन्ने बारेमा पहिले, सिनियर क्याम्ब्रीज हुनेहरुलाई कलेजमा कुन कक्षामा भर्ना गर्ने हो।त्यो शिक्षाबाट तरक्की हुन्छ हुदैन सरकारले विचार गर्नुपर्दछ। शिक्षाको पद्धति पनि सरकारको नीतिअनुसार राख्नु ठीक जस्तो लाग्दछ।

राष्ट्रिय झण्डा र गायनको साथ पोशाक पनि एउटै भइदिए राम्रो हुने थियो जस्तो लाग्दछ। शिक्षाको विभाजनको बारेमा म भन्छुकि शिक्षामा एकरुपता नभएको खण्डमा पनि अप्ठ्यारो हुनजान्छ।४ वर्षसम्मको प्राइमरी स्कुल हुनुपर्छ जस्तो मलाई लाग्छ।मिडिल स्कुल पास गरेकालाई प्रमाणपत्र दिने पनि गर्नुपर्दछ।त्यसो भएमा तलका कक्षाहरुलाई पढाउने मानिसहरु पनि पाउन सजिलो हुन्छ। प्रारम्भिक स्कुल बहुउद्देशीय स्कुलको जाँचमा पनि सर्टिफिकेट दिनु ठीक होला जस्तो लाग्दछ।प्रतिभाको पनि कदर हुनुपर्दछ।

अंग्रेजी भाषाबारे त्यो भाषाको पनि आवश्यकता छ। तर यदि त्यो विद्यार्थी अगाडि गइकन अंग्रेजी पढेकाबाट लाभ उठाउन सक्दछ भने दिनुपर्दछ,नत्र वेकारको बोझ मात्र हुनेछ।सर्वसाधरण जनजीवनमा अंग्रेजीको केही आवश्यकता छैन।त्यसकारण पछि छानेर जुन लाइनमा जानेछ त्यही सिकाउनुपर्दछ।माथि गएर भाषा सिकाउन पनि

सकिन्छ।तसर्थ प्रारम्भिक शिक्षा पछि लाइन विचार गरेर त्यसलाई त्यसै विषयको शिक्षा दिनुपर्ला कि जस्तो लाग्छ।हिसाव पढ्नेलाई इतिहासको केही आवश्यक छैन।जस्तो अहिले हाम्रो विश्वविद्यालयमा जुन तरिकाबाट चलिरहेको छ त्यो ठीक छ।

'प्रोजेक्ट मेथोड' बारेमा हरेक देशले खास अवस्थमा पुगेर अनि के गर्नुपर्दछ नयाँ कुरा लिन्छन्। अमेरिकाको र हाम्रो स्थिति मिल्दैन।हामी शिक्षालाई आमोदप्रमोदको रुपमा लन सक्दैनौ।यो मेथर्ड मलाई ठीक लागेन।यदि यो मेथर्ड लिने हो भने लिखित जाँच लिनुहुँदैन।जाँचको तरिका पनि मिलाउनुपर्दछ। त्यसकारण मलाई लाग्दछ शुरु देखिनै यदि कुनै विद्यार्थी राम्रो मेहनती छ भने म्याट्रिकुलेशन जाँचमा त्यसको पनि केही गणना गर्नुपर्दछ। यति प्रतिशत सम्म जोडिने भनेर राख्नुपर्दछ। शुरुदेखि आखिरीसम्मको शैक्षिक जीवनलाई पनि महत्व दिनुपर्दछ।प्राइमरी स्कुलमा पढाउने लिपि चाँही सबैतिर राष्ट्रभाषाकै हुनुपर्दछ र आफ्नो भाषा पढिसकेपछि पढाउने भाषा पनि नेपाली नै गर्नु ठीक होला जस्तो लाग्दछ।त्यसकारण ४।५ वर्षसम्म प्रारम्भिक शिक्षाको माध्यम आफ्नो मातृभाषानै राख्नु उचित देखिन्छ। यसैबीचमा नेपाली भाषा पनि सिकाउँदै लैजानुपर्दछ।प्रौढ शिक्षाको निमित्त अर्कै किसिमको स्कुल खोल्नुपर्दछ। त्यही अनुसार व्यवस्था गर्नुपर्दछ।शिक्षाको ढोका सबैलाई खोलिदिनुपर्दछ।मानिसकी रुची अनुसारको पाठ्यविषय राखिदिनुपर्दछ।अंग्रेजी पढ्न नसक्नेको निमित्त नेपाली भाषा नै राखिदिनुपर्दछ। माथिल्लो कक्षाहरुमा नेपाली भाषालाई माध्यम बनाउने हो भने केही कक्षाहरुमा अहिले देखि नै शुरु गराउनुपर्दछ। किताब अंग्रेजीमा भए पनि अध्ययन नेपालीमै हुनुपर्दछ।अहिलेदेखि नै बानी बसाउनुपर्दछ।नत्र अकस्मात एकैपल्ट अध्ययनको माध्यम बदल्नु पनि राम्रो हुँदैन।कममा कम  कलाको विषयमा अहिलेदेखि नै नेपाली भाषामा लेक्चर हुन राम्रो देख्दछु।नेपाली भाषाको विकासको निमित्त एउटा समिति बसेर किताब आयोग बनाउनुपर्ने देख्छु। नेपाली भाषाको व्याकरण विभिन्न प्रकारका छन्।कुनलाई प्रमाणिक मान्ने? कुनै नियमले बाँधेर भाषा बन्दैन।तसर्थ सबभन्दा पहिले विद्वान बसेर व्याकरणको नियम बनाउनुपर्दछ। अनि त्यसको आधारमा पाठ्यपुस्तकहरु बन्छन्।त्यसकारण मेरो अनुरोध छ कि शिक्षामा विश्वविद्यालयको साथसाथै भाषाको आधारग्रन्थ पनि तयार गराउनुपर्दछ। एक पद्धति ल्याउने भन्ने बारेमा संस्कृतलाई के गर्ने?लण्डनमा तिनीहरुको हेरविचार ओरियण्टल कलेजले गर्दछ। विश्वविद्यालयले केवल शिक्षा दिने शिक्षालयहरुको हेरविचार शिक्षालय

मात्र नभैकन देशको आवश्यकताअनुसार विद्यार्थीहरुको मस्तिष्कलाई सुसंस्कृत पनि गर्नुपर्दछ।

तल्लो तहका लागि एक बोर्डले सञ्चालित गरे राम्रो हुने थियो जस्तो लाग्दछ।स्कुलको माथिल्लो कक्षा र विश्वविद्यालयको समन्वय हुनुपर्दछ।राष्ट्रिय गीत पनि सबैबाट जम्मा गरेर हेरेर बनाउनुपर्दछ। मैले पनि २।३ वर्ष अघि दिएको थिएँ। राष्ट्रिय दिवसको बारेमा पनि म समर्थन गर्दछु।

(३) **पं श्री पदमप्रसाद भट्टराई**

संस्कृतको विषयमा मलाई भएको अनुभव बताउँछु।जुन अहिले संस्कृतको शिक्षा चलिरहेको छ त्यसमा दुई किसिमको कठिनाई छ।उत्तरप्रदेशमा पनि यो कठिनाई हटाउनको निमित्त निकै कोसिस भयो।पहिले प्रथमा, मध्यमा र उत्तमा परीक्षा थिए।उत्तमा परीक्षामा उपाध्याय र आचार्य भन्ने पद दिने चलन थियो।४ वर्ष नभैकन मध्यमाको प्रमाण पत्र पाइन्नथ्यो।६ वर्ष पढेपछि २५० देखि ३५० नम्बर पाएकोले मात्र उपाध्याय भन्ने पदवी र त्यस भन्दा माथि नम्बर ल्याउनेलाई आचार्य पदवी दिइन्थ्यो।यो क्रम सन् १९२४ सम्म थियो।एउटै ग्रन्थ पढ्ने कसैलाई उपाध्याय र कसैलाई आचार्य भन्न ठीक भएन भनेर अब सबैलाई आचार्य पदवी दिने भनी बीचमा शास्त्री भन्ने राखियो।त्यसपछि शास्त्रीको परिधि ३ वर्ष र त्यसपछि आचार्यलाई ३ वर्षको परिधि रह्यो।त्यसबाट संस्कृत पढ्नेहरुको संख्या कम हुँदै गयो र संस्कृतमा पनि आधुनिक विषय अर्थशास्त्र, भूगोल, इतिहास, अंग्रेजी अतिरिक्त विषय थपिए।यो प्रणाली ७।८ वर्ष चलेपछि संस्कृतमा योग्य अध्यापकहरु तयार हुन सकेनन्।संस्कृतको प्रगाढ पाण्डित्यको लोप हुन लाग्यो । अहिले शास्त्रीय शास्त्री र आधुनिक शास्त्री भन्ने राखिएको छ।अब पहिलेको जस्ता पाण्डित्यपूर्ण विद्वान पाइन छोड्यो।शास्त्र र जीविकाको रक्षा कुन किसिमबाट गर्ने अझ सम्म निर्णय भैसकेको छैन।यिनै समस्या परेका छन्।यो कसरी हल गर्ने हो।यही समस्या आइरहेछ। प्राइमरी शिक्षाको बारेमा श्री बालचन्द्र शर्माले भन्नुभएको कुरामा मेरो सम्मति छ।

(४) **श्री रामहरि जोशी**

आजको शिक्षा पद्धति कोरा सैद्धान्तिक र किताबी मात्र छ त्यसलाई जीवनसित गाँसिने कुनै प्रत्यक्ष कार्यक्रम वा माध्यम राखिएको छैन।दोस्रो यो शिक्षा सर्फ कारिन्दा अवथा बाबुसाहेव मनोवृत्ति भएको मानिस तयार गर्ने खालको छ।विद्यार्थीले शिक्षा प्राप्त गरिसकेपछि स्वतन्त्र पेशा अपनाएर जीविका निर्वाह गर्न सक्दैनन्।विद्यार्थीहरुमध्ये

कारिन्दा वा कुनै प्रशासकीय अधिकारी या शिक्षक बन्छन् र धेरै जस्ता त बेकार नै भएर बस्दछन्।यो बेकारीको समस्या राष्ट्रकै लागि अभिशापतुल्य छ।हिजोआज विद्यार्थीहरुमा बढिरहेको अनुशासनहीनताको एउटा मुख्य कारण यो पनि हो कि विद्यार्थीहरुको सामुन्ने कुनै एउटा निश्चित लक्ष्य हुँदैन।तेस्रो आजको शिक्षामा उत्पादक श्रमको कुनै स्थान छैन।श्रमलाई हेय ठानिन्छ र यहि देखासिकीले गरिबका छोराछोरीहरु पनि, जो शिक्षार्थी छन्, तिनीहरुमा पनि बाबुसाहेवी मनोवृत्ति आउँछ।

विद्यार्थीहरु ज्ञानोपार्जन भन्दा बाहिरी तडकभडकलाई आफ्नो मुख्य उद्देश्य ठान्न थाल्दछन्।यसले गर्दा शिक्षण संस्थाको वातावरण दुषित भएको र शिक्षा पनि महँगो हुन गएको छ।

त्यसैले विद्यार्थीहरुको रहनसहनमा परिवर्तन ल्याउने बिचारमा नै आमूल परिवर्तन ल्याउनु परेको छ।शिक्षण संस्थामा यस्तो वातावरण तयार गरियोस् या पाठ्यक्रममा यस्तो कार्यक्रम राखियोस जसले गर्दा श्रमप्रति विद्यार्थीहरुको निष्ठा जागोस्।जस्तै राष्ट्रिय नवनिर्माणका कार्यक्रमहरुमा सक्रिय भाग लिन विद्यार्थीहरुलाई प्रोत्साहन दिइयोस्, गाउँ या शहरका सफाइमा विद्यार्थीहरुको योगदान होस्।सकेसम्म पाठ्यक्रममा यस्तो कार्यक्रमको समाबेश गरियोस कि यसले तिनीहरुको शारीरिक, मानसिक र सामूहिक उत्तरदायित्वको भावनाको विकास हुन सकोस्।

शिक्षाको प्रचलित जुन तीन स्तर प्राथमिक, माध्यमिक र उच्च छन् ती ठीक छन्।तर समयानुसार तिनीहरुको पाठ्यक्रममा केही परिवर्तन गरिनुपर्ने आवश्यक देखिन्छ र गरिदै पनि छ। यो मिस्टर एच उडको निर्देशनमा गठन गरिएको नेपाल राष्ट्रिय शिक्षा आयोगले पनि सिफारिस गरेको छ।

अहिलेसम्म दुई किसिमको शिक्षा -कला र विज्ञान मात्रै दिइदै आइरहेछ।साधनले भ्याए, अव समाजको आवश्यकता देखेर ब्याबसायिक शिक्षा पनि दिनु आवश्यक भइसकेको छ।विश्वका हरेक मुलुकमा प्राथमिक शिक्षाको अवधि अलग अलग छ।यो ४ वर्ष देखि लिएर ७ वर्षसम्मको छ।हामी अहिले शिक्षाको क्षेत्रमा धेरै पछि परेका हुनाले र थोरै समयमा ज्यादाभन्दा ज्यादा केटाकेटीहरु शिक्षित पार्नु परेकोले धेरै लामो अवधि राख्नु उचित पर्दैन र फेरि शिक्षाको स्तर घटाएर अवधिलाई धेरै छोटो पार्नु पनि ठीक हुन्न, त्यसैले हाम्रो मुलुकमा प्रचलित ५ वर्षे प्राथमिक शिक्षा ठीकै छ।तर गरिबीले गर्दा हाम्रो देशका करिब ७५ प्रतिशत विद्यार्थीहरु प्राथमिक शिक्षा भन्दा माथि पुग्न सक्दैनन् र कि केटाकेटीहरुले आफ्नो घरव्यवहारको काममा पनि भाग लिन सक्ने र साथै योग्य

नागरिक पनि बनाउन सक्ने हुनुपर्दछ र पाठ्यक्रम पनि त्यसै अनुसारको हुनुपर्दछ।माध्यमिक शिक्षालाई दुई भागमा बाड्न सकिन्छ। निम्न माध्यमिक र उच्च माध्यमिक शिक्षाको अवधि अरु अरु मुलुकमा जर्मनी बाहेक ६ या ७ वर्षको छ।जर्मनीमा यो ९ वर्षको छ।माध्यमिक शिक्षाको उद्देश्य हो राष्ट्रिय साँस्कृतिक भावनाले युक्त भएका नागरिक तयार पार्नु, उच्च शिक्षाका लागि जग बसाल्नु र ब्याबसायिक शिक्षा दिई हुने स्वतन्त्र पेशा रोजी जीवन निर्वाह गर्न लायक तुल्याउन हाम्रो मुलुकमा माध्यमिक शिक्षा ५ वर्ष छ।यो अवधिलाई कायम राखेर हाम्रो शिक्षाको स्तर र छिमेकी भारतको स्तरमा कुनै फरक देखिन आएको छैन, तर कठिनाई हुन आउँछ जव हामी प्राविधिक या अरु कुनै शिक्षाका लागि आफ्ना विद्यार्थीहरुलाई रुस अमेरिका इङ्ल्याण्ड इत्यादि देशमा पठाउँछौ वा आफ्नै देशमा ब्याबसायिक शिक्षा चलाउन खोज्छौ। त्यस बेला अरु विकसित देशहरुको शिक्षाको स्तरको दाँजोमा हाम्रो माध्यमिक शिक्षाको स्तर कम देखिन्छ, त्यसैले यो प्रचलित स्तरलाई अलि माथि उठाउनु जरुरी देखिन्छ। यसका लागि कला,विज्ञान र ब्याबसायिक वर्गमा छुट्टिएका पाठ्यक्रमहरु हुनुपर्दछ जसको केही रुपरेखा मि उडको रिपोर्ट र गत आश्विन महिनामा काठमाडौँमा भएको प्रथम प्रधानाध्यापक गोष्ठिको रिपोर्टमा दिइएको छ।

नेपाल जस्तो अविकसित देशमा ब्याबसायिक शिक्षाको आवश्यकता छ भन्ने कुरामा दुई मत हुन सक्तैन।तर प्रश्न यो छ कि के हामी सित यस्तो शिक्षा चलाउनका लागि चाहिने साधनहरु छन्? ब्याबसायिक शिक्षाका लागि प्रशिक्षित शिक्षकहरु, शिक्षण सामग्री, जस्तै पुस्तक, ज्यावल, प्रयोगशाला तथा केही जग्गा जमिन इत्यादि। साधनहरु र उपयुक्त वातावरण तयार नभइकन उठाएको जुनसुकै कदम पनि पछि गएर असफल हुन्छ। त्यसैले यसलाई चाहिने साधनहरु सरकारले पुर्‍याउन सक्छ, सक्दैन भन्ने कुरामा माननीय शिक्षा मन्त्रीज्यूले प्रकाश दिनु भए, अनि केही छलफल गर्न सकिने थियो।हामीकहाँ प्रचलित परीक्षामा विद्यार्थीले चाहे जुन उपायले होस् लेखेर उत्तीर्णाङ्क ल्याउन सके परीक्षामा सफल हुन्छ, अर्थात यो सम्झन्छ कि त्यसमा त्यो स्तरको शिक्षालाई चाहिने ज्ञान छ।जुनसुकै उपायले लेखेर पास हुने यस्तो परीक्षाले विद्यार्थीको ज्ञानको ठीक ठीक मूल्याङ्कन गर्न सक्दैन।यसमा प्रायः यस्तो पनि हुन्छ कि अयोग्य विद्यार्थी पनि पास हुन्छन् र कुनै असल विद्यार्थी पनि असफल हुन्छन्।त्यसैले विद्यार्थीको ज्ञानको परीक्षा वर्षमा एक वा दुई पटक हुने परीक्षाको आधारमा नगरी उसले सप्ताह वा महिना महिनामा कक्षामा गरेको प्रगतिको आधारमा

हुनुपर्छ।हाल माध्यमिक शिक्षाको माध्यम नेपाली र अंग्रेजी , उच्च शिक्षाका लागि अंग्रेजी मात्रै शिक्षाको माध्यम राखिएको छ र प्राथमिकका लागि नेपाली र क्षेत्रीय भाषा राखिएको छ।सिद्धान्ततः यो ठीक देखिन्छ। तापनि प्राथमिक र माध्यमिक पाठशालाहरुमा अध्यापन कार्यमा ठूलो कठिनाई आइपर्छ। तराईतिरका प्राय ९० प्रतिशत शिक्षकहरु भारतिय वा अनेपाली भाषी छन्।त्यहाँ एकाएक नेपाली वा अंग्रेजी माध्यम अनिवार्ष गरिदिँदा ठूलो गडबडी हुन आउँछ। त्यसैले अहिले केही वर्षका लागि जस्तो चलिआइरहेछ त्यस्तै रहन दिए हुन्छ, तर नेपाली एक पत्र सबै विद्यार्थीहरुलाई अनिवार्य गरिदिनुपर्छ र एउटा खास अवधि भित्र सबै शिक्षकहरुले नेपालीको एउटा सानो परीक्षा पास गर्नु अनिवार्य गरिदिनुपर्छ। यसो भयो भने विस्तार विस्तार नेपाली भाषाले माध्यमको स्थान  सजिलैसित लिन सक्छ।, तर मि उडको भनाइसित अरु भाषालाई प्रोत्साहन दिएमा राष्ट्रियता खत्तम हुन्छ, म सहमत छैन।

देशभरका पाठ्यक्रमको एकरुपता हुनै पर्दछ। कुन स्तरको क्लासमा के के विषय राख्ने हो , यो अनुभवी शिक्षक र शिक्षाविद्हरुको एउटा समितिले निर्णय गर्नेछ।

यहाँ पाठ्यपुस्तकहरुको प्रकाशनको बारेमा एक दुई शब्द भन्नु अप्रासांगिक नहोला। यता केही दिनदेखि पाठ्यपुस्तकहरु पनि सरकारले नै छाप्ने भन्ने सुनिन्छ, तर यसमा सरकार कति सफल हुने हो यो भन्नु गाह्रो छ, कारण नेपाली भाषा प्रकाशिनी समिति को ज्वलन्त उदाहरण हाम्रो अघि छ। अरु माथि उल्लेख गरेअनुसार सरकारले एउटा पाठ्यपुस्तक निर्धारिणी समिति गठन गरिनुपर्दछ र त्यो समितिले प्रकाशक र लेखकहरुका लागि एउटा नियमावली अगावै प्रकाशित गरिदिनुपर्दछ। बरु सरकारले लेखकहरुलाई पारिश्रमिक दिएर वा रोयल्टी वा कपीराइट किनी  पुस्तकहरु  लेखाई ती पुस्तकहरु नेपालका प्रकाशकहरुलाई रोयल्टीका आधारमा छाप्न दिनुपर्छ।

खेलकुद, भ्रमण र मनोरञ्जनका कार्यक्रमहरुलाई अतिरिक्त कार्यक्रम भनिएको छ। तर वास्तवमा यसलाई सहयोगी कार्यक्रम नै भन्नु बेश होला।यो पनि शिक्षाको एउटा जरुरी अङ्ग हो।यी सब कार्यक्रमको अभावमा शिक्षा एकांकी हुन जान्छ। यी कार्यक्रमहरुले विद्यार्थीहरुमा शिक्षाप्रति रुचि र समाजिक उत्तरदायित्वको भावना बढाउँछ। त्यसैले बेलबेलामा सरकारले विद्यार्थीहरुका लागि भ्रमण, ग्रीष्मकालिन वा शीतकालिन शिविर, सांस्कृतिक वा खेलकुदको प्रतियोगिता आयोजना गर्नुपर्दछ।

(५) **श्री धरणीधर कोइराला**

यसअधिका शिक्षाविशारद्हरुले तयार पारेका राष्ट्रिय शिक्षा योजनाले गरेका सिफारिस बमोजिम चलिरहेका काम भइरहेसकेका ठाउँमा गै अथवा अन्य उपाय द्वारा के काम कसरी चल्दैछन् तिनका गितविधिको हेरविचार, जाँचबुझ गरी अब अगाडि प्रगति गर्ने योजना बनाएर तदनुसार कार्य अग्रसर गराउने प्रयत्नशील एक अनुसन्धान विभाग तुरुन्त खडा गर्नुपर्दछ।

देशका सर्वाङ्गीण विकासका निमित्त तथा प्रजातन्त्र सफल बनाउन ज्ञानका प्रकाशको नितान्त आवश्यकता छ, त्यसको बलियो तथा व्यापक साधन हो राष्ट्रभाषा। राष्ट्रभाषा देशव्यापी छैन भने देशमा एकताको वृद्धि गर्न गाह्रो पर्छ। नेपाल राष्ट्रमा नवसमाज निर्माणका दृष्टिले हाल जे जति काम जुन भाषाका माध्यममा हुँदैछन् त्यस राष्ट्रभाषाको अध्ययन र अध्यापनमा जुन असावधानी र वेवास्ता देखिन्छ त्यो अत्यन्त घातक र खेदजनक छ। यस कुरामा सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिले विशेष ध्यान दिनु योग्य देखिन्छ। सर्वाङ्गीण उन्नतिको मूल राष्ट्रभाषाको उन्नति नै हो, यो कुरा ध्रुवसत्य बुझे हुन्छ।

हाम्रो राष्ट्रिय भावनाको विचार नभएका विदेशीहरुलाई विद्यालय तथा औषधालय खोली हाम्रा देशमा पसेर धर्म परिवर्तन गराउने र उनको संस्कृति थोपार्ने गुप्त मतलव साध्न दिनुको अर्थ हो, हाम्रो संस्कार र संस्कृति मेटी भयाबह परधर्मलाई बाटो खोली आफ्नो घुँडामा आफैले बन्चरो हान्नु। अतः क्रिश्चियन मिसनरीहरुले गरेको आपत रमणीय अनुग्रह, अन्ततोगत्वा हाम्रा धर्ममा विग्रह पार्ने बुझी हामीले सावधान हुनपर्छ। यस मुलुकमा यसै मुलुक सुहाउँदा शिक्षा नीति, पाठ्यक्रम, पाठ्यपुस्तक र गुरुहरु तयार पार्नमा यत्न गरे मात्र देशको कल्याण होला।केम्व्रीज विश्वविद्यालयको पाठ्यालय यहाँ चाहिएनन्।पूर्ण मानव जीवनका आनन्दको उपलब्ध गर्न र घर छिमेकी, छिमेकी, शहर, गाउँ, जिल्ला, देश र परदेश सित चल्दोमिल्दो भै खुसी, उपयोगी, गरिखान सक्ने परोपकारी नागरिक हुने बनाउने, शिक्षाको ध्येय हो भने समाजका आबालबृद्धबनिता सबैले शिक्षाको लाभ पाउनुपर्छ।शारीरिक, मानसिक र आध्यात्मिक तीन प्रकारका शिक्षामा समान ध्यान दिनुपर्छ।

समाजको उन्नति वा अवनतिको लेखाजोखा गर्ने नापो परिवार हो।परिवारमा आमा-बाबु, छोरा-छोरी हुन्छन्।तल्लो तहमा बालबालिका ६ वर्षको उमेरदेखि प्रारम्भ गरेर तिनीहरु आमा बाबु भै उनीहरुको जीवन प्रयत्न शिक्षाको व्यवस्था जारी राख्ने प्रयत्न समाजको नाइक सरकारले गर्नुपर्छ।आमाको, आमालाई काम लाग्ने शिक्षा, शिक्षा पद्धति,

पाठ्यक्रम, पाठ्यसामग्री आदि उपलब्ध गराइदिनुपर्छ।त्यस्तै बाल, बाला, तरुण, तरुणी, बृद्ध, बृद्धाका निमित्त पनि प्रवन्ध हुनपर्छ।

हाल प्रचलित शिक्षाक्रममा हातका सीपको शिक्षाको अभाव जस्तो देखिन्छ। पाठशालाहरुमा पुस्तकद्वारा ज्ञानका साथै हस्तशिल्पको प्रवन्ध चलाउने बन्दोबस्त हुनु आवश्यक छ। अनुकुल निर्देशन र निरीक्षणको तालमेल भए शिक्षामा प्रगति अनिवार्य छ। त्यस द्वारा देश समृद्धशाली  तथा प्रगतिशील हुन बेर लाग्दैन।

(६) **डा . ध्रुवमान अमात्य**

मेरो विचारमा प्रारम्भिक शिक्षा ५ वर्षसम्मको हुनुपर्दछ र त्यसपछि १५ वर्षको उमेरसम्म त केटाकेटीहरुलाई शारीरिक विकासमा पनि जोड दिनुपर्छ, किनभने यदि शारीरिक विकास भएन र केवल शिक्षा मात्र भयो भने त्यसले पनि कुनै खास फाइदा हुँदैन।

मातृभाषा त केटाकेटीले घरमै सिक्न सक्छन्। त्यसैले म त भन्छु स्कुलमा नेपाली पढाउनमा नै जोड दिनु आवश्यक छ।

पढाइमा खास गरी दृष्टिकोणको साधनलाई विकसित गर्नुमा राम्रो हुन्छ।

हाम्रो देशमा राम्रो तालिम प्राप्त शिक्षकहरुको अभाव छ।यस अभावलाई पूरा गर्न कलेज अफ एजुकेशनले पनि केही गरेको छ। यो अभाव पूरा हुनुपर्दछ र यस निमित्त नर्मल स्कुलको राम्रो व्यवस्था र यस कार्यमा प्रोत्साहन दिनुपर्छ।

पहिलेदेखि नै एउटा शिक्षा सामग्री उत्पादन केन्द्रको विषयमा कुरा पनि चलेको हो र यसका लागि पनि क्रियात्मकरुपमा कुरा गर्ने हो भने रुपैयाँ पैसाको सहायता नै हुनु आवश्यक छ।

प्रारम्भिक शिक्षा जुन कि एउटा आधारभूत ज्ञानको कुरा भएकोले अनिवार्य हुनुपर्दछ। माध्यमिक  शिक्षा ६ वर्षको हुनुपर्छ र यो बहुउद्देशीय हुनुपर्दछ।प्रथमतः प्रारम्भिक शिक्षा ज्यादै सुदृढ तरिकाको हुनुपर्छ र त्यस पछिको एक भागलाई उच्चशिक्षा दिनुपर्दछ। अर्थात प्रारम्भिक शिक्षा प्राप्त गरेपछि करिब ८० प्रतिशतले आफ्नो जीवनमा प्रवेश गर्छन् र केवल छानिएका २० प्रतिशत मात्र उच्चशिक्षाको निमित्त योग्य हुन्छन्।भारत वर्षमा आजका इलेक्ट्रिकल मेथडको उच्चशिक्षा दिने पनि प्रयत्न हुँदैछ, हामीले पनि त्यसतिर विचार गर्नुपरेको छ।उच्चशिक्षा प्राप्तगरेपछि पनि तिनीहरुलाई केही समयको एप्रेण्टिशिपको ट्रेनिङ हुनपर्छ।

शिक्षा मन्त्रालय

हाम्रो देशको भाषाको वर्तमान अवस्थालाई विचार गर्दा अझै ४०।५० वर्ष सम्म अंग्रेजी नै माध्यम हुन आवश्यक छ।भरखर यहाँहरुले बताउनु भएको प्रोजेक्ट सिस्टमको कुरा पनि मलाई राम्रो लाग्यो। माध्यमिक शिक्षा अनिवार्य गर्ने अवस्थामा हामी छैनौ, त्यसैले यो नसकिए तापनि मेरो विचारमा जो ज्यादै योग्य सावित भएका छन्, तिनीहरुको निमित्त उच्चशिक्षा प्राप्त गर्न आर्थिक कठिनाइले ढोका बन्द नहोओस्। यस प्रकारको शिक्षा ज्यादा गरेर प्रयोगात्मक हुनुपर्दछ।

स्कुलका विद्यार्थीहरुलाई वर्तमान अवस्थामा पनि विज्ञान जस्तो आवश्यक विषयमा अझै ज्यादै कमजोर पाँए, त्यसैले स्कुलहरुमा पनि सानातिना प्रयोगशालाको स्थापना गर्नु ज्यादै उत्तम कुरा हुनेछ र यो माध्यमिक शिक्षामा शिक्षकको समस्या पनि समाधान गरिनुपर्दछ। हाम्रो प्राविधिक शिक्षाको व्यवस्था पनि गलत तरिकाको छ।यो शिक्षामा गणित र विज्ञानमा ज्यादा जोड दिनु आवश्यक छ।

संस्कृत शिक्षाको सम्बन्धमा, यो वर्तमान विज्ञानको युगमा त्यत्ति उपयोगी छैन भन्ने कुरा म त स्पष्ट भन्न चाहान्छु।मेरो भनाई यो होइन कि संस्कृत पढ्नेको निमित्त ढोका बन्द होस्। मेरो भनाई हो, यस भाषालाई माध्यमिक शिक्षामा एउटा इच्छाधिन विषयको रुपमा मात्र राखियोस्।नेपाली भाषाको स्तर नउठेसम्म अंग्रेजी नै माध्यम रहनुपर्दछ।

हाम्रो देशमा त्रिचन्द्र कलेजमा विज्ञान शाखालाई हेर्‍यौ भने ज्यादै दुर्दशाको रुपमा पाइन्छ।लेक्चर तथा प्रोफेसरहरुको तलव स्केल राम्रो छैन।त्यसैले उहाँहरु विद्यार्थीहरुलाई घरमा नै पढ्न बोलाउनुहुन्छ र यसप्रकार शिक्षा नै व्यापारिक पेशाझै भइसकेको छ। त्यसकारण यी शिक्षकहरुको तलव स्केल राम्रो हुनुपर्दछ। कलाको क्षेत्रमा त झन् शिक्षकहरु केवल हाजिरी गरेर फर्केका देखिन्छन्।

विश्वविद्यालयले पोष्ट ग्राजुएट क्याम्पसहरु खोल्नुपर्दछ र क्रमिक विकासको निमित्त विश्वविद्यालयको योजना हुनुपर्दछ। अनुसन्धानको पनि व्यवस्था हुन सक्छ। यस निमित्त पुस्तकालय आदिको व्यवस्था गरिनुपर्दछ।

परीक्षाको वर्तमान तरिका पनि ठीक छैन।समय समयमा परीक्षा हुनुपर्दछ।साथ फाइनल परीक्षा पनि रहनुपर्दछ।

क्रेडिट सिस्टम यो एउटा फ्लेक्सिबल किसिमको हुन्छ र यसको खास फाइदा पनि त्यही हो।अमेरिकाजस्तो धनाढ्य देशमा यो लागू भएको छ भने हाम्रो यहाँ पनि त्यसलाई अनुकरण गर्न सकिन्छ।

राष्ट्रिय झण्डा, राष्ट्रिय गीत र प्रार्थना आदिको विषयमा भने एक प्रकारको हुनुपर्दछ। यसमा कुनै विवाद छैन।

सेन्ट्रल लाइब्रेरी, सेन्ट्रल होस्टल आदिको सम्बन्धमा, होस्टेल प्रणाली हुनुपर्छ। वीर पुस्तकालय पनि छ, तर त्यसमा भएका पुस्तकहरु नबुझिने भएकाले त्यसबाट कुनै फाइदा भएको देखिदैन, त्यसैले सेन्ट्रल लाइब्रेरीलाई बढाउनुपर्छ।

(७) **श्री वेदानन्द झा**

शिक्षाको विशेषज्ञ नभए तापनि आफ्नो देशको शिक्षामा रुची राखेको हुनाले सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको सदस्य मनोनित भई समय र देश सुहाँउदो शिक्षा पद्धति तयार पार्ने जस्तो महान् सम्पादनमा योगदान गर्ने मौका पाएकोमा मलाई साह्रैनै खुसी लागेको छ।यस सिलसिलामा तपाईहरु सँग म यो अनुरोध पनि गर्न चाहान्छु कि परिस्थितिले गर्दा राष्ट्रभाषाको पूर्ण ज्ञान नपाए तापनि राष्ट्रभाषाप्रति रहेको पवित्र भावनाबाट प्रेरित भई नेपालीमा नै यहाँ भाषण गर्न साहस गरेको हुनाले भाषामा धेरै त्रुटि हुन सक्दछ र तपाईहरुले त्यसको ख्याल नगर्नुहोला।

तथ्य यही हो कि राष्ट्र निर्माणको मूल आधार नै शिक्षा हो र साथै शिक्षाले देश, समाज र व्यक्तिको आवश्यकता पूर्ति गर्दैन भने शिक्षाको विशेष महत्व नै रहदैन।खुसीको कुरा छ कि माननीय शिक्षामन्त्रीज्यूले आफ्नो उद्‌घाटन भाषणमा देशको आर्थिक विकास र व्यावहारिक शिक्षा तर्फ जुन संकेत गर्नु भएको छ त्यो शिक्षाको क्षेत्रमा मलाई साह्रै नै महत्वपूर्ण लागेको छ। यो समितिले यस सम्बन्धमा गम्भीरताका साथ विचार गर्नु छ। मलाई लाग्छ कि यस सम्बन्धमा समितिलाई एउटा ठूलो जिम्मेवारी सुम्पिएको छ। हामीहरु आफ्नो जिम्मेवारीलाई राम्ररी अनुभव गरी देश र समय सुहाउँदो शिक्षा पद्धतिको रिपोर्ट तयार गर्‍यौं भने हामीबाट देशको एउटा महान सेवा हुनेछ। साँच्चै भँनू भने राष्ट्रनिर्माण तथा राष्ट्रियताको कुरा गर्दागर्दै मात्र पनि भावनाको प्रवाहमा नबगी हामीले अतितबाट शिक्षा ग्रहण गर्नुपर्दछ।आज पनि एक अर्काको बारेमा राम्ररी सोचविचार गर्नुपर्दछ। हामीले सम्पूर्ण देशको ख्याल राखी देशको जुनसुकै भागको मानिसमा रहेको प्रतिभा चाहिने व्यवस्थाको अभावमा अहले सम्म विकसित नभएको कुरालाई पनि राम्ररी अध्ययन गर्नुपर्दछ।देश र समयको

मागको अनुरुप आज हामीहरुलाई त्यो तरिका र त्यो बाटो खोज्नु परेको छ जसबाट नेपाली मात्रमा राष्ट्रियताको भावना जागोस्।सरल एवम् सुगम तरिकाले छात्रछात्राहरुमा रहेको प्रतिभा कममा कम अबधिमा पूर्ण विकास हुन पाओस् र हाम्रो राष्ट्रको सर्वतोमुखी विकसमा यथाशीघ्र यथासम्भब आवश्यकताअनुरुप विषयको शिक्षा प्राप्त व्यक्तिको उपयोग होस्। माननीय शिक्षामन्त्रीज्यूले राष्ट्रिय विचारधारलाई पाठ्यपुस्तकमा अङ्कित गराउने बारे जुन विचार व्यक्त गर्नुभएको छ, म त्यसमाथि अरु जोड दिन चाहान्छु।

प्रायः ५ वर्षअघि राष्ट्रिय शिक्षा आयोगले श्री ५को सरकारमा पेश गरेको रिपोर्ट हाम्रो सामुन्ने छ र यस आधारमा श्री ५ को सरकारले अहिलेसम्म गरेको कामको रिपोर्ट पनि सुनिसकेका छौँ।उपर्युक्त कमिशनको रिपोर्ट छँदाछँदै पनि श्री ५ को वर्तमान सरकारले देश र समय सुँहाउदो शिक्षा पद्धति अपनाउनेबारे आवश्यकता अनुभव गरी यो सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति गठन गरेको छ।उपयुक्त प्रकारको शिक्षा पद्धति तयार गर्नमा कुनै किसिमको बाधा हुन नपाओस् त्यसको निमित्त माननीय शिक्षामन्त्रीज्यूले राष्ट्रिय शिक्षा समितिको कार्यक्षेत्रलाई पर्याप्त ब्यापक पनि गरिदिनुभएको छ।यस प्रकार उपयुक्त सबै कुरामाथि विचार गर्दा मेरो विचारमा आज हाम्रो शिक्षा नीति एवम् शिक्षा पद्धतिको उद्देश्य राष्ट्रिय आवश्यकताको पूर्ति गराउने हुनुपर्दछ।आज विकासको युगमा विभिन्न शिक्षा प्राप्त व्यक्तिको अभाव जैलेसम्म रहन्छ हाम्रो मुलुक अगाडि बढ्न सक्दैन।हाम्रो सामुन्ने सर्वाधिक विचारणीय प्रश्न नै हुनुपर्दछ कि हामीलाई कुन तरिका अपनाएमा कममा कम समयमा उपयुक्त अभावको पूर्ति हुनेछ।मेरो विचारमा आज यही देश र युगको माग हो।यसैले मलाई लाग्दछ कि हामीले आज यसतर्फ आफ्नो उपलब्ध शक्तिलाई एकाग्र गर्नुपर्दछ र हाम्रो शिक्षा पद्धतिको आज यसपट्टि मोड लिनु आवश्यक देखिन्छ।यसको निमित्त कुनै दर्शनको आवश्यकता छैन।संसारको धेरै जसो राष्ट्रले आफ्नो मुलुकको सर्वतोमूखी विकासको निमित्त कुन प्रकारको ठोस प्रकारको कारवाई गरेका छन्, त्यसबाट हामीले पनि प्रेरणा लिन सकिन्छ।यसको साथै हाम्रो देशको परम्परागत, अध्यात्मिक एवम्  सांस्कृतिक विकास तर्फ पनि हेरे हामीले ध्यान दिनुपर्दछ।हुनलाई त शिक्षाको तात्पर्यनै मानवको सर्वतोमुखी विकास हो र हाम्रो पनि त्यै नै आखिरी लक्ष्य हुनुपर्दछ।राष्ट्रिय शिक्षा आयोगले शिक्षाको विभिन्न पहलुमाथि विचार गरेको देखिन्छ।यद्यपि आयोगका केही

सुझाउहरु मैले रुचाएको छैन तापनि मलाई लाग्दछ कि आयोगको रिपोर्ट नयाँ शिक्षा पद्धति तयार गर्नमा पनि धैरै नै सहायक हुनेछ।

माननीय शिक्षामन्त्रीज्यूको आफ्नो उद्‌घाटन भाषणमा व्यावसायिक शिक्षा र माध्यमिक स्तरमा बहुउद्देशीय शिक्षातर्फ संकेत गर्नुभएको छ र म श्री ५ को सरकारको यस निहित अभिप्रायको हार्दिक स्वागत गर्दछु।म संझन्छु श्री ५ को सरकारको शिक्षाको बारेमा यो एक प्रकारको निर्देशक कुरा हो।हो, स्पष्ट भनौं भने मलाई यति मात्रले सन्तोष भएको छैन।खुशीको कुरो यो छ कि माननीय मन्त्रीज्यूले शिक्षा पद्धति निर्धारित गर्नलाई समितिलाई पूर्णअधिकार दिनुभएको छ। तसर्थ मलाई लाग्दछ कि समितिले चाहेमा उपयुक्त अभिप्रायको पूर्ण विकसित अर्थात् योजनाबद्ध रुपमा ल्याउन सक्छ।

आज हाम्रो मुलुकमा राष्ट्रियताको विकासको सम्बन्धमा धैरै नै चर्चा भैरहेको छ र हुन पनि आवश्यक र स्वभाविक हो।राष्ट्रिय भावनाको विकास राष्ट्रिय एकताको निमित्त नितान्त आवश्यक छ। जाग्रत राष्ट्रिय भावना भएको देशलाई जुनसुकै अवस्था भएपनि अगाडि बढ्नमा धैरै समय लाग्दैन। हो, हामीले राष्ट्रिय भावना आफ्नो देशवासीहरुमा कुन किसिमले, जाग्रत गराउन सक्छौं त्यो एउटा ठूलो प्रश्न हो, जसमाथि गम्भिरतासाथ विचार गर्नुपर्दछ।मेरो विचारमा देश सबैको हो र सबैले देश बनाउनु छ।यस तथ्यलाई राम्ररी सम्झी सानातिना कुरा लिएर व्यर्थको विवाद खडा हुन नदिनु र देशमा सद्भावनापूर्ण वातावरण तयार पार्नपट्टि ध्यान दिई देशवासीहरुको हृदयमा सही मानेमा राष्ट्रिय भावना उत्पन्न गराउने प्रयास गर्नु प्रत्येक देशभक्त नेपालीको कर्तव्य हो।प्रत्येक नेपालीले राष्ट्रिय र राष्ट्रिय भावना बारे धैरै जसो कुरामध्ये राष्ट्रभाषाको विशेष महत्व हुन्छ।यो भाषा सिक्ने कोशीश गर्नुपर्छ भन्ने तर्कमा दुई मत हुन सक्दैन। आफ्नो राष्ट्रभाषालाई ज्यादाभन्दा ज्यादा लोकप्रिय बनाउनु पर्दछ, यस तथ्यको पनि कतै विरोध देखिदैन। निश्चित नै यो एउटा शुभ लक्षण हो।यस सम्बन्धमा मेरो दृष्टिमा केही योजना कागजमा लेखेर मात्र सफल हुनेछैन र एउटा स्वस्थ वातावरण तयार गर्नु आवश्यक छ।राष्ट्रिय भावनालाई विकसित गर्नलाई कसैलाई विरोध नहुने गरी राष्ट्रभाषालाई ज्यादाभन्दा ज्यादा लोकप्रिय बनाउनुपर्दछ।पाठ्यपुस्तकहरुमा राष्ट्रिय भावनालाई पूर्णरुपले चित्रित गर्नुपर्दछ। तमाम स्कुलहरुमा प्रार्थना गान पनि एकै हुनसक्छ र श्री ५ को सरकारले चाहेमा समय समयमा स्कुल कलेजहरुमा कुनै

झण्डोको उपयोग गर्ने आवश्यक भएमा राष्ट्रिय झण्डालाई मात्र उपयोग गर्न व्यवस्था पनि हुन सक्छ।शिक्षाको क्षेत्रमा राष्ट्रभाषालाई विशिष्ट स्थान दिनु पनि आवश्यक छ।

राष्ट्रभाषाको बारेमा मेरो यो निश्चित विचार छ कि आफ्नो मुलुकको राष्ट्रभाषाको ज्ञान हुनु एउटा गौरवको विषय हो।जहाँसम्म शिक्षाको माध्यमको प्रश्न छ, यसको सम्बन्धमा राष्ट्रिय शिक्षा समितिले राम्रोसँग विचार गर्नुपर्छ।राष्ट्रभाषालाई लोकप्रिय बनाउनको तात्पर्य देशमा प्रचलित भाषाहरुको उपेक्षा गर्नुहुँदैन। देशमा प्रचलित भाषाहरुको बारेमा मेरो विचारमा राष्ट्रभाषाको साथै सबैजसो भाषाको विकासलाई समान अवसर दिनु हाम्रो मुलुकको निमित्त सर्वथा लाभदायक हुनेछ। राष्ट्रभाषा, क्षेत्रीय भाषा र मातृभाषाको माध्यमद्वारा शिक्षा दिन सक्ने व्यवस्थालाई सिद्धान्तरुपमा स्वीकार गर्नु मलाई आवश्यक लाग्दछ। यस सम्बन्धमा धेरै कठिनाइहरु पनि छन्। ती कठिनाइहरु नहटाएसम्म एउटा लक्ष्य निर्धारित गरी अहिलेसम्म रहेको शिक्षाको माध्यमलाई तत्काल कुन स्तरमा कुन भाषालाई  शिक्षाको माध्यम राख्नुपर्दछ। त्यो शिक्षाप्रेमीहरुको निमित्त एउटा विचरणीय विषय हुनुपर्दछ। छात्रछात्राहरूमा रहेको प्रतिभालाई मेरो विचारमा क्षेत्रीय र मातृभाषामा ज्यादै नै शीघ्रतासाथ विकसित गर्न सकिन्छ। मेरो दृष्टिमा एकै प्रकारको पाठ्यपुस्तकलाई अहिलेसम्म रहेको माध्यमिक भाषाहरुमा अनुवाद गराई निर्धारित स्तरसम्म सोही माध्यमद्वारा शिक्षा दिलाउने र राष्ट्रभाषालाई निर्धारित कक्षा देखि अनिवार्य विषयको रुपमा पढाउने व्यवस्था हाम्रो मुलुकको निमित्त सबै दृष्टिबाट लाभदायक हुनेछ जस्तो मलाई लाग्दछ।शिक्षाको माध्यमिक स्तरसम्म राष्ट्रभाषाको साथै क्षेत्रीय भाषालाई पनि माध्यम राख्नुपर्छ र विश्वविद्यालयमा जबसम्म आवश्यक सामग्री उपलब्ध हुँन सक्दैनन् तबसम्म रहेका माध्यमिक भाषाहरुलाई कायम राख्नुपर्दछ र एउटा लक्ष्य निर्धारित गरी अन्तमा विश्वविद्यालयस्तरको शिक्षाको माध्यम राष्ट्रभाषालाई नै गराउनुपर्दछ।

यसै सिलसिलामा म यो पनि भन्न चाहान्छु कि हाम्रो देशको सांस्कृतिक एवम् अध्यात्मिक जुन विशिष्टता छ त्यसको पनि उचित विकास हुनुपर्दछ र खास गरेर म संस्कृत शिक्षाको बारेमा चाहान्छु कि संस्कृत शिक्षामा आवश्यक सुधार ल्याई उसको निमित्त एउटा पृथक विश्वविद्यालय हुनुपर्दछ।

(८) **श्रीमती चन्द्रा किरण**

मन्त्रीज्यूबाट १९५३ मा गठित भएको राष्ट्रिय शिक्षा आयोगको सिफारिसमा भएका शिक्षाप्रगतिको विवरण मोटामोटीरुपमा थाहा भएको छ।

त्यस आयोगले हाम्रो राष्ट्रिय शिक्षाको रुपरेखा बताउँछ। शिक्षा एउटा प्रगतिशील कार्य भएकोले यसका विस्तारमा केही हेरफेर हुनसक्छ।यसमा आधारित धेरै शिक्षासम्बन्धी कामहरु भइसकेका छन् र हुनेछन्, यो मन्त्रीज्यूको रिपोर्टबाट थाहा हुन्छ। अब यी कामहरु कस्तो रुपबाट चलिरहेका छन्? अहिलेसम्म के कति प्रगति भयो? के कति दोषहरु देखिए? यसको मूल्याङ्कन हुनुपर्दछ र अघि बढाउँदै लैजानुपर्छ।उदाहरणका लागि नर्मल स्कुलले २९४० प्राथमिक शिक्षकहरु तयार गरेको छ।यी सबै शिक्षकलाई काममा लगाइएको छ, छैन? यी शिक्षकहरुलाई नर्मल स्कुलको दश महिने तालिम पर्याप्त छ, छैन? यी कुराहरुको मूल्याङ्कन गर्ने समय आएको छ।यस्तै अरु क्षेत्रमा पनि मूल्याङ्कन हुनपर्छ।

शिक्षामा ऐनको आवश्यकता छ, यसमा शङ्का छैन, तर शिक्षा ऐन तर्जुमा गर्दा देश र परिस्थिति सुहाउँदो गर्नु जरुरी छ, न कि भारत वा अरु कुनै देशको शिक्षा ऐन हुवहु नक्कल गरियोस् वा शिक्षा पद्धति प्रजातान्त्रिक ढङ्गको हुनुपर्दछ।प्रजातन्त्रको जग जरैदेखि बलियो तुल्याउने श्री ५ को दृढ सङ्कल्पलाई कार्यमा परिणत गराउने शिक्षालय एउटा मुख्य संस्था हो।शिक्षालयको शिक्षण पद्धति एवम् वातावरण दुबै प्रजातान्त्रिक ढङ्गको हुनैपर्छ।

शिक्षा माध्यमिकस्तरमा व्यावसायिक हुनुपर्छ, जुन ठाउँमा जे प्राकृतिक साधन उपलब्ध हुन्छ, त्यसै विषयमा शिक्षालयले विशेष तालिम दिन सक्नुपर्छ।जस्तो काठ पाउने ठाउँमा काष्ठकर्मलाई विशेषता र काँश पाइने ठाउँमा काँशको भाँडा आदि बनाउने विषय राखिनुपर्छ, यसले शिक्षाको रुप व्यावहारिक तुल्याउनमा मद्दत दिन्छ।

उच्चशिक्षा हाल त्रिभुवन विश्वविद्यालय अन्तर्गत छ। अरु देशले पचासी वर्ष लगाएर विकास गरेका क्षेत्रहरुमा हामीले थोरै समय लगाएर उन्नति गर्नुपरेको छ।उनीहरुले गरेको दोष हामीले दोहोऱ्याउन हुँदैन, बरु एक फड्को अघि नाघ्नु बेस हुन्छ। सन् १९६३ देखि नेपाली माध्यमको घोषणा अलि अपर्झट भए पनि सराहनीय र उत्साहपूर्ण छ।विश्वविद्यालयले एम ए को रात्रिक्लासलाई प्रोत्साहन दिए अथवा रात्रिक्लासहरु चालु गर्न सके दिउँसो काम गर्ने जागिरेहरुले पढ्न पाउँथे।

हाम्रो देशलाई थोरै समयमा योग्य शिक्षकहरु धेरै संख्यामा चाहिएको छ। साथसाथै संख्याको मात्र ख्याल नगरी गुणको पनि ख्याल गर्नुपरेको छ। कलेज अफ एजुकेशनले तीन प्रकारको कार्यक्रम राखी शिक्षक उत्पादन गरिरहेछ। मन्त्रीज्यूको रिपोर्टमा यसको

पूरा उल्लेख छ। बेलाबेलामा अन्तरसेवा तालिम र कार्यशालाको व्यवस्था गरी शिक्षकहरुको स्तर उठाउँने प्रयत्न गर्दैछ, तर शिक्षक पेशामा कोही रहन चाहँदैनन्।प्रथम र दोस्रो श्रेणीमा उत्तीर्ण भएका विद्यार्थीहरु अरु क्षेत्रमा जान चाहान्छन्।तेस्रो श्रेणीका पनि कतै ठाउँ नपाएका शिक्षकहरु शिक्षक तालिममा आउँछन्। त्यस्तै निम्नस्तरका विद्यार्थीलाई शिक्षक तुल्याई बुद्धिमान, होनहार र लायक भावी सन्तान एवम् भावी छात्रहरुको आशा राख्नु हाम्रो कत्रो भूल हो। यसतर्फ पनि सरकारको एउटा नीति निर्धारित भए शिक्षक पेशामा बढी आकर्षण भई धेरै संख्यामा शिक्षक तालिम हुने थिए।

१ तालिम लिइसकेर नोकरी पाउने विश्वास,

२ तलबको स्केल राम्रो र पेन्सन पाउने,

३ सबै स्कुलहरुमा तालिमप्राप्त शिक्षकहरुको मात्र नियुक्ति,

४ अन्तर सेवा तालिम र कार्यशालाको ब्यबस्थाद्वारा शिक्षकहरुको स्तर बढाउने मौका प्रदान गर्ने,

५ शिक्षामा अनुसन्धान हुने र नवीन शैक्षिक साधनको उत्पादन र प्रयोग भैरहने।

प्राथमिकको घुम्तीदलले जस्तै ठाउँठाउँका माध्यमिक शिक्षकहरुलाई पनि तालिम दिन सक्नुपर्छ। काठमाडौँमा मात्र एउटा तालिम केन्द्र भएर पुग्दैन।

नमूनाको स्कुल र महाविद्यालयको स्थापना हुन आवश्यक छ। यसको निम्ति आदर्श वातावरण, भवन, तालिमप्राप्त शिक्षकहरुको नितान्त आवश्यकता हुन्छ।कलेज अफ एजुकेशनमा भएको प्रदर्शनात्मक स्कुललाई माध्यमिक स्कुलको रुप दिन खोजेको हो।तालिमप्राप्त शिक्षकहरु, पर्याप्त मात्रामा शैक्षिक साधनको प्रयोग, उत्तम शिक्षण प्रणाली अपनाएर पनि सानासाना अँध्यारा छिडिका कोठाहरुले नमुनाको स्कुल भन्न दिदैन।

अनुदानसम्बन्धी नीतिमा मन्त्रीज्यूको रिपोर्टमा भएको नीति ठीक छ। तर कार्यको उठान चाहिँ जनताबाट नै आवश्यक छ भन्दा, हाललाई धेरै पिछडिएका गाउँ, बस्तीतिर सरकारले नै उठाउने गरिदिनुपर्ला र पछि राम्रो स्थिरता भएपछि जनतालाई सुम्पन सकिन्छ।स्कुलको स्थापनाको साथसाथै त्यस ठाउँका जनतालाई जिम्मेवारी सम्झाउन सक्ने नेतृत्वको आवश्यकता छ।

काठमाडौँ सेन्ट्रल होस्टलको स्थापनाले तीतो अनुभव गराएको छ। छात्रावासको आवश्यकता नै नभएको हो कि भन्ने शङ्का उठ्नु पनि स्वभाविकनै हो।त्रुटि कही भएकै होला, एउटा दुई तीनजनाको सानो समितिले यसको छानवीन गर्ने जरुरत छ।

प्राथमिकस्तरका झै माध्यमिक स्तर विशेष गरी ६,७ र ८ कक्षाको पाठ्यक्रम पनि निर्धारित हुनुपर्छ।नौ र दशको पाठ्यक्रम एस एल सी अनुसार हुने भएकोले एस एल सी को पाठ्यक्रम यथाशीघ्र संशोधन गर्नुपर्छ।

पाठ्यक्रमको रुपरेखा सरकारबाट निर्धारित त्यस रुपमा पाठ्यपुस्तकहरु नलेखिएला जस्तो लाग्दैन। सरकारी तौरबाट शिक्षा सामग्री उत्पादन केन्द्र चालु भएदेखि विभिन्न पाठ्यपुस्तकहरु लेखिए पनि तिनीहरुको स्तरमा समानता ल्याउन बेर लाग्दैन।

हाम्रो परीक्षा प्रथा ज्यादै पुरानो छ।अर्धवार्षिक र वार्षिक परीक्षामा मात्र जोड नदिएर बालकको दिन दिनैका पढाइ र प्रगतिको ख्याल गर्नुपर्दछ। यसको निम्ति प्रत्येक बालकले एकदेखि दश कक्षासम्मको सञ्चित अभिलेखपत्र विद्यालयहरुले राख्नुपर्छ।एस एल सी परीक्षामा पनि प्रत्येक विषयमा १० देखि १५ प्रतिशत अङ्क शिक्षालय प्रगतिलाई राखिनुपर्छ।

पाठ्यपुस्तक पुस्तकालय प्रत्येक शिक्षालयमा हुनुपर्दछ। हाम्रा शिक्षालयमा शिक्षकका लागि पनि पाठ्यपुस्तक हुँदैन। गाउँघरमा पनि ठाउँठाउँमा पढ्ने सामग्रीहरु, प्रशस्त मात्रामा नभए प्रारम्भिक र प्रौढ शिक्षा बेकार हुन्छ।बालसाहित्य धैरै विषय र धैरै संख्यामा लेखिनुपर्छ। गरिब छात्रछात्राहरुले छात्रवृत्ति पाउनुपर्छ।छात्रवृत्ति पैसाको रुपमा नदिएर पाठ्यपुस्तक, कापी, कलम, स्कुललाई चाहिने सामग्री र लुगाको रुपमा हुनुपर्छ।

स्कुलहरुले एउटै प्रार्थना चलाउनु आवश्यक छ। आजकल धरै स्कुलहरुमा श्री ५ को सलामी गाउने चलन पनि छ।स्कुलहरुले भिन्दाभिन्दै झण्डा नराखी राष्ट्रि झण्डा चलाउने विचार पनि असल हो।आफ्ना स्कुलको भिन्दै झण्डा भए पनि राष्ट्रिय झण्डाको महत्व र स्थान बुझ्न जरुरी छ।

शिक्षाको माध्यम नेपाली नै हुनुपर्छ। नेपाली नै नेपालको भाषा हो। अरु भाषा वर्गीय, जातीय र क्षेत्रीय भाषाहरु हुन्।जस्तै गुरुङ्गले बोल्ने गुरुङ्ग भाषा, तामाङले बोल्ने तामाङभाषा, नेवारले बोल्ने नेवारी भाषा र यस्तै भोजपुरी, मैथिली आदि।यी भाषाहरु प्राथमिक स्तरमा इच्छाधिन रहन सक्छन्।

यसै सिलसिलामा काठमाडौंमा अंग्रेजी माध्यमका स्कुलहरु पनि छन्।मुलुकभरमा शिक्षाप्रणाली एकै हुनेछ र शिक्षाको माध्यम नेपाली हुनुपर्छ भनी हामी भन्छौं भने अंग्रेजी माध्यमका शिक्षालयहरु हाम्रो देशमा रहन सक्दैनन् यो निर्विवाद छ।

शिक्षालय जाने उमेर ६ देखि १६ भनी भनिएको छ। यसको माने विद्यालयको पढाइ दश वर्षको भन्ने मात्र होला।६ देखि १६ सम्मका सबै केटाकेटीहरु शिक्षालय जानै पर्छ भनिएको होइनहोला। हाललाई हाम्रो देशमा प्राथमिक शिक्षा मात्र अनिवार्य गर्न सकेमा ६ देखि ११ सम्मका केटाकेटीहरुले शिक्षालय जानै पर्छ भनेर किटान गर्नुपर्छ।प्राथमिक शिक्षा निःशुल्क हुनुपर्छ।

(९) **श्री कुलशेखर शर्मा**

१ शिक्षा ऐनको आवश्यकता

मुलुकभरि शिक्षामा एकरुपता ल्याउनलाई तथा सरकारको शिक्षा सम्बन्धी नीतिलाई प्रभावकारी रुपले सबै शिक्षण संस्थाहरुमा समानरुपले लागु गर्न तथा स्कुल कलेजको सञ्चालन र प्रशासनमा अव्यवस्था हुन दिनबाट रोक्नको निमित्त सरकारलाई कानुनी अधिकार प्राप्त हुन आवश्यक छ।यसको निमित्त एउटा शिक्षा सम्बन्धी ऐन बनाइ लागु गर्नु पर्ने आवश्यकता छ। उपयुक्त कुरामा सरकारी नियन्त्रण सरकारद्वारा दिइने आर्थिक सहायता द्वारा पनि गर्न सकिन्छ, किनकि धेरैजसो शिक्षण संस्थाहरु सरकारी सहायता बीना चल्न सक्दैनन् र सरकारी नीति अनुसार नचल्ने संस्थाहरुलाई आर्थिक सहायता नदिन तथा दिइआएको भए त्यसमा घटीबढी गर्न र बन्द गर्न पनि सकिन्छ।यस प्रकार सबै संस्थाहरु माथि अप्रत्यक्ष नियन्त्रण राख्न सकिन्छ।सामान्यतः यो व्यवस्था असन्तोषजनक त होइन, तर यस व्यवस्था अनुसार आफूसँग पर्याप्त साधन भएका तथा सरकार बाहेक अन्य संस्थाहरुबाट सहायता लिने स्कुल कलेजहरुमा सरकारी नीति प्रभावपूर्ण रुपमा लागु गर्न नसकिने अवस्था पनि हुन आउन सक्छ।उपर्युक्त कारणले तथा देशमा शिक्षा विकास सम्बन्धी प्रारम्भिक अवस्था भएकाले शुरुदेखी नै शिक्षाको विकास सुनियोजित ढङ्गले होओस् भन्नाको निमित्त शिक्षा ऐन तुरुन्त बन्नु पर्दछ।

**शिक्षा पद्धति**

मुलुकको शिक्षाप्रणाली स्पष्टरुपले निर्धारित हुनुपर्दछ। हाल शिक्षा व्यवस्थालाई तीन प्रकारमा विभाजित गर्न सकिन्छ।

१ प्राथमिक २ माध्यमिक ३ उच्च

देशका समस्त विद्यार्थीहरुलाई यतिसम्मको शिक्षा आवश्यक र निशुल्क गरिदिनुपर्दछ जसले उनीहरुलाई लेख्न, पढ्न, हिसाब गर्न सक्ने बनाउन बाहेक, आफ्नो देशको भूगोल, इतिहास, सामाजिक र राजनैतिक व्यवस्था तथा संस्कृतको साथै सामान्य विज्ञान इत्यादिको जानकारी गराओस् र उनीहरुलाई आफ्नो इच्छाको व्यवस्था छान्न र त्यसलाई राम्रो सँग अध्ययन गर्न समर्थ बनाओस्।यस प्रकारको शिक्षाको निमित्त कममा कम ७ वर्षको तालिमको आवश्यकता पर्नेछ।सरकारको अन्तिम लक्ष्य निशुल्क र अनिवार्य गर्ने हुनुपर्नेछ।त्यसपछि ३ वर्षसम्मको माध्यमिक शिक्षा प्राप्त गरेपछि यो ७ वर्षसम्म नै शिक्षालाई विद्यार्थी कलेज प्रवेशको निमित्त योग्य हुन्छ। माथि उल्लख गरिएको अनिवार्य शिक्षालाई कार्यान्वित गर्ने उद्देश्यले व्यावहारिक दृष्टिकोणबाट प्राथमिक र त्यसपछि ३ वर्षको उच्च प्राथमिक शिक्षामा विभाजन गर्न सकिन्छ।हाललाई त्यसलाई ४ वर्षको निम्नप्राथमिक अर्थात १ देखि ४ कक्षा सम्मको शिक्षालाई तुरुन्त निशुल्क गरिदिनुपर्दछ।त्यसपछि क्रमश उच्च प्राथमिक शिक्षालाई पनि निशुल्क गर्दै लैजाने व्यवस्था गर्नुपर्दछ।अनि ३ वर्षको योजनाकाल समाप्त भएपछि निम्न प्राथमिक शिक्षा तथा त्यसपछि क्रमश उच्च प्राथमिक शिक्षालाई अनिवार्य पनि गर्दै जानुपर्नेछ।साथै मुलुकभित्रको शिक्षाप्रणाली एकै प्रकारको हुनुपर्दछ।

२ व्यावसायिक शिक्षा

शिक्षाको वर्तमान पद्धतिमा, देशको स्थिति तथा आवश्यकता समेतको विचार नराखी केवल सैद्धान्तिक शिक्षा दिने व्यवस्था छ।अब यसलाई बदली देशको आर्थिक विकासको निमित्त पर्ने आवश्यकता समेतको विचार राखी नवीन शिक्षा पद्धतिको प्रारम्भ गर्ने आवश्यकता परेको छ, यस अनुसार विद्यार्थीहरुलाई शिक्षा समाप्त गरेपछि निरुद्देश्य भई आफ्नो जीविकाको निमित्त यताउता भड्किन नपरोस्।यसको निमित्त, शिक्षाका सामान्य शिक्षाका साथै व्यावसायिक शिक्षा पनि दिने प्रबन्ध हुनुपर्दछ।व्यावसायिक केही कोर्सहरु प्राथमिक शिक्षाको तहमा नै दिन थालिए तापनि, व्यावसायिक शिक्षाको वास्तविक प्रारम्भ प्राथमिक शिक्षाको तह पार गरिसकेपछि हुनुपर्दछ। यसो भएमा विद्यार्थी, आफ्नो व्यावसायको शिक्षा राम्रो सँग

ग्रहण गर्न सक्ने अवस्थामा हुन्छन्।प्राथमिक तहमा व्यावसायिक कोर्सहरु राख्नाको उद्देश्य अभिरुचि र झुकाउ पत्ता लगाउन मात्र हुनुपर्दछ।त्यसपछि चाँही विद्यार्थीहरुको अभिरुचि र झुकाउ पत्ता लगाउन ठोस शिक्षा दिइनुपर्दछ।यस्तो व्यावसायिक शिक्षा ३ वर्षको राखिनुपदर्छ। त्यसपछि विभिन्न व्यावसायमा अझै स्पेसलाइज्ड ट्रेनिङ लिन चाहने विद्यार्थीहरुका लागि विभिन्न प्राविधिक शिक्षण संस्थाहरु हुनुपर्दछ।

३ उच्चशिक्षा

हाल विद्यार्थीहरु आफ्नो स्कुल शिक्षा समाप्त गरेपछि कुनै कार्यक्रम र उद्देश्य नै नराखी उच्च शिक्षालयमा भर्ना हुन्छन् र पछि महाविद्यालय वा विश्वविद्यालयबाट फर्केपछि आफ्नो बाटो पहिल्याउन सक्दैनन्। साथै सैद्धान्तिक शिक्षा मात्र प्राप्त गरेकोले शारीरिक परिश्रमबाट गर्ने व्यवसायप्रति उनीहरुमा अभिरुचि उत्पन्न भइसकेको हुन्छ। फलस्वरुप, समाजमा तिनीहरु राम्रोसँग मिल्न सक्दैनन् र विस्तारै सामाजिक व्यवस्थामा गडबडी पैदा हुन थाल्दछ।यस स्थितिको सुधार, व्यवसायिक शिक्षाले धैरै अंशमा गर्दछ, तर त्यसमा अझै सुधार गर्नको निमित्त उच्चशिक्षामा केवल योग्य व्यक्तिहरुले मात्र जान सक्ने व्यवस्था हुनुपर्छ। यसको निमित्त महाविद्यालयहरुले भर्ना गर्दा पहिले एउटा योग्यताको व्यवस्था हुनुपर्छ।यसको निमित्त महाविद्यालयहरुमा भर्ना गर्दा पहिले एउटा योग्यताको परीक्षा गरेर त्यसमा उत्तीर्ण हुने विद्यार्थीहरुलाई मात्र भर्ना गर्न प्रबन्ध हुनुपर्दछ।

४ शिक्षा प्रचार

देशका शिक्षण संस्थाहरु हाल अत्यन्त दीनहीन अवस्थामा छन्।धैरैजसो शिक्षण संस्थाहरुको आफ्नो भवन छैन।उनीहरु येनकेन प्रकारेण आफ्नो काम चलाइआएका छन्।धैरै ठाउँहरुमा रुखमनि पढाइ हुने भएकोले वर्षातमा स्कुलहरु नै बन्द हुन्छन्।योग्य शिक्षकहरुको पनि अभाव छ, जसले गर्दा स्कुलहरुमा पढाइ अत्यन्त निम्नस्तरको छ। पढाउन चाहिने मालसामानहरु तथा फर्निचरहरु पनि पर्याप्त मात्रामा सायद नै कुनै स्कुलहरुमा होलान्। धैरै जसो स्कुलहरुमा स्थान र शिक्षकहरुको अभावले गर्दा एउटा क्लासमा १०० भन्दा बढी विद्यार्थीहरु छन्।जबकि एजुकेसन बोर्डअनुसार एउटा क्लासमा २५ देखि ४० सम्म विद्यार्थीहरु मात्र रहन सक्लान्। एकातिर यस्तो स्थितिलाई सुधार्नु छ भने , अर्कोतिर शिक्षालाई बढ्ता व्यापक तुल्याएर देशको कुनाकुनाका बालकहरुलाई शिक्षाको साधन

उपलब्ध गराई उनीहरुलाई शिक्षित बनाउनु छ।अतः यस सम्बन्धमा, एउटा निश्चित नीतिको अनुसरण गर्नुपर्दछ। वर्तमान स्थितिका प्राथमिक शिक्षालाई चाहिँ प्रसार गर्न जाने र सकेसम्म व्यापक बनाउने तथा माध्यमिक र उच्चशिक्षाको हकमा चाहिँ प्रसार भन्दा बढ्ता ध्यान भइरहेको संस्थाहरुको अवस्थामा सुधार गर्दै लैजाने नीति अपनाउनुपर्ने देखिन्छ।

५ प्राथमिक शिक्षा

उपयुक्त नीतिलाई ध्यानमा राखी प्राथमिक शिक्षाको प्रसारको निमित्त सरकारको साधनले भ्याएसम्म प्रयत्न गर्नुपर्छ। हाल, मुलुकभरिमा जम्मा ३००० जति प्राथमिक स्कुलहरु छन्, जसमा १,५०,००० विद्यार्थीहरु शिक्षा प्राप्त गर्दछन्।यो संख्या संसारका अन्य देशहरुको तुलनामा अत्यन्त थोरै छ।अतः आगामी ३ वर्षमा लगभग ३००० जति अरु स्कुलहरु खोल्ने योजना गर्नुपर्दछ।यस योजना अनुसार आगामी ३ वर्षमा लगभग ५० लाख रुपैयाँ खर्च हुने अनुमान गर्न सकिन्छ।त्यसपछि प्रत्येक वर्ष २७ लाख सालबसाली खर्च हुनेछ।उक्त खर्चमा भवन निर्माण सम्बन्धी खर्च सम्मिलित गरिएको छैन।भवनको हकमा प्रथम ३ वर्षसम्म राम्रो सँग आलोपालो मिलायो भने एउटै कोठाबाट पनि काम चल्न सक्दछ र यस्तो कोठा जनसहयोगबाट सजिलोसँग प्राप्त गर्न सकिन्छ।उपर्युक्त अवधिको अन्तमा केवल नयाँ खुल्ने उक्त स्कुलहरुमा मात्र १,००,००० लाख भन्दा बढी छात्रहरुले शिक्षा प्राप्त गर्न पाउनेछन्।

६ ग्राम पञ्चायतद्वारा

माथि लेखिएअनुसारका नयाँ खुल्ने स्कुलहरुको सञ्चालन ग्रामपञ्चायत खुलेका ठाउँहरुमा ग्रामपञ्चायतलाई दिई स्कुलको कममा कम आधा खर्च उनीहरुले नै प्रबन्ध गराउन सकेमा धेरै बेस हुनेछ।यसबाट दुई लाभ छन्।एक त उही खर्चले दोब्बर स्कुलहरु खुल्न सक्छन्, अर्को स्कुलको सञ्चालनमा ग्रामपञ्चायतले पनि आधा खर्च बेहोर्ने हुँदा ग्रामका सबै जनता शिक्षाको आवश्यकता प्रति बढता जागरुक हुन्छन् र स्कुलको सञ्चालनमा बढ्ता सक्रिय चाख दिई स्कुलको व्यवस्था सुधार्ने प्रयत्न गर्नेछन्।ग्रामपञ्चायतको सञ्चालन जिल्लास्थित शिक्षा अधिकारीहरु र ब्लक डेभलपमेण्ट अफिसरहरुको सामान्य रेखदेखमा गर्ने व्यवस्था हुनुपर्दछ।

७  शिक्षकहरुको समस्या

हाल चालु रहेकै धेरै स्कुलहरुमा त शिक्षकहरुको अभाव छ  भने नयाँ खोलिने स्कुलहरुमा शिक्षक पाउन नसकिने सम्भावनामाथि पनि विचार गर्नु आवश्यक छ।वर्तमान शिक्षाप्रणालीको फलस्वरुप जिल्ला जिल्लामा शिक्षा समाप्त गर्नासाथ छात्रहरुमा काठमाडौँमा आई जागिर खोज्ने प्रवृत्ति उत्पन्न भएको छ। अतः जिल्लामा खोलिने स्कुलहरुका लागि शिक्षकहरु पाउन अवश्य पनि कठिनाई हुनेछ। यस स्थितिको सामना गर्नको निमित्त, सरकारले यो नीति बनाउनु पर्ने हुन आउँछ कि सरकारी नोकरीको निमित्त उम्मेदवारहलाई छान्दा सरकारले कुनै पनि स्कुलमा शिक्षक भई कममा कम २ वर्षसम्म काम गरिसकेका व्यक्तिहरुलाई (अरु योग्यता पुगेमा) नियुक्त नगरी अरुलाई नियुक्त गर्नेछैन। यो नीति अलि कडा देखिन्छ, तर देश  निर्माणको काममा सारा देशको जनशक्तिलाई नमोडी देशको विकास हुन सक्दैन।शिक्षकहरु प्राप्त गर्ने यो भन्दा व्यवहारिक कुनै अर्को उपाय देखिदैन।यसले पनि यदि शिक्षकहरुको कमी पूरा हनु सकेन भने हाइ स्कुल पछि पढाइ छाड्ने विद्यार्थीहरुको हकमा २ वर्षसम्म उनीहरुले शिक्षकको कार्य अनिवार्य बनाउने व्यवस्था गर्नुपर्दछ। यसबाट तराई क्षत्रेका विभिन्न स्कुलहरुमा शिक्षक भई बसेका अनागरिकहरुलाई नेपालीहरुद्वारा फेर्न सकिनेछ। त्यसपछि क्रमशः उक्त विद्यार्थीहरुलाई शिक्षक तालिम दिने व्यवस्था गर्नुपर्दछ र शिक्षक हुन नचाहनेहरुको हकमा उनीहरुको सट्टा तालिम प्राप्त शिक्षकहरु पठाउने प्रबन्ध गर्नुपर्दछ।

८  मोडेल कलेज स्कुलहरुको स्थापना

हाल चलिरहेका स्कुल कलेजहरुमा पढाइको स्तर अत्यन्त निम्न छ। यस स्थितिलाई समयमै सुधार्न सकिएन भने, स्कुल कलेजहरुको संख्या धेरै बढेपछि सो गर्न असम्भवप्रायः हुन जानेछ।यस स्थतिमा सरकारको तर्फबाट प्रत्येक अञ्चलमा एउटा मोडेल कलेज, प्रत्येक जिल्लामा एउटा मोडेल हाइस्कुल र प्रत्येक ब्लकमा कममा कम एउटा मोडेल सेकेण्डरी र एउटा मोडेल प्राइमरी स्कुल खोल्नुपर्दछ। उक्त शिक्षणसंस्थाहरु, पढाइको स्तर, शिक्षकहरुको संख्या, छात्रहरुलाई दिइने खेलकुदसम्बन्धी सुविधा इत्यादिमा सकभर आदर्शको स्थापना गर्न सक्ने किसिमको हुनुपर्दछ। साथै यस्ता स्कुल कलेजहरुमा भर्ना प्रतियोगिताको आधारमा हुनुपर्दछ। यसो भएमा जिल्ला जिल्लाका अरु

स्कुलहरुले पनि सकभर सोही अनुसारको स्टेण्डर्ड प्राप्त गर्न प्रयत्न गर्नेछन्।शिक्षाको स्तर बढाउने उपायहरु मध्ये यो पनि धेरै महत्वपूर्ण र प्रभावकारी सिद्ध हुनेछ।

९ मल्टी पर्पस स्कुल(बहुमुखी)

माथि उल्लेख गरिसकिएका नीतिअनुसार प्रत्येक अञ्चलमा मल्टी पर्पस हाइ स्कुलको स्थापना गर्नुपर्दछ। जहाँ त्यस्ता व्यवसायसम्बन्धी तालिम दिनुपर्दछ, जो कि त्यस क्षेत्रमा चलिरहेका छन् अथवा जो त्यस क्षेत्रमा राम्ररी चल्न सक्दछन्, अथवा देशको सर्वाङ्गीण औधोगिक विकासमा जसको आवश्यकता पर्न सक्दछ।

१० अनुदानसम्बन्धी नीति

सरकारले विभिन्न शिक्षण संस्थाहरुलाई दिइने अनुदान तथा आर्थिक सहायतासम्बन्धी एउटा निश्चित मापदण्ड बनाई सोहीअनुसार दिनुपर्दछ।विभिन्न शिक्षण संस्थाहरुलाई आफ्नो स्तर उठाउन प्रोत्साहन हुने, सरकारद्वारा खोल्न योजना भएका ठाउँहरु तथा अन्य पिछडिएका ठाउँहरुमा खोलिएका स्कुलहरुलाई प्राथमिकता दिने, एजुकेशन कोर्डअनुसार चलेका स्कुलहरुलाई बढी सहायता दिने इत्यादि नीति अपनाई प्राथमिक, माध्यमिक तथा उच्च शिक्षालयहरुलाई दिइने अनुदानसम्बन्धी छुट्टै विस्तृत कोर्ड बनाई सोहीअनुसार सरकारी सहायताको वितरण हुनुपर्दछ।

११ छात्रावासको प्रबन्ध

माथि उल्लेख भएको प्रत्येक मोडेल कलेज र हाइ स्कुलमा त्यस क्षेत्रका विद्यार्थीहरुको संख्या हेरी एक एक ओटा छात्रावास पनि बनाउनु आवश्यक देखिन्छ।

१२ पाठ्यक्रम र पाठ्यपुस्तक

माथि उल्लेख गरिएको शिक्षा व्यवस्थाअनुसार उपयुक्त पाठ्यक्रम निर्धारित गरी सोहीअनुसार पाठ्यपुस्तकहरु लेखाइने प्रबन्ध हुनुपर्दछ। देशका शिक्षण संस्थाहरुमा सुधार गर्नको निमित्त पाठ्यपुस्तकहरुमा सुधार नगरी अरु कुराहरुको सुधार व्यर्थमा जानेछ। पाठ्यपुस्तक बालमनोविज्ञान अनुसार बालकहरुलाई सुगम हुनाको साथै बालकमा देश र राजाप्रति भक्तिको भावना

उत्पन्न गर्ने तथा आफ्नो संस्कृति र परम्पराप्रति आस्था गराउने किसिमको हुनुपर्दछ।अतः निर्धारित पाठ्यक्रमअनुसारको पुस्तक लेख्नलाई तालिम प्राप्त वा अनुभवी लेखकहरुलाई नियुक्त उनीहरुबाट लेखाउने व्यवस्था भएमा, प्राथमिक पाठ्यपुस्तकहरुका सम्बन्धमा धेरै राम्रो हुनेछ। तर सबैजसो पुस्तकहरु यसरी लेखाएर मात्र साध्य नहुने भएकोले, तिनका हस्तलिपि पठाउनको निमित्त विज्ञापन पनि गर्न सकिन्छ। उक्त विज्ञापनअनुसार प्राप्त भएका हस्तलिपिहरुलाई एउटा कमिटिले जाँची सरकारद्वारा स्वीकृत भएपछि प्राथमिक पाठ्यपुस्तकका हकमा, लेखकलाई पारिश्रमिक दिई सरकारले नै छपाउने र माध्यमिक शिक्षाको पाठ्यपुस्तकका सम्बन्धमा सरकारले कागतको प्रकार, टाइप, मूल्य इत्यादि निर्धारित गरी सर्वसाधारणलाई छपाउन दिने व्यवस्था हुनपर्दछ। यस सम्बन्धमा शिक्षाविशेषज्ञहरुको एउटा सिलेवस र स्टकबुक कमिटि बनाउनुपर्नेछ। साथै, सरकारी स्वीकृति या सहायता पाएका सबै शिक्षालयहरुमा एकै वा एकै सरहको कक्षामा एउटै विषयमा एउटै पुस्तकहरु पढाउने व्यवस्था गर्नुपर्दछ।

१३ पाठ्यपुस्तकका पुस्तकालय

प्रत्येक माध्यमिक स्कुल र कलेजमा पनि लाइब्रेरीहरुमा पर्याप्त संख्यामा पाठ्यपुस्तकहरु राख्ने प्रबन्ध हुनुपर्दछ, जसबाट किताब किन्न नसक्ने विद्यार्थीहरुले पनि पाठ्यपुस्तकहरुको उपयोग गर्न सकुन्।यसको निमित्त विभिन्न स्कुल र कलेजहरुलाई छुट्टै अनुदान दिने व्यवस्था हुनपर्दछ।

१४ बालसाहित्यको उत्पादन

हाल बालकहरुलाई पढ्नको निमित्त पाठ्यपुस्तक बाहेक अरु कुनै पनि यस्ता पुस्तकहरु उपलब्ध छैनन् जसलाई पढेर उनीहरु आफ्नो ज्ञानको वृद्धि गर्न सकुन् अथवा साहित्यको क्षेत्रमा सुरुचिको विकास गर्न सकुन्।यसले गर्दा उनीहरुको मानसिक विकासमा धेरै बाधा परिरहेको छ। यस परिस्थितिको सुधार गर्नको निमित्त, देश विदेशका साहित्यका प्रामाणिक ग्रन्थलाई, केटाकेटीहरुलाई सजिलोसँग बुझ्न सक्ने भाषामा सचित्ररुपमा नेपालीमा प्रकाशित गराउनुपर्दछ र साथै विज्ञान, कला इत्यादिका सम्बन्धमा सामान्य जानकारी हुने पुस्तकहरु पनि तयार गराउने प्रबन्ध हुनुपर्दछ। अनि, प्रत्येक पुस्तकालयहरुलाई यस्ता किताबहरुको अनुदान दिनुपर्दछ। यसबाट विद्यार्थीहरुमा साहित्य, विज्ञान, कला,

इत्यादिप्रति बढ्ता अभिरुचि उत्पन्न हुन्छ र उनीहरु आफ्नो प्रतिभाको विकास गर्न बढ्ता समर्थ हुन्छन् र उनीहरुको ज्ञानको सीमा बढ्ता विस्तृत हुन्छ।

१५ गरिब र प्रतिभाशाली विद्यार्थीहरुलाई प्रोत्साहन

प्रत्येक जिल्लामा धेरै जेहेनदार विद्यार्थीहरु हुन्छन् जो द्रव्याभावले गर्दा आफ्नो अध्ययन जारी गर्न नसकी कुनै न कुनै रोजगार गर्न बाध्य हुन्छन् यस्ता विद्यार्थीहरुलाई आफ्नो प्रतिभाको पूर्ण स्फुरण गर्न समर्थ गराउनको निमित्त नजिकको उच्चतर विद्यालयमा गई पढ्ने खर्च, छात्रवृत्तिको रुपमा दिने व्यवस्था हुनुपर्दछ, तर यस्तो छात्रवृत्ति केबल अत्यन्त प्रतिभाशाली विद्यार्थीहरुलाई मात्र दिनुपर्दछ, अन्यथा सो दिनु सरकारका लागि आर्थिक दृष्टिकोणबाट सम्भव हुनेछैन।

१६ प्रार्थना

प्रत्येक स्कुलमा पढाइ प्रारम्भ हुनुभन्दा पहिले राष्ट्रिय सलामी र एउटा सामूहिक प्रार्थना हुनु अनिवार्य देखिन्छ। प्रार्थना, देशको एकता, मातृभूमिप्रति प्रेम, राजाप्रति भक्ति तथा ईश्वरको बन्दनामा रहनुपर्दछ। राष्ट्रिय प्रार्थना मुलुकभरको निमित्त एउटै हुनपर्दछ।

१७ नेपाली भाषा

पढाइको माध्यम नेपाली हुनैपर्दछ। नेपाली भाषाको पढाइ हाल तराईको समेत सबै प्राथमिक कक्षाहरुमा अनिवार्य छ र एजुकेशन कोर्डअनुसार सबै स्कुलहरुले एउटा नेपाली शिक्षक राख्नैपर्दछ, तर व्यवहारमा यो लागू हुन सकेको छैन, किनकि तराईका सबै ठाउँहरुमा नेपाली जान्ने शिक्षकहरु छैनन्।हाल माध्यमिक कक्षाहरुमा चाहिँ नेपाली अनिवार्य छैन।तर यसो हुनु बाञ्छनीय नएकोले, माध्यमिक कक्षाहरुमा पनि नेपाली अनिवार्य गराउनु नै पर्दछ र यसको निमित्त सरकारले नेपाली शिक्षकको बन्दोबस्त गरिदिनुपर्दछ।

१८ शिक्षण संस्थाहरुलाई कुनै किसिमको पनि राजनैतिक प्रभावबाट बिलकुलै स्वत्नत्र राख्नुपर्दछ।

१९ प्राथमिक शिक्षा हासिल गरिसकेपछि वा उच्चशिक्षा हासिल गरिसकेपछि कुनै सरकारी पदको योग्य हुनु अघि सबै उम्मेदवारले कममा कम २ वर्ष

सरकारद्वारा स्वीकृत वा परिचालित निर्माणकार्यमा सुदृढ भाग लिइसकेको हुनुपर्दछ।

२० परीक्षापद्धति

वर्तमान परीक्षापद्धतिमा पनि पर्याप्त सुधार गर्ने आवश्यकता छ। वर्तमान पद्धतिमा विद्यार्थीहरुमा आफ्नो अध्ययनको विषयको वास्तविक ज्ञान प्राप्त गर्नुसट्टा येनकेन प्रकारेण परीक्षा पात्र पास गर्ने प्रवृत्ति भएको देखिन्छ। यसबाट कुनै पनि विद्यार्थीले परीक्षा पास गरे तापनि, उक्त परीक्षा पास गरेको विद्यार्थीमा हुनु पर्ने ज्ञान त्यसले प्राप्त गरिसकेको हुँदैन।अतः परीक्षा पद्धतिमा आमूल परिवर्तन गर्नुपर्ने आवश्यकता देखिन्छ। वर्तमान वार्षिक परीक्षाको स्थानमा आवधिक परीक्षाहरु गरी सो सबै परीक्षाफलहरुको आधारमा विद्यार्थीलाई आफ्नो कक्षाबाट पास भएको नभएको मान्ने व्यवस्था हुनुपर्दछ।

(१०) **रेणुलाल सिंह**

शिक्षा कस्तो किसिमको रुपलाई भन्ने तथा शिक्षित व्यक्ति भन्नाले कसलाई सझने यसमा हामीले राम्ररी विचार गर्न सक्नुपर्छ। मलाई त शिक्षा भन्नाले ठीक किसिमको बानी बसाल्नु भन्न अर्थ लाग्दछ।शिक्षामा राष्ट्रियताको पनि कुरा आउँछ, तर राष्ट्रियता राष्ट्रियता भनी हामीले राष्ट्रियताको ब्यापक दृष्टिकोण नै राख्न छोड्दछौं।राष्ट्रियताको नारा दिँदा दुई देशको बीचमा घृणाको भावना फैलन दिनुहुँदैन। हामीले संयुक्त राष्ट्रसंघको सिद्धान्तलाई पनि सम्झनुपर्दछ।शिक्षामा व्यावसाय मात्र सिकाएर हुँदैन, यसमा नैतिक आदर्श नै मुख्य कुरा छ।व्यावसायिक शिक्षाले कुशल श्रमिक मात्र उत्पादन गर्दछ, तर यति मात्र शिक्षामा समावेश हुन सक्दैन। खालि व्यावसायिक शिक्षा दिँदा यसमा शैक्षिक उपयोगिता कम हुन्छ।

शिक्षा पद्धतिबारे विचार गर्दा शिक्षाको समस्याको साथै शिक्षकको समस्या पनि आउँछ। पहाडपहाडमा यहाँका शिक्षकहरु जान चाहदैनन्। पहाडमा मास्टरको कमीले शिक्षाको उन्नतिमा कठिनाई आइरहेछ।त्यहाँ मास्टरहरु नगएको यातायातको सुबिधा नभएर नै हो।अतः यातायातको सुबिधा नभैकन शिक्षाको समस्या सुल्झन गाह्रो पर्दछ। यसैले शिक्षाको साथै आर्थिक तथा यातायातको समस्या पनि छ।कममा कम यातायातको समस्या मात्र हल भए पनि शिक्षाको समस्या धेरै हल हुने थियो।शिक्षाका सम्बन्ध अरु विभागहरुसँग पनि छ, जस्तै ग्रामविकासबाट पनि शिक्षाको निमित्त धेरै कामहरु भैरहेछन्। उनीहरुको आफ्नै पद्धति छ तथा यसलाई पनि एसएलसी सँग मिल्ने गरी

समन्वय गराउनुपर्दछ।प्राथमिक स्कुल ५ वर्षको हुनुपर्दछ भनी मन्त्रीज्यूले भन्नुभएको कुरा मलाई पनि ठीक लागेको छ तथा यसलाई अनिवार्य गराउने भनेको पनि ठीकै छ।व्यावसायिक तालिम दिने कुरामा पनि म सहमत छु। एसएलसी पास गरिसकेपछि २ वर्षसम्म निर्माणको कार्यमा लगाउने भनेको पनि ठीकै लाग्दछ।सारै प्रतिभाशाली व्यक्तिहरुलाई उच्चशिक्षा दिलाउनुपर्दछ। आवासीय विद्यालय पनि कममा कम देशको ४ कुनामा ४ वटा र उपत्यकामा एउटा खोल्नुपर्दछ जस्तो लाग्छ।

विदेशी स्कुलहरुले अर्कै पद्धति चलाएको छ।कि त उनीहरुलले हाम्रै शिक्षा पद्धति अनुमोदन गरी लिनुपर्दछ, तर उनीहरुको अरु कार्यक्रम पनि हुन्छ भनिन्छ। एक त धर्मबारे नै भयो। अर्को फेरि त्यहाँका विद्यार्थीहरु हाम्रो समाजमा मिलनसार हुन गाह्रो छ भनेको पनि ठीकै छ।

शिक्षकहरुको समस्याबारे मलाई भन्नु छ, मानिसहरु आइए, बीए भएर पनि शिक्षक बन्न चाहँदैनन्। त्यसको कारण हामीले शिक्षकहरुप्रति आदरको भाव देखाउन नसकेकोले हो।साम्यबादी मुलुकमा शिक्षानेता, कृषिनेता, श्रमनेता इत्यादिको उपाधि दिएर स्टालिनको जस्तै शालिकहरु स्थापना गरी उनीहरुको सबैको आदर गरिन्छ। यहाँ प्रशासनमा आउन सजिलो भएको हुनाले जो पनि प्रशासनमै आउन खोज्दछन्।त्यसकारण प्रशासन सम्बन्धी स्कुल खोलेर त्यहाँको पाठ्यक्रम पूर्ण गरेर आउनेलाई मात्र प्रशासनमा लिने गर्नुपर्ला जस्तो लाग्छ।यस्तो गरिदिएको खण्डमा पनि शिक्षकहरुको समस्या समाधान होला कि जस्तो मलाई लाग्छ। शिक्षाविनाको प्रजातन्त्र कपट मात्र हो भनिन्छ। अमेरिकामा पनि स्प्वाइल सिस्टम भएकाले त्यहाँ पनि प्रजातन्त्र सफल छैन भनिन्छ। त्यसैले प्रशासन सम्बन्धी स्कुलको जरुरत देखिन्छ। त्यहाँ विभिन्न राजनैतिक सिद्धान्त मात्र पढाउने होइन कि फिल्ड वर्क अर्थात कार्यक्षेत्रमा सफल भैसकेपछि मात्र प्रशासनमा लिने गर्नुपर्लाजस्तो लाग्छ। शिक्षकहरुको तलब आकर्षकयुक्त र सामाजिक स्थान भएमा शिक्षक समस्या पनि हटाउन सकिन्छ।

शिक्षक तालिमको बन्दोबस्त पनि चाहिन्छ।यसमा कलेज अफ एजुकेशनले गरेको काम ठीकै जस्तो लाग्छ।शिक्षा दिने काममा ठूलो उत्तरदायित्व हुन्छ। बीउलाई फलाउने फुलाउने मुख्यकाम शिक्षकहरुमै हुन्छ।केटाकेटीहरु ज्यादा कलिला हुन्छन्।उनीहरुको जग राम्रा शिक्षकहरुद्वारा मात्र राम्रो हुन्छ। अतः शिक्षकहरु साह्रै अनुभवी हुनुपर्दछ।तिनीहरुले जीवनमा पनि धैरै कुरा अनुभव गरिसकेका तथा परिपक्व भैसकेका हुनुपर्दछ। अतः शिक्षा दिने काममा साधारण शिक्षकहरु भन्दा अनुभवी तथा रिटायर्ण

भएकाहरुलाई लगाउनुपर्दछ।शिक्षाको काम स्कुल कलेजमा मात्र होइन लडकाहरुको घरमा आमाबाबुले पनि गर्नुपर्दछ।

शिक्षाबारे मेरो सुझाउ छ कि कलेज र स्कुलमा मनोविज्ञानको विषय पनि अनिवार्य हुनुपर्दछ।ताजमहल शाह जहाँले बनायो भनेको शिक्षा होइन यो त खालि इन्फरमेशन मात्र हो।अतः अहिलेको शिक्षा पद्धतिमा म सहमत छैन।शिक्षाले मानिसलाई सुसंस्कृत गराउनुपर्दछ। जब सरकारले हवाइजहाज इत्यादि बनाउनेलाई आदर गर्दछ भने शिक्षक, जसले मन बनाउँछ भने त्यसको आदर हुनैपर्दछ।अतः शिक्षाको महत्व धेरै ठूलो छ। यसमा मनोविज्ञान सबैलाई चाहिने भएको हुनाले यसको विशेष शिक्षा दिनुपर्दछ।

अनुदानको नीति बारे विद्यार्थीको आचारमा जोड दिनुपर्दछ। आचार र चरित्र हेरी अनुदान दिए असल शिक्षकको कमी पनि पूरा हुन्छ।विदेशी सहायता विद्यार्थीहरुलाई अनुदान दिने काममा लगाइनुपर्दछ।विशेष गरी पाठ्यपुस्तक र शारीरिक शिक्षा तथा खेलकुदको काममा अनुदान दिने काम हुनुपर्दछ।कलेज अफ एजुकेशनमा केही दोष भए पनि यसले गरेका शिक्षा फैलाउने काम सराहनीय छ। यसले गरेका काम फाल्तु जस्तो लागेन।आवश्यकताअनुसार स्कुलहरुमा खेलको सामान, खेलमैदानहरु, असर पुस्तक अनिवार्य दिनुपर्दछ।शुरुमा शारीरिक शिक्षामै बढ्ता ध्यान दिनुपर्दछ।

बालचर कार्यक्रमले केटाकेटीहरुको शक्तिलाई सदुपयोग गरी निर्माणको काममा लगाउन सकिन्छ।शिक्षा विभागले शिक्षकहरुले कमाण्ड दिने प्रवृत्तिमात्र लिनुहुदैन।शिक्षकहरु प्रति सकेसम्म आदर होस्।भत्ता दिएर पनि शिक्षक बनाउनु ठीक छैन।दामको प्रलोभनमा होइन, शिक्षाको प्रेममा शिक्षा दिन सक्नुपर्छ। फ्रान्समा कलेजका प्रोफेसरहरुको भन्दा स्कुलका मास्टरहरुको तलब बढी हुन्छ।कारण स्कुलका मास्टरहरु शुरुको स्टेजमै विद्यार्थीहरुमा राम्रो मलजल हाली उनीहरुलाई असल शिक्षा दिने महत्वपूर्ण कामको उत्तरदायित्व छ।स्कुलको वातावरण नै शिक्षा हुनुपर्दछ।पौडी सिकाउनेले पौडनै पर्दछ, सडकमा आउनले ढुङ्गा उठाउनै पर्दछ भने जस्तै शिक्षाले शिक्षित हुनैपर्दछ।

पाठ्यपुस्तकबारे मलाई भन्नु छ, महापुरुषहरु हिन्दू होस वा मुसलमान आदरणीय हुनुपर्दछ। अतः हरेक धर्मका महापुरुषहरु, जसले देश उठाउने काममा त्याग देखाए, त्यसताको इतिहास पढाउनुपर्दछ।कार्लाइलले "इतिहास महापुरुषहरुको जीवन हो" भनेको ठीकै लाग्छ।सामाजिक अध्ययनबारे आफ्नै समाज र स्थान सँग सम्बन्ध राखीकन पढाउनुपर्दछ।विज्ञान त चाहिन्छ तर यसबाट आचरणमा उच्च भावना ल्याउन साहित्य

र इतिहास जस्ता विषयहरुको पनि शिक्षा दिइनुपर्दछ।यही बोर्डलाइनमा कार्यक्रमहरु बनाउनुपर्दछ।बालसाहित्यको पनि राम्रो रचना हुनुपर्दछ।छात्रवृत्ति र प्रवेश दिँदा यसका आधारमा दिइनुपर्दछ। यसमा गरिब छात्र पनि अयोग्य भए गरिब भनेर प्रोत्साहन दिनु ठीक छैन।राष्ट्रिय गान, राष्ट्रिय झण्डा राख्नेबारे मेरो पूरा सहमत छ।साथै विद्यार्थीहरुमा एकरुपता ल्याउन एकनासको पोशाक पनि सहायकै होला।

शिक्षाको माध्यमबारे मलाई लाग्छ जुन राष्ट्रिय भावनाको निमित्त शिक्षाको जोड भइरहेछ, त्यहाँ शिक्षाको माध्यमको निमित्त नेपाली भाषालाइनै प्रोत्साहन दिनु उचित होला।जहाँ सम्म क्षेत्रीय भाषाको शिक्षाबारे प्रश्न छ, ती क्षेत्रीय भाषाहरुलाई शिक्षामा इच्छाधीन विषयको रुपमा स्थान दिनुपर्दछ र दिइएको छ।अतः भाषा विषयबाहेक अरु विषय पढाउँदा त्यसमा नेपाली नै माध्यम हुन्छ।

जहाँसम्म संस्कृत भाषाको सबाल छ, मलाई लाग्छ शिक्षाको ध्येय नै मानिसहरुलाई आदर्शमा ढाल्नु हो।हाम्रो पनि संस्कृत भाषा पुरानो हो र यसमा हामी आदर्शको भावनाले हेर्छौं।संस्कृत भाषामा हाम्रो भावना भएको भाषाको रुपले होइन कि त्यसभित्रको रामायण, महाभारत इत्यादि ग्रन्थहरु भएर नै हो।पुरानो भन्दैमा आदर्श नभए यसको महत्व हुने थिएन।मेरो विचारमा साधारण विद्यार्थीहरुलाई कठीनाइ पर्ने हुनाले संस्कृत व्याकरण अनिवार्य नगरी संस्कृतका चुनिएका प्रसँगहरु पढाएर लडकाहरु पनि पढ्न गाह्रो मान्दैनन्। संस्कृत पढ्दा अर्को फाइदा के छ भने यसबाट नेपाली लेख्न पनि सजिलो पार्नुका साथै नेपाली भाषालाई धनी बनाउन सकिन्छ।देशलाई अहिलेजस्ता आदर्श र चरित्रबान् विद्यार्थीहरु चाहिएका छन्, त्यस्तो शिक्षा यस भाषाबाट मिल्न सक्छ। राष्ट्रियताको प्रेम हामीले अंग्रेजीबाट लिन सक्तैनौ।अतः संस्कृतलाई आधुनिक प्रकारको शिक्षामा ढाली यसबाट फाइदा उठाउनुपर्छ।

परीक्षा पद्धतिबारे मलाई भन्नु छ, परीक्षामा हाल भैरहेका त्रुटिहरु मेटी यसलाई राम्रो पार्नुपर्छ।कसैलाई क्लास चढाउँदा उसको परीक्षाफलको साथै क्लास वर्कको संख्या पनि जोडिने गर्नुपर्छ। जाँचको अघि मात्र पढी पास हुने प्रथा ठीक छैन।प्रधान परीक्षकले पाँच प्रतिशत मात्र जाँचे पुग्छ भनेको मलाई ठीक लागेन।यसबाट अरु विद्यार्थीहरुलाई अन्याय पर्न सक्छ। अतः यसमा मेरो सुझाउ छ- जाँचमा नम्बर दिँदा विद्यार्थीको चरित्र, आचारविचार, सामाजिक सेवा सबै हेर्नुपर्दछ।एउटै पेपरलाई दुई चार जनाले सधै हेर्नुपर्छ भन्ने नीति लिनुपर्ला भन्ने सुझाउ छ।अर्को कुरा लिखित परीक्षाको नतिजा

छिटो नपाई त्यतिका महिनासम्म नतिजा पर्खनुपर्दा यसबाट सरकार र राष्ट्रलाई पनि हानी हुन्छ। त्यसकारण परीक्षाको फल छिटो आउनुपर्दछ।

शिक्षा मन्त्रालय

# सर्वाङ्गीण राष्ट्रिय शिक्षासमितिका सदस्यहरू

| | | |
|---|---|---|
| (१) | माननीय श्री विश्वबन्धु थापा (शिक्षामन्त्री) | अध्यक्ष |
| (२) | श्री माननीय ध्रुवमानसिंह अमात्य (सदस्य राष्ट्रिय योजना परिषद्) | उपाध्याक्ष |
| (३) | श्री रणधीर सुब्बा (उपकुलपति त्रिभुवन विश्वविद्यालय) | सदस्य |
| (४) | श्री बालचन्द्र शर्मा (उपकुलपति नेपाल एकेडेमी) | सदस्य |
| (५) | श्री रेणुलाल सिंह (शाही प्रेससचिव) | सदस्य |
| (६) | श्री पद्मप्रसाद भट्टराई (प्रिन्सिपल संस्कृत महाविद्यालय) सदस्य | |
| (७) | श्री धरणीधर कोइराला | सदस्य |
| (८) | श्री वेदानन्द झा | सदस्य |
| (९) | श्री रामहरि जोशी | सदस्य |
| (१०) | श्रीमती चन्द्रा किरण | सचिव |
| (११) | श्री कुलशेखर शर्मा (शिक्षासचिव) | सदस्य-सचिव |
| (१२) | श्री लक्ष्मणप्रसाद रिमाल (का.मु. शिक्षासचिव) | सदस्य-सचिव |

(२०१८ आषाढ २ गतेको बैठकदेखि)

ज्येष्ठ ९ गते २०१८ मा बसेको सर्वाङ्गीण राष्ट्रिय शिक्षासमितिको तेश्रो बैठकको निर्णय अनुसार शिक्षासम्बन्धी भिन्न भिन्न विषयहरूमा छलफल गर्नका लागि गठन गरिएको उपसमितिका सदस्यहरू:

**(१) उच्च शिक्षासम्बन्धी उपसमिति**

| | |
|---|---|
| श्री रणधीर सुब्बा | संयोजक |
| श्री ध्रुवमान अमात्य | सदस्य |
| श्री पद्मप्रसाद भट्टराई | सदस्य |

**(२) शिक्षक प्रशिक्षण सम्बन्धी उपसमिति**

शिक्षा मन्त्रालय

| | |
|---|---|
| श्री ध्रुवमानसिंह अमात्य | संयोजक |
| श्री रणधीर सुब्बा | सदस्य |
| श्रीमती चन्द्रा किरण | सदस्य |

**(३) शिक्षा प्रशासन सम्बन्धी उपसमिति**

| | |
|---|---|
| श्री बालचन्द्र शर्मा | संयोजक |
| श्री धरणीधर कोइराला | सदस्य |
| श्री रणधीर सुब्बा | सदस्य |
| श्री वेदानन्द झा | सदस्य |

**(४) प्राथमिक र माध्यमिक शिक्षासम्बन्धी उपसमिति**

| | |
|---|---|
| श्री रेणुलाल सिंह | संयोजक |
| श्री पद्मप्रसाद भट्टराई | सदस्य |
| श्री रामहरि जोशी | सदस्य |
| श्रीमती चन्द्रा किरण | सदस्य |

**(५) समाजशिक्षा सम्बन्धी उपसमिति**

| | |
|---|---|
| श्री धरणीधर कोइराला | संयोजक |
| श्री वेदानन्द झा | सदस्य |
| श्रीमती चन्द्रा किरण | सदस्य |

**(६) सामाजिक एवं साँस्कृतिक कार्यक्रम सम्बन्धी उपसमिति**

| | |
|---|---|
| श्री रामहरि जोशी | संयोजक |
| श्री ध्रुवमान अमात्य | सदस्य |
| श्री रेणुलाल सिंह | सदस्य |

**(७) संस्कृत शिक्षा सम्बन्धी उपसमिति**

| | |
|---|---|
| श्री पद्मप्रसाद भट्टराई | संयोजक |
| श्री बालचन्द्र शर्मा | सदस्य |

श्री रेणुलाल सिंह सदस्य

**भिन्न भिन्न उपसमितिहरूमा समाविष्ट गरिएका व्यक्तिहरू:**

| | | |
|---|---|---|
| (१) | श्री तीर्थराज उप्रेती | (डाइरेक्टर, शिक्षा विभाग) |
| (२) | श्री दीर्घराज कोइराला | (डाइरेक्टर, राष्ट्रिय निर्देशन मन्त्रालय) |
| (३) | श्री सूर्यविक्रम ज्ञवाली | (नेपाल एकेडेमी) |
| (४) | श्री राजेश्वरप्रसाद श्रीवास्तव | (सेक्सन अफिसर, शिक्षा विभाग) |
| (५) | श्री केशवलाल जोशी | (सेक्सन अफिसर, शिक्षा विभाग) |
| (६) | श्री श्यामराजध्वज जोशी | (कलेज अफ एजुकेशन) |
| (७) | श्री नरेन्द्रबहादुर बस्नेत | (कलेज अफ एजुकेशन) |
| (८) | श्री गणेशराज सिंह | (कलेज अफ एजुकेशन) |
| (९) | श्री रामसुन्दर श्रेष्ठ | (कलेज अफ एजुकेशन) |
| (१०) | श्री यमबहादुर कार्की | (कलेज अफ एजुकेशन) |
| (११) | श्री सीताराम रेग्मी | (कान्ति ईश्वर राज्यल73मी हाइ स्कूल) |
| (१२) | श्री वटुकप्रसाद राजभण्डारी | (कलेज अफ एजुकेशन) |
| (१३) | श्री रामप्रसाद तन्डुकार | (कलेज अफ एजुकेशन) |
| (१४) | श्री कृष्णबहादुर मानन्धर | (पद्मोदय हाइ स्कूल) |
| (१५) | श्री रामजीप्रसाद उपाध्याय | (जुद्धोदय हाइ स्कूल) |
| (१६) | श्री नरबहादुर थापा | (त्रिभुवन विश्वविद्यालय) |
| (१७) | श्री निरन्जन शर्मा | (संस्कृत महाविद्यालय) |
| (१८) | श्री सूर्यबहादुर शाक्य | (त्रिभुवन विश्वविद्यालय) |

शिक्षा मन्त्रालय

# शिक्षा विषयका केही तथ्याङ्कहरु

नेपाल अधिराज्यभर हाल रहेका शिक्षण संस्थाहरु र विद्यार्थीहरुको संख्या

| शिक्षण संस्था | शिक्षण संस्थाको संख्या | विद्यार्थीको संख्या |
|---|---|---|
| प्राइमरी स्कुल | ३१६३ | १२६५२० |
| मिडिल स्कुल | ३६८ | ६६६४० |
| हाइ स्कुल | १३८ | ५०७८२ आजसम्म प्रतिशत |
| नर्मल स्कुल | १५ | ३००० |
| इन्टर कलेज | ९ | ३०५ |
| डिग्री कलेज (कला, विज्ञान, कानून, वाणिज्य) | १४ | ३५३५ |
| कलेज अफ एजुकेशन | १ | १०० |
| संस्कृत महाविद्यालय | ३ | १३८ |
| विश्वविद्यालय | १ | २६० |
| प्रौढ पाठशाला | १८०८ | ४६९५० साक्षर भए |
| पुस्तकालय | १२२ | |

**२०१७-१८ मा शिक्षातर्फ भएको खर्च**

| | |
|---|---|
| प्राथमिक शिक्षामा | ६१११८८० नेरु |
| माध्यमिक शिक्षामा | २०८५००० नेरु |
| उच्चशिक्षामा | ३४९७५९८ नेरु |

शिक्षा मन्त्रालय